# दोस्रो पञ्चवर्षीय योजना

(आर्थिक वर्ष २०८१/८२–२०८५/८६)

गण्डकी प्रदेश सरकार

## गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

# दोस्रो पञ्चवर्षीय योजना

(आर्थिक वर्ष २०८१/८२–२०८५/८६)




गण्डकी प्रदेश सरकार

**गण्डकी प्रदेश नीति तथा योजना आयोग**

पोखरा, नेपाल

श्रावण, २०८१

**प्रकाशकः**
गण्डकी प्रदेश सरकार
गण्डकी प्रदेश नीति तथा योजना आयोग
पोखरा, नेपाल
फोनः ०६१- ४५११८८
इमेलः info@ppc.gandaki.gov.np, pppcgandaki@gmail.com
वेबसाइटः ppc.gandaki.gov.np

© **प्रतिलिपि अधिकारः**
गण्डकी प्रदेश नीति तथा योजना आयोग
पोखरा, नेपाल

# गण्डकी प्रदेश नीति तथा योजना आयोग

| | | |
|---|---|---|
| माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे | - | अध्यक्ष |
| माननीय डा. कृष्णचन्द्र देवकोटा | - | उपाध्यक्ष |
| श्री लक्ष्मी कुमारी बस्नेत, प्रमुख सचिव, प्रदेश सरकार | - | सदस्य (पदेन) |
| माननीय माया तिम्सिना | - | सदस्य |
| माननीय दिपक भण्डारी | - | सदस्य |
| श्री पुरुषोत्तम शर्मा, सचिव, आर्थिक मामिला मन्त्रालय | - | सदस्य (पदेन) |
| श्री बद्रिनाथ अधिकारी | - | सदस्य-सचिव |

गण्डकी प्रदेश सरकार

फोन नं.: ०६१–४५११८८

# गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

प.सं.:

च.नं.:

# मन्तव्य



नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने परिकल्पना गरेको छ । संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचनाका रूपमा सङ्घ, प्रदेश तथा स्थानीय तह हुने र तीन वटै तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व तथा समन्वयको सिद्धान्तमा आधारित रहने व्यवस्था गरेको छ । गण्डकी प्रदेश सरकार संविधानले निर्दिष्ट गरेको स्वशासन र साझा शासनको अवधारणालाई आत्मसात् गरी सुशासन, विकास र समुन्नतिको प्रतिफल प्रदेशवासीमा पुर्‍याउन अग्रसर रहेको छ ।

गण्डकी प्रदेश सरकारले संविधानले प्रत्याभूत गरेको अधिकार तथा जिम्मेवारी, विकासको प्रवृत्ति तथा विद्यमान अवस्था, प्रदेशको सम्भावना तथा सामर्थ्य र प्रदेशवासीको आकांक्षाबाट निर्देशित रही प्रदेशको समग्र विकासको मार्गचित्रका रूपमा दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२–२०८५/८६) तर्जुमा गरेको छ । प्रदेश सरकारले योजना तर्जुमा प्रक्रियामा नेपालको दीर्घकालीन सोच २१००, दिगो विकास लक्ष्य लगायत नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा गरेको प्रतिबद्धता, सोह्रौं योजना र गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि समीक्षालाई आत्मसात् गरेको छ । नेपालको दीर्घकालीन सोच २१००, प्रथम पञ्चवर्षीय योजनाको समीक्षाबाट प्राप्त पृष्ठपोषण, गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र: २०७९–२०८७, प्रदेशवासीको आकाङ्क्षा र प्रदेश विकासको सम्भावनालाई मध्यनजर गरी **"आत्मनिर्भर र समुन्नत प्रदेश: सुखी प्रदेशवासी"** लाई दोस्रो पञ्चवर्षीय योजनाको सोचका रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत सोच अनुरूप बदलिँदो अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा प्रदेशको परिदृष्य, विकासको नवीनतम सोच तथा प्रवृत्ति र प्रदेशको सामर्थ्य तथा आवश्यकतालाई वस्तुपरक रूपमा विश्लेषण गरी प्रदेश विकासको मार्गचित्रलाई कार्यान्वयन गर्न रूपान्तरणका प्रमुख क्षेत्रहरू पहिचान गरिएको छ । योजनाले लिएका बृहत्तर लक्ष्य हासिल गर्न राजनीतिक दलहरूबिचको सहमति, प्रशासनिक क्षेत्रको क्रियाशीलता तथा व्यावसायिकता, निजी क्षेत्रको प्रतिस्पर्धी क्षमता, सहकारी क्षेत्रको सुशासन तथा उत्पादनशील योगदान, नागरिक समाजको निगरानी तथा पृष्ठपोषण र विकास साझेदारको अर्थपूर्ण सहयोगको अपेक्षा गरेको छु ।

अन्तमा, दोस्रो पञ्चवर्षीय योजना तयारीमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु भएकोमा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटासहित सदस्य तथा प्रदेश सरकारका सचिवप्रति विशेष धन्यवाद दिन चाहन्छु । योजनाको मस्यौदामा पृष्ठपोषण प्रदान गर्ने प्रदेश सरकार मन्त्रिपरिषद्का सदस्य, विकास परिषद्का सदस्यहरू, सङ्घीय सांसद, प्रदेश सभा सदस्य, स्थानीय तहका प्रमुख तथा प्रतिनिधि, निजी क्षेत्र, नागरिक समाज, विषयविज्ञ लगायत अन्य सरोकारवाला सबैप्रति आभार व्यक्त गर्दछु । यस योजनाले गण्डकी प्रदेशको समग्र विकास प्रक्रियालाई तीव्रतर तुल्याइ जनआकांक्षाको सम्बोधन गर्ने दिशामा स्पष्ट रूपमा मार्गनिर्देश गर्ने विश्वास लिएको छु ।

श्रावण, २०८१

सुरेन्द्रराज पाण्ड
मुख्यमन्त्री, गण्डकी प्रदेश सरकार एवम्
अध्यक्ष, गण्डकी प्रदेश नीति तथा योजना आयोग

फोन नं.: ०६१-४५११८८

गण्डकी प्रदेश सरकार

**गण्डकी प्रदेश नीति तथा योजना आयोग**

पोखरा, नेपाल

प.सं.:

च.नं.:

# मन्तव्य



पञ्चवर्षीय योजना समग्र विकास प्रक्रियालाई मार्गनिर्देश गर्ने सरकारको नीतिगत दस्तावेज हो। योजनाले नागरिकका आकांक्षा र सो पूरा गर्ने स्रोतसाधन तथा समयावधि सहितको व्यवस्थित मार्गचित्र तयार गर्दछ। यस्तो मार्गचित्रले सुशासन, सेवाप्रवाह र विकासमा विगतको प्रवृत्ति तथा विद्यमान अवस्था विश्लेषण गरी स्रोतसाधन तथा समयको अनुमान तथा प्राथमिकता सहित अपेक्षित परिदृश्य प्रस्तुत गर्दछ।

गण्डकी प्रदेश सरकारले नेपालको दीर्घकालीन सोच २०२१ एवम् सोह्रौं योजना र गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको उपलब्धि तथा सिकाइलाई मध्यनजर गर्दै **"आत्मनिर्भर र सम्मुन्नत प्रदेशः सुखी प्रदेशवासी"** को सोच तय गरेको छ। यस सोचतर्फ उन्मुख भई आत्मनिर्भरता, सामाजिक न्याय र समुन्नति हासिल गर्ने लक्ष्यलाई मार्गदर्शन गर्न दोस्रो पञ्चवर्षीय योजना तयार गरिएको छ। गण्डकी प्रदेश राजनीतिक स्थायित्व र जलवायुजन्य जोखिम व्यवस्थापनको चुनौतीकाबिच सङ्घीयतामा आधारित विकासको संरचनागत रूपान्तरणको निर्णायक मोडमा उभिएको छ। यस प्रदेशमा प्राकृतिक तथा सांस्कृतिक सम्पदा, विशिष्ट पारिस्थितिकीय प्रणाली, सबल सामुदायिक संरचना तथा सम्बन्ध, उद्योगी र व्यवसायीको नवप्रवर्तन र उद्यमशीलताप्रतिको तीव्र चाहना लगायत विकास र समुन्नतिको अपार सम्भावना रहेको छ।

गण्डकी प्रदेश सरकारले आत्मनिर्भर र समुन्नत प्रदेश निर्माण गर्न समावेशिता, समानता र दिगो विकासको सिद्धान्तद्वारा निर्देशित सुशासन, सामाजिक न्याय र समुन्नतिमा जोड दिएको छ। प्रदेशवासीका आवश्यकतालाई सम्बोधन गरी आत्मनिर्भरता कायम गर्न र नागरिकलाई सम्मानित हैसियत स्थापित गर्न यस योजनाले सरकार, नागरिक समाज, समुदाय, उद्यमी तथा व्यवसायी र विकास साझेदारको साझा सङ्कल्प प्रस्तुत गरेको छ। यसैगरी योजनाले गण्डकी प्रदेशको विकासलाई मार्गदर्शन गर्न सुशासन, सामाजिक न्याय र समुन्नति हासिल गर्ने लक्ष्य तय गरेको छ। लक्ष्य प्राप्तिका लागि योजनाले गुणस्तरीय पूर्वाधार र उत्पादन, रोजगारी तथा आय वृद्धि; मानव पुँजी निर्माण, विकासका लाभको समन्यायिक वितरण र सामाजिक न्याय स्थापना तथा गुणस्तरीय सार्वजनिक सेवाप्रवाह र सुशासन अभिवृद्धि गर्नुलाई उद्देश्यका रूपमा आत्मसात् गरेको छ। योजनाले लिएका उद्देश्य हासिल गर्न गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र: २०७९–२०८७ र नेपालको सोह्रौं योजनासँग सामञ्जस्यता कायम गरी योजनामा प्रादेशिक विकास तथा रूपान्तरणका १४ वटा प्रमुख क्षेत्र निर्धारण गरिएको छ। यस योजनामा सशक्त महिला, सामाजिक समावेशीकरण तथा समानता; वातावरण सन्तुलन र जलवायु तथा विपद् उत्थानशीलता, सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्ध, सुसूचित नीति, योजना तथा विकास व्यवस्थापनलाई योजनाको अन्तरसम्बन्धित क्षेत्रको रूपमा प्रस्तुत गरी हरेक संरचनागत रूपान्तरणका क्षेत्रमा मूलप्रवाहीकरण गरेको छ। यसबाट विकासका समसामयिक सवालहरूको सम्बोधन हुने अपेक्षा गरिएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश नीति तथा योजना आयोगका साथै सबै विषयगत मन्त्रालय र सो अन्तर्गतका निर्देशनालय तथा महाशाखा, प्रदेश सभामा माननीय सदस्य तथा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि, निजी क्षेत्र, नागरिक समाज, विकास साझेदार, विषयविज्ञ, समुदायका अगुवा र आमनागरिकको सल्लाह र सुझावको आधारमा प्रदेश विकासको बृहत् मार्गचित्रको रूपमा दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरिएको छ। यो योजना प्रमाणमा आधारित विश्लेषण, सरोकारवालासँगको परामर्श र रणनीतिक दूरदर्शितामा आधारित प्रदेश विकासको मार्गचित्र हो। यस योजनामा

E-mail: pppcgandaki@gmail.com, info@ppc.gandaki.gov.np | Website: ppc.gandaki.gov.np

गण्डकी प्रदेश सरकार
# गण्डकी प्रदेश नीति तथा योजना आयोग
पोखरा, नेपाल
फोन नं.: ०६१-४५११८८

प.सं.:

च.नं.:

प्रस्तुत रूपान्तरणका प्रमुख रणनीति, कार्यक्रम तथा आयोजना कार्यान्वयनमा नवप्रवर्तन, साझेदारी, सहकार्य र सहलगानी, नीति तथा नतिजाप्रतिको जवाफदेहितामा प्रदेश सरकार तथा सबै सरोकारवाला प्रतिबद्धताको अपेक्षा गरिएको छ। योजना कार्यान्वयनको दौरानमा आउने चुनौती सामना गर्न तथा अवसरको सदुपयोग गरी प्रदेशवासीको दिगो न्यायपूर्ण र सुनौलो भविष्य निर्माण गर्न सबै सरोकारवालाको समन्वय र साझेदारी अपेक्षित रहेको छ। प्रदेश विकासको यस मार्गचित्रको व्यावहारिक रूपमा कार्यान्वयन गर्न राजनीतिक दल, प्रशासनिक संयन्त्र, निजी क्षेत्र, समुदाय, सहकारी, नागरिक समाज तथा विकास साझेदारको दृढ सङ्कल्प, लगनशीलता र सामूहिक प्रयासको अपेक्षा गरिएको छ। प्रदेशवासीको उज्यालो भविष्यको मार्ग प्रशस्त गर्न यस योजना कोशेढुङ्गा सावित हुने विश्वास गरिएको छ।

दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरी प्रदेश विकासको मार्ग प्रशस्त गर्न पाउँदा म हर्षित भएको छु। यस दोस्रो पञ्चवर्षीय योजना तर्जुमा कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने गण्डकी प्रदेश नीति तथा योजना आयोगका माननीय सदस्यद्वय माया तिम्सिना तथा दीपक भण्डारी र सचिव बद्रिनाथ अधिकारीलाई विशेष धन्यवाद दिन चाहन्छु। यस योजनाको मस्यौदामा पृष्ठपोषण प्रदान गर्ने राष्ट्रिय योजनाका आयोगका माननीय उपाध्यक्ष, सङ्घीय व्यवस्थापिका संसदका माननीय सदस्य, गण्डकी प्रदेशका माननीय मन्त्री, प्रदेश सभाका माननीय सदस्य, प्रदेश विकास परिषद्का सदस्यहरू, जिल्ला समन्वय समितिका प्रमुख, प्रदेश सरकारका प्रमुख सचिव, मुख्यन्यायाधिवक्ता, स्थानीय सरकारका प्रमुख तथा अध्यक्ष तथा मन्त्रालयका सचिव, प्रमुख जिल्ला अधिकारी प्रति विशेष आभार प्रकट गर्दछु। यसैगरी प्रदेश नीति तथा योजना आयोगका सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिन चाहन्छु।

यस योजना तयारी कार्यमा सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने प्रदेश तथा जिल्लास्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, सुरक्षा निकायका प्रमुख, विकास साझेदार निकाय, नागरिक समाज, निजी तथा व्यावसायिक क्षेत्र, विभिन्न क्षेत्रका विषय विज्ञ, सञ्चारकर्मी र आम नागरिकप्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु।

अन्त्यमा, यस योजना तर्जुमा प्रक्रियामा अभिभावकत्व र मार्गदर्शन प्रदान गर्ने माननीय मुख्यमन्त्री एवम् प्रदेश नीति तथा योजना आयोगका अध्यक्षज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। यस योजना कार्यान्वयनमा नेपाल सरकार, स्थानीय तह, प्रदेश सरकारका मन्त्रालय तथा मातहतका सम्पूर्ण निकाय, राजनीतिक दल, सञ्चारकर्मी, निजी तथा व्यावसायिक क्षेत्र, विकास साझेदार संस्था, नागरिक समाज, सम्पूर्ण कर्मचारी तथा प्रबुद्धवर्ग र प्रदेशवासीबाट पूर्ण साथ तथा सहयोग रहने अपेक्षा गरेको छु।

श्रावण, २०८१

डा. कृष्णचन्द्र देवकोटा
उपाध्यक्ष
गण्डकी प्रदेश नीति तथा योजना आयोग

# विषयसूची


| | |
|---|---|
| परिच्छेद १ः परिचय | १ |
| परिच्छेद २ : सुदृढ प्रादेशिक अर्थतन्त्रको निर्माण | २९ |
| परिच्छेद ३ : प्रभावकारी आर्थिक नीति तथा स्रोत व्यवस्थापन | ४७ |
| परिच्छेद ४ : व्यावसायिक कृषि तथा आत्मनिर्भरता | ६१ |
| परिच्छेद ५ : दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षण | ८३ |
| परिच्छेद ६ : बजारमुखी उत्पादन एवम् दिगो पर्यटन | ९९ |
| परिच्छेद ७ : सर्वसुलभ स्वास्थ्य तथा जनसाङ्ख्यिक लाभ | ११९ |
| परिच्छेद ८ : शिक्षित, सुसंस्कृत तथा सिपयुक्त मानव पुँजी निर्माण | १३५ |
| परिच्छेद ९ : दिगो तथा उत्थानशील पूर्वाधार | १६१ |
| परिच्छेद १० : स्वच्छ ऊर्जा, जलस्रोत तथा खानेपानी | १७९ |
| परिच्छेद ११ : मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा सामाजिक संरक्षण | १९५ |
| परिच्छेद १२ः सशक्त महिला, समावेशीकरण तथा समानता | २११ |
| परिच्छेद १३ः सन्तुलित वातावरण र जलवायु तथा विपद् उत्थानशीलता | २२३ |
| परिच्छेद १४ : सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्ध | २४३ |
| परिच्छेद १५ : सुसूचित नीति, योजना तथा विकास व्यवस्थापन | २५९ |
| अनुसूची १ः योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ढाँचा | २७५ |

# तालिका सूची


तालिका १.१: प्रथम पञ्चवर्षीय योजनाको समीक्षा ११

तालिका २.१: क्षेत्रगत आर्थिक वृद्धिदरको लक्ष्य ३६

तालिका २.२: कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धिको लक्ष्य ३७

तालिका २.३: कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना ३९

तालिका २.४: सीमान्त पुँजी-उत्पादन अनुपात र कुल लगानी ४०

तालिका २.५: सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट हुने लगानी ४२

तालिका २.६: सार्वजनिक खर्च तथा स्रोत ४४

# संक्षेपीकरण

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| कि.मि. | : | किलोमिटर |
| कि.वा. | : | किलोवाट |
| कि.वा.घ. | : | किलोवाट घण्टा |
| के.जी. | : | किलोग्राम |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| क्यु. फिट | : | क्युविक फिट |
| गैसस | : | गैरसरकारी संस्था |
| मि.मि. | : | मिलिमिटर |
| मे.टन | : | मेट्रिक टन |
| मे.वा. | : | मेघावाट |
| रु. | : | रूपैयाँ |
| लि. | : | लिटर |
| व.कि.मि. | : | वर्ग किलोमिटर |
| वि.सं. | : | विक्रम संवत् |
| हे. | : | हेक्टर |
| AI | : | Artificial Intelligent |
| CGAS | : | Computerized Government Accounting System |
| COPOMIS | : | Cooperative and Poverty related Management Information System |
| CRVS | : | Civil Registration and Vital Statistics |
| CSR | : | Corporate Social Responsibility |
| EDL | : | Electronic Driver's License |
| GEF | : | Global Environment Facility |
| GLOF | : | Glacial Lake Outburst Flood |
| GNI | : | Gross National Income |
| INSEC | : | Informal Sector Service Center |
| LDC | : | Least Developed Country |
| PLMBIS | : | Provincial Line Ministry Budget Information System |
| SDGs | : | Sustainable Development Goals |
| SuTRA | : | Sub-National Treasury Regulatory Application |
| HDR | : | Human Development Report |

# परिच्छेद १

# परिचय

| | |
|---|---|
| १.१ पृष्ठभूमि | ३ |
| १.२ राष्ट्रिय तथा प्रादेशिक परिदृश्य | ४ |
| १.३ प्रथम पञ्चवर्षीय योजनाको समीक्षा | ६ |
| १.५ विकास प्रयासमा देखिएका मूलभूत सवाल तथा चुनौती | १७ |
| १.६ दोस्रो पञ्चवर्षीय योजनाको सोच, लक्ष्य, उद्देश्य तथा रणनीति | १८ |
| १.७ प्रदेश समुन्नतिका रूपान्तरणकारी कार्यक्रम तथा आयोजना | २० |
| १.८ दिगो विकास लक्ष्यसँगको आबद्धता | २३ |
| १.९ सोह्रौं योजनासँगको आबद्धता | २४ |
| १.१० परिमाणात्मक लक्ष्य | २४ |

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

नेपालमा योजनाबद्ध विकासको प्रारम्भ विक्रम संवत् २०१३ सालदेखि पहिलो आवधिक योजना तर्जुमासँगै शुरु भएको हो । योजनाबद्ध विकासको लागि पन्ध्र वटा योजना कार्यान्वयन भई सोह्रौँ योजना जारी भएको छ । समावेशी र सन्तुलित तथा दिगो सामाजिक–आर्थिक विकासको गतिलाई तीव्रता दिई समुन्नति हासिल गर्न योजनाबद्ध विकास आवश्यक हुन्छ । विगतका योजनाको समीक्षाबाट मिश्रित उपलब्धि हासिल भएको सन्दर्भमा प्राप्त उपलब्धि र सिकाइलाई आत्मसात गर्दै योजनालाई अझ व्यावहारिक र परिष्कृत गर्न आवश्यक छ । यसका लागि अध्ययन, अनुसन्धान र तथ्यगत विश्लेषण गर्दै समष्टिगत र विषयगत सवाल तथा चुनौती र अवसरको पहिचान गरी व्यावहारिक रणनीति सहितको योजना तर्जुमा गर्नुपर्दछ ।

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने लक्ष्य लिएको छ । संविधानले मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिको दायरालाई फराकिलो बनाउँदै आर्थिक समृद्धि सहितको सामाजिक न्याय र समानता सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त अवलम्बन गरेको छ । नेपाल सरकारले योजनाबद्ध रूपमा **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय लक्ष्य हासिल गर्न वि.सं. २०७५ मा दीर्घकालीन सोच २१०० तय गरेको छ । साथै वि.सं. २०८३ (सन् २०२६) मा नेपाललाई अतिकम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ (सन् २०३०) सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य तय गरेको छ । सोही आधारमा जारी भएको गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) को कार्यान्वयन अवधि समाप्त हुन गइरहेको सन्दर्भमा आगामी पाँच वर्ष (२०८१/८२-२०८५/८६) अवधिका लागि दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) तर्जुमा गरिएको छ ।

सोह्रौँ योजनाले तय गरेको लक्ष्य तथा उद्देश्य प्राप्त गर्न सहयोग पुऱ्याउने र कार्बन तटस्थ, समावेशी, दिगो तथा उत्थानशील अर्थतन्त्र निर्माण गरी प्रदेश समुन्नतिको आधारशीला तयार गर्ने उद्देश्यसहित प्रदेश सरकारले दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरेको छ । यस योजना मूलत: नेपालको संविधानका मौलिक

हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, प्रदेशको अधिकार सूची, नेपालको सोह्रौँ योजना, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको समीक्षा, प्रदेश सरकारका नीति तथा प्राथमिकता, प्रदेशको सम्भावना, सामर्थ्य तथा दिगो विकास लक्ष्यसहितका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताबाट निर्देशित रहेको छ ।

## १.२ राष्ट्रिय तथा प्रादेशिक परिदृश्य

### १.२.१ राष्ट्रिय परिदृश्य

सङ्घीय संरचनाअनुरूप तीन वटै तहमा दोस्रो अवधिका लागि जननिर्वाचित सरकार गठन भई नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र सोको जवाफदेहिता वहन गर्न प्रयासरत छन् । राजनीतिक दलबिच समुन्नति र विकासका सवालमा सहमतिको वातावरण निर्माण हुँदै गएको छ । सार्वजनिक, निजी, सहकारी, विकास साझेदार तथा सामुदायिक क्षेत्रको लगानीले उत्पादन, रोजगारी र आर्थिक वृद्धिमा सहयोग पुग्ने अवस्था बन्दै गएको छ । निर्यातको आधार कमजोर रहेको अवस्थामा बढ्दो आयातले शोधनान्तर घाटा सिर्जना गर्ने सम्भावना प्रबल रहेको छ । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले आयात व्यवस्थापन भईरहेको वर्तमान अवस्थामा दिगो आर्थिक विकासको लक्ष्य हासिल गर्नु प्रमुख चुनौतीको रूपमा देखिएको छ । कोभिड-१९ लगायतका महामारी र विश्वव्यापी आर्थिक शिथिलताको असर न्यूनीकरण, राजनीतिक सहमतिको संस्कार र लगानीयोग्य वातावरण बन्दै जाँदा आन्तरिक लगानी, गैर आवासीय नेपाली र वैदेशिक लगानी बढ्ने सम्भावना मजबुत हुँदै गएको छ । वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरणले वैदेशिक मुद्राको संचितिमा सकारात्मक प्रभाव पार्ने सम्भावना देखिन्छ ।

वित्तीय सङ्घीयताको अवधारणाअनुरूप तीन वटै तहमा अधिकार र कार्यजिम्मेवारीको बाँडफाँट तथा वित्तीय हस्तान्तरण भैरहेको छ । प्रदेश तथा स्थानीय तहमा नीतिगत प्रबन्ध र संस्थागत क्षमता विकास हुँदै जाँदा समन्वय, साझेदारी तथा सहकार्यबाट सेवाप्रवाह र विकास कार्य प्रभावकारी हुँदै गएको छ । सडक तथा यातायात, ऊर्जा, सिँचाइ तथा औद्योगिक पूर्वाधारको विस्तारसँगै एकातर्फ उद्योग, व्यापार तथा व्यवसायमा वृद्धि हुँदै गएको छ भने अर्कोतर्फ गाउँबाट सहर बजारमा हुने बसाइँसराइ बढ्दै जाने र उत्पादनशील क्षेत्रमा लगानी घट्दै गएको छ ।

### १.२.२ प्रादेशिक परिदृश्य

गण्डकी प्रदेशको प्रतिव्यक्ति आय १,४९९ अमेरिकी डलर रहेको छ जुन राष्ट्रिय औसत आय १,३९९ भन्दा बढी देखिन्छ । आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशको आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) ३.६९ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७९/८० मा विप्रेषणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २२.७

प्रतिशत रहेको छ । यसैगरी आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा तृतीय क्षेत्रको योगदान क्रमशः २६.२ प्रतिशत, १७.३ प्रतिशत र ५६.६ प्रतिशत रहेको छ।

प्रदेश सरकारले पोखरालाई पर्यटनको राजधानी घोषणा गरी पर्यटन पूर्वाधार विकास तथा सेवा सुविधा विकास, विस्तार र विविधिकरण र प्रवर्द्धनमा जोड दिएको छ । यसका साथै मर्स्याङ्दी, कालीगण्डकी, मादी, सेती, म्याग्दी, चेपे तथा दरौंदी नदी तटीय क्षेत्र जलाधार संरक्षण; जलस्रोत तथा ऊर्जा क्षेत्र बहुउद्देश्यीय आयोजना; कृषि उत्पादन तथा प्रशोधन आयोजना; पर्यटन तथा औद्योगिक विकास कार्यलाई प्राथमिकता सूचीमा समावेश गरेको छ । यसका लागि लगानी सम्मेलन, सङ्घ, प्रदेश तथा स्थानीय तह साझेदारी, सार्वजनिक-निजी साझेदारी तथा सार्वजनिक-सहकारी साझेदारी र सार्वजनिक-समुदाय-गैरसरकारी साझेदारीको अवधारणा अगाडि सारेको छ।

यस प्रदेशमा कुल २९० वटा तालतलैया, ५० भन्दा बढी धार्मिक तथा सांस्कृतिक स्थल, २०० भन्दा बढी पर्यटकीय गन्तव्यस्थल, अन्नपूर्ण तथा मनास्लु संरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र र पञ्चासे वन संरक्षण क्षेत्र लगायत ५ वटा जैविक विविधता तथा पर्यटकीय क्षेत्र रहेका छन्। यसैगरी ७ वटा विमानस्थल, करिब १२,००० कि.मि. सडक सञ्जाल, ८ वटा ठुला तथा मझौला जलविद्युत् आयोजना र ५ वटा भन्दा बढी ठुला तथा मझौला सिँचाइ आयोजना सञ्चालनमा रहेका छन्।

गण्डकी प्रदेशमा कुल क्षेत्रफलको करिब ४७.४ प्रतिशत भूभाग वन तथा बुट्यान क्षेत्रले ओगटेको छ । यस क्षेत्रमा उच्च महत्त्वको जङ्गलका रूपमा चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र, चुरे क्षेत्र, अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्र, पञ्चासे वन संरक्षण क्षेत्र, फेवातालको पश्चिममा रहेको विश्व जैविक विविधता बगैंचा (पार्क) र ढोरपाटन शिकार आरक्ष रहेका छन् । प्रदेशका यी संरक्षण क्षेत्रभित्र जैविक विविधताको संरक्षण र प्रवर्द्धन हुँदै आएको छ । जैविक विविधताले प्रदेशमा पर्यावरणीय सन्तुलन र पर्यटकलाई आकर्षण गरी प्रदेशमा समुन्नति हासिल गर्न सहयोग पुऱ्याएको छ।

यस प्रदेशको अन्तर्राष्ट्रिय सिमाना-उत्तरमा सिमाना तिब्बत र दक्षिणमा भारतसँग जोडिएको छ । प्रदेश सरकारले उपलब्ध आर्थिक सम्भावना र अवसरलाई विकास र समुन्नतिसँग जोड्ने पहलस्वरूप आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि योजनाबद्ध रूपमा कार्यारम्भ गरेको छ । प्रदेश सरकारले प्रथम पञ्चवर्षीय योजना अवधिमा प्रादेशिक नीति तर्जुमा, विकासका सम्भाव्य क्षेत्र पहिचान, कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण र विकास निर्माणको क्षेत्रमा सार्थक प्रयास गरेको छ । वित्त व्यवस्थापनका क्षेत्रमा सीमित राजस्व अधिकार तथा सङ्घीय अनुदानमा निर्भरताका बाबजुद समयावधिभित्रै आवधिक

योजनाको निर्माण र सोको आधारमा मध्यमकालीन खर्च संरचना तर्जुमा, आर्थिक सर्वेक्षण, क्षेत्रगत र भौगोलिक सन्तुलन लगायत प्राथमिकताका आधारमा नीति तथा कार्यक्रम एवम् बजेट तर्जुमा हुँदै आएको छ। वार्षिक कार्ययोजना तयार गरी सो बमोजिम आयोजना तथा कार्यक्रमको कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका कार्य हुँदै आएका छन्।

## १.३ प्रथम पञ्चवर्षीय योजनाको समीक्षा

नेपालको संविधान बमोजिम प्रादेशिक अधिकार क्षेत्रभित्र रही गण्डकी प्रदेश सरकारले आ.व. २०७६/७७ देखि २०८०/८१ को लागि प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरी कार्यान्वयन गरेको छ। प्रथम पञ्चवर्षीय योजनाले समावेशी, सन्तुलित र दिगो आर्थिक तथा सामाजिक गन्तव्य पहिचान गरेको थियो। नेपालको दीर्घकालीन सोच **"समृद्ध नेपाल, सुखी नेपाली"** लाई अनुसरण गर्दै प्रथम पञ्चवर्षीय योजनाले **"समृद्ध प्रदेश र सुखी नागरिक"** को दीर्घकालीन सोच तय गरेको थियो। गण्डकी प्रदेशले दीर्घकालीन सोचलाई व्यवहारमा उतार्न उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश निर्माण गर्ने लक्ष्य लिएको थियो। योजनाले प्रदेश समृद्धिका सात मुख्य संवाहक र पाँच सहयोगी क्षेत्र सहित गण्डकी प्रदेश विकासको आधारशिला तय गरेको थियो।

प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले समृद्धिका छब्बिस र सुखका बाह्र सूचक तय गरेको थियो। चार वर्षको उपलब्धि समीक्षा गर्दा समृद्धितर्फ दश तथा सुखतर्फ एक मात्र सूचकको लक्ष्य प्राप्त हुने, समृद्धितर्फ छ वटा तथा सुखतर्फ एक वटा सूचकको आंशिक लक्ष्य प्राप्त हुने र अन्य सूचकको हकमा लक्ष्य हासिल गर्न कठिन हुने अवस्था देखिएको छ। प्रदेशले निर्धारण गरेको दिगो विकास लक्ष्यसँग सम्बन्धित सूचकको उपलब्धि भने तुलनात्मक रूपमा सन्तोषजनक देखिन्छ।

प्रथम पञ्चवर्षीय योजना कार्यान्वयनको पहिलो आर्थिक वर्षमा नै कोभिड-१९ महामारीका कारण सिर्जित आर्थिक-सामाजिक सङ्कटबाट गण्डकी प्रदेश पनि भिन्न र पृथक रहन सकेन। जसका कारण प्रादेशिक अर्थतन्त्र शिथिल र सङ्कुचित हुन पुग्यो। साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा आएको उतारचढावको फलस्वरूप प्रादेशिक अर्थतन्त्र थप दवाबमा परेको र यसबाट योजनाले निर्दिष्ट गरे बमोजिमका उपलब्धि हासिल हुने अवस्था देखिदैन।

### समष्टिगत अवस्था

मुलुकको कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान ९.१ प्रतिशत रहेको छ। यस उपलब्धि सन्तोषजनक देखिए तापनि बाह्य तथा आन्तरिक संरचनागत समस्या समेतका कारण आर्थिक वृद्धिको

लक्ष्य प्राप्त गर्न चुनौती देखिएको छ। यस समयावधिमा योजनाले १०.२ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेकोमा आर्थिक वृद्धिदर ४.२३ प्रतिशतमा सीमित हुने अवस्था देखिन्छ। योजनाको आधार वर्ष २०७५/७६ मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र (कृषि, वन, खानी तथा उत्खनन) को योगदान ३०.७ प्रतिशत, द्वितीय क्षेत्र (उद्योग, विद्युत्, ग्याँस, पानी र निर्माण) को योगदान १७.४ प्रतिशत र तृतीय क्षेत्र (सेवा) को योगदान ५१.९ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०७९/८० मा क्रमशः २६.२, १७.३ र ५६.६ प्रतिशत रहेको छ। विप्रेषण, सेवा तथा व्यापार र सरकारी खर्चले सेवा क्षेत्रको विस्तार गर्न सहयोग पुऱ्याएको छ। योजना अवधिमा प्रतिव्यक्ति आय १९५६ अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिइएकोमा आर्थिक वर्ष २०७९/८० मा १४९९ अमेरिकी डलर पुगेको छ। यस प्रदेशमा गरिबीको रेखामुनी रहेको जनसङ्ख्या १४.९१ प्रतिशतबाट ७.४१ मा झार्ने लक्ष्य रहेकोमा आ.व. २०७९/८० सम्ममा ११.८ प्रतिशतमा पुगेको देखिन्छ जुन अन्य प्रदेशको तुलनामा सबैभन्दा न्यून हो। मानव विकास सूचकाङ्क ०.६५० पुऱ्याउने लक्ष्य भएकोमा २०७९/८० सम्ममा ०.६१८ पुगेको छ। सम्पत्तिमा आधारित जिनी गुणक आ.व. २०८०/८१ सम्ममा ०.२६ मा झार्ने लक्ष्य रहेकोमा आ.व. २०७९/८० सम्ममा ०.२९ मात्र पुगेको छ।

## सार्वजनिक वित्त

विगत चार वर्षको अवस्था हेर्दा योजनाले निर्दिष्ट गरे बमोजिम राजस्व सङ्कलन र कुल गार्हस्थ्य उत्पादन तथा वार्षिक बजेटबिचको अनुपातको लक्ष्य प्राप्त गर्न कठिन देखिन्छ। वार्षिक विनियोजन बजेटमा कुल खर्च र पुँजीगत खर्चमा यथार्थ पुँजीगत खर्चको अंश कम रहेकाले योजनाले राखेको लक्ष्य पूरा हुन गाह्रो देखिन्छ। समग्रमा विनियोजन कुशलता र कार्यान्वयन दक्षतामा थप सुधार गर्नुपर्ने देखिन्छ। वित्तीय हस्तान्तरणतर्फ प्रथम पञ्चवर्षीय योजनाले राखेको लक्ष्य प्राप्त हुने अवस्था कमजोर रहेको छ। स्थानीय तहको कुल खर्चमा पुँजीगत खर्चको अंश योजनाले तय गरेको लक्ष्यअनुसार हासिल हुन सक्ने देखिँदैन। योजनाले निर्दिष्ट गरे बमोजिम आन्तरिक ऋण परिचालनको लागि आवश्यक नीतिगत तथा कानुनी संरचना तयार हुन सकेको छैन।

## कृषि उत्पादन

खाद्यान्न बालीमा आत्मनिर्भरताको लागि प्रथम पञ्चवर्षीय योजनाको अन्त्यसम्ममा प्रति व्यक्ति खाद्यान्न उत्पादन ४०० के.जी. पुऱ्याउने लक्ष्य रहेकोमा सो अवधिको अन्त्यसम्ममा प्रति व्यक्ति खाद्यान्न उत्पादन ३८१ के.जी. पुगेको र प्रति व्यक्ति प्रति वर्ष उपभोग्य खाद्यान्नको न्यूनतम आवश्यकता २०१ के.जी. रहेकोमा १९०.८ के.जी. पुगी आत्मनिर्भरउन्मुख रहेको छ। त्यसैगरी तरकारी तथा आलुको प्रतिव्यक्ति प्रति

वर्ष न्यूनतम आवश्यकता क्रमश: ९१ के.जी. र २९ के.जी. रहेकोमा उपलब्धता क्रमश: १०८.६५ के.जी. र १०७.८६ के.जी. पुगी आत्मनिर्भर भई निर्यात उन्मुख अवस्थामा रहेको छ। यसका साथै फलफूलको प्रति व्यक्ति प्रति वर्ष न्यूनतम आवश्यकता ३६.५ के.जी. रहेकोमा उपलब्धता ३३.४४ के.जी. रहेकोले आत्मनिर्भरउन्मुख रहेको छ । हाल प्रदेशमा फलफूलबाली उत्पादन प्रवर्द्धनसम्बन्धी विशेष कार्यक्रम सञ्चालनमा रहेकाले निकट वर्षमा गण्डकी प्रदेश फलफूलमा आत्मनिर्भर हुने अवस्था देखिन्छ। साथै, विगतमा रासायनिक मलको आपूर्ति तथा उपलब्धतामा भएको समस्या हल हुँदै गएकोले कृषि उत्पादनमा थप वृद्धि हुने अपेक्षा गरिएको छ।

पशुजन्य उत्पादनको अवस्था हेर्दा आ.व. २०७९/८० मा दूध उत्पादन २,६४,८४९ मे.टन; मासु उत्पादन ५६,९८७ मे.टन; अण्डा उत्पादन २४.५० करोड गोटा र माछा उत्पादन १,६३८ मे.टन रहेको छ। यसरी हेर्दा प्रति व्यक्ति वार्षिक १०७.३ लिटर दूध, २३ के.जि. मासु, ९९ गोटा अण्डा र ०.६६ के.जि. माछा उपलब्ध रहेको देखिन्छ। पशुपन्छी तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर हुने लक्ष्यअनुरूप गण्डकी प्रदेशमा दूध, अण्डा र मासुको उत्पादनमा वृद्धि भई आत्मनिर्भर भएको छ। पशु नश्ल सुधार, पशुमा लाग्ने माहामारीजन्य रोगका विरुद्ध पूर्ण खोप कार्यक्रम, पशु आहार प्रवर्द्धनसम्बन्धी कार्यक्रमको विस्तार गर्दै गएकाले आगामी वर्षमा पशुजन्य उत्पादनमा थप वृद्धि हुने अपेक्षा गरिएको छ।

### औद्योगिक उत्पादन

प्रदेशको औद्योगिक उत्पादनमा वार्षिक औसत वृद्धिदर १३.३ प्रतिशत हासिल गर्ने योजनाको लक्ष्य रहेकोमा योजनाको पहिलो तीन वर्षको औसत वृद्धिदर ०.२ प्रतिशत मात्र भएकाले योजनाको लक्ष्य पूरा नहुने देखिएको छ। औद्योगिक पूर्वाधार विकास गर्ने क्रममा योजनाले मूलतः औद्योगिक क्षेत्रको स्थापनामा जोड दिएको छ । तर स्थानीय तहमा औद्योगिकग्राम स्थापना गर्ने र पुँडीटार तथा लोकाहाखोलामा प्रदेशस्तरीय औद्योगिक क्षेत्र स्थापना गर्ने काम अगाडि बढेतापनि अरु आयोजनाले गति लिन सकेको अवस्था छैन।

### पर्यटन विकास

पर्यटनतर्फ पदमार्गको स्तरोन्नति तथा विकास कार्यमा योजनाले तोकेको लक्ष्यमा ९६ प्रतिशत उपलब्धि हासिल भएको देखिन्छ भने होटल र घरबासको सङ्ख्या भने लक्ष्यअनुसार वृद्धि भएको अवस्था छैन। पर्यटन विकासको नतिजालाई दर्शाउने पर्यटनको बसाइँ अवधि र पर्यटनको औसत खर्च जस्ता सूचक योजनामा समावेश भएको देखिदैन। पर्यटकीय गन्तव्यका सम्बन्धमा पनि नयाँ गन्तव्यको पहिचान तथा

विकास गर्नुपर्ने देखिन्छ । प्रथम योजना अवधिमा पर्यटक आगमनको सङ्ख्या दोब्बर हुने प्रक्षेपण गरिएकोमा विश्वसनीय तथ्याङ्क अभावका कारण उपलब्धि मापन गर्न सकिएको छैन । प्रथम पञ्चवर्षीय योजनाको पहिलो ३ वर्षमा होटल तथा रेस्टुरेण्टको मूल्य अभिवृद्धि वार्षिक औसत ५.१ प्रतिशत ऋणात्मक देखिएको भएतापनि पछिल्लो आर्थिक वर्षमा सुधार हुँदै गएको छ ।

**शिक्षा तथा मानव संसाधन**

गण्डकी प्रदेशको १५ देखि ६० वर्ष उमेर समूहको औसत साक्षरता दर ९६.५७ प्रतिशत रहेको छ भने राष्ट्रिय जनगणना, २०७८ अनुसार प्रदेशको ६ वर्ष माथिको साक्षरता दर ८१.७ प्रतिशत रहेको छ । प्रदेशमा स्वास्थ्य, सडक, ऊर्जा, जलस्रोत, खानेपानी, सरसफाइ, वन, कृषि र वातावरण व्यवस्थापन जस्ता प्राविधिक क्षेत्रमा दक्ष जनशक्तिको कमी रहेको छ । साथै गण्डकी प्रदेशमा प्राविधिक धारमा विद्यार्थी सङ्ख्या समेत अपेक्षाकृत वृद्धि गर्न सकिएको छैन । यसले उत्पादित जनशक्ति र बजार मागबिच तालमेल हुन सकेको देखिदैन । सामुदायिक विद्यालयमा तालिम प्राप्त विषयगत शिक्षक, पूर्वाधार र शैक्षिक सामाग्रीको कमी रहेको छ । माध्यमिक शिक्षामा छात्रको तुलनामा छात्राको भर्नादर बढी देखिए तापनि उच्च शिक्षामा सो दर घट्दै गएको देखिन्छ । हरेक तहमा खुद भर्नादरमा सुधार आए तापनि आधारभूत तहको तुलनामा माध्यमिक तहमा कम र कक्षा ११-१२ को खुद भर्नादर ज्यादै न्यून रहेको छ । महिला र पुरुषबिचको साक्षरता दरमा समानता कायम हुन सकेको छैन । आधारभूत तहमा खुद भर्नादर वृद्धि भएतापनि उच्च शिक्षामा लैङ्गिक समानतामा सुधार हुन सकेको छैन । उच्च शिक्षामा अध्ययन निरन्तरता, सैद्धान्तिक शिक्षा प्रणाली, खोज तथा अनुसन्धान र योग्य शिक्षकको व्यवस्थापन गर्नु अझै चुनौतीपूर्ण रहेको छ । आवधिक योजनाले लिएका रणनीतिअनुरूप प्राविधिक धारमा जनशक्ति उत्पादन कार्य विश्वविद्यालय, अध्ययन प्रतिष्ठान र तालिम केन्द्रबाट कार्यान्वयन हुँदै आएका छन् ।

**स्वास्थ्य तथा पोषण**

प्रथम पञ्चवर्षीय योजनाले परम्परागत र आधुनिक स्वास्थ्य प्रणालीमा जोड दिई प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र पुनःस्थापनात्मक सेवा प्रदान गर्ने लक्ष्य लिएको छ । प्रदेशमा सामाजिक सूचकतर्फ पाँच वर्ष मुनिको बाल मृत्युदर प्रति हजार जीवित जन्ममा २२ जनामा झार्ने लक्ष्य रहेकोमा मध्यावधि समीक्षा अवधिमा २३ जना पुगेको छ । योजना अवधिमा ३० मिनेटको दुरीमा स्वास्थ्य सेवाको पहुँच भएको जनसङ्ख्या ७७ प्रतिशत पुर्‍याउने लक्ष्य रहेकोमा आ.व २०७९/८० सम्ममा सो लक्ष्य हासिल भइसकेको छ । योजनाले खोपमा प्रदेशबासीको पहुँच शत प्रतिशत पुर्‍याउने लक्ष्य लिएकोमा मध्यावधि समीक्षा अवधिमा सो पहुँच ९० प्रतिशत पुगेको छ । यसैगरी ६ महिनासम्म शिशुलाई पूर्ण स्तनपान गराउने

महिलाको प्रतिशत घट्दो दरमा रहेको छ । यसका साथै योजनाले संस्थागत सुत्केरी दर ५७.४ बाट ८८ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा आ.व. २०८०/८१ को अन्त्य सम्ममा ७१ प्रतिशत पुगेको देखिन्छ ।

**खानेपानी तथा सरसफाइ**

प्रथम पञ्चवर्षीय योजनाको आधार वर्षमा ९१.७ प्रतिशत जनसङ्ख्या खानेपानीको सुविधाबाट लाभान्वित रहेको र आवधिक योजनामा शत प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा आ.व. २०७९/८० सम्ममा ९४.२५ प्रतिशत पुगेको छ । प्रदेश अन्तर्गतका सबै जिल्ला वि.सं. २०७४ सालमा खुल्ला दिसामुक्त क्षेत्र घोषणा भइसकेको अवस्थामा प्रथम पञ्चवर्षीय योजना अवधिमा आधारभूत सरसफाइ शत प्रतिशत र मध्यमदेखि उच्च गुणस्तरको सरसफाइ सुविधा ३० प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा यो लक्ष्य पूरा हुने अवस्था देखिदैन । फोहोरमैला व्यवस्थापन र सरसफाइ सुविधालाई बालमैत्री, महिलामैत्री, अपाङ्गमैत्री बनाई समावेशी पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको भए तापनि सोअनुसार प्रगति हासिल हुन सकेको छैन ।

**विद्युत्, स्वच्छ ऊर्जा तथा पूर्वाधार**

प्रथम पञ्चवर्षीय योजनाले प्रदेशमा विद्युत्मा पहुँच प्राप्त जनसङ्ख्या ९०.७ प्रतिशतबाट शत प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा आ.व. २०७९/८० सम्ममा ९९.५० प्रतिशत पुगेको छ । योजनाले परिलक्षित गरेका अन्य सामाजिक सूचकको लक्ष्य प्राप्ति मिश्रित देखिएको छ । यसैगरी इन्टरनेटमा पहुँच प्राप्त जनसङ्ख्या योजनाले ५५.४ प्रतिशत बाट ८० प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा आ.व. २०७९/८० सम्ममा ७७.८ प्रतिशत पुगेको छ । सडक तथा यातायात पूर्वाधारका क्षेत्रमा प्रदेश गौरवका आयोजना, पहुँचमार्ग, आर्थिक करिडोर निर्माण तथा स्तरोन्नतिमा निरन्तर कार्यप्रगति भए तापनि थप प्रयास जरुरी देखिन्छ । यसर्थ सुखद देखिएका उपलब्धिलाई टिकाउने, सन्तोषजनक देखिएका लक्ष्यमा थप लगानी गर्ने र कमजोर सूचकमा प्रदेशले हस्तक्षेप गर्ने नीति अख्तियार गर्न जरुरी छ । भौतिक पूर्वाधारतर्फ विद्युत् सेवा र इन्टरनेट सेवामा प्रदेशबासीको पहुँच बढाउने योजनाको लक्ष्य पूरा हुने देखिन्छ भने सडक निर्माण र जलविद्युत् उत्पादनको लक्ष्य भने हासिल हुने देखिदैन । मूलत: कोभिड-१९ को कारण निर्माण कार्यमा ढिलाइ, जग्गा प्राप्ति, वातावरणीय अध्ययन, विद्युत्का खम्बाको स्थानान्तरण जस्ता कार्य समयमै हुन नसक्दा पनि पूर्वाधार निर्माणको कार्यमा ढिलाइ भएको अवस्था छ ।

### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको महिला साक्षरता दर ६९.४ प्रतिशत रहेकोमा गण्डकी प्रदेशमा ७५.३ प्रतिशत रहेको छ । महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुवैमा स्वामित्व भएको घरपरिवार अनुपात ३०.६ प्रतिशत पुऱ्याउने प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य लिएकोमा सो अनुपात २८.३ प्रतिशत पुगेको छ । योजनाले प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात आर्थिक वर्ष २०८०/८१ सम्ममा ७० प्रतिशत पुऱ्याउने उल्लेख गरिएकोमा आ.व. २०७९/८० मा सो अनुपात ५९ प्रतिशत पुगेको छ ।

### समष्टिगत उपलब्धि

प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य र पछिल्लो प्रगतिको अवस्थालाई तालिका नं. १.१ मा प्रस्तुत गरिएको छ।

**तालिका १.१: प्रथम पञ्चवर्षीय योजनाको समीक्षा**

| क्र.सं. | सूचक | एकाइ | प्रथम पञ्चवर्षीय योजना | | | |
|---|---|---|---|---|---|---|
| | | | २०७५/७६ को स्थिति | २०८०/८१ को लक्ष्य | २०७९/८० सम्मको उपलब्धि | २०८०/८१ सम्म को अनुमानित उपलब्धि |
| १ | वार्षिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ७.१ | १०.२ | ३.६९ | ४.२३ |
| २ | गरिबीको दर | प्रतिशत | १४.२० | ७.३० | ११.८८ | ११.०० |
| ३ | कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | रु. करोडमा | २९६३२ | ४६८७९ | ४२९१८ | ४५७६६ |
| ४ | प्रतिव्यक्ति आय (अमेरिकी डलर) | डलर | १०४३ | १९५६ | १४९९ | १५९६ |
| ५ | कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको योगदान | प्रतिशत | ८.३ | ८.३१ | ८.९० | ९.१० |
| ६ | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | १४.२ | ७.३ | ९.६ | ९.५ |
| ७ | मानव विकास सूचकाङ्क (HDR 2020) | सूचकाङ्क | ०.५९ | ०.६५ | ०.६१८ | ०.६१८ |
| ८ | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | ४४८.५ | १५०० | ७३३ | ९०० |
| ९ | आधारभूत खानेपानी सुविधा प्राप्त जनसङ्ख्या | प्रतिशत | ९१.१ | १०० | ९४.२५ | ९५ |

| क्र.सं. | सूचक | एकाइ | प्रथम पञ्चवर्षीय योजना | | | |
|---|---|---|---|---|---|---|
| | | | २०७५/७६ को स्थिति | २०८०/८१ को लक्ष्य | २०७९/८० सम्मको उपलब्धि | २०८०/८१ सम्म को अनुमानित उपलब्धि |
| १० | स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ७.० | ६४.० | २७.४२ | ३०.६ |
| ११ | स्वास्थ्य संस्थामा प्रसूति सेवा लिने महिला | प्रतिशत | ६८.३ | ७५.० | ८७.७ | ८७.७ |
| १२ | साक्षरता दर (१५ वर्षमाथि) | प्रतिशत | ५५.६ | ९९.५ | ७१.५८ | ७१.५८ |
| १३ | आधारभूत तह (१–८) मा खुद भर्नादर | प्रतिशत | ९४.८ | ९९ | ९५.७ | ९५.७ |
| १४ | सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान र रोजगारदाताको सङ्ख्या | हजार | १७ | ६६ | ३५ | ३५ |
| १५ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | सङ्ख्या | २३९ | १५ | १६१ | १५० |
| १६ | श्रमशक्ति सहभागिता दर (१५ वर्षमाथि) | प्रतिशत | ३५.७ | ५० | ४०.३ | ४१.५ |
| १७ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३९.९ | ५५ | ४४ | ४४.१ |
| १८ | कुल गार्हस्थ्य उत्पादनको संरचना | | | | | |
| १८.१ | प्राथमिक क्षेत्र | प्रतिशत | ३०.७ | २३.७ | २६.२ | २६.४ |
| १८.२ | द्वितीय क्षेत्र | प्रतिशत | १७.४ | २२.४ | १७.३ | १६.८ |
| १८.३ | तृतीय क्षेत्र | प्रतिशत | ५१.९ | ५३.९ | ५६.६ | ५६.८ |

*स्रोतः प्रथम पञ्चवर्षीय योजनाको समिक्षा/ विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार*

## १.४ दिगो विकास लक्ष्यको समीक्षा

गण्डकी प्रदेशले दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा संस्थागत तथा नीतिगत आधार तयार गरी लक्ष्य हासिल गर्ने यात्रा सुरु गरेको छ । प्रथम पञ्चवर्षीय योजना अवधिमा मुख्यमन्त्रीको अध्यक्षतामा दिगो विकास लक्ष्य निर्देशक समिति गठन भई आवश्यकताअनुसार समीक्षा हुँदै आएको छ। यसैगरी गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा दिगो विकास लक्ष्य समन्वय समिति र आयोगका सदस्यको संयोजकत्वमा विषयगत दिगो विकास लक्ष्य अनुगमन तथा मूल्याङ्कन समिति गठन भई तत् सम्बन्धी कार्यमा क्रियाशिल रहेका छन् । गण्डकी प्रदेशले नीति, योजना तथा कार्यक्रममा दिगो विकास लक्ष्य आन्तरिकीकरणका लागि दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रः २०७९-२०८७ तयार गरेको छ। साथै गण्डकी प्रदेश नीति तथा योजना आयोगबाट दिगो विकास लक्ष्यसम्बन्धी प्रदेश सार्वजनिक

खर्चको खोजीनीति सर्वेक्षण, २०७९ र बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण सहयोगी स्रोत पुस्तिका, २०७९ तयार भई कार्यान्वयनमा रहेका छन्।

### दिगो विकास लक्ष्य एकः गरिबीको अन्त्य

गण्डकी प्रदेश सरकारले सीमान्तकृत समुदायको उत्थान र आधारभूत सेवा पहुँच वृद्धि गर्न गरिबी न्यूनीकरणका पहललाई प्राथमिकतासाथ कार्यान्वयन गरिरहेको छ। गरिबी न्यूनीकरणको लक्ष्य हासिल गर्न जीविकोपार्जनका अवसरमा वृद्धि गर्ने तथा सामाजिक सुरक्षा संयन्त्रलाई थप प्रभावकारी बनाउने प्रयास भइरहेका छन्। गरिबीको रेखामुनीको जनसङ्ख्या २०८०/८१ सम्ममा ७.४ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा आ.व. २०७९/८० सम्ममा ११.८८ प्रतिशतमा सीमित हुन पुगेको छ। यसैगरी प्रतिव्यक्ति आय आ.व. २०८०/८१ सम्ममा १,९५६ अमेरिकी डलर पुऱ्याउने लक्ष्य रहेकोमा आ.व. २०७९/८० सम्ममा १,४९९ अमेरिकी डलर पुगेको छ।

### दिगो विकास लक्ष्य दुईः भोकमरीको अन्त्य

दिगो कृषिको प्रवर्द्धन गरी खाद्य सुरक्षालाई सम्बोधन गर्न यस प्रदेशमा सुन्तलाजातका फलफूलमा विशेष कार्यक्रम लगायत आलु खेती तथा चैते धान प्रवर्द्धन, बीउ उत्पादन, रैथाने बाली प्रवर्द्धन तथा ग्रामीण पोषण सुरक्षा, जग्गा चक्लाबन्दी जस्ता कार्यक्रममार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिमा जोड दिइएको छ। आ.व. २०७९/८० को तथ्याङ्कअनुसार तरकारी र आलुमा गण्डकी प्रदेश आत्मनिर्भर रहेको छ भने खाद्यान्न र फलफूलमा आत्मनिर्भर उन्मुख रहेको छ। तेलहन र दलहन बालीको उत्पादन अवस्था न्यून रहेको छ। प्रति व्यक्ति प्रति वर्ष खाद्यान्नको न्यूनतम आवश्यकता २०१ के.जी. रहेकोमा यस आ.व. सम्ममा १९०.८ के.जी. पुगेको छ। त्यसैगरी पशुपन्छी क्षेत्रतर्फ आ.व. २०७९/८० मा दूध, अण्डा र मासुको प्रति व्यक्ति प्रति वर्ष उपलब्धता क्रमशः १०७.३ लि., ९९ गोटा र २३ के.जी रहेको छ। प्रति व्यक्ति प्रति वर्ष न्यूनत्तम आवश्यकताको आधारमा यस गण्डकी प्रदेश दूध, अण्डा र मासुमा आत्मनिर्भर रहेको छ।

### दिगो विकास लक्ष्य तीनः सुस्वास्थ्य तथा समृद्ध जीवन

गण्डकी प्रदेशमा १९ सरकारी अस्पताल, ७० निजी अस्पताल, २३ प्राथमिक स्वास्थ्य केन्द्र, ४९० स्वास्थ्य चौकी र ५६ आयुर्वेदिक औषधालय सञ्चालनमा रहेका छन्। यस प्रदेशमा मातृ मृत्युदर घटेको, खोप पहुँच बढेको र औसत आयु बढेको देखिन्छ भने पाँच वर्ष मुनिको बाल मृत्युदर प्रति हजार जीवित जन्ममा २३ जना पुगेको छ। स्वास्थ्य सेवाको पहुँच ३० मिनेटको दुरीमा भएको जनसङ्ख्या ७७ प्रतिशत पुगेको देखिन्छ।

## दिगो विकास लक्ष्य चारः गुणस्तरीय शिक्षा

शैक्षिक क्षेत्रमा लैङ्गिक असमानतालाई अन्त्य गर्न, सीमान्तकृत समूहका लागि शैक्षिक नतिजामा सुधार र प्रदेशमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विश्वविद्यालय र स्थानीयस्तरमा प्राविधिक शिक्षालय सञ्चालन गरिएको छ। प्रदेशमा रहेका ६४४ वटा विद्यालय, २ वटा विश्वविद्यालय, १५२ वटा क्याम्पस र २६० वटा प्राविधिक विद्यालय/शिक्षालय/प्रतिष्ठानमा सिकाइको गुणस्तर अभिवृद्धि गरी आवश्यकताअनुरूप पाठ्यक्रम परिमार्जन र प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तारमार्फत उत्पादित जनशक्तिलाई श्रम बजारसँग तादात्म्यता मिलाउन आवश्यक प्रयास गरिएको छ। यस प्रदेशमा १५ देखि ६० वर्ष उमेर समूहको औसत साक्षरता दर ९६.५७ प्रतिशत रहेको छ भने राष्ट्रिय जनगणना, २०७८ अनुसार प्रदेशको छ वर्ष माथिको साक्षरता दर ८१.७ प्रतिशत पुगेको छ।

## दिगो विकास लक्ष्य पाँचः लैंङ्गिक समानता

लैङ्गिक समानताको प्रवर्द्धन र महिला सशक्तीकरणलाई प्रदेश सरकारले विकास एजेन्डाको अभिन्न अङ्गको रूपमा अगाडि बढाएको छ। लैङ्गिक हिंसा उन्मूलन गर्ने, निर्णय प्रक्रियामा महिलाको सहभागिता बढाउने र महिलालाई आर्थिक अवसर प्रदान गर्ने कार्यमा सकारात्मक नतिजा हासिल भएको छ। लैंङ्गिक उत्तरदायी बजेट अनुपात आ.व. २०७९/८० मा यो अनुपात ५९ प्रतिशत पुगेको छ। श्रमशक्तिमा महिला पुरुषको सहभागिता दर आ.व. २०७९/८० सम्ममा करिव ७४ प्रतिशत पुगेको छ भने १५ वर्ष देखि ४९ वर्ष उमेरका महिलाको साक्षरता दर ८६.५ प्रतिशत पुगेको छ।

## दिगो विकास लक्ष्य छः स्वच्छ पिउने पानी तथा सरसफाइ

आधारभूतस्तरको खानेपानी सुविधा प्राप्त जनसङ्ख्या ९४.२५ प्रतिशत, मध्यम र उच्चस्तरको खानेपानी सुविधा प्राप्त जनसङ्ख्या १८.२ प्रतिशत, निजी धारा जडान भएका घरपरिवार ५९.५ प्रतिशत र फ्लस भएको चर्पी सुविधा उपलब्ध घरधुरी ८० प्रतिशत रहेको छ। प्रदेश र स्थानीय तहको खानेपानी र सरसफाइ क्षेत्रमा लगानी विस्तार हुँदै गएको भएता पनि हालसम्म कुल २० प्रतिशत जनसङ्ख्यामा मात्र सफा तथा सुरक्षित खानेपानी सुविधामा पहुँच पुगेको अवस्था छ। प्रादेशिक विकास प्रयास दिगो जलस्रोत व्यवस्थापन र स्वच्छता प्रवर्द्धनमा केन्द्रित रहेका छन्।

## दिगो विकास लक्ष्य सात: किफायती र स्वच्छ ऊर्जा

प्रदेश सरकारले दिगो विकास लक्ष्य हासिल गर्न किफायती र स्वच्छ ऊर्जालाई प्राथमिकता दिई लघु तथा साना जलविद्युत् र सौर्य तथा वायु ऊर्जा जस्ता नवीकरणीय ऊर्जाका स्रोतको प्रवर्द्धन गर्ने प्रयास गरिरहेको

छ । हाल जलविद्युत् उत्पादन (जडित क्षमता) ७३३ मेघावाट रहेको यस प्रदेशमा विद्युत्मा पहुँच भएको जनसङ्ख्या आ.व. २०७९/८० सम्ममा ९९.५ प्रतिशत पुगेको छ ।

**दिगो विकास लक्ष्य आठ: मर्यादित काम र आर्थिक वृद्धि**

यस प्रदेशमा श्रम सहभागिता दर ४०.३ प्रतिशत, बेरोजगारी दर ७ प्रतिशत र रोजगारीमा औपचारिक क्षेत्रको योगदान ४४ प्रतिशत रहेको छ । आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) आ.व. २०८०/८१ मा १०.२ प्रतिशतमा पुऱ्याउने लक्ष्य रहेकोमा आ.व. २०७९/८० मा ३.६९ प्रतिशतमा सीमित हुन पुगेको छ । मर्यादित श्रमको अवस्था सुनिश्चित गर्ने र अनौपचारिक रोजगारीलाई सामाजिक सुरक्षा तथा बिमाका कार्यक्रममा समेट्ने तर्फ प्रयासरत रहेको देखिन्छ ।

**दिगो विकास लक्ष्य नौ: उद्योग नवीन खोज र पूर्वाधार**

आर्थिक वृद्धि तथा सामाजिक सेवाको पहुँच र गुणस्तर बढाउन पूर्वाधार विकास र नवप्रवर्तनमा लगानी आवश्यक देखिन्छ । पूर्वाधार क्षेत्रको विकास तथा विस्तारका लागि प्रदेश सरकारले यातायात सञ्जाल सुधार, इन्टरनेट सञ्जाल विस्तार, उद्यमशीलता र औद्योगिकीकरणमा जोड दिएको छ । आ.व. २०७९/८० सम्ममा लघु, घरेलु तथा साना गरी दर्ता भएका कुल उद्योग सङ्ख्या ७८,०८४ र उद्योग क्षेत्रको कुल गार्हस्थ उत्पादनमा योगदान ३.२९ प्रतिशत रहेको छ । आ.व. २०७९/८० सम्ममा सडक घनत्व ०.५६ कि.मि. प्रति वर्ग कि.मि. मा पुगेको छ ।

**दिगो विकास लक्ष्य दश: असमानता न्यूनीकरण**

प्रदेश सरकारले असमानतालाई दिगो विकासको आधारभूत पक्ष मानी आय असमानता घटाउने, सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने र सीमान्तकृत समुदायको अधिकारको संरक्षण गर्ने प्रयासलाई प्राथमिकतामा राखेको छ । प्रदेश सरकार सबैका लागि समानता र सामाजिक न्याय प्रवर्द्धन गर्ने नीति तथा कार्यक्रम कार्यान्वयन गर्न प्रतिबद्ध रहेको छ । आ.व. २०७९/८० सम्ममा सम्पत्तिमा आधारित जिनी गुणक ०.२९ पुगेको छ ।

**दिगो विकास लक्ष्य एघार र बाह्र: दिगो सहर तथा समुदाय र जिम्मेवार उत्पादन तथा उपयोग**

पूर्वाधार विकास, सहरी योजना र विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा प्रदेशको लगानी केन्द्रित रहेको छ । एकीकृत बस्ती विकास तथा स्मार्ट सिटी निर्माण जस्ता प्रयासबाट सांस्कृतिक सम्पदा तथा स्रोतको संरक्षण गर्दै समावेशी र दिगो सहरीकरणलाई प्रवर्द्धन गर्न सहयोग पुग्ने देखिन्छ । ग्रामीण क्षेत्रमा भौतिक पूर्वाधार

विकाससँगै लोकमार्ग तथा सो आसपासको क्षेत्रमा बस्ती विस्तार भई व्यवस्थित बस्ती विकासको वातावरण तयार हुँदै गएको छ । आ.व. २०७९/८० सम्ममा यस प्रदेशमा विपद्बाट प्रभावित जनसङ्ख्या प्रतिहजार १८ जना रहेको छ । प्रदेशभित्रका कुल २४ वटा गाउँपालिका तथा नगरपालिकाले विपद् प्रोफाइल तयार गरी विपद् उत्थानशील विकासलाई प्राथमिकतामा राखेका छन् ।

### दिगो विकास लक्ष्य तेह्र: जलवायुसम्बन्धी कार्य

प्रदेश सरकारले विश्वव्यापी जलवायुसम्बन्धी कार्यको वकालत गर्दै जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनलाई विकास प्रक्रियामा आन्तरिकीकरण गर्ने प्रयास गरिरहेको छ । व्यक्तिगत र घरपरिवार तहबाटै जलवायुमैत्री अभ्यास अङ्गीकार र असल सिकाइको हस्तान्तरण गरी जलवायुमैत्री जीवनपद्धतिको प्रोत्साहन गरेको छ । प्रदेशभित्र आ.व. २०७९/८० सम्ममा जलवायुमैत्री गाउँ/टोलको सङ्ख्या ४८ रहेको छ । त्यसैगरी सञ्चालनमा रहेका पूर्वचेतावनी प्रणाली सङ्ख्या ११ र संरक्षित तथा पुनर्भरण पोखरी सङ्ख्या ८० रहेको छ ।

### दिगो विकास लक्ष्य पन्ध्र: वन, जलाधार र जैविक विविधता

पारिस्थिकीय प्रणाली र जैविक विविधताको संरक्षणलाई गण्डकी प्रदेश सरकारले वातावरण संरक्षण प्रयासको अभिन्न अङ्गको रूपमा लिएको छ । यसका लागि जैविक विविधताको संरक्षण तथा भूमिको दिगो प्रयोगलाई प्रवर्द्धन गर्न संरक्षण र दिगो भूमि व्यवस्थापनका अभ्यास अन्तरसरकार साझेदारीमा अगाडि बढेका छन् । वन क्षेत्रले ढाकेको भू-भाग आ.व. २०८०/८१ सम्ममा ४१ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा आ.व. २०७९/८० सम्ममा सघन वन क्षेत्रले ओगटेको क्षेत्रफल ३७.८ प्रतिशत र बुट्यानले ढाकेको क्षेत्रफल ९.६ प्रतिशत रहेको छ । सरकारी, निजी, साझेदारी र सामुदायिक वनबाट उत्पादन हुने काठको परिमाण ११.१७ लाख क्यु. फिट रहेको छ ।

### दिगो विकास लक्ष्य सोह्र तथा सत्र: शान्ति, न्याय तथा सशक्त संस्था र लक्ष्य प्राप्तिमा साझेदारी

गण्डकी प्रदेशले विभिन्न क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गर्दै दिगो विकास लक्ष्य कार्यान्वयन गर्न दृढ प्रतिबद्धता देखाएको छ । सरकारी निकायमा जन्मदर्ता भएका ५ वर्षमुनिका बालबालिकाको अनुपात आ.व. २०७९/८० सम्ममा ७३.८ प्रतिशत पुगेको छ । यसैगरी कुल आन्तरिक राजस्व सङ्कलन रु. ४.६१ अर्ब पुगेको छ ।

## १.५ विकास प्रयासमा देखिएका मूलभूत सवाल तथा चुनौती

गण्डकी प्रदेशको पहिलो पञ्चवर्षीय योजनाको उपलब्धि तथा सिकाइको आधारमा प्रदेशको विकासमा देखिएका देहायका मूलभूत सवालको सम्बोधन र चुनौतीको विश्लेषण गरी दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरिएको छः

१. न्यून आर्थिक वृद्धि तथा साँघुरो वित्तीय आधार,
२. न्यून आन्तरिक तथा वैदेशिक लगानी,
३. उच्च आयात, न्यून निर्यात क्षमता तथा उच्च व्यापार घाटा,
४. निर्वाहमुखी अर्थतन्त्र - न्यून उत्पादकत्व, उच्च उत्पादन लागत तथा न्यून प्रतिस्पर्धी क्षमता,
५. औद्योगिक क्षेत्रको सङ्कुचन तथा आन्तरिक उत्पादनमा ह्रास,
६. रोजगारीको अवसरमा सङ्कुचन, वैदेशिक रोजगारीमा वृद्धि वा बौद्धिक पलायन,
७. दिगो, गुणस्तरीय तथा उत्थानशील पूर्वाधारमा कमी,
८. सहरी पूर्वाधार, सेवा तथा सुविधाको माग र आपूर्तिबिच खाडलमा वृद्धि,
९. वैज्ञानिक, जीवनउपयोगी, व्यावहारिक तथा गुणस्तरीय शिक्षाको कमी,
१०. कमजोर स्वास्थ्य प्रणाली, स्वास्थ्यकर्मी र सेवाप्रवाह,
११. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी नीति, अभ्यास र नतिजाबिचको खाडलमा वृद्धि,
१२. कमजोर विनियोजन कुशलता, कार्यदक्षता तथा वित्तीय अनुशासन,
१३. सार्वजनिक खर्चको आवश्यकता र स्रोत परिचालन क्षमताबिचको गहिरो खाडल,
१४. कमजोर बजार प्रतिस्पर्धा, सिण्डिकेट प्रणाली र बिचौलियाको बढ्दो उपस्थिति,
१५. लैङ्गिक तथा सामाजिक हिंसाको स्वरूपमा परिवर्तन,
१६. आर्थिक-सामाजिक तथा सांस्कृतिक विभेद र परम्परागत सोचमा निरन्तरता,
१७. पर्यटन तथा औद्योगिक पूर्वाधार र प्रवर्द्धनको कमी,
१८. नीतिगत अस्थिरता र सुशासनमा ह्रास, कार्यान्वयनमा कमजोरी, समन्वय तथा व्यवस्थापकीय क्षमताको कमी,
१९. भ्रष्टचार दण्डहीनता र प्रशासनिक ढिलासुस्ती,
२०. जलवायु परिवर्तनको असर तथा वातावरणजन्य बहुप्रकोपमा वृद्धि,
२१. शासन, विकास र सेवाप्रवाहमा प्रभावकारिता नागरिकको स्वामित्व र अपनत्वमा कमी।

## १.६ दोस्रो पञ्चवर्षीय योजनाको सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

नेपालको दीर्घकालीन सोच २१०० **"समृद्ध नेपाल, सुखी नेपाली"** र गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले परिकल्पना गरेको **"समृद्ध प्रदेश र सुखी नागरिक"** को दीर्घकालीन सोचसँग तादात्म्यता हुनेगरी दोस्रो पञ्चवर्षीय योजनाको सोच, लक्ष्य, उद्देश्य तथा रणनीति तय गरिएको छ।

### १.६.१ प्रादेशिक सोच

**"आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी"**

**आत्मनिर्भरता**

गण्डकी प्रदेशका उच्च सम्भावनाका कृषि, पर्यटन, उद्योग र ऊर्जा क्षेत्रमा लगानी केन्द्रित भई अधिकतम प्रतिफल हासिल हुनेछ। मानव विकास सूचकाङ्कमा अग्रणी यस प्रदेश मानव पुँजी विकासमा समेत सबल र सक्षम हुनेछ। सूचना तथा सञ्चार प्रविधिको तीव्रतर विकास र दक्ष मानव संसाधनबाट सिर्जित अवसरको सदुपयोग गर्दै नवीन आर्थिक अवसरको सिर्जना हुनेछ। प्रदेशमा उपलब्ध सम्भावना र अवसरको पहिचान तथा उपयोगबाट सुदृढ प्रादेशिक अर्थतन्त्र निर्माण हुनेछ।

**समुन्नति**

प्रदेशवासीमा शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता जीविकोपार्जनका आधारको प्रत्याभूति हुनेछ। आर्थिक, सामाजिक, मानव संसाधन विकास, नवप्रवर्तन तथा हरित अर्थतन्त्रका अवसरबाट सबल, सक्षम र उद्यमशील नागरिक तयार हुने अनुकूल वातावरण सिर्जना हुनेछ। सो अनुकूलतालाई उपयोग गरी प्रत्येक नागरिकले सम्पन्न बन्नका लागि हरदम प्रयत्न गर्नेछन्। सबल तथा सक्षम प्रदेशवासीको सामूहिक प्रयत्नबाट निर्माण हुँदै गरेको सम्पन्न प्रदेशमा सामाजिक तथा सांस्कृतिक विविधताको जोडबाट सामुहिक भावना सृजना भई प्रदेश समुन्नत हुनेछ। प्रदेशवासीको सामूहिक प्रयत्नका आधारमा निरन्तर बन्दै जाने समुन्नत प्रदेशबाट आधुनिक प्रदेशवासीको परिचय स्थापित हुनेछ।

**सुखी प्रदेशवासी**

मानवीय सिप, दक्षता, क्षमता र उन्नयनबाट वृत्ति विकास, उद्यम व्यवसाय, रोजगारी र आयमा वृद्धि हुनेछ। लोकतान्त्रिक अभ्यास तथा सुशासनका माध्यमबाट संरचनागत रुपान्तरण भई न्यायपूर्ण तथा सभ्य समाज निर्माण हुनेछ। उत्पादन, विकास तथा शासन प्रक्रियामा नागरिकको सहभागिता र सृजनशीलताबाट प्रतिभा प्रस्फुटन हुने वातावरण सिर्जना हुनेछ। प्रतिभा प्रस्फुटनबाट सबल, सक्षम र उद्यमशील प्रदेशवासीको

पहिचान स्थापित हुनेछ । सबल, सक्षम तथा उद्यमशील प्रदेशवासीको क्रियाशीलता तथा सिर्जनात्मक भूमिकाबाट प्रदेशको विशिष्टताको उच्चतम उपयोग र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा प्रदेशको पहिचान स्थापित भई प्रदेशवासीको जीवन परिस्कृत, मर्यादित, सम्मानित र सुखी हुनेछ ।

### १.६.२ प्रादेशिक लक्ष्य

आत्मनिर्भरता, सामाजिक न्याय र समुन्नति हासिल गर्ने ।

### १.६.३ प्रादेशिक उद्देश्य

१. गुणस्तरीय पूर्वाधार र उत्पादन, रोजगारी तथा आय वृद्धि गर्नु;
२. मानव पुँजी निर्माण, विकासका लाभको समन्यायिक वितरण र सामाजिक न्याय स्थापित गर्नु;
३. गुणस्तरीय सार्वजनिक सेवाप्रवाह र सुशासन अभिवृद्धि गर्नु ।

### १.६.४ प्रादेशिक समष्टिगत रणनीति

१. उत्पादन तथा उत्पादकत्व र दिगो आर्थिक वृद्धि गर्ने;
२. मानव पुँजी निर्माण तथा न्यायपूर्ण समाजको स्थापना गर्ने;
३. दिगो तथा उत्थानशील पूर्वाधार विकास तथा अन्तर-आबद्धता अभिवृद्धि गर्ने;
४. हरित, कार्बन तटस्थ तथा जलवायु अनुकूलन कार्य र स्वच्छता अभिवृद्धि गर्ने;
५. विकास प्रक्रिया तथा नतिजामा लैङ्गिक समानता तथा समावेशिता कायम गर्ने;
६. नवीन ज्ञान तथा प्रविधिको अभ्यास र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने;
७. स्रोत परिचालन, सुशासन, अन्तरसम्बन्ध र साझेदारीलाई सबलीकरण तथा सुदृढीकरण गर्ने;
८. प्रदेश नीति, योजना तथा विकास नतिजालाई अध्ययन, अनुसन्धान तथा प्रमाणमा आधारित बनाउने ।

### १.६.५ प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्र

१. सुदृढ प्रादेशिक अर्थतन्त्रको निर्माण;
२. प्रभावकारी आर्थिक नीति तथा स्रोत व्यवस्थापन;
३. व्यावसायिक कृषि तथा आत्मनिर्भरता;
४. दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षण;
५. बजारमुखी उत्पादन र दिगो पर्यटन;
६. सर्वसुलभ स्वास्थ्य तथा जनसाङ्ख्यिक लाभ;
७. शिक्षित, सुसंस्कृत तथा सिपयुक्त मानव पुँजी निर्माण;

८. दिगो तथा उत्थानशील पूर्वाधार;
९. स्वच्छ ऊर्जा, जलस्रोत तथा खानेपानी;
१०. मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा सामाजिक संरक्षण;
११. सशक्त महिला, सामाजिक समावेशीकरण तथा समानता;
१२. सन्तुलित वातावरण र जलवायु तथा विपद् उत्थानशीलता;
१३. सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्ध;
१४. सुसूचित नीति, योजना तथा विकास व्यवस्थापन।

## १.७ प्रदेश समुन्नतिका रूपान्तरणकारी कार्यक्रम तथा आयोजना

प्रथम पञ्चवर्षीय योजनामा प्रस्तावित भई कार्यान्वयनमा रहेका र प्रदेश समुन्नतिका लागि रूपान्तरणकारी देखिएका कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रदेश सरकारको लगानी, प्रदेश स्थानीय तह साझेदारी, प्रदेश तथा सङ्घ साझेदारी, सङ्घ-प्रदेश-स्थानीय तह साझेदारी, अन्तरप्रदेश साझेदारी, सार्वजनिक निजी साझेदारी, वैदेशिक सहयोग, निजी क्षेत्रको लगानीमा विकास तथा सञ्चालन हुने गरी दोस्रो पञ्चवर्षीय योजनामा समावेश गरिएको छ।

**क. प्रदेश सरकारको लगानीमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना**

१. बहुउद्देश्यीय नदी जलाशय निर्माण आयोजना
२. मनाङ-नासोङ प्राङ्गारिक कृषि विकास आयोजना
३. एकीकृत प्रदेश तथ्याङ्क प्रणाली विकास आयोजना
४. विश्वविद्यालय, विद्यालय तथा समुदाय साझेदारी कार्यक्रम
५. लोकाहाखोला औद्योगिक क्षेत्र पूर्वाधार विकास आयोजना
६. प्रमुख टारमा आधारित कृषि तथा सिँचाइ विकास आयोजना
७. पर्यटकीय स्याटेलाइट गन्तव्य विकास तथा विस्तार आयोजना
८. अन्तरस्थानीय तह जोड्ने सडक तथा सडकपुल निर्माण आयोजना
९. कोराला-पोखरा-भिमाद-डेढगाउ-चोरमारा-दुम्कीबास-त्रिवेणी सडक विकास आयोजना
१०. मध्यपहाडी लोकमार्ग केन्द्रित कृषि तथा पशुपन्छीजन्य उत्पादनमा आधारित औद्योगिक विकास आयोजना

**ख. प्रदेश तथा स्थानीय तह साझेदारी कार्यक्रम तथा आयोजना**

१. पोखरा चक्रपथ निर्माण आयोजना
२. ग्रामीण अर्थतन्त्र सुदृढीकरण कार्यक्रम
३. ऐतिहासिक राइनासकोट विकास आयोजना
४. आधुनिक प्रादेशिक बसपार्क निर्माण आयोजना
५. विशिष्टीकृत कृषि तथा पशु सेवा विकास आयोजना
६. युवा नवप्रवर्तन तथा सिर्जनशीलता विकास कार्यक्रम
७. योग तथा ध्यान केन्द्र निर्माण तथा प्रवर्द्धन आयोजना
८. भीमसेन थापा स्मृतिपार्क तथा सङ्ग्रहालय निर्माण आयोजना
९. स्याउ, सुन्तलाजात तथा उदीयमान कृषि बाली विशेष कार्यक्रम
१०. अजिरकोट-सिरानडाँडा-नागेपोखरी एकीकृत विकास आयोजना
११. त्रिवेणी गजेन्द्रमोक्ष धाम धार्मिक पर्यटकीय क्षेत्र विकास आयोजना

**ग. सङ्घ-प्रदेश साझेदारी कार्यक्रम तथा आयोजना**

१. गण्डकी त्रिभुज कार्यक्रम
२. कार्बन व्यापार आयोजना
३. व्यास क्षेत्र विकास आयोजना
४. ढोरपाटन एकीकृत विकास आयोजना
५. चुमभ्याली एकीकृत विकास आयोजना
६. पुँडीटार औद्योगिक क्षेत्र विकास आयोजना
७. उत्तरगंगा जलाशय युक्त जल विद्युत् आयोजना
८. निर्यातयोग्य वस्तु उत्पादन तथा प्रवर्द्धन कार्यक्रम
९. धौवादी फलाम उत्खनन तथा प्रशोधन आयोजना
१०. कालीगण्डकी सभ्यता सङ्ग्रहालय विकास आयोजना
११. मुगलिङ पुलजिप-घुमाउने-गाईघाट-देवघाट-गैंडाकोट सडक आयोजना
१२. मनकामना-गोरखा-बारपाक-भच्चेक-दूधपोखरी लिङ्कमार्ग निर्माण आयोजना

**घ. सङ्घ-प्रदेश-स्थानीय तह साझेदारी कार्यक्रम तथा आयोजना**

१. एक घर एक धारा कार्यक्रम
२. हनुमतधाम विकास आयोजना
३. एकीकृत बस्ती विकास आयोजना
४. नदी तटीय क्षेत्र एकीकृत विकास आयोजना
५. राउण्ड फेवा तथा भ्यू फेवा विकास आयोजना
६. लिगलिगकोट संरक्षण तथा विकास आयोजना
७. उच्च पर्वतीय खेलकुद रंगशाला निर्माण आयोजना
८. ऐतिहासिक लोमान्थाङ सम्पदा क्षेत्र विकास आयोजना
९. जोखिमयुक्त बस्ती पहिचान तथा स्थानान्तरण आयोजना
१०. लीड तथा आवासिय विद्यालय विकास तथा विस्तार आयोजना
११. क्यान्सर, हृदय रोग तथा मृगौला रोग प्रादेशिक विशिष्टीकृत अस्पताल निर्माण आयोजना
१२. कृषि तथा पशुपन्छी उत्पादन, विविधीकरण, सामुहिकीकरण, औद्योगिकीकरण र बजारीकरण कार्यक्रम

**ङ. अन्तर प्रदेश साझेदारीमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना**

१. एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम
२. पर्यटन प्रवर्द्धन, विकास तथा विस्तार कार्यक्रम
३. खानी तथा खनिजजन्य उद्योग प्रवर्द्धन कार्यक्रम
४. रणनीतिक सडक तथा पूर्वाधार विकास आयोजना
५. कृषि उपज गुणस्तर परीक्षण तथा स्तरीकरण प्रयोगशाला विकास आयोजना

**च. सार्वजनिक-निजी साझेदारी कार्यक्रम तथा आयोजना**

१. आई.टि इनोभेसन ल्याब विकास कार्यक्रम
२. पर्यटन पूर्वाधार विकास तथा विस्तार आयोजना
३. कृषि, वन र जडिबुटीजन्य उत्पादन तथा प्रशोधन उद्योग विकास कार्यक्रम
४. सुविधा सम्पन्न बस टर्मिनल तथा भेहिकल सर्भिसिङ केन्द्र निर्माण आयोजना
५. माइस पर्यटन तथा अन्तर्राष्ट्रिय सभा सम्मेलन केन्द्र र प्लानेटोरियम आयोजना

**छ. निजी क्षेत्रको लगानीमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना**

१. जलविद्युत् विकास कार्यक्रम

२. पोखरा-पुम्दीकोट केबलकार आयोजना

३. विरेठाँटी-मुक्तिनाथ-केबलकार आयोजना

४. जलक्रिडा विकास तथा विस्तार कार्यक्रम

५. बागलुङ बजार-भकुण्डे-भैरवस्थान केबलकार आयोजना

६. साहसिक पर्यटन पूर्वाधार विकास तथा विस्तार आयोजना

**ज. वैदेशिक सहयोगको लागि प्रस्तावित कार्यक्रम तथा आयोजना**

१. जलवायुमैत्री नमुना बस्ती विकास कार्यक्रम

२. खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम

३. नयाँ क्षेत्र र विषय क्षेत्र प्राविधिक शिक्षा विस्तार कार्यक्रम

४. हिमाली तथा उच्च पहाडी ताल संरक्षण विकास आयोजना

५. टनेल र अन्य नयाँ प्रविधिमा आधारित सडक निर्माण आयोजना

६. पोखरा लेक टु लेक तथा केभ टु केभ साइकल मार्ग निर्माण आयोजना

७. पर्यटकीय पदमार्गको स्तरोन्नति तथा वैकल्पिक पदमार्ग पहिचान तथा विस्तार कार्यक्रम

## १.८ दिगो विकास लक्ष्यसँगको आबद्धता

**"कसैलाई पनि पछाडि नछोडौं"** भन्ने विश्वव्यापी विकास एजेण्डाको रूपमा स्वीकार गरिएको दिगो विकासका १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र २३२ वटा विश्वव्यापी सूचक निर्धारण गरिएका छन् । सो बमोजिम नेपालले कुल ४७९ वटा सूचक निर्धारण गरेकोमा हाल पुनरावलोकन गरी ३०१ वटा सूचक कायम गरेको छ । गण्डकी प्रदेशमा दिगो विकास लक्ष्यको आन्तरिकीकरणलाई थप प्रभावकारी बनाउन दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रः २०७९-२०८७ तयार गरिएको छ। प्रदेश सरकारले दिगो विकास लक्ष्यको आन्तरिकीकरणलाई प्रथम पञ्चवर्षीय योजनादेखि आत्मसात् गरी कुल २७५ वटा सूचकमा आधार अवस्था निर्धारणमार्फत स्थानीयकरण गर्ने प्रयास गरेको थियो । प्रथम योजनाको उपलब्धि र सिकाइलाई आत्मसात गर्दै दोस्रो पञ्चवर्षीय योजनामा दिगो विकासको लक्ष्य

हासिल गर्न उच्चतम योगदान पुग्ने गरी रूपान्तरणका प्रमुख क्षेत्र लगायत रणनीति, कार्यक्रम तथा सूचकमार्फत आबद्धता कायम गरिएको छ ।

## १.९ सोह्रौ योजनासँगको आबद्धता

नेपालको दीर्घकालीन सोच २१०० र सोह्रौं योजनासँग तादात्म्यता हुनेगरी गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरिएको छ । यसैगरी तहगत योजनाबिच सूचक, रणनीति र कार्यक्रममार्फत अन्तरआबद्धता कायम गरिएको छ । योजना कार्यान्वयनमा तहगत साझेदारी तथा अन्तरसम्बन्धको अवधारणा अवलम्बनमा जोड दिइएको छ ।

## १.१० परिमाणात्मक लक्ष्य

दोस्रो पञ्चवर्षीय योजनाले लिएको **“आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी”** को सोच, लक्ष्य तथा उद्देश्यअनुसार रूपान्तरणका रणनीति तथा हस्तक्षेपकारी कार्यक्रम कार्यान्वयन भई योजना अवधिमा हासिल हुने अपेक्षित उपलब्धि देहायअनुसार सूचकबाट मापन गरिने छः

**तालिका १.२: प्रादेशिक सोचको प्रमुख परिमाणात्मक लक्ष्य**

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | २०७९/८० सम्मको उपलब्धि | २०८०/८१ सम्मको अनुमानित | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| **क.** | **आत्मनिर्भरताका प्रादेशिक लक्ष्य** | | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | रु.दश लाखमा | ४२९१७९ | ४५७६६५ | ५७३८५१ | ६९३८०३ |
| २. | प्राथमिक क्षेत्रको अनुपात | प्रतिशत | २६.१६ | २६.४० | २४.८६ | २३.२९ |
| ३. | द्वितीय क्षेत्रको अनुपात | प्रतिशत | १७.२७ | १६.७६ | १७.५६ | १८.३६ |
| ४. | तृतीय क्षेत्रको अनुपात | प्रतिशत | ५६.६० | ५६.८३ | ५७.५९ | ५८.३४ |
| ५. | प्रतिव्यक्ति आय (GNI Per Capita in US $) | डलर | १४९९ | १५९६ | २००० | २५०० |
| ६. | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | ७३३ | ९०० | १६०० | २५०० |
| **ख.** | **समुन्नतिका प्रादेशिक लक्ष्य** | | | | | |
| ७. | वार्षिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ३.६९ | ४.२३ | ८.८५ | १०.३८ |
| ८. | गरिबीको दर | प्रतिशत | ११.८८ | ११.० | ८.६ | ७.० |

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | २०७९/८० सम्मको उपलब्धि | २०८०/८१ सम्मको अनुमानित | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| ९. | इन्टरनेटमा पहुँच प्राप्त जनसङ्ख्या | प्रतिशत | ६४.११ | ६५ | ७५ | ८५ |
| १०. | जन्मदाको अपेक्षित आयु | वर्ष | ७१.१ | ७२ | ७३ | ७५ |
| ११. | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | १६१ | १५० | १०० | ७० |
| १२. | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | २३ | २० | १८ | १५ |
| १३. | पाँच वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | १८.१ | १६.० | ११ | ७ |
| १४. | साक्षरता दर (५ वर्षमाथि) | प्रतिशत | ८१.७ | ८२.० | ८३.५ | ८५.० |
| १५. | आधारभूत तह (१-८) को खुद भर्नादर | प्रतिशत | ९५.७ | ९६ | ९७ | ९८.० |
| १६. | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ९९.५ | ९९.७५ | १०० | १०० |
| **ग.** | **सुखी प्रदेशबासीका प्रादेशिक लक्ष्य** | | | | | |
| १७. | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६१८ | ०.६१८ | ०.६७३ | ०.७० |
| १८. | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०. २९ | ०.२९ | ०.२८ | ०.२७ |
| १९. | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | ९.६ | ९.५ | ७.० | ६.० |
| २०. | श्रमशक्ति सहभागिता दर (१५ वर्षमाथि) | प्रतिशत | ४०३. | ४१५. | ४८०. | ५६०. |
| २१. | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ३५ | ३९ | ५२ | ६० |
| २२. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ४४ | ४४.१ | ५० | ५५ |
| २३. | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ९९ | ९९.३ | १०० | १०० |
| २६. | प्रति व्यक्ति विद्युत् खपत | कि.घ.वा. | २१६ | २६० | ३०० | ५०० |

*स्रोतः गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार*

# परिच्छेद २

# सुदृढ प्रादेशिक अर्थतन्त्रको निर्माण


| | |
|---|---|
| २.१ पृष्ठभूमि | २९ |
| २.२ विद्यमान अवस्था | ३० |
| २.३ मुख्य सवाल तथा चुनौती | ३० |
| २.४ रूपान्तरणका रणनीति | ३२ |
| २.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम | ३५ |
| २.६ परिमाणात्मक लक्ष्य | ३६ |

# परिच्छेद २
# सुदृढ प्रादेशिक अर्थतन्त्रको निर्माण

## २.१ पृष्ठभूमि

नेपालको संविधानले सार्वजनिक, सहकारी र निजी क्षेत्रको सहभागिता र विकासमार्फत उपलब्ध साधन स्रोतको अधिकतम परिचालनद्वारा आर्थिक समृद्धि हासिल गर्ने; प्राप्त उपलब्धिको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्ने; तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने; राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने आर्थिक नीति अवलम्बन गरेको छ । यसैगरी वित्तीय सङ्घीयता अनुरूप प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउने, राजस्व उठाउने, आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तर्जुमा गर्ने र सोको कार्यान्वयन गर्ने संवैधानिक व्यवस्था रहेको छ । समष्टिगत आर्थिक आधारको सबलीकरण र तीव्रतर आर्थिक वृद्धिका साथै सामाजिक न्याय सहितको समृद्ध नेपाल निर्माण गर्ने सोह्रौँ योजनाको राष्ट्रिय लक्ष्य रहेको परिवेशमा प्रदेशको दिगो, फराकिलो एवम् समावेशी विकास र समुन्नतिका लागि तीव्रतर आर्थिक वृद्धि हासिल गर्ने विषय प्राथमिकतामा राखिएको छ ।

तीव्र आर्थिक वृद्धिसहितको सन्तुलित विकास तथा स्रोत र साधनको समन्यायिक वितरणमार्फत समतामूलक समाज निर्माण तीन वटै तहका सरकारको साझा दायित्वका रूपमा रहेको छ । प्रभावकारी आर्थिक नीतिका लागि योजना तयारी, आर्थिक विकासका पूर्वाधार निर्माण, आर्थिक सशक्तीकरण तथा लाभको समन्यायिक वितरण र उद्यमशीलता तथा औद्योगिक प्रवर्द्धनको समग्र प्रक्रियामा योगदान पुऱ्याउनु आवश्यक छ । प्रदेश विकासका सम्भावना, सामर्थ्य तथा अवसरको पहिचान गर्दै आर्थिक-सामाजिक विकासको मार्गचित्र तयार गरी नागरिकको जीवनस्तरमा दिगो तथा गुणात्मक सुधार गर्ने दिशामा दोस्रो पञ्चवर्षीय योजना उन्मुख रहेको छ ।

## २.२ विद्यमान अवस्था

कोभिड-१९ को आर्थिक सामाजिक दुष्प्रभाव र विश्वव्यापी रूपमा देखिएको आर्थिक संकुचनका कारण राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्रमा नकारात्मक असर देखिएको छ। फलस्वरूप उत्पादन तथा रोजगारीका साथै माग र आपूर्तिमा आएको सुस्तताले आर्थिक वृद्धि कम हुनुका साथै आर्थिक क्रियाकलापमा सिथिलता देखिएको छ।

कुल गार्हस्थ्य उपभोगमा भएको वृद्धिका कारण कुल गार्हस्थ्य तथा राष्ट्रिय बचत न्यून भएकाले कुल पुँजी निर्माणसमेत न्यून हुन गएको छ। आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल राष्ट्रिय बचत ६.४१ प्रतिशत रहेको छ। त्यसैगरी कुल गार्हस्थ्य उत्पादन र कुल स्थिर पुँजी लगानी बिचको अनुपात आर्थिक वर्ष २०७९/८० मा २५.२ प्रतिशत रहेको छ। मुलुकको आन्तरिक अर्थतन्त्र तथा बाह्य क्षेत्रको सन्तुलनमा महत्त्वपूर्ण योगदान रहेको विप्रेषणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात आर्थिक वर्ष २०७९/८० मा २२.७ प्रतिशत रहेको छ। वर्तमान अवस्थालाई सुधार गर्न वित्तीय सुशासन र स्रोतको उच्चतम र प्रतिफलमुखी व्यवस्थापनद्वारा समुन्नतितर्फ अग्रसर हुनु आवश्यक छ।

गण्डकी प्रदेशले उपलब्ध आर्थिक सम्भावना र अवसरलाई विकास र समुन्नतिसँग जोड्ने पहलस्वरूप आर्थिक रूपमा आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि योजनाबद्ध रूपमा कार्यारम्भ गरेको छ। प्रथम पञ्चवर्षीय योजनामा आधारभूत मूल्यमा १०.२ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखिएकोमा कोभिड-१९ लगायतका अन्य आन्तरिक तथा बाह्य कारणले आर्थिक वृद्धिदर न्यून रहेको छ। आर्थिक वर्ष २०७९/८० मा आधारभूत मूल्यमा आर्थिक वृद्धि ३.६९ प्रतिशत र प्रतिव्यक्ति आय १,४९९ अमेरिकी डलर रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको योगदान अपेक्षित रूपमा बढ्न सकेको छैन भने तृतीय क्षेत्रको योगदान उच्च रहन गएको छ। प्रथम पञ्चवर्षीय योजनाको अन्त्य सम्ममा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २३.७, २२.४ र ५३.९ प्रतिशत हुने अनुमान गरिएकोमा आर्थिक वर्ष २०७९/८० मा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २६.२ प्रतिशत, १७.३ प्रतिशत र ५६.६ प्रतिशत रहेको छ।

## २.३ मुख्य सवाल तथा चुनौती

**१. आर्थिक वृद्धिदर न्यून हुनुः** सार्वजनिक, निजी तथा सहकारी र अन्य क्षेत्रको सहयोगमा मुलुकले लामो समयदेखि अपेक्षा गरेको तीव्र, दिगो र समावेशी आर्थिक वृद्धिदर अपेक्षाकृत हासिल गर्न सकेको छैन। कोभिड-१९ महामारी, रुस-युक्रेन युद्ध, मध्यपूर्व द्वन्द्व लगायतका कारण विश्वव्यापी आपूर्ति शृङ्खलामा

देखिएको प्रतिकूलता एवम् राष्ट्रिय अर्थतन्त्रमा आएको सिथिलतासँगै प्रदेश तहसमेतमा वित्तीय स्रोतमा गम्भीर अवरोध सिर्जना भएको छ । सहकारी क्षेत्रमा देखिएको बचत अपचलनको प्रवृत्ति तथा वित्तीय सुशासनको कमीले यस क्षेत्रबाट अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । न्यून राजस्व परिचालन, कमजोर पुँजीगत खर्च, न्यून बचत तथा लगानी हुनु जस्ता समस्या रहेका छन् । बढ्दो व्यापार घाटा र उच्च मुद्रास्फीति नियन्त्रण गर्नु चुनौतीका रुपमा रहेको छ ।

२. **अर्थतन्त्रमा प्राथमिक र द्वितीय क्षेत्रको योगदान न्यून हुनुः** नेपालमा अर्थतन्त्र प्राथमिक क्षेत्रबाट द्वितीय क्षेत्रमा नगई सिधै सेवा क्षेत्रमा प्रवेश गरेको अवस्था छ । यसले गर्दा राष्ट्रिय तथा प्रदेशगत रूपमा उत्पादनमुखी क्रियाकलापको समग्र अर्थतन्त्रमा प्रभाव कम रहेको र अर्थतन्त्र परनिर्भर हुँदै गएको छ । मुलुकमा रोजगारीको अवसरमा कमी र जनशक्तिको विदेश पलायनले देशभित्रै जनशक्तिको कमी हुन थालेको छ । मुलुकभित्र बढ्दै गएको बेरोजगारीको समस्या समाधान गर्नु तथा उपलब्ध युवा जनसाङ्ख्यिक लाभलाई पुँजीकृत गरी उच्च आर्थिक वृद्धि हासिल गर्नु चुनौतीका रूपमा रहेको छ ।

३. **उत्पादन तथा उत्पादकत्व न्यून हुँदा परनिर्भरता बढ्दै जानु:** उत्पादन लागत उच्च र गुणस्तर कमजोर हुँदा नेपाली उत्पादन अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी हुन सकेका छैनन् । प्रतिस्पर्धी क्षमता र आधुनिक प्रविधिको प्रयोगमा कमीका कारण उत्पादकत्व न्यून रहेको छ । उत्पादन र बजारबिच विचौलिया हावी हुँदा वास्तविक उत्पादकले उचित लाभ प्राप्त गर्न सकेका छैनन् भने उपभोक्ता उच्च मूल्यको मारमा परेका छन् । उपलब्ध प्राकृतिक स्रोत तथा साधनको सन्तुलित उपयोगको कमी रहेको छ । अधिकांश वस्तु तथा सेवामा अन्य देशसँगको निर्भरता रहेको सन्दर्भमा आयात प्रतिस्थापन गर्नु चुनौतीका रूपमा रहेको छ ।

४. **वित्तीय स्रोत परिचालनको क्षमता कमजोर हुनु:** कमजोर नीतिगत आधार, न्यून राजस्व परिचालन, न्यून बचत तथा लगानी र उच्च मुद्रास्फीति प्रमुख सवालका रूपमा रहेका छन् । प्रदेशको राजस्वका एकल र साझा अधिकारका विषयमा कानुन निर्माण गर्नु र प्रादेशिक अर्थतन्त्रको स्वरूपलाई उत्पादनमुखी बनाउनु चुनौतीका रूपमा रहेका छन् ।

५. **पुँजीगत खर्चमा कमी हुनुः** प्रस्तावित आयोजना अपेक्षित समय र लागतमा सम्पन्न नहुनाले पुँजीगत खर्चको प्रभावकारिता कमजोर रहेको छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन कायम गरी पुँजीगत खर्च वृद्धि गर्नु चुनौतीका रूपमा रहेको छ ।

६. **स्थानीय आर्थिक विकासको आधार तयार गर्नुः** स्थानीय परिवेशअनुसार तुलनात्मक लाभका क्षेत्र

पहिचान नहुनु, नीतिगत तथा कानुनी आधार तयार नहुनु, नागरिकमा व्यावसायिक सोच तथा सूचनाको कमी हुनु, व्यवसाय विकास सेवाको पहुँचमा कमी हुनु, पूर्वाधार पुँजी र प्रविधिको कमी हुनु, उपभोगमुखी प्रवृति कायम हुनु यसका प्रमुख सवाल हुन् । उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने क्षेत्रमा लगानी विस्तार गर्नु, विकास प्रक्रियामा जनसहभागिता अभिवृद्धि गर्नु, विकासको प्रतिफल विपन्न तथा सीमान्तकृत वर्ग तथा समुदायमा पुऱ्याउनु, स्थानीय आर्थिक विकासका क्षेत्रमा सार्वजनिक-निजी साझेदारीको अवधारणा विस्तार गर्नु, स्थानीय आर्थिक नीति तथा योजना तयार गरी आर्थिक तथा सामाजिक विकासका पूर्वाधार निर्माण गर्नु, आर्थिक सशक्तीकरण एवम् उद्यमशीलता तथा औद्योगिक प्रवर्द्धनलाई स्थानीयता अनुकूल बनाउनु मुख्य चुनौतीका रूपमा रहेको छ ।

७. **राष्ट्रिय एवम् स्थानीय अर्थतन्त्रसँग अन्तरसम्बन्ध स्थापित गर्नुः** राष्ट्रिय एवम् स्थानीय अर्थतन्त्रसँग अन्तरसम्बन्धित नीति तथा योजना र कार्यक्रम तर्जुमा हुन सकेको छैन । स्थानीय श्रम, रोजगारी र उत्पादनशील क्षेत्रमा सन्तुलित तथा समन्यायिक स्रोत परिचालन गर्नु, प्रदेशको तुलनात्मक लाभका क्षेत्रमा नेपाल सरकारसँग समन्वय तथा सहकार्य गर्नु र स्थानीय सरकारसँग साझेदारी तथा सहजीकरण गर्नु चुनौतीका रूपमा रहेका छन् ।

## २.४ रूपान्तरणका रणनीति

१. **तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि हासिल गर्नेः** आयआर्जनका क्षेत्र पहिचान गरी रोजगारी वृद्धितर्फ प्रदेशमा उपलब्ध स्रोत र साधनको महत्तम प्रयोग गरिने छ । प्राथमिक, द्वितीय तथा तृतीय क्षेत्रको सन्तुलित विकासका लागि द्वितीय क्षेत्रमा रणनीतिक हस्तक्षेपमार्फत तीव्र आर्थिक वृद्धि हासिल गरिने छ । उद्यमशीलता अभिवृद्धिको लागि श्रम, सिप, प्रविधि तथा उद्यमशील संस्कृतिको प्रवर्द्धन गरिने छ । गण्डकी प्रदेशमा व्यापार प्रवर्द्धन गर्न मुस्ताङको कोरला, गोरखाको रूइला र नवलपरासी (व.स.पू.)को त्रिवेणीधामलाई अन्तर्राष्ट्रिय स्तरको व्यापार नाका सञ्चालन र पूर्वाधार विकास गर्न नेपाल सरकारसँग समन्वय तथा साझेदारी गरिने छ ।

२. **प्रदेश अर्थतन्त्र फराकिलो र उत्पादनमुखी बनाउनेः** बढी प्रतिफल दिने ठुला पूर्वाधार विकास आयोजना, औद्योगिक पूर्वाधार निर्माण, प्राथमिक तथा द्वितीय क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा वृद्धि, राजस्वको दायरा वृद्धि तथा सार्वजनिक स्रोतको चुहावट न्यूनीकरण गरी प्रदेश अर्थतन्त्र फराकिलो र सुदृढ बनाइनेछ । मध्य पहाडी लोकमार्गलाई समृद्धिको लोकमार्गका रूपमा विकास गर्ने नेपाल सरकारको नीति बमोजिम लोकमार्गका रणनीतिक स्थानमा कृषि पकेट क्षेत्र; एकीकृत तथा

व्यवस्थित बस्ती तथा सहरी विकास; कृषि, पर्यटन तथा खनिज उद्योग स्थापना र गुणस्तरीय व्यावसायिक शिक्षा तथा स्वास्थ्य सुविधाको थप विकास तथा विस्तार गरी बसाइँसराइ व्यवस्थापनसँगै मध्यपहाडी क्षेत्रलाई गुल्जार बनाइने छ । मर्याङ्दी करिडोरमा विद्यावत सहर, कालीगण्डकी करिडोरमा पर्यापर्यटन तथा कृषि र सेती-मादी करिडोरमा औद्योगिक क्षेत्रको विकास तथा विस्तार गरिने छ ।

३. **उत्पादन तथा उत्पादकत्व वृद्धिमार्फत आत्मनिर्भरतातर्फ उन्मुख गराउनेः** प्राकृतिक स्रोतको उपयोगलाई उच्चतम तथा दिगो तुल्याउन नीतिगत तथा कानुनी सुधार गरिने छ । प्राथमिक क्षेत्रको विकास गर्न कृषि कर्जा तथा कृषि बिमाको सहजीकरण र कृषि उत्पादनलाई बजारको सुनिश्चतता गरिने छ । कृषि क्षेत्रमा पूर्वाधार, यान्त्रिकीकरण, विविधीकरण र व्यावसायीकरणलाई ध्यानमा राखिने छ । कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सिँचाइ प्रणालीको विकास, विस्तार र उपयोगलाई नियमित  गरिने छ । द्वितीय क्षेत्रको विकास तथा विस्तारको लागि कृषि, वन, ऊर्जा र उद्योगको एकीकृत विकास, विस्तार र आधुनिकीकरण गरिने छ । उद्योगको विकासको लागि आन्तरिक स्रोतको अतिरिक्त वैदेशिक लगानीलाई आकर्षित गरिने छ । सेवा क्षेत्रलाई स्थायित्व प्रदान गरी उत्पादन र रोजगार केन्द्रित गरिने छ । स्थानीय उत्पादकत्व र उत्पादन अभिवृद्धि गर्ने कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिने छ ।

४. **तहगत सरकार र सार्वजनिक, निजी एवम् सहकारी क्षेत्रबिच समन्वय, साझेदारी तथा अन्तरआबद्धता कायम गर्नेः** प्रदेशको आर्थिक विकासका लागि तहगत सरकारबिच नीतिगत साथै कार्यक्रम तथा आयोजना कार्यान्वयनमा समन्वय गरिने छ । निजी तथा सहकारी क्षेत्रको विकास तथा नियमनको लागि आवश्यक नीतिको तर्जुमा गरिने छ । स्रोत परिचालनमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता सुनिश्चित गरी साझेदारी कार्यक्रमलाई प्राथमिकता दिइनेछ । तुलनात्मक लाभका क्षेत्रमा लगानी आकर्षित गरी वस्तु तथा सेवाको उत्पादन, आधुनिकीकरण, विविधीकरण र बजारीकरण गरिने छ ।

५. **आर्थिक गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्नेः** आर्थिक क्षेत्रमा सुशासन कायम गर्न कानुनको परिपालना गर्ने वातावरण तयार गरिने छ । सूचना प्रविधिको प्रयोग, जनउत्तरदायी तथा छरितो प्रशासनिक संरचना, उच्च मनोबल र अभिप्रेरित कर्मचारीतन्त्रमार्फत आर्थिक कार्य प्रणालीलाई प्रभावकारी बनाइनेछ । प्रतिस्पर्धात्मक वातावरण तयार गरी सरोकारवालाको क्षमता अभिवृद्धि गरिने छ । अनौपचारिक अर्थतन्त्रलाई नियमन गरी आन्तरिक आय वृद्धि गरिने छ ।

६. **उत्पादनशील पूर्वाधारको विकास गर्ने**: उत्पादशील पूर्वाधारको विकासलाई प्राथमिकताका आधारमा निर्माण गरी उत्पादनसँग आवद्ध गरिने छ। विकासका पूर्वाधारबाट आर्थिक प्रतिफल हासिल गर्न कृषि, पर्यटन, खानी तथा खनिज र उद्योग क्षेत्रमा रणनीतिक क्रियाकलाप प्राथमिकताका साथ सञ्चालन गरिने छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्न पहल गरिने छ। पर्यटन, कृषि तथा औद्योगिक पूर्वाधार निर्माणमा जोड दिइने छ।

७. **प्रतिफलको न्यायोचित र सन्तुलित वितरण गर्ने**: विकासको प्रतिफल सबै तह र तप्कामा पुऱ्याउनेतर्फ विशेष व्यवस्था गरिने छ। लक्षित विपन्न तथा सिमान्तकृत वर्ग तथा समुदायको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न सिप विकास तालिम, उद्यमशीलता विकास, रोजगारीमूलक तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिने छ।

८. **स्थानीय आर्थिक विकासको प्रक्रियालाई स्थानीयता अनुकूलता बमोजिम सुदृढ तुल्याउने:** स्थानीय आर्थिक विकासका लागि अन्तरसरकार, समुदाय तथा निजी क्षेत्रसँग साझेदारी तथा सहकार्य अभिवृद्धि गरिने छ। स्थानीय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउन निरपेक्ष लाभ, सापेक्ष लाभ र तुलनात्मक लाभका क्षेत्र पहिचान गरिने छ। स्थानीयता अनुकूलको दिगो तथा उत्थानशील पूर्वाधार विकास र उच्च आय तथा दिगो रोजगारीका अवसर सिर्जना गरिने छ। स्थानीय सरकारको विनियोजन कुशलता, कार्यान्वयन दक्षता एवम् वित्तिय सुशासन कायम गर्न सहयोग तथा सहजीकरण गरिने छ।

९. **कृषि उत्पादनको व्यावसायीकरण र निर्यात प्रवर्द्धन गर्ने**: प्रदेश आत्मनिर्भर रहेको आलु ,तरकारी , दूध अण्डा र मासुमा ,गुणस्तर परीक्षण, प्रशोधन र औद्योगीकरण गरी निर्यात प्रवर्द्धन गरिने छ। आत्मनिर्भर उन्मुख रहेको खाद्यान्न तथा फलफूलमा आत्मनिर्भर बनाउन तथा निर्यात प्रवर्द्धन गर्न कृषिमा यान्त्रीकरण, उत्पादनको व्यवसायीकरण र प्रसोधन तथा स्तरीकरण गरिने छ। अन्तर प्रदेश साझेदारीमा कृषि उपजको गुणस्तर परीक्षण र स्तरीकरणका लागि प्रयोगशाला स्थापना गरी निर्यात प्रवर्द्धन गरिने छ।

१०. **गण्डकी त्रिभुजको विकास प्रारूप कार्यान्वयन गर्ने:** नेपाल सरकारले तय गरेको गण्डकी त्रिभुजको अवधारणा बमोजिम त्रिभुजका तीन वटै करिडोरमा औद्योगिक विकासका लागि यातायात सञ्जाल विकास गर्न सहकार्य गरिने छ। अन्तरसरकार तथा निजी क्षेत्रसँगको साझेदारी र सहकार्यमा त्रिभुजको नारायणगढ–बुटवल खण्डमा निर्माण सामग्री तथा हेभी उद्योग, मुग्लिन–पोखरा खण्डमा कृषि तथा खाद्य प्रशोधन उद्योग र पोखरा–बुटवल खण्डमा विद्युतीय उपकरण, जुत्ता, लत्ताकपडा, कार्पेट

तथा घरायसी प्रयोगका वस्तु तथा सेवा सम्बद्ध उद्योगको प्रवर्द्धन गरिनेछ।

## २.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

### (क) लगानी अभिवृद्धि कार्यक्रमः

१. इन्भेष्ट इन गण्डकी कार्यक्रम;

२. स्वदेशी एवम् विदेशी लगानी अभिवृद्धिका लागि नीतिगत, कानुनी तथा संस्थागत प्रबन्ध;

३. लगानीका क्षेत्र तथा आयोजनाको खोज, अनुसन्धान, पहिचान र विविधीकरण;

४. संस्थागत सबलीकरण तथा बचत अभिवृद्धि कार्यक्रम;

५. विप्रेषणबाट प्राप्त आयलाई उत्पादनशील क्षेत्रमा लगानी प्रोत्साहन कार्यक्रम;

६. सार्वजनिक-निजी साझेदारी अभिवृद्धि कार्यक्रम;

७. लगानीका क्षेत्र पहिचान तथा प्रत्यक्ष वैदेशिक लगानी अभिवृद्धि कार्यक्रम।

### (ख) औद्योगिक तथा व्यापार प्रवर्द्धन कार्यक्रमः

१. परम्परागत बजारको स्तरोन्नति, विस्तार र सुदृढीकरण;

२. प्रतिस्पर्धात्मक डिजिटल क्षमताको विकास र विस्तार;

३. निजी क्षेत्रको लगानी प्रवर्द्धन;

४. एक जिल्ला एक औद्योगिक क्षेत्रको अवधारणालाई कार्यान्वयन;

५. उच्च मूल्य अभिवृद्धि र अन्तर्राष्ट्रिय मूल्यशृङ्खलामा आबद्ध हुन सक्ने वस्तुको उत्पादन तथा बजारीकरण।

### (ग) स्थानीय आर्थिक विकास कार्यक्रमः

१. आर्थिक नीति तथा योजना तयारी सहयोग;

२. स्थानीय आर्थिक विकासका संवाहक क्षेत्र पहिचान;

३. आर्थिक विकास पूर्वाधार निर्माण;

४. विपन्न तथा सिमान्तकृत वर्ग उद्यमशीलता, सीप तथा प्रविधि प्रवर्द्धन।

### (ङ) कृषि उत्पादनको व्यावसायीकरण र निर्यात प्रवर्द्धन कार्यक्रमः

१. अन्तर प्रदेश साझेदारीमा कृषि उपजको गुणस्तर परीक्षण र स्तरीकरणका लागि प्रयोगशाला स्थापना;

२. आलु ,तरकारी ,दूध अण्डा र मासुमा ,गुणस्तर परीक्षण, प्रशोधन तथा औद्योगीकरण र निर्यात प्रवर्द्धन; ।

३. कृषिमा यान्त्रीकरण, उत्पादनको व्यवसायीकरण र प्रसोधन तथा स्तरीकरण ।

## २.६ परिमाणात्मक लक्ष्य

### २.६.१ आर्थिक वृद्धि

राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रदेशगत रूपमा आधार वर्ष २०७९/८० को कुल गार्हस्थ्य उत्पादनको तथ्याङ्क सार्वजनिक गरेको छ। उक्त तथ्याङ्कमा आधारित भई आधार वर्षको कुल गार्हस्थ्य उत्पादनको आधारमा सो वर्षकै मूल्यमा योजना अवधिको लागि कुल गार्हस्थ्य उत्पादन र आर्थिक वृद्धिदर प्रक्षेपण गरिएको छ।

**तालिका २.१ क्षेत्रगत आर्थिक वृद्धिदरको लक्ष्य**

(२०७९/८० को स्थिर मूल्यमा)

| क्र.सं. | क्षेत्र | आधार वर्ष २०७९/८० | २०८०/८१ को अनुमान | दोस्रो योजनाको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | औसत |
| **१** | **प्राथमिक क्षेत्र** | **२.७** | **३.३** | **३.१४** | **३.६८** | **४.३१** | **५.०३** | **५.९०** | **४.३१** |
| १.१ | कृषि, वन तथा मत्स्य | २.८ | ३.३ | ३.८६ | ४.५२ | ५.२९ | ६.१८ | ७.२४ | ५.२९ |
| १.२ | खानी तथा उत्खनन | १.१२ | २.१९ | २.५६ | ३.०० | ३.५१ | ४.१० | ४.८० | ३.५१ |
| **२** | **द्वितीय क्षेत्र** | **४.७** | **३.३** | **६.६९** | **८.९६** | **९.६८** | **१०.२५** | **११.३०** | **९.२४** |
| २.१ | उत्पादनमूलक उद्योग | -२.०३ | -१.४५ | ५.८० | ६.७९ | ७.१४ | ९.२९ | १०.८७ | ७.९४ |
| २.२ | विद्युत् तथा ग्याँस | २१.९७ | १३.५२ | १५.८२ | १५.९० | १६.२० | १६.५० | १६.५० | १६.१८ |
| २.३ | पानी ढल व्यवस्थापन | ३.३९ | ३.०६ | ३.५८ | ७.०३ | ७.५९ | ७.६८ | ८.८३ | ६.६४ |
| २.४ | निर्माण | -२.३२ | -१.९६ | ६.१० | ८.५० | ९.०० | ९.३९ | १०.३० | ८.५३ |
| **३** | **सेवा क्षेत्र** | **३.९** | **५.३** | **५.८६** | **७.२३** | **७.५९** | **७.८५** | **८.४८** | **७.३५** |
| ३.१ | थोक तथा खुद्रा व्यापार | -२.७६ | ०.३ | ८.०० | ९.१८ | ९.७४ | १०.३१ | ११.०० | ९.५९ |
| ३.२ | यातायात तथा भण्डारण | २.६९ | १२.२९ | १२.०० | १२.०० | १२.०० | १२.५० | १३.६० | १२.४१ |
| ३.३ | होटेल तथा रेस्टुरेण्ट | १८.८३ | २२.८४ | २२.०० | २२.०० | २२.०० | २२.०० | २२.०० | २२.०० |
| ३.४ | सूचना तथा सञ्चार | ५.३ | ५.७४ | ६.७२ | ४.६२ | ४.५१ | ४.४५ | ५.५६ | ५.१० |
| ३.५ | वित्तीय र बिमा क्रियाकलाप | ५.९८ | ४.५५ | ५.३२ | ७.८२ | ८.१० | ८.०९ | ८.३६ | ७.४४ |
| ३.६ | घर जग्गा तथा बहाल | ३.०१ | ३.९७ | ४.६४ | ४.४२ | ५.६१ | ६.२० | ६.७९ | ५.४६ |

| क्र.सं. | क्षेत्र | आधार वर्ष २०७९/८० | २०८०/८१ को अनुमान | दोस्रो योजनाको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | औसत |
| ३.७ | व्यावसायिक, वैज्ञानिक र प्राविधिक क्रियाकलाप | ३.७ | ३.१३ | ३.६६ | ४.१२ | ४.०९ | ४.२६ | ४.४६ | ४.११ |
| ३.८ | प्रशासनिक तथा सहयोगी क्रियाकलाप | ४.९४ | २.८९ | ३.३८ | ५.४५ | ५.१६ | ५.२२ | ५.२० | ४.८१ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा | ५.०१ | ३.६४ | ४.२६ | ६.२१ | ६.७६ | ६.८६ | ६.९६ | ६.११ |
| ३.१० | शिक्षा | ४.०४ | २.७४ | ३.२१ | ७.६० | ८.८० | ९.६० | १०.५० | ७.३६ |
| ३.११ | स्वास्थ्य तथा सामाजिक कार्य | ६.६४ | ४.९५ | ५.७९ | ८.५० | ९.२० | ९.८० | १०.५० | ८.५८ |
| ३.१२ | अन्य सामुदायिक सामाजिक र व्यक्तिगत सेवाका क्रियाकलाप | ५.०२ | ४.०४ | ४.७३ | ५.८९ | ५.९८ | ६.०७ | ७.५० | ५.९७ |
| ४ | कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | ३.६९ | ४.२३ | ६.५९ | ८.०८ | ८.८५ | ९.५३ | १०.३८ | ८.६० |
| ५ | कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | ३.३ | ४.५५ | ६.६० | ८.१० | ८.९० | ९.६० | १०.४० | ८.६० |

*स्रोत: नेपाल तथ्याङ्क कार्यालय, २०८१, गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार*

तालिका २.१ मा देखाएजस्तै योजना अवधिमा प्राथमिक क्षेत्रको औसत वृद्धिदर ४.३१ प्रतिशत, द्वितीय क्षेत्रको ९.२४ र सेवा क्षेत्रको वृद्धिदर ७.३५ प्रतिशतको लक्ष्य राखिएको छ। समग्रमा योजनाको औसत आर्थिक वृद्धिदर ८.६ प्रतिशत हुने लक्ष्य राखिएको छ। तालिका २.२ मा योजना अवधिको क्षेत्रगत मूल्य अभिवृद्धि र कुल गार्हस्थ्य उत्पादनको अनुमान तथा प्रक्षेपण पेश गरिएको छ।

## तालिका २ २  कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धिको लक्ष्य

(२०७९/८० को स्थिर मूल्यमा)

(रु. दश लाखमा)

| क्र.सं. | क्षेत्र | आधार वर्ष | २०८०/८१ | दोस्रो योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | को अनुमान | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| **१** | **प्राथमिक क्षेत्र** | **११२२६९** | **१२०८१९** | **१२५४४३** | **१३१०६१** | **१३७९३०** | **१४६३८९** | **१५६८९५** |
| १.१ | कृषि, वन तथा मत्स्य | १०९१४६ | ११७७२२ | १२२२६७ | १२७७९० | १३४५४४ | १४२८६४ | १५३२०१ |
| १.२ | खानी तथा उत्खनन | ३१२३ | ३०९७ | ३१७६ | ३२७१ | ३३८६ | ३५२५ | ३६९४ |
| **२** | **द्वितीय क्षेत्र** | **७४१०६** | **७६७२०** | **८३६७४** | **९२५८६** | **१०३०७०** | **११५३९०** | **१३००८८** |
| २.१ | उत्पादनमूलक उद्योग | १४१०६ | १४१६९ | १४९९१ | १६००८ | १७२७९ | १८८८४ | २०९३७ |
| २.२ | विद्युत् तथा ग्याँस | २११८७ | २४३१९ | २८१६६ | ३२६४५ | ३७९३३ | ४४१९२ | ५१४८४ |
| २.३ | पानी ढल व्यवस्थापन | १७९३ | १८४६ | १९१२ | २०४७ | २२०२ | २३७१ | २५८० |
| २.४ | निर्माण | ३७०२० | ३६३८५ | ३८६०५ | ४१८८६ | ४५६५६ | ४९९४३ | ५५०८७ |
| **३.** | **सेवा क्षेत्र** | **२४२८०४** | **२६०१२७** | **२७८६८५** | **३०३५६१** | **३३२८४९** | **३६६७६७** | **४०६८२१** |
| ३.१ | थोक तथा खुद्रा व्यापार | ३३९९४ | ३४३८५ | ३७१३५ | ४०५४४ | ४४४९३ | ४९०८१ | ५४४८० |
| ३.२ | यातायात तथा भण्डारण | २२७५४ | २६२४८ | २९३९८ | ३२९२५ | ३६८७६ | ४१४८६ | ४७१२८ |
| ३.३ | होटेल तथा रेस्टुरेण्ट | १६२५१ | २१४४९ | २६१६८ | ३१९२५ | ३८९४८ | ४७५१७ | ५७९७१ |
| ३.४ | सूचना तथा सञ्चार | १०१०५ | १०६७९ | ११३९६ | ११९२३ | १२४६० | १३०१५ | १३७३९ |
| ३.५ | वित्तीय तथा बिमा क्रियाकलाप | २७४२२ | २७७२९ | २९२०५ | ३१४८९ | ३४०४० | ३६७९३ | ३९८६९ |
| ३.६ | घर जग्गा तथा बहाल | २०९२३ | २२७५६ | २३८१३ | २४८६६ | २६२६० | २७८८९ | २९७८२ |
| ३.७ | व्यावसायिक, वैज्ञानिक र प्राविधिक क्रियाकलाप | २७७९ | ३०६१ | ३१७३ | ३३०४ | ३४३९ | ३५८५ | ३७४५ |
| ३.८ | प्रशासनिक तथा सहयोगी क्रियाकलाप | १३१५ | १४३३ | १४८१ | १५६२ | १६४२ | १७२८ | १८१८ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा | ५६६७६ | ५७८६७ | ६०३३१ | ६४०७८ | ६८४१० | ७३१०३ | ७८१९१ |
| ३.१० | शिक्षा | ३७८४६ | ४१२९८ | ४२६२२ | ४५८६१ | ४९८९७ | ५४६८७ | ६०४२९ |
| ३.११ | स्वास्थ्य तथा सामाजिक कार्य | १०४३० | १०७८६ | ११४११ | १२३८१ | १३५२० | १४८४५ | १६४०३ |
| ३.१२ | अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | २३०९ | २४३७ | २५५२ | २७०३ | २८६४ | ३०३८ | ३२६६ |
| ४ | **कुल गार्हस्थ्य उत्पादन** | | | | | | | |
| ४.१ | कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | ४२९१७९ | ४५७६६५ | ४८७८०३ | ५२७२०७ | ५७३८५१ | ६२८५४६ | ६९३८०३ |

| क्र.सं. | क्षेत्र | आधार वर्ष २०७९/८० | २०८०/८१ को अनुमान | दोस्रो योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ४.२ | खुद वस्तु तथा सेवा उत्पादन कर | ५४९४८ | ५९०३३ | ६२८७० | ६७९०० | ७४०११ | ८१४१२ | ८९९६० |
| ४.३ | कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | ४८४१२७ | ५१२०३३ | ५५०६७३ | ५९५१०६ | ६४७८६१ | ७०९९५८ | ७८३७६३ |

*स्रोत: नेपाल तथ्याङ्क कार्यालय, २०८१, गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार*

तालिका २.३ मा अनुमानित कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना प्रस्तुत गरिएको छ। जसअनुसार योजनाको अन्तसम्म कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको हिस्सा २२.६१, द्वितीय क्षेत्रको हिस्सा १८.७५ र सेवा क्षेत्रको हिस्सा ५८.६३ पुग्ने प्रक्षेपण गरिएको छ।

**तालिका २.३ कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना**

(२०७९/८० को स्थिर मूल्यमा)

(रु. दश लाखमा)

| क्र.सं. | क्षेत्र | आधार वर्ष २०७९/८० | २०८०/८१ को अनुमान | दोस्रो योजनाको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | औसत |
| **१** | **प्राथमिक क्षेत्र** | **२६.१६** | **२६.४०** | **२६.४०** | **२५.७१** | **२४.८६** | **२४.०४** | **२३.२९** | **२२.६१** |
| १.१ | कृषि, वन तथा मत्स्य | २५.४३ | २५.७२ | २५.७२ | २५.०६ | २४.२४ | २३.४५ | २२.७३ | २२.०८ |
| १.२ | खानी तथा उत्खनन | ०.७३ | ०.६८ | ०.६८ | ०.६५ | ०.६२ | ०.५९ | ०.५६ | ०.५३ |
| **२** | **द्वितीय क्षेत्र** | **१७.२७** | **१६.७६** | **१६.७६** | **१७.१४** | **१७.५६** | **१७.९६** | **१८.३६** | **१८.७५** |
| २.१ | उत्पादनमूलक उद्योग | ३.२९ | ३.१० | ३.१० | ३.०७ | ३.०४ | ३.०१ | ३.०० | ३.०२ |
| २.२ | विद्युत् तथा ग्याँस | ४.९४ | ५.३१ | ५.३१ | ५.७७ | ६.१९ | ६.६१ | ७.०३ | ७.४२ |
| २.३ | पानी ढल व्यवस्थापन | ०.४२ | ०.४० | ०.४० | ०.३९ | ०.३९ | ०.३८ | ०.३८ | ०.३७ |
| २.४ | निर्माण | ८.६३ | ७.९५ | ७.९५ | ७.९१ | ७.९४ | ७.९६ | ७.९५ | ७.९४ |
| **३** | **सेवा क्षेत्र** | **५६.६०** | **५६.८०** | **५६.८३** | **५७.१३** | **५७.५९** | **५८.०२** | **५८.३४** | **५८.६३** |
| ३.१ | थोक तथा खुद्रा व्यापार | ७.९२ | ७.५१ | ७.५१ | ७.६१ | ७.६९ | ७.७५ | ७.८१ | ७.८५ |
| ३.२ | यातायात तथा भण्डारण | ५.३० | ५.७४ | ५.७४ | ६.०३ | ६.२५ | ६.४३ | ६.६० | ६.७९ |
| ३.३ | होटेल तथा रेस्टुरेण्ट | ३.७९ | ४.६९ | ४.६९ | ५.३६ | ६.०६ | ६.७९ | ७.५६ | ८.३६ |
| ३.४ | सूचना तथा सञ्चार | २.३५ | २.३३ | २.३३ | २.३४ | २.२६ | २.१७ | २.०७ | १.९८ |
| ३.५ | वित्तीय र बिमा क्रियाकलाप | ६.३९ | ६.०६ | ६.०६ | ५.९९ | ५.९७ | ५.९३ | ५.८५ | ५.७५ |
| ३.६ | घर जग्गा तथा बहाल | ४.८८ | ४.९७ | ४.९७ | ४.८८ | ४.७२ | ४.५८ | ४.४४ | ४.२९ |

| क्र.सं. | क्षेत्र | आधार वर्ष २०७९/८० | २०८०/८१ को अनुमान | दोस्रो योजनाको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | औसत |
| ३.७ | व्यावसायिक, वैज्ञानिक र प्राविधिक क्रियाकलाप | ०.६५ | ०.६७ | ०.६७ | ०.६५ | ०.६३ | ०.६० | ०.५७ | ०.५४ |
| ३.८ | प्रशासनिक तथा सहयोगी क्रियाकलाप | ०.३१ | ०.३१ | ०.३१ | ०.३० | ०.३० | ०.२९ | ०.२७ | ०.२६ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा | १३.२१ | १२.६४ | १२.६४ | १२.३७ | १२.१५ | ११.९२ | ११.६३ | ११.२७ |
| ३.१० | शिक्षा | ८.८२ | ९.०२ | ९.०२ | ८.७४ | ८.७० | ८.७० | ८.७० | ८.७१ |
| ३.११ | स्वास्थ्य तथा सामाजिक कार्य | २.४३ | २.३६ | २.३६ | २.३४ | २.३५ | २.३६ | २.३६ | २.३६ |
| ३.१२ | अन्य सामुदायिक सामाजिक र व्यक्तिगत सेवाका क्रियाकलाप | ०.५४ | ०.५३ | ०.५३ | ०.५२ | ०.५१ | ०.५० | ०.४८ | ०.४७ |
| **जम्मा** | | | | १०० | १०० | १०० | १०० | १०० | १०० |

*स्रोत: नेपाल तथ्याङ्क कार्यालय, २०८१, गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार*

### २.६.२ सीमान्त पुँजी-उत्पादन अनुपात तथा कुल लगानी

आवश्यक क्षेत्रगत तथा कुल लगानी प्रक्षेपण गर्न सीमान्त पुँजी उत्पादन अनुपातको तथ्याङ्क आवश्यक हुन्छ । प्रदेश तहमा उक्त तथ्याङ्क नभएको हुँदा सोह्रौँ योजनाले अपनाएको सीमान्त पुँजी - उत्पादन अनुपातलाई आधार मानिएको छ । योजनाको समग्र सीमान्त पुँजी उत्पादन अनुपात ४.८ हुने अनुमान गरिएको छ । सोअनुसार योजनाको लक्षित ८.६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न योजना अवधिमा कुल स्थिर पुँजी लगानी रु. १३ खर्ब ८४ अर्ब ८५ करोड आवश्यक पर्ने अनुमान रहेको छ । क्षेत्रगत रूपमा प्राथमिक क्षेत्रमा योजना अवधिमा रु.१ खर्ब ८ अर्ब ७८ करोड, द्वितीय क्षेत्रमा ४ खर्ब ६३ अर्ब ४४ करोड र सेवा क्षेत्रमा रु. ८ खर्ब १२ अर्ब ६२ करोड लगानी आवश्यक पर्ने देखिन्छ । विस्तृत रूपमा आवश्यक क्षेत्रगत लगानी तालिका २. ४ मा दिइएको छ ।

## तालिका २.४ सीमान्त पुँजी-उत्पादन अनुपात र कुल लगानी

(आर्थिक वर्ष २०७९/८० को स्थिर मूल्यमा)

( रु. दश लाखमा)

| क्र.सं. | क्षेत्र | सीमान्त पुँजी उत्पादन अनुपात | २०८०/८१ को अनुमान | दोस्रो योजनाको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
| **१.** | **प्राथमिक क्षेत्र** | **४.१४** | **११९८२** | **१३९५२** | **१६९४८** | **२०७१५** | **२५५०३** | **३१६६५** | **१०८७८५** |
| १.१ | कृषि, वन तथा मत्स्य | ३.०० | ११५५३ | १३४९९ | १६४०४ | २००६० | २४७१० | ३०६९९ | १०५३७३ |
| १.२ | खानी तथा उत्खनन | ५.७० | ४२९ | ४५३ | ५४४ | ६५५ | ७९३ | ९६६ | ३४१२ |
| **२.** | **द्वितीय क्षेत्र** | **६.३६** | **५१३७३** | **६३१३८** | **७६६६४** | **९०५११** | **१०६९४७** | **१२६१८०** | **४६३४४०** |
| २.१ | उत्पादनमूलक उद्योग | ५.४० | ३०३६ | ४३९७ | ५४४२ | ६८०० | ८५८७ | १०९८१ | ३६२०७ |
| २.२ | विद्युत् तथा ग्याँस | १३.१० | ४२४८७ | ५०४७२ | ५८७५७ | ६९३८५ | ८२११८ | ९५६६७ | ३५६३९९ |
| २.३ | पानी ढल व्यवस्थापन | ६.६० | २२८ | ४३४ | ८८२ | १०१९ | ११०९ | १३७३ | ४८१७ |
| २.४ | निर्माण | ३.५० | ५६२२ | ७८३५ | ११५८३ | १३३०७ | १५१३३ | १८१५९ | ६६०१७ |
| **३.** | **सेवा क्षेत्र** | **४.५२** | **११४४१७** | **१०५०१६** | **१३६१९०** | **१५९५०७** | **१८५९३८** | **२२२५७६** | **८१२६२९** |
| ३.१ | थोक तथा खुद्रा व्यापार | २.८० | ५८६६ | ७५९२ | ९४०९ | १०८९९ | १२६६१ | १४९०१ | ५५४६२ |
| ३.२ | यातायात तथा भण्डारण | ११.४० | २६७९ | ३५७८१ | ४००७५ | ४४८८४ | ५२३६४ | ६४०९४ | २३७१९८ |
| ३.३ | होटेल तथा रेस्टुरेण्ट | ६.१० | २१४१५ | २८५९६ | ३४८८७ | ४२५६२ | ५१९२६ | ६३३५० | २२१३२२ |
| ३.४ | सूचना तथा सञ्चार | ९.९० | २५२७ | ३७१४ | ५२२३ | ५३३४ | ५५०१ | ७१७८ | ३०३५० |
| ३.५ | वित्तीय र बिमा क्रियाकलाप | २.८० | २१७४५ | ४१६३ | ६४४० | ७१९३ | ७७६६ | ८६७४ | ३४२३६ |
| ३.६ | घर जग्गा तथा बहाल | ५.६० | १९२२ | ५९६१ | ५९३६ | ७८६८ | ९१८३ | १०६८० | ३९६२८ |
| ३.७ | व्यावसायिक, वैज्ञानिक र प्राविधिक क्रियाकलाप | २.९० | २८२ | ३२५ | ३७९ | ३९२ | ४२५ | ४६४ | १९८५ |
| ३.८ | प्रशासनिक तथा सहयोगी क्रियाकलाप | ३.०० | २०२ | १४६ | २४४ | २४३ | २५९ | २७१ | ११६४ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा | ३.४० | ७९६९ | ८४२८ | १२८१३ | १४८१४ | १६०५० | १७४०१ | ६९५०७ |
| ३.१० | शिक्षा | ४.१० | ४६४४५ | ५४२८ | १३२८१ | १६५४७ | १९६३९ | २३५४३ | ७८४३८ |
| ३.११ | स्वास्थ्य तथा सामाजिक कार्य | ७.३० | ३१२५ | ४५७३ | ७१०० | ८३३८ | ९६९८ | ११४०९ | ४१११८ |

| क्र.सं. | क्षेत्र | सीमान्त पुँजी उत्पादन अनुपात | २०८०/८१ को अनुमान | दोस्रो योजनाको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
| ३.१२ | अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | २.७० | २४० | ३०९ | ४०३ | ४३३ | ४६६ | ६११ | २२२१ |
| **जम्मा** | | **४.८०** | **१७७७७२** | **१८२१०६** | **२२९८०२** | **२७०७३३** | **३१८३८८** | **३८०४२१** | **१३८४८५४** |

*स्रोत: नेपाल तथ्याङ्क कार्यालय, २०८१, गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार*

### २.६.३ सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी

योजना अवधिका लागि आवश्यक लगानी सार्वजनिक, निजी र सहकारी गरी तीनवटा क्षेत्रबाट हुनेछ। तीन वटै क्षेत्रबाट हासिल हुने अनुमानित लगानीको अंश तालिका २.५ मा प्रस्तुत गरिएको छ। समग्रमा कुल लगानीको सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट क्रमश: करिव ३७, ५७ र ६ प्रतिशत लगानी हुने प्रक्षेपण गरिएको छ। सोअनुसार योजना अवधिमा सार्वजनिक क्षेत्रबाट कुल रु. ४ खर्ब ४५ अर्ब ३७ करोड, निजी क्षेत्रबाट रु. ६ खर्ब ७५ अर्ब १४ करोड र सहकारी क्षेत्रबाट ७२ अर्ब १५ करोड लगानी हुने अनुमान गरिएको छ।

**तालिका २.५ सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट हुने लगानी**

(आर्थिक वर्ष २०७९/८० को स्थिर मूल्यमा)

(रु. दश लाखमा)

| क्र.सं. | क्षेत्र | सार्वजनिक | | निजी | | सहकारी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम |
| १ | **प्राथमिक क्षेत्र** | **२२** | **३२२८९** | **७२** | **११२३०६** | **१०** | **१५४४०** | **१००** | **१६००३४** |
| १.१ | कृषि, वन तथा मत्स्य | २० | ३०८७९ | ७० | १०८०७७ | १० | १५४४० | १०० | १५४३९५ |
| १.२ | खानी तथा उत्खनन | २५ | १४१० | ७५ | ४२२९ | ० | ० | १०० | ५६३९ |
| २ | **द्वितीय क्षेत्र** | **४८** | **२०५५५१** | **३६** | **११९७८७** | **३** | **१०५१७** | **१००** | **३३५८५४** |
| २.१ | उत्पादनमूलक उद्योग | १५ | ८०५८ | ८३ | ४४५९० | २ | १०७५ | १०० | ५३७२३ |
| २.२ | विद्युत् तथा ग्याँस | ७० | ८८६६१ | २५ | ३१६६५ | ५ | ६३३३ | १०० | १२६६५८ |
| २.३ | पानी ढल व्यवस्थापन | ७० | ९५६४ | २८ | ३८२६ | २ | २७३ | १०० | १३६६३ |
| २.४ | निर्माण | ७० | ९९२६७ | २८ | ३९७०७ | २ | २८३६ | १०० | १४१८११ |
| ३ | **सेवा क्षेत्र** | **२३** | **२०७५३९** | **५२** | **४४३०५२** | **५** | **४६१९८** | **१००** | **६९६७८८** |
| ३.१ | थोक तथा खुद्रा व्यापार | ५ | ५२८४ | ९० | ९५१०६ | ५ | ५२८४ | १०० | १०५६७४ |

| क्र.सं. | क्षेत्र | सार्वजनिक | | निजी | | सहकारी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम |
| ३.२ | यातायात तथा भण्डारण | ५ | २३६१ | ९० | ४२४९० | ५ | २३६१ | १०० | ४७२१२ |
| ३.३ | होटेल तथा रेस्टुरेण्ट | ५ | ८३७४ | ८० | १३३९८८ | १५ | २५१२३ | १०० | १६७४८५ |
| ३.४ | सूचना तथा सञ्चार | २० | ३८२६ | ७० | १३३९१ | १० | १९१३ | १०० | १९१३० |
| ३.५ | वित्तीय तथा बिमा क्रियाकलाप | २० | ३१५३० | ७५ | ११८२३७ | ५ | ७८८३ | १०० | १५७६५० |
| ३.६ | घर जग्गा तथा बहाल | ५ | १०१५ | ९३ | १८८३३ | २ | ४०५ | १०० | २०२५१ |
| ३.७ | व्यावसायिक, वैज्ञानिक र प्राविधिक क्रियाकलाप | ६० | २५९७ | ४० | १७३१ | ० | ० | १०० | ४३२९ |
| ३.८ | प्रशासनिक तथा सहयोगी क्रियाकलाप | १०० | १४०१ | ० | ० | ० | ० | १०० | १४०१ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा | १०० | ६४६६१ | ० | ० | ० | ० | १०० | ६४६६१ |
| ३.१० | शिक्षा | ८३ | ६१४१८ | १५ | ११२०० | २ | १४८० | १०० | ७३९९७ |
| ३.११ | स्वास्थ्य तथा सामाजिक कार्य | ८५ | २३६३६ | १० | २७८१ | ५ | १३९० | १०० | २७८०८ |
| ३.१२ | अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | २० | १४३८ | ७५ | ५३९४ | ५ | ३६० | १०० | ७१९२ |
| | **जम्मा** | **३७** | **४४५३७८** | **५७** | **६७५१४५** | **६** | **७२१५४** | **१००** | **११९२६७७** |

*स्रोतः आर्थिक मामिला मन्त्रालय, २०८१ तथा नेपाल तथ्याङ्क कार्यालय, २०८१ गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार*

## २.६.४ सार्वजनिक खर्च र खर्च व्यहोर्ने स्रोत

गण्डकी प्रदेशको आन्तरिक राजस्व स्रोत कम रहेको र सङ्घले गर्ने राजस्व बाँडफाँटमा अधिकतम निर्भरता रहेको छ। प्रदेशले वैदेशिक सहयोग परिचालनमा नेपाल सरकारको अनुमति लिनुपर्ने प्रावधान रहेको छ। आन्तरिक ऋणको सवालमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आन्तरिक राजस्व र राजस्व बाँडफाँटको दश प्रतिशतसम्म प्रदेश सरकारले आन्तरिक ऋण उठाउन सक्ने व्यवस्था गरेको छ। प्रदेश सरकारले वस्तुगत रूपमा बजेट प्रक्षेपण गर्न कठिनाइ रहे तापनि आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को बजेट र यसका लागि प्राप्त स्रोतका आधारमा आगामी पाँच वर्षको बजेट तथा खर्च अनुमान गरिएको छ।

योजना अवधिमा प्रदेश सरकारको कुल रु. १ खर्ब ८५ अर्ब ६१ करोड खर्च हुने अनुमान रहेको छ (तालिका २.६)। उक्त खर्चमध्ये चालु खर्च रु. ६४ अर्ब २१ करोड (३४.६ प्रतिशत), पुँजीगत खर्च रु. १ खर्ब ८ अर्ब ३९ करोड (५८.४ प्रतिशत), वित्तीय व्यवस्था रु. १ अर्ब ६० करोड (०.९ प्रतिशत) र वित्तीय हस्तान्तरण रु. ११ अर्ब ३९ करोड (६.१ प्रतिशत) हुने अनुमान गरिएको छ। योजना अवधिको कुल खर्च व्यहोर्ने स्रोतमध्ये करबाट रु. २९ अर्ब ८६ करोड (१६.०९ प्रतिशत), अनुदानबाट रु. ७७ अर्ब ५१ करोड (४१.७६ प्रतिशत), अन्य राजस्वबाट (रोयल्टी बाँडफाँट लगायत) रु. १७ अर्ब ४४ करोड (९.४० प्रतिशत), विविध प्राप्तिबाट रु. १४ अर्ब ८१ करोड (७.९८ प्रतिशत) र आन्तरिक ऋणबाट प्राप्त हुने रु. ८ अर्ब ५० करोड (४.५८ प्रतिशत) गरी कुल रु. १ खर्ब ८५ अर्ब ६१ करोड प्राप्त हुने अनुमान गरिएको छ। सार्वजनिक खर्च तथा स्रोतको विवरण तालिका २.६ मा प्रस्तुत गरिएको छ।

**तालिका २.६: सार्वजनिक खर्च तथा स्रोत**

| सि. नं. | स्रोत | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | आगामी पाँच आ.व. को प्रक्षेपण (रु. दश लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
| **क.** | **व्यय अनुमान** | **२३६१४.९** | **२३००२.७** | **३२९७८.६** | **३४९६३.५** | **३७२९३.४** | **३९१७९.२** | **४११९८.०** | **१८५६१२.६** |
| १. | चालु खर्च | ६४६२.० | ७७१२.० | ११११५०.१ | १२१३८.६ | १२९७१.१ | १३६२७.० | १४३२९.१ | ६४२१५.८ |
| २. | पुँजीगत खर्च | १५२६१.४ | १३५७५.१ | १९५१८.० | २०३८४.९ | २१७०६.९ | २२८०४.५ | २३९७९.६ | १०८३९३.९ |
| ३. | वित्तीय व्यवस्था | १८९१.५ | ०.० | ३००.० | २९७.५ | ३१९.० | ३३५.१ | ३५२.३ | १६०३.९ |
| ४. | वित्तीय हस्तान्तरण | – | १७१५.७ | २०१०.५ | २१४२.५ | २२९६.५ | २४१२.६ | २५३६.९ | ११३९८.९ |
| **ख.** | **आय अनुमान** | **२५९९६.८** | **२८९३७.१** | **३२९७८.६** | **३४९६३.५** | **३७२९३.४** | **३९१७९.२** | **४११९८.०** | **१८५६१२.६** |
| **१.** | **कर** | **९१२९.९** | **१०२७२.८** | **११९६८.८** | **१२५५१.७** | **१३४५८.४** | **१४२७६.३** | **१५०८७.१** | **२९८६८.०** |
| १.१ | कृषि आयमा कर | ०.० | ०.५ | ०.३ | ०.४ | ०.४ | ०.४ | ०.५ | ०.५ |
| १.२ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ७०४.५ | ११.० | १०१६.४ | १०७३.८ | १२०६.३ | १३११.२ | १४२५.३ | १५९२.१ |
| १.३ | बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ५४१४.६ | ७२४२.६ | ७६८९.० | ८०९८.५ | ८६६४.८ | ९१६७.३ | ९६३४.८ | १०२२२.६ |
| १.४ | बाँडफाँट भई प्राप्त हुने अन्त शुल्क | १९२७.७ | १८१०.६ | १९२२.२ | १९६२.४ | १९९५.५ | २०३७.४ | २०८०.२ | ९९९७.६ |
| १.५ | बाँडफाँट भई प्राप्त हुने सवारी साधन कर | १०८१.३ | १२००.० | १३३१.४ | १४०६.६ | १५८०.२ | १७४७.७ | १९३३.० | ७९९८.९ |
| १.६ | बाँडफाँट भई प्राप्त हुने मनोरञ्जन कर | १.४ | ५.० | ७.० | ७.४ | ८.३ | ९.१ | १०.० | ४१.८ |
| १.७ | बाँडफाँट भई प्राप्त हुने विज्ञापन कर | ०.३ | ३.० | २.३ | २.४ | २.७ | २.९ | ३.१ | १३.४ |
| १.८ | अन्य मनोरञ्जन कर | ०.० | ०.१ | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.३ | १.२ |
| **२.** | **अनुदान** | **१२९२६.०** | **१३२६४.०** | **१३०८३.६** | **१४९६५.९** | **१५८५७.४** | **१६४७६.७** | **१७१३१.४** | **७७५१५.०** |

| सि. नं. | स्रोत | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | आगामी पाँच आ.व. को प्रक्षेपण (रु. दश लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
| २.१ | समानीकरण अनुदान | ६९३६.९ | ७६२२.५ | ७६३८.८ | ८१०१.७ | ८५८४.३ | ९०७३.६ | ९५९०.८ | ४२९८९.१ |
| २.२ | शसर्त अनुदान चालु | १८६०.६ | २२१९.३ | २१५९.४ | ३१४०.० | ३३२७.० | ३३२०.३ | ३३१३.७ | १५२६०.४ |
| २.३ | शसर्त अनुदान पुँजीगत | ३०९८.५ | २७२२.२ | १४३९.९ | २०९३.३ | २२१८.० | २२४४.६ | २२७१.६ | १०२६७.४ |
| २.४ | विशेष अनुदान चालु | ०.० | ९०.० | १३४.८ | १४८.७ | १५०.९ | १६२.२ | १७४.४ | ७७१.१ |
| २.५ | विशेष अनुदान पुँजीगत | ४३०.० | ६१०.० | ५२०.७ | ५९२.६ | ६३४.६ | ६७९.६ | ७२७.९ | ३१५५.४ |
| २.६ | समपुरक अनुदान पुँजीगत | ६००.० | ०.० | ११९०.० | ८८९.६ | ९४२.६ | ९९६.३ | १०५३.१ | ५०७१.६ |
| **३.** | **अन्य राजस्व** | **१४३९.९** | **२३१६.२** | **२९११.४** | **३०७७.२** | **३४२४.३** | **३७७६.८** | **४२५५.२** | **१७४४४.९** |
| ३.१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ८.१ | १०.० | १६.८ | १७.७ | १९.९ | २१.८ | २३.८ | १००.१ |
| ३.२ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | ५३.७ | ६२.५ | ४३.२ | ४६.० | ४८.७ | ५१.५ | ५४.५ | २४३.९ |
| ३.३ | बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | २.३ | ०.८ | ४.८ | ५.६ | ६.० | ६.५ | ६.८ | २९.७ |
| ३.४ | बाँडफाँट भई प्राप्त जलस्रोतसम्बन्धी रोयल्टी | ०.० | ०.० | ०.१ | ०.२ | ०.४ | ०.४ | ०.५ | १.६ |
| ३.५ | बाँडफाँट भई प्राप्त विद्युतसम्बन्धी रोयल्टी | २५१.० | ३२८.३ | ३८४.८ | ४०६.८ | ४३०.० | ४८१.६ | ५३९.४ | २२४२.६ |
| ३.६ | बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ७०.६ | २१४.६ | २७२.३ | २८७.८ | ३२३.२ | ३५२.० | ३८३.३ | १६१८.५ |
| ३.७ | बाँडफाँट भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी | ११.२ | ९.२ | ४८.१ | ५०.८ | ५४.६ | ५८.९ | ६३.५ | २७५.९ |
| ३.८ | पर्यटन शुल्क | ०.० | ०.२ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.४ |
| ३.९ | पदयात्रा शुल्क | ०.४ | १.० | ०.२ | ०.२ | ०.२ | ०.३ | ०.३ | १.२ |
| ३.१० | कृषि उत्पादनको विक्रिबाट प्राप्त रकम | १.० | १.० | १.० | १.१ | १.२ | १२.२ | १२५.९ | १४१.४ |
| ३.११ | सरकारी सम्पत्तिको विक्रिबाट प्राप्त रकम | २.७ | २.६ | २.५ | २.६ | ३.० | ३.२ | ३.४ | १४.७ |
| ३.१२ | अन्य विक्रिबाट प्राप्त रकम | ०.३ | ४.० | १.० | १.१ | १.२ | १.३ | १.४ | ५.९ |
| ३.१३ | विद्युत् सेवा शुल्क | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.१ |
| ३.१४ | अन्य सेवा शुल्क तथा विक्रि | ०.० | १०.० | १.० | १.१ | १.२ | १.३ | १.४ | ६.० |
| ३.१५ | शिक्षा क्षेत्रको आम्दानी | १.४ | १.३ | १.५ | १.६ | १.८ | २.० | २.२ | ९.० |
| ३.१६ | परीक्षा शुल्क | ८.९ | ३५.० | १७०.० | १७९.५ | २०१.८ | २२२.१ | २४३.९ | १०१७.३ |
| ३.१७ | यातायात क्षेत्रको आम्दानी | ६१.० | १००.० | १५०.० | १५८.६ | १७८.० | १९६.० | २१५.२ | ८९७.८ |
| ३.१८ | अन्य प्रशासनिक सेवा शुल्क | ३४७.८ | ५००.० | ४५०.० | ४७५.४ | ५३४.१ | ५८८.० | ६३९.८ | २६८७.३ |

| सि. नं. | स्रोत | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | आगामी पाँच आ.व. को प्रक्षेपण (रु. दश लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
| ३.१९ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ५३.९ | ८०.० | १९०.० | २००.७ | २२५.५ | २४८.३ | २७२.६ | ११३७.१ |
| ३.२० | चालक अनुमति पत्र सवारी दर्ता किताब सम्बन्धी दस्तुर | ४९२.२ | ६५०.० | ८००.० | ८४५.२ | ९४९.५ | १०४०.६ | ११४०.६ | ४७७५.९ |
| ३.२१ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ०.० | ०.५ | ०.४ | ०.४ | ०.५ | ०.५ | ०.६ | २.४ |
| ३.२२ | वन क्षेत्रको अन्य आय | ०.२ | २५०.० | २४२.२ | २५५.९ | २८७.५ | ३१६.५ | ३४७.५ | १४४९.५ |
| ३.२३ | न्यायिक दण्ड, जरिवाना र जफत | ०.० | ०.२ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.६ |
| ३.२४ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ४६.१ | ३०.० | ९८.० | १०३.५ | ११६.३ | १२८.१ | १४०.६ | ५८६.५ |
| ३.२५ | धरौटी सदरस्याहा | ०.२ | ५.० | ०.३ | ०.३ | ०.४ | ०.४ | ०.४ | १.७ |
| ३.२६ | अन्य राजस्व | २६.७ | २०.० | ३३.० | ३४.९ | ३९.२ | ४३.१ | ४७.३ | १९७.५ |
| **४.** | **विविध प्राप्ति** | **२५०१.०** | **३०८४.१** | **३३१४.८** | **२६६८.७** | **२८५३.४** | **२९४९.४** | **३०२४.३** | **१४८१०.५** |
| ५.२६ | बेरुजू | ७५.० | ८५८.० | ३०५.५ | ३२२.७ | ३६२.४ | ३६२.४ | ३६२.४ | १७१५.४ |
| ६.२६ | निकासा फिर्ता | १६.९ | १७.२ | २८.३ | २९.९ | ३३.६ | ३३.६ | ३३.६ | १५९.० |
| ७.२६ | अनुदान फिर्ता | ७३.८ | ७०.० | ४८.२ | ५१.० | ५७.३ | ५७.३ | ५७.३ | २७१.० |
| ८.२६ | गत वर्षको नगद मौज्दात | २३३५.३ | २१३८.९ | २९३२.८ | २२६५.२ | २४००.१ | २४९६.१ | २५७१.० | १२६६५.२ |
| **५.** | **दायित्व** | **०** | **०** | **१७००** | **१७००** | **१७००** | **१७००** | **१७००** | **८५००** |
| ५.१ | आन्तरिक ऋण | ० | ० | १७०० | १७०० | १७०० | १७०० | १७०० | ८५०० |
| **ग.** | **जम्मा (राजस्व/प्राप्ति)** | **२५९९७** | **२८९३७** | **३२९७९** | **३४९६३** | **३७२९३** | **३९१७९** | **४११९८** | **१८५६१३** |
| **घ.** | **बचत (-) न्यून (+)** | **२३८१.९** | **५९३४.४** | **०** | **०** | **०** | **०** | **०** | **०** |

*स्रोतः आर्थिक मामिला मन्त्रालय, २०८१, गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार*

# परिच्छेद ३

# प्रभावकारी आर्थिक नीति तथा स्रोत व्यवस्थापन


| | |
|---|---|
| ३.१ पृष्ठभूमि | ४९ |
| ३.२ विद्यमान अवस्था | ४९ |
| ३.३ मुख्य सवाल तथा चुनौती | ५१ |
| ३.४ रूपान्तरणकारी रणनीति | ५४ |
| ३.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम | ५७ |
| ३.६ परिमाणात्मक लक्ष्य | ६० |

# परिच्छेद ३

# प्रभावकारी आर्थिक नीति तथा स्रोत व्यवस्थापन

## ३.१ पृष्ठभूमि

सङ्घीय शासन प्रणालीको अभ्याससँगै प्रदेशको आन्तरिक स्रोत, सङ्घबाट हस्तान्तरण हुने अनुदान र राजस्व बाँडफाँटबाट प्राप्त हुने सम्पूर्ण स्रोत प्रदेश सञ्चित कोष रहने संवैधानिक व्यवस्था रहेको छ। वित्तीय सङ्घीयताका प्रमुख स्तम्भमा राजस्वको अधिकार, खर्च जिम्मेवारी, वित्तीय हस्तान्तरण प्रणाली र सार्वजनिक ऋण लिने अधिकार पर्दछन् । गण्डकी प्रदेश सरकार उपलब्ध वित्तीय स्रोत तथा अवसरलाई विकास र समुन्नतिसँग जोड्दै आर्थिक रूपमा आत्मनिर्भर अर्थतन्त्र निर्माण तर्फ अग्रसर रहेको छ।

संविधान प्रदत्त प्रदेशको एकल तथा साझा अधिकारको विषयलाई कार्यान्वयन गर्न वित्तीय स्रोत न्यून भएको परिप्रेक्ष्यमा आन्तरिक राजस्वका नवीनतम क्षेत्रको पहिचान एवम् अन्तरसरकार, निजी क्षेत्र र विकास साझेदार संस्थासँगको साझेदारी तथा सहकार्यलाई जोडदिनु आवश्यक छ । प्रदेशको समग्र स्रोत परिचालन र व्यवस्थापनमा कार्यकुशलता एवम् प्रभावकारिता अभिवृद्धि गर्न बचत तथा लगानी, राजस्व, ऋण तथा अनुदान सहायता जस्ता विषयलाई प्राथमिकतामा राख्नु पर्ने हुन्छ।

## ३.२ विद्यमान अवस्था

### ३.२.१ बचत तथा लगानी

प्रदेश सरकारले बचत तथा लगानीको लागि अनुकूल वातावरण निर्माणमा जोड दिएको छ । प्रदेशस्तरमा अवलम्बन गरिएको आर्थिक नीतिले राष्ट्रिय बचत तथा लगानीको परिपूरणसमेत गर्दछ। प्रदेश सरकारले सार्वजनिक लगानीका प्रमुख क्षेत्र जस्तैः कृषि, पर्यटन, पूर्वाधार, शिक्षा र स्वास्थ्य सेवाको विकासलाई प्राथमिकता दिएको छ। उद्यमशीलताको संस्कार, स्वस्थ प्रतिस्पर्धा र रोजगारी सिर्जनामा निजी क्षेत्रको लगानी आकर्षित गर्ने प्रयास भएका छन् । यसैगरी घरायसी बचत लगानीको लागि पुँजीलाई स्थिर स्रोतको रूपमा लिने नीति अङ्गीकार गरिएको छ। प्रविधि विकास, व्यावसायीकरण र आर्थिक विविधीकरणलाई प्रोत्साहन गर्न विदेशी प्रत्यक्ष लगानी भित्र्याउने प्रयास भैरहेको छ। प्रदेशमा रहेका बैंक, वित्तीय संस्था र सहकारी संस्थाले स्रोत परिचालनमा सहयोग र वित्तीय सेवा पहुँच विस्तार गरी बचत तथा लगानी सिर्जना गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन्।

आर्थिक वर्ष २०७९/८० मा आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) ३.६९ प्रतिशत र प्रतिव्यक्ति आय १,४९९ अमेरिकी डलर रहेको छ । यसैगरी, प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २६.२ प्रतिशत, १७.३ प्रतिशत र ५६.६ प्रतिशत रहेको छ । कुल गार्हस्थ्य उपभोगमा भएको वृद्धिका कारण कुल गार्हस्थ्य तथा राष्ट्रिय बचत न्यून भएकाले कुल पुँजी निर्माण समेत न्यून हुन गएको छ । आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल राष्ट्रिय बचत ६.४१ प्रतिशत रहेको छ । त्यसैगरी कुल गार्हस्थ्य उत्पादन र कुल स्थिर पुँजी लगानीबिचको अनुपात आर्थिक वर्ष २०७९/८० मा २५.२ प्रतिशत रहेको छ । मुलुकको आन्तरिक अर्थतन्त्र तथा बाह्य क्षेत्र सन्तुलनमा महत्त्वपूर्ण योगदान रहेको विप्रेषणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात आर्थिक वर्ष २०७९/८० मा २२.७ प्रतिशत रहेकोमा सोको ठुलो हिस्सा उपभोगमा खर्च हुँदा अपेक्षित बचत हुन सकेको छैन ।

### ३.२.२ सार्वजनिक खर्च

उपलब्ध स्रोत र साधनको कुशल, मितव्ययी र प्रभावकारी उपयोग गरी संविधानमा उल्लेख भए बमोजिम आत्मनिर्भर एवम् समाजवादउन्मुख अर्थतन्त्रको आधार निर्माण गर्ने सार्वजनिक खर्चको प्रभावकारी परिचालन गर्ने व्यवस्था प्रदेश कानुनले गरेको छ । आ.व. २०८०/८१ को वार्षिक बजेटमा यस प्रदेशको खर्च विनियोजन राष्ट्रिय बजेटको अनुपातमा १.९१ प्रतिशत मात्रै रहेको छ ।

राष्ट्रिय बजेट विनियोजनमा पुँजीगत खर्चको हिस्सा चालु खर्चको तुलनामा न्यून रहेको परिप्रेक्ष्यमा यस प्रदेशको विनियोजन प्राथमिकतामा पुँजीगत खर्चको हिस्सा बढी रहेको छ । विनियोजनमा पुँजीगत खर्चको अंश आ.व. २०७८/७९, २०७९/८० र २०८०/८१ मा क्रमशः ५५.६८ प्रतिशत, ६३.६४ प्रतिशत र ६०.४० प्रतिशत रहेको छ । प्रदेशले आफ्नो कार्यसूचीमा निर्दिष्ट कार्यसम्पादनका निम्ति बजेटको आकार तथा खर्चको प्रभावकारिता बढाउन स्रोतको प्रभावकारी उपयोग सुनिश्चित गर्नु आवश्यक छ ।

### ३.२.३ राजस्व परिचालन

प्रदेशमा आन्तरिक आय, सङ्घबाट प्राप्त वित्तीय हस्तान्तरण, सङ्घीय एकाइबिचको राजस्व बाँडफाँटबाट प्राप्त आय, रोयल्टी र सङ्घ सरकारबाट हस्तान्तरित अनुदान आयका स्रोत हुन् । राजस्व प्रशासनमा कानुनी अस्पष्टता तथा द्विविधा, राजस्व सङ्कलनमा भन्दा बजेट कार्यान्वयनमा सार्वजनिक निकायको तदारुकता, घरजग्गा कारोबारमा आएको न्यूनता जस्ता कारणले लक्ष्यको तुलनामा न्यून राजस्व सङ्कलन भएको छ ।

विगत तीन आ.व. मा गण्डकी प्रदेशको शीर्षकगत आय विश्लेषण गर्दा आ.व. २०७७/७८ मा २९ अर्ब ३० करोड २६ लाख (अनुमानको ८४.१०% ), आ.व. २०७८/७९ मा २७ अर्ब ४ करोड ६१ लाख

(अनुमानको ८९.९८%) र आ.व. २०७९/८० मा २७ अर्ब १० करोड ४७ लाख (अनुमानको ७५.४८%) रहेको छ । सङ्कलित राजस्वले शिक्षा, स्वास्थ्य, वातावरण, सामाजिक न्याय जस्ता प्राथमिकताका क्षेत्रको विकासमा जिम्मेवार भूमिका निर्वाह गर्दछ । यद्यपि, राजस्व स्रोतको विवेकपूर्ण व्यवस्थापन प्रादेशिक लक्ष्यसँग तादात्म्यता हुने गरी गर्न जरुरी हुन्छ ।

### ३.२.४ आन्तरिक ऋण

प्रदेशले विकास आयोजनाका लागि आन्तरिक ऋण लिन सक्छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको प्रावधानअनुसार प्रदेश तथा स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिश गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने र ऋण लिनुअघि नेपाल सरकारको सहमति लिनुपर्ने व्यवस्था गरेको छ । सो ऐनमा नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई ऋण दिन सक्ने समेत व्यवस्था रहेको छ । गण्डकी प्रदेश सरकारले आन्तरिक आय परिचालन गर्न आयोजना पहिचान, सम्भाव्यता अध्ययन तथा आयोजना प्रस्ताव तयारी र छनौट सहित आयोजना बैंक तयारी प्रक्रिया अगाडि बढाएको छ ।

विगतका वर्षमा गण्डकी प्रदेशले आन्तरिक ऋण प्राप्तिको अनुमान गरेकोमा सोको प्राप्ति हुन सकेको छैन । आ.व. २०८०/८१ मा आन्तरिक ऋण प्राप्ति १ अर्ब ७० करोड अनुमान गरिएकोमा सो ऋण परिचालन हुन सकेको छैन । त्यस्तै आ.व. २०७९/८० तथा आ.व. २०७८/७९ मा समान १ अर्ब र आ.व. २०७७।७८ मा २ अर्ब अनुमान गरिएकोमा दुवै आर्थिक वर्षमा आन्तरिक ऋण परिचालन हुन सकेन । सोभन्दा अघिल्ला आर्थिक वर्षमा समेत ऋण परिचालनको अनुमान गर्ने गरिएकोमा सो वर्षमा पनि परिचालन हुन नसकेको अवस्था छ ।

### ३.२.५ वैदेशिक सहयोग

नेपालको संविधान तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार वैदेशिक सहायता परिचालन गर्ने अधिकार नेपाल सरकारमा निहित रहेको छ । प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा नेपाल सरकारले वैदेशिक सहयोग परिचालन गर्न सक्ने व्यवस्था रहेको छ । प्रदेश सरकारले नेपाल सरकारसँग समन्वय गरी वैदेशिक सहायतालाई थप विस्तार गर्न आवश्यक छ ।

## ३.३ मुख्य सवाल तथा चुनौती

### ३.३.१ बचत तथा लगानी

१. **बचत तथा लगानी वृद्धि गर्नुः** यस प्रदेशमा सीमित आम्दानी तथा न्यून बचत दर हुनुका साथै वित्तीय साक्षरताको पनि कमी रहेको छ । नागरिकमा बचत गर्ने बानी, उद्यमशीलता र जोखिम लिन सक्ने

क्षमता र इच्छाशक्तिमा पनि कमी रहेको छ । लगानी विस्तारका लागि सार्वजनिक-निजी साझेदारीको अवधारणा यथोचित रूपमा कार्यान्वयन हुन सकेको छैन । प्रदेश सरकारको पुँजीगत लगानी तथा खर्चमा वृद्धि गर्नु प्रमुख चुनौतीका रूपमा रहेको छ ।

२. **उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्नुः** समग्र मुलुकको अवस्था जस्तै गण्डकी प्रदेशमा पनि विलासिताका वस्तुको उपभोगमा वृद्धि हुँदै गएको छ । घरजग्गा, गाडी लगायतका अनुत्पादक क्षेत्रमा खर्च नियन्त्रण गरी बचत वृद्धि गर्नु र प्रदेश विकासका सम्भावनाको खोजी गरी लगानी विस्तार गर्नु चुनौतीपूर्ण रहेको छ ।

३. **वित्तीय साक्षरता, समावेशीकरण र बैंकिङ सेवाको विस्तार गर्नुः** विप्रेषणबाट प्राप्त रकमका साथै आम जनताको बचत रकम उत्पादनशील क्षेत्रमा परिचालन गरी पुँजी निर्माण अपेक्षित रूपमा हुन सकेको छैन । वित्तीय साक्षरता अभिवृद्धि तथा बैंकिङ सेवा विस्तार पर्याप्त हुन सकेको छैन । केही सहकारी संस्थामा देखिएको बचत अपचलनका कारण नियमित बचत तथा बचत परिचालनमा नकारात्मक असर देखिएको छ । बचत गर्ने बानीको विकास गरी उत्पादनशील क्षेत्रमा लगानी बढाउनु र उद्यमशीलताको विकास तथा विस्तार गर्नु चुनौतीका रूपमा रहेका छन् ।

४. **उत्पादनशील क्षेत्रमा विप्रेषण परिचालन तथा गैरआवासीय नागरिकको लगानीमा वृद्धि गर्नु**: गैरआवासीय नेपालीको लगानीलाई प्रदेश तथा स्थानीय विकासमा परिचालन गर्ने वातावरण तयार हुन सकेको छैन । विप्रेषणको उपयोग विलासिता एवम् अनुत्पादनशील क्षेत्रमा उच्च उपयोग हुने प्रवृति रहेको छ । वैदशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई कृषि, पर्यटन तथा उद्योग लगायतका उत्पादनशील क्षेत्रमा आकर्षित गर्नु चुनौतीका रूपमा रहेको छ ।

### ३.३.२ सार्वजनिक खर्च

(१) **कुल सरकारी खर्चमा पुँजीगत खर्चको अनुपात वृद्धि गर्नुः** वित्तीय स्रोत साधनको उत्पादनमूलक क्षेत्रमा यथोचित लगानी हुन सकेको छैन । प्रदेश सरकारले कुल बजेटमा पुँजीगत खर्चको अनुपात अधिकतम हुने व्यवस्था गरेतापनि सोअनुसार पुँजी निर्माणका क्षेत्रमा खर्च हुन सकेको छैन । खर्च गर्ने क्षमतामा कमी र प्रतिफल तथा स्रोत सुनिश्चितताको आधारमा प्राथमिकीकरणको अभ्यासमा कमी यस क्षेत्रका मुख्य समस्याका रुपमा रहेका छन् । पुँजी निर्माणलाई प्राथमिकता दिई पुँजीगत खर्च वृद्धि गर्नु र प्राथमिकता प्राप्त क्षेत्रमा अपेक्षित समय, लागत र गुणस्तरमा सम्पन्न हुनेगरी आयोजना व्यवस्थापन गर्नु चुनौतीका रूपमा रहेको छ ।

**(२) सरकारी खर्चमा वित्तीय अनुशासन कायम गर्नु:** बजेटलाई नीति तथा योजनामा आधारित बनाई सरकारी खर्चलाई लागत प्रभावी र प्रतिफलमुखी बनाउन कठिनाइ रहेको छ । बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन नीतिगत स्थिरतासहित प्रशासन संयन्त्रको मनोबल उच्च बनाउनु आवश्यक छ । सरकारी खर्चको अनुगमन तथा नियमन प्रभावकारी र जवाफदेही हुन सकेको छैन । वित्तीय अनुशासन कायम गर्दै चालु खर्च न्यूनीकरण गरी पुँजीगत खर्चलाई पुँजी निर्माणको क्षेत्रमा परिचालन गर्नु चुनौतीका रूपमा रहेको छ ।

**(३) प्रदेश सरकारको न्यून वित्त परिचालनलाई व्यवस्थित र नतिजामूलक बनाउनु:** प्रदेश सरकारको खर्चको आवश्यकताअनुसार राजस्व परिचालन हुन सकेको छैन । अन्तरसरकारी वित्त हस्तान्तरणलाई अनुमानयोग्य बनाउनु, तहगत सरकारबिचमा सहलगानी बढाउनु र आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नु तथा आय-व्ययको लेखाजोखा तथा अनुगमन प्रणाली प्रभावकारी बनाउनु चुनौतीका रूपमा रहेका छन् ।

### ३.३.३ राजस्व परिचालन

**(१) राजस्व परिचालनलाई दिगो तुल्याउनु:** राजस्व परिचालनमा संस्थागत क्षमता वृद्धि गरी राजस्वको विद्यमान स्रोतको कुशल व्यवस्थापनमा कमी रहेको छ । राजस्वका नवीन तथा सम्भाव्य स्रोतको खोजी र दायरा वृद्धि गर्न र राजस्व प्रक्षेपण र सङ्कलन तथा व्यवस्थापनमा स्वचालित प्रणालीको विकास गर्न कठिनाइ रहेको छ । राजस्व परिचालन सम्बन्धमा जानकारी र सचेतनामा कमी रहेको छ । कर, शुल्क, दस्तुर र महसुल समयमा तिर्ने बानी तथा प्रणालीको विकास गर्नु र राजस्व चुहावट नियन्त्रण गर्नु प्रदेशको राजस्व परिचालनका प्रमुख चुनौती हुन् ।

### ३.३.४ आन्तरिक ऋण

**(१) उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा आन्तरिक ऋण परिचालन गर्नु:** आन्तरिक ऋण परिचालन गर्न सङ्घीय कानुन बमोजिम प्रदेशको कानुनी व्यवस्था र प्रक्रियागत सरलीकरण हुन सकेको छैन । प्राथमिकता प्राप्त तथा उच्च प्रतिफल हासिल हुने क्षेत्रमा ऋण परिचालन गर्नु यस क्षेत्र मुख्य चुनौतीका रुपमा रहेको छ ।

### ३.३.५ वैदेशिक सहायता परिचालन

**(१) वैदेशिक सहयोगको प्रभावकारी उपयोग गर्नु:** वैदेशिक सहायताका क्षेत्र तथा आयोजना पहिचान गरी कार्यान्वयनको संयन्त्र तयारी हुन नसक्दा प्रदेश तहमा वैदेशिक सहयोगको उपयोग प्रभावकारी हुन

सकेको छैन । जनताका आकाङ्क्षा अनुरूपका प्रदेश सरकारको प्राथमिकताको क्षेत्रमा उच्च प्रतिफलयुक्त कार्यक्रम तथा आयोजना छनौट गरी वैदेशिक सहयोग परिचालन गर्नु चुनौतीका रूपमा रहेको छ।

## ३.४ रूपान्तरणकारी रणनीति

### ३.४.१ बचत तथा लगानी

(१) **वित्तीय साक्षरता, वित्तीय सेवामा पहुँच र आयआर्जनका अवसर बढाउने:** विश्वविद्यालय तथा अन्य शैक्षिक संस्था र वित्तीय संस्थासँग समन्वय र सहकार्य गरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिने छ। आयआर्जनका लागि स्वरोजगारमूलक र आयमूलक कार्यक्रमको सञ्चालन गरिने छ। बैंक तथा वित्तीय संस्था र सहकारीबाट उत्पादनशील क्षेत्रमा थप लगानीका लागि सहजीकरण गरिने छ।

**(२) लगानीयोग्य वातावरण बनाउने:** निजी लगानी प्रवर्द्धनका लागि भौतिक पूर्वाधार विकास तथा विस्तारमा सार्वजनिक लगानी वृद्धि गरिने छ। प्राथमिकता प्राप्त क्षेत्र तथा आयोजना र कार्यक्रममा लगानी गर्न निजी क्षेत्रलाई सहुलियत प्रदान गरिने छ । सार्वजनिक-निजी साझेदारी, सार्वजनिक-सहकारी साझेदारी, सार्वजनिक-समुदाय-गैरसरकारी साझेदारीमा जोड दिई निजी तथा गैरसरकारी क्षेत्रको लगानी विस्तार गरिने छ। आर्थिक गतिशीलता र रोजगारी सिर्जनामा स्रोतको परिचालन गर्न लगानी, नवप्रवर्तन र उद्यमशीलतालाई प्रोत्साहन गरिने छ। बैंक, वित्तीय तथा सहकारी संस्थालाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिने छ। लगानीमैत्री वातावरण तयारी गरी तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका वस्तु तथा सेवाको उत्पादनको प्रवर्द्धन गर्दै आत्मनिर्भरउन्मुख अर्थतन्त्रको विकास गरिने छ। प्रदेशका सम्भावित लगानीका क्षेत्र पहिचान गरी लगानी आकर्षण गर्न लगानी सम्मेलन आयोजना गरिने छ । प्रदेशका विकासका सम्भाव्य क्षेत्रमा गैर आवासीय नेपालीको लगानीका साथै वैदेशिक लगानीलाई प्रोत्साहन गरिने छ।

(३) **सुशासन र संस्थागत क्षमता अभिवृद्धि गर्ने:** दिगो लगानीका लागि अनुकूल वातावरण सिर्जना गर्न नीतिगत व्यवस्था, सक्षम तथा सुदृढ शासन प्रणाली र पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गरिने छ । मानव पुँजी निर्माण तथा ज्ञान प्रवर्द्धनमा थप लगानी गरिने छ । प्रभावकारी अनुगमन तथा नियमनबाट निजी तथा गैरसरकारी सेवा प्रदायकको कार्यान्वयन दक्षतामा सुधार गरिने छ।

**(४) लगानीका लागि प्राथमिकताका क्षेत्र पहिचान गर्ने:** प्रदेशमा लगानीका सम्भाव्य क्षेत्र तथा आयोजना पहिचानका लागि अध्ययन तथा अनुसन्धान गरिने छ । प्रदेशको आवश्यकता, स्रोत र

विकासको सम्भावनाको आधारमा लगानीका लागि प्राथमिकताका क्षेत्र पहिचान गरी ती क्षेत्रमा लगानीलाई प्रोत्साहन गरिने छ। समावेशी, सहभागितामूलक र न्यायपूर्ण विकास सुनिश्चित गर्न दिगो विकास लक्ष्य सँग स्रोत परिचालनको तादात्म्यता मिलाइने छ।

### ३.४.२ सार्वजनिक खर्च

**(१) आवधिक योजनामा आधारित बजेट प्रणालीको विकास गर्नेः** प्रादेशिक नीति तथा आवधिक योजनाले परिलक्षित गरेअनुरूप प्राथमिकता प्राप्त क्षेत्रमा उच्च प्रतिफल दिने आयोजना छनौट गरी बजेट विनियोजन गरिने छ। बजेट तर्जुमा प्रक्रियामा आयोजना बैंक तथा मध्यमकालीन खर्च संरचना जस्ता व्यवस्थापकीय औजारको अवलम्बन गरिने छ। संस्थागत सुदृढीकरण तथा क्षमता विकासमार्फत प्रदेश तहमा लैङ्गिक उत्तरदायी, जलवायुमैत्री र दिगो विकास लक्ष्यमैत्री बजेट प्रणालीलाई प्रभावकारी गराइने छ। सो कार्यमा स्थानीय सरकारलाई सहयोग र सहजीकरण गरिने छ। प्रदेश सरकारको आयसँग सार्वजनिक खर्चलाई सन्तुलन मिलाई प्रादेशिक अर्थतन्त्रको स्थायित्व कायम गरिने छ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता, कार्यजिम्मेवारी तथा खर्चबिच तादात्म्यता र वित्तीय सुशासनमार्फत खर्च दक्षता अभिवृद्धि गरिने छ। साथै, नीतिगत, कानुनी र संस्थागत व्यवस्था सुदृढ गरी नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली व्यवस्थित एवम् प्रभावकारी गराइने छ।

**(२) नतिजाका आधारमा कार्यक्रम तथा आयोजनाको प्राथमिकताको निर्धारण र बजेट विनियोजन गर्नेः** बढी प्रतिफल दिने रणनीतिक कार्यक्रम तथा आयोजना छनौट गरी सोको लागि बजेट सुनिश्चित गरिने छ। प्राथमिकता प्राप्त आयोजनामा पर्याप्त बजेट विनियोजन गरी खर्च क्षमता बढाइने छ। खरिद योजना, निर्माण व्यवसायीसँगको करार सम्झौता, प्रभावकारी ठेक्का व्यवस्थापन र आयोजना प्रमुखसँगको कार्यसम्पादन सम्झौतामार्फत आयोजना सुशासन कायम गरिने छ। गैरसरकारी संस्था तथा समुदायमा आधारित संस्थालाई प्राथमिकता प्राप्त क्षेत्र, आयोजना तथा कार्यक्रममा लगानी गर्न प्रोत्साहन गरिने छ।

**(३) सरकारी निकाय तथा संयन्त्रको कार्यान्वयन क्षमता अभिवृद्धि गर्नेः** संगठन तथा व्यवस्थापन सर्वेक्षणमार्फत मन्त्रालय र अन्तर्गतका निकाय तथा कार्यालयमा चुस्त संगठन संरचना र दक्ष जनशक्तिको व्यवस्था सुनिश्चित गरिने छ। कर्मचारीलाई प्राविधिक र विषयगत क्षेत्रमा तालिम र पुनर्ताजगी तालिम प्रदान गरी सार्वजनिक खर्चको कुशलतापूर्वक व्यवस्थापन गरिने छ। आयोजना तथा कार्यक्रम कार्यान्वयनको प्रगतिलाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिने छ। सूचक, रणनीति तथा कार्यक्रममार्फत तहगत सरकारले तर्जुमा गर्ने नीति, योजना, मध्यमकालीन खर्च

संरचना, बजेट र वार्षिक कार्यक्रमबिच ठाडो (Vertical) र तेर्सो (Horizontal) सम्बन्ध तथा अन्तर-आबद्धता कायम गरिने छ ।

**(४) सार्वजनिक खर्च व्यवस्थापनमा सामाजिक र वातावरणीय पक्षलाई एकीकृत गर्ने:** सार्वजनिक खर्च व्यवस्थापनमा सामाजिक तथा वातावरणीय व्यवस्थापनका पक्षलाई सम्बोधन गर्न एकीकृत र दिगो अभ्यास अवलम्बन गरिने छ । मध्यमकालीन खर्च संरचनामार्फत लैङ्गिक, जलवायु तथा दिगो विकास लक्ष्यमैत्री बजेट कार्यान्वयन गरिने छ ।

### ३.४.३ राजस्व परिचालन

**(१) राजस्वको परिचालनसम्बन्धी नीतिगत तथा कानुनी आधार सुदृढ गर्ने:** प्रदेशको राजस्व अधिकारका क्षेत्रमा कर तथा गैरगर राजस्वसम्बन्धी नीति ऐन नियम तथा कार्यविधि समयासापेक्ष अद्यावधिक गर्दै लगिने छ । प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थ उत्खनन तथा बेचबिखन सम्बन्धमा कानुनी व्यवस्था गर्न सङ्घीय सरकारसँग समन्वय गरिने छ ।

**(२) राजस्व प्रशासनलाई सुदृढ तथा व्यवस्थित तुल्याउने:** प्रदेशको अधिकार क्षेत्रभित्रको राजस्व प्रशासनलाई संस्थागत व्यवस्था गरी सुदृढ गरिने छ । राजस्व प्रशासनलाई सूचना प्रविधिमा आधारित, करदातामैत्री र सहज बनाइनेछ । कर प्रणालीको आधुनिकीकरण, अनुपालन संयन्त्र प्रणालीको स्थापना, व्यवसाय तथा व्यक्तिबिच कर अनुपालनाको संस्कृति प्रवर्द्धन र करको आधार तथा दायरा विस्तार गरी राजस्व सङ्कलन व्यवस्थित गरिने छ । घरजग्गाको न्यूनतम मूल्याङ्कन र बजार मूल्यमा हुने कारोवारको अन्तर कम गर्दै कारोबारको आधारमा रजिष्ट्रेसन शुल्क कायम गरी राजस्व सङ्कलनको दायरा विस्तार गरिने छ । स्थानीय तहको राजस्व आधार वृद्धि गर्न कम्तिमा एक स्थानीय तह एक आयोजना साझेदारीमा सञ्चालन गरिने छ ।

**(३) राजस्व प्रणालीलाई खोज र अनुसन्धानमा आधारित बनाई राजस्व वृद्धि गर्ने:** गैरकर राजस्वका स्रोतको पहिचान, विविधीकरण तथा दर समयानुकूल बनाइनेछ । प्रदेशको अधिकार क्षेत्रभित्रका सम्भाव्य सबै राजस्वका स्रोत तथा आयमूलक क्रियाकलापलाई न्यायोचित ढङ्गबाट राजस्वको दायरामा ल्याइने छ ।

### ३.४.४ आन्तरिक ऋण

**(१) आन्तरिक ऋण परिचालनसम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था गर्ने:** आन्तरिक ऋण परिचालनसम्बन्धी नीति, कानुन, मापदण्ड र संस्थागत संयन्त्रको व्यवस्था गरिने छ ।

**(२) सम्भाव्य तथा उच्च प्रतिफल दिने आयोजना तथा कार्यक्रमका लागि आन्तरिक ऋण परिचालन गर्नेः** प्रचलित कानुनको सीमाभित्र रहेर उच्च प्रतिफलयुक्त आयोजनामा आन्तरिक ऋण परिचालन गरिने छ। उच्च प्रतिफल दिने आयोजना पहिचान, सम्भाव्यता अध्ययन, प्रस्ताव तयारी सहित आयोजना बैंक र व्यवस्थापन प्रणाली तयार गरी ऋण परिचालन गरिने छ।

### ३.४.५ वैदेशिक सहायता

**(१) उच्च प्रतिफल दिने आयोजनाको लागि वैदेशिक सहायता परिचालन गर्नेः** अध्ययन तथा विश्लेषण भएका एवम् आयोजना बैंकमा प्रविष्ट उच्च प्रतिफलयुक्त आयोजनामा वैदेशिक सहयोग परिचालन गरिने छ। सम्भावित आयोजनामा प्रतिफल र आन्तरिक स्रोतको उपलब्धता विश्लेषण गरी वैदेशिक सहयोग परिचालन गर्न नेपाल सरकारसँग पैरवी गरिने छ।

**(२) प्राथमिकताका क्षेत्रमा वैदेशिक सहायता परिचालन तथा जलवायु वित्तमा पहुँच बढाउनेः** प्रदेशको प्राथमिकताका कृषि, पर्यटन, उद्योग, जलस्रोत तथा ऊर्जा क्षेत्रमा आयोजनाको विकास गरी वैदेशिक सहायता परिचालनको लागि आधार तयार गरिने छ। कार्बन व्यापारबाट प्रदेशले प्राप्त गर्ने वित्तीय स्रोत हासिल गर्न आवश्यक नीतिगत तथा कानुनी व्यवस्था र पैरवी गरिने छ।

## ३.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

### ३.५.१ बचत तथा लगानी

**(क) लगानी प्रवर्द्धन कार्यक्रमः**

१. प्रदेश र स्थानीय तहको लगानीका क्षेत्र पहिचान;
२. उद्योग, व्यापार तथा व्यवसाय प्रवर्द्धन;
३. सङ्घीय एकाइबिच संयुक्त लगानी, सहलगानी र साझेदारीमा कार्यक्रम तथा आयोजना कार्यान्वयन;
४. निजी क्षेत्रको लगानी प्रवर्द्धन;
५. लगानी सम्मेलन आयोजना;
६. लगानीका क्षेत्र तथा सम्भाव्यताको खोज, अनुसन्धान, पहिचान र विविधीकरण;
७. सार्वजनिक-निजी, सार्वजनिक-सहकारी-समुदाय र गैरसरकारी क्षेत्र साझेदारी प्रवर्द्धन;
८. बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदारको लगानी परिचालन;
९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाको लगानी परिचालन।

**(ख) उद्यमशीलता तथा वित्तीय पहुँच अभिवृद्धि कार्यक्रमः**

१. उत्पादनशील क्षेत्रमा लगानीका क्षेत्र तथा आयोजनासम्बन्धी अध्ययन तथा विश्लेषण;

२. बेरोजगार युवा, महिला र पिछडिएका समूहलाई व्यावसायिक तालिम;

३. व्यावसायिक सोच, उद्यमशीलता तथा सिप विकास र प्रविधि तथा वित्तीय सेवा;

४. स्वच्छ प्रतिस्पर्धा र व्यावसायिक नैतिकता प्रवर्द्धन;

५. वित्तीय सेवा विस्तार तथा प्रवर्द्धन।

### ३.५.२ सार्वजनिक खर्च

**(क) संस्थागत संरचना निर्माण कार्यक्रमः**

१. सार्वजनिक खर्च प्रणाली सुदृढीकरण;

२. संस्थागत सुदृढीकरण तथा खर्च क्षमता अभिवृद्धि;

३. बजेट तर्जुमा र कार्यान्वयन सम्बन्धमा क्षमता विकास।

**(ख) बजेट सूचना प्रणाली निर्माण तथा सञ्चालन कार्यक्रमः**

१. एकीकृत बजेट व्यवस्थापन प्रणाली निर्माण तथा सञ्चालन;

२. खर्च पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धन।

### ३.५.३ राजस्व परिचालन

**(क) राजस्वसम्बन्धी संस्थागत सुदृढीकरण कार्यक्रमः**

१. नीति तथा कानुन तर्जुमा तथा अद्यावधीकरण;

२. राजस्व प्रशासन संरचना तथा संस्थागत क्षमता विकास;

३. राजस्व चुहावट न्यूनीकरण कार्यक्रम;

४. राजस्वका क्षेत्र पहिचान, अनुसन्धान, सुधार तथा क्षमता अभिवृद्धि कार्यक्रम;

५. व्यवसाय दर्ता, डिजिटलाइजेशन तथा राजस्व प्रणालीमा आबद्धता।

**(ख) राजस्वका क्षेत्र विस्तार कार्यक्रमः**

१. करदाता तथा सरोकारवाला सचेतना;

२. कर शिक्षा कार्यक्रम;

३. करमैत्री संस्कार प्रवर्द्धन;

४. इजाजत नलिई सञ्चालनमा रहेका लघु, घरेलु, साना, उद्यम तथा व्यवसाय दर्ता तथा नवीकरण।

**(ग) पर्यटन सेवा शुल्क परिचालन कार्यक्रमः**

१. पार्क, साहसिक तथा अन्य पर्यटकीय सेवा तथा सुविधामा आधारित राजस्व विस्तार;

२. सङ्घ र स्थानीय सरकारसँग समन्वय तथा सहकार्यमा पर्यटन सेवा शुल्कको सङ्कलन र परिचालन ।

### ३.५.४ आन्तरिक ऋण

**(क) आन्तरिक ऋण परिचालन कार्यक्रमः**

१. प्रदेश तथा स्थानीय तहमा आन्तरिक ऋण परिचालनसम्बन्धी नीतिगत तथा संस्थागत व्यवस्था;

२. ऋण परिचालनका आयोजना पहिचान, सम्भाव्यता अध्ययन, मूल्याङ्कन तथा छनौट।

**(ख) आन्तरिक ऋण परिचालनमा सहयोग र सहजीकरण:**

१. प्रदेशस्तरका आयोजनामा आन्तरिक ऋण परिचालन;

२. स्थानीय तहमा आन्तरिक ऋण परिचालनमा सहयोग र सहजीकरण।

### ३.५.५ वैदेशिक सहयोग

**(क वैदेशिक सहयोग परिचालन कार्यक्रमः**

१. सार्वजनिक-समुदाय-गैरसरकारी क्षेत्र साझेदारी प्रवर्द्धन;

२. विकास साझेदार संस्था सहकार्य प्रवर्द्धन।

**(ख) कार्बन व्यापार पैरवी कार्यक्रम:**

१. कार्बन उत्सर्जन न्यूनीकरण गर्ने आयोजना विकास, दर्ता तथा सञ्चालन;

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वयम्सेवी तथा अन्य कार्बन व्यापारमा सहभागिता तथा व्यापार र आय परिचालन;

३. वातावरण संरक्षण तथा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन कार्यक्रममा लगानी विस्तार।

## ३.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ अवस्था | २०८०/८१ को अनुमान | २०८३/८४ को लक्ष्य | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|---|---|
| १. | कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ३.६९ | ४.२३ | ८.८५ | १०.३८ |
| २. | कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | रु.दश लाखमा | ४२९१७९ | ४५७६६५ | ५७३८५१ | ६९३८०३ |
| ३. | निजी क्षेत्रको लगानी | प्रतिशत | ५७ | ५७.१ | ५८.२ | ५८.८ |
| ४. | पुँजीगत लगानी | प्रतिशत | ६०.०६ | ५५.७७ | ५६.१० | ५६.८६ |
| ५. | आन्तरिक ऋण (प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको अनुपात) | प्रतिशत | ०.०० | ०.०० | १.९८ | २.६१ |
| ६. | निजी क्षेत्रको लगानी | रु. करोड | ६७५१४ | ७०८९० | ८२५८७ | ९३३२३ |
| ७. | कुल बजेट खर्च | रु. करोड | ३५९१ | ३३४३ | ३७७९ | ४२१७ |
| ८. | कुल पुँजीगत खर्च | रु. करोड | २२१४ | २०१९ | २११३ | २३९६ |
| ९. | आन्तरिक राजस्व सङ्कलन | रु. करोड | ५०९ | ५१७ | ५५७ | ७२६ |
| १०. | आन्तरिक ऋण परिचालन | रु. करोड | २०० | १७० | १९४ | २३२ |
| ११. | वैदेशिक सहायता परिचालन (अनुदान तथा ऋण) | रु. करोड | ० | ० | ७५ | ११० |

स्रोत: गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार

# परिच्छेद ४

# व्यावसायिक कृषि तथा आत्मनिर्भरता


| | |
|---|---|
| ४.१ पृष्ठभूमि | ६३ |
| ४.२ विद्यमान अवस्था | ६४ |
| ४.३ मुख्य सवाल तथा चुनौती | ६६ |
| ४.४ रूपान्तरणका रणनीति | ७० |
| ४.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम | ७५ |
| ४.६ परिमाणात्मक लक्ष्य | ८१ |

# परिच्छेद ४
# व्यावसायिक कृषि तथा आत्मनिर्भरता

## ४.१ पृष्ठभूमि

नेपालको संविधान तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता, दिगो विकास लक्ष्य तथा कृषिसम्बन्धी नीति, रणनीति एवम् विशिष्टकृत कानुनले निर्दिष्ट गरे बमोजिमका लक्ष्य हासिल गर्न कृषि क्षेत्रलाई प्रदेशको समुन्नतिको आधारशीलाको रूपमा रुपान्तरण र विकास गर्नु अपरिहार्य रहेको छ । नेपालको संविधानले कृषि तथा सहकारी क्षेत्रलाई राज्यका तीनै तहको क्षेत्राधिकार भित्र समावेश गरेको छ । तहगत सरकार, निजी क्षेत्र, सहकारी तथा गैरसरकारी क्षेत्रको सहभागिता र सहकार्यबाट कृषि तथा पशुपन्छीजन्य उत्पादनलाई राष्ट्रिय उत्पादन शृङ्खलामा आबद्ध गराई उत्पादन तथा उत्पादकत्व वृद्धि गराउन आवश्यक छ ।

भौगोलिक, धरातलीय तथा वातावरणीय विविधता रहेको यस प्रदेशले कृषि तथा पशुपन्छी उत्पादनमा विविधता र विशिष्टता बोकेको छ । आ.व. २०७९/८० मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको २५.४३ प्रतिशत योगदान रहेको छ । प्रदेशमा आर्थिक रूपले सक्रिय जनसङ्ख्या मध्ये ५७.६ प्रतिशत जनसङ्ख्या यस क्षेत्रमा आबद्ध रहेका छन् । यस क्षेत्रले खाद्य तथा पोषण सुरक्षा एवम् आर्थिक वृद्धिमा विशेष योगदान गर्नुका साथै पर्यटन प्रवर्द्धन र कृषि जैविक विविधता प्रवर्द्धनमा समेत टेवा पुऱ्याउँदै आएको छ । यस प्रदेशमा विद्यमान कृषि पर्यावरणीय विविधताको अवसरलाई विशिष्टिकृत बालीवस्तु उत्पादनको प्रचुर सम्भावनाको रूपमा अधिकतम उपयोग गर्न सकिने भएकोले कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण, यान्त्रिकीकरण र विविधीकरणमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्दै व्यावसायिक र प्रतिस्पर्धी बनाउन सकिने यथेष्ठ सम्भावना रहेको छ ।

नेपालको संविधानले सहकारी क्षेत्रलाई राज्यका तीनै तहको क्षेत्राधिकार भित्र समावेश गरेको छ । तहगत सरकार, निजी क्षेत्र, सहकारी तथा गैरसरकारी क्षेत्रको सहभागिता र सहकार्यबाट कृषि तथा पशुपन्छीजन्य उत्पादनलाई राष्ट्रिय उत्पादन शृङ्खलामा आबद्ध गराई उत्पादन तथा उत्पादकत्व वृद्धि गराउन आवश्यक छ । समग्रमा, आर्थिक विकासका निर्धारक क्षेत्रबिच अन्तरआबद्धता कायम गर्दै कृषि तथा पशुपालन क्षेत्रको एकीकृत रूपमा उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धी क्षमता अभिवृद्धि हुने दिशामा केन्द्रित हुनु

आवश्यक छ । प्रदेश सरकारबाट सहकारी क्षेत्रको नियमन, प्रवर्द्धन र सहकारी शिक्षा तथा क्षमता अभिवृद्धिका लागि आवश्यक पहल जरुरी देखिन्छ ।

## ४.२ विद्यमान अवस्था

### ४.२.१ कृषि

प्रदेशको कुल क्षेत्रफल मध्ये ४,८७,८२३ हेक्टर जमिन मात्र खेती योग्य रहेको र सो मध्ये ३,५१,५९७ हेक्टर जमिनमा खेती गरिएको छ । कुल खेती गरिएको जमिनको १९.१२ प्रतिशत भूमिमा मात्र बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध रहेको छ । पहाडी क्षेत्रमा सुन्तलाजात फलफूल, नगदेबाली र कृषि-पर्यटन विस्तार हुँदै गएको एवम् रैथाने बालीको संरक्षण र उपभोग बढ्दै गएको छ । उच्च पहाडी क्षेत्रमा स्याउ खेती प्रवर्द्धनबाट उत्पादनमा वृद्धि भएको र सडक सुविधा विस्तारले बजारीकरणमा सहजता ल्याएको छ । कृषि उपजको उत्पादनोपरान्त हुने क्षति न्यूनीकरण गर्दै बजार प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन भइरहेका छन् ।

अध्ययन-अनुसन्धान-प्रसारबिच समन्वय, बीउ-बिजन तथा बिरुवाको गुणस्तर नियमन, कृषि जैविक विविधता तथा प्राङ्गारिक कृषि प्रवर्द्धन, मौसम पूर्वानुमानका आधारमा खेती प्रणाली व्यवस्थापन जस्ता कार्य सञ्चालानार्थ नीतगत तथा कानुनी व्यवस्था गरिएको छ । मल, बीउबिजन, उन्नत नश्ल लगायतका उत्पादन सामग्रीको उपलब्धता सुनिश्चितताका लागि सहजीकरण गरिएको छ । कृषि कर्जा, बिमा, प्रविधि तथा पूर्वाधार विकास र विस्तारमा प्रदेश सरकारकोतर्फबाट सहयोग उपलब्ध गराइएको छ । बाली तथा माटोको स्वस्थताका लागि असल कृषि अभ्यासको अवलम्बन गरिएको छ ।

आ.व. २०७९/८० को वार्षिक कृषिजन्य उत्पादन अवस्था हेर्दा ९,४२,९७७ मे.टन खाद्यान्न, २३,१७५ मे.टन दलहन, ८,५२७.१५ मे.टन तेलहन, २,९८,५०० मे.टन तरकारी, १,२८,६८४.५ मे.टन फलफूल र ३,४८,९९२ मे.टन आलु उत्पादन भएको छ भने प्रतिव्यक्ति वार्षिक उपलब्धता १९०.५ के.जी. खाद्यान्न, ८.१५ के.जी. दलहन, १.३२ के.जी. तेलहन, १०८.६५ के.जी. तरकारी, ३४.०६ के.जी. फलफूल र १०७.८६ के.जी. आलु रहेको छ ।

### ४.२.२ पशुपन्छी तथा मत्स्यपालन

प्रदेश सरकार पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई स्वरोजगारको माध्यमका रूपमा विकास गर्दै व्यावसायिक, प्रतिस्पर्धी र प्रविधियुक्त बनाई गुणस्तरीय र स्वस्थकर पशुपन्छी तथा मत्स्य उत्पादन वृद्धि गर्नेतर्फ अग्रसर रहेको छ । उच्च उत्पादन क्षमता भएका उन्नत नश्लका पशुपन्छीको सङ्ख्यात्मक तथा गुणात्मक बढोत्तरी गर्न पशु नश्ल सुधारसम्बन्धी कार्यक्रम तथा पाडी बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम

सञ्चालन गरिएको छ । कृषकलाई उत्पादनमा आधारित प्रोत्साहन सहयोग उपलब्ध गराउने उद्देश्यले दूध र मासुमा अनुदान कार्यक्रम सञ्चालनमा रहेका छन् । उच्च पहाडी तथा हिमाली क्षेत्रमा रहेका खर्कमा पशुपालनको परम्परागत अभ्यास रहेको छ । घाँसमा आधारित पशुपालन प्रवर्द्धन गर्न बाँझो जग्गामा घाँस खेती कार्यक्रम सञ्चालन गरिएको छ । पशु आनुवंशिक स्रोत संरक्षण, पशु बिमा तथा कल्याण र पशु स्वास्थ्यसम्बन्धी कार्यक्रम कार्यान्वयनमा ल्याईएको छ ।

मत्स्यपालन क्षेत्रको समग्र विकास तथा विस्तार गर्न तराई र तल्लो पहाडी क्षेत्रमा न्यानो पानीमा हुने मत्स्यपालनका लागि वर्षेनी करिव २० हेक्टर क्षेत्रफलमा पोखरीको निर्माण तथा क्षेत्र विस्तार, मध्य पहाडी तथा उच्चपहाडी क्षेत्रमा रेन्बो ट्राउट फार्म स्थापना र ह्याचरी सञ्चालनका कार्यक्रम कार्यान्वयन गरिदै आएको छ । हालसम्म पशुमा पूर्ण खोप कार्यक्रम अन्तर्गत ११ वटै जिल्लाका ६२ स्थानीय तहका कुल ५८० वडामा पूर्ण खोप कार्यक्रम सञ्चालन गरी प्रदेशका करिव ७५ प्रतिशत कृषक घरधुरीमा सेवाको पहुँच विस्तार गरिएको छ ।

पशुजन्य उत्पादन र उपलब्धताको अवस्थालाई हेर्दा आ.व. २०७९/८० मा दूध उत्पादन वार्षिक २,६४,८४९ मे.टन, मासु उत्पादन ५६,९८७ मे.टन, अण्डा उत्पादन २४.५० करोड गोटा र मत्स्य उत्पादन १,६३८ मे.टन रहेको छ भने प्रति व्यक्ति वार्षिक १०७.३ लिटर दूध, २३ के.जी. मासु, ९९ गोटा अण्डा र ०.६६ के.जी. मत्स्य उपलब्ध रहेको देखिन्छ ।

### ४.२.३ खाद्य सुरक्षा

गण्डकी प्रदेश आलु, तरकारी, दूध, अण्डा र मासुमा आत्मनिर्भर रहेको छ । यसैगरी खाद्यान्न तथा फलफूलमा आत्मनिर्भर उन्मुख रहेको छ । गण्डकी प्रदेशमा खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको हक संरक्षण, प्रवर्द्धन तथा परिपूर्ति गर्न प्रदेश खाद्य परिषद् गठन गरी यसको काम, कर्तव्य र अधिकार निर्धारण गरिएको छ । स्थानीय तथा रैथानेबाली प्रवर्द्धन, खाद्य सुरक्षासम्बन्धी सचेतनामूलक कार्यकम, ग्रामीण पोषण सुरक्षा कार्यक्रम लगायतका कार्यक्रम सञ्चालन हुँदै आएका छन् ।

### ४.२.४ भूमि व्यवस्था

खण्डिकृत कृषियोग्य भूमिको एकीकरण गर्दै यान्त्रिकीकरण र व्यावसायीकरणमार्फत उत्पादन र उत्पादकत्व वृद्धिका लागि हालसम्म ३२ स्थानमा कुल ५०४० रोपनी कृषियोग्य जमिनको चक्लाबन्दी गरिएको छ । साथै चक्लाबन्दी भएका जग्गामा यान्त्रिकीकरण सहयोग समेत उपलव्ध गराइएको छ । यसका अलवा स्थानीय तहसँगको सहकार्यमा जग्गा एकीकृत गरी बस्ती विकास, जग्गा चक्लाबन्दीका लागि पूर्वाधार

विकास, विपद् जोखिम संवेदनशील प्रादेशिक भूउपयोग योजना तयारी लगायतका कार्य सञ्चालन भइरहेका छन्।

### ४.२.५ सहकारी

गण्डकी प्रदेशमा करिव ३ हजार सहकारी संस्था क्रियाशील रहेकोमा प्रदेशको प्रत्यक्ष क्षेत्राधिकारमा ३०२ उत्पादक, २३ उपभोक्ता, ३८७ वित्तीय, १९२ बहुउद्देश्यीय र ३७ सेवाको क्षेत्र गरी कुल ९४१ वटा सहकारी संस्था विद्यमान रहेका छन् । जसमध्ये प्रदेश सरकारको समन्वय र सहकार्यमा सक्रिय रहेका सहकारी संस्थाको सङ्ख्या ४७८ रहेको छ। प्रदेशको कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाको कुल शेयर पुँजी रु १३ अर्व १७ करोड ३१ लाख २५ हजार रहेको छ। सरकारी संस्थामा कुल ६ लाख ३४ हजार ७ सय ६१ सेयर सदस्य आबद्ध रहेका छन् । जसमध्ये महिला ५३.७३ प्रतिशत, पुरुष ४५.६८ प्रतिशत र अन्य ०.५९ प्रतिशत रहेका छन् । आ.व. २०७९/८० मा सहकारी संस्थाबाट प्राप्त आयकर जम्मा रु. १२ करोड ५३ लाख ३१ हजार ६४७ रहेको छ।

## ४.३ मुख्य सवाल तथा चुनौती

### ४.३.१ कृषि

**(१) उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु:** कृषक वर्गको भूमिमा पहुँच कम हुनु र कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि मल, उन्नत बीउ, प्रविधि, सिँचाइ, विद्युत्, कृषि प्राविधिक सेवा दिगो र सर्वसुलभ रूपमा उपलब्ध गराउनु मुख्य सवालका रूपमा रहेको छ । कृषि भूमिको संरक्षण तथा उपयोग गर्नु, जग्गा बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्नु, कृषि श्रमिक टिकाउनु र बाँदर तथा वन्यजन्तुबाट हुने हानी नोक्सानी न्यूनीकरण गर्नु चुनौतीपूर्ण रहेको छ।

**(२) कृषि उत्पादनको व्यावसायीकरण गर्नु:** कृषि उपजको लागि तोकिने न्यूनतम समर्थन मूल्यको कार्यान्वयनलाई प्रभावकारी गराउनु, अनुदान तथा सहुलियतलाई उत्पादनमा आधारित बनाउनु, कृषि उपजको ढुवानी, भण्डारण प्रसोधन र बजारीकरणका लागि यातायात सेवा सङ्कलन केन्द्र चिस्यान केन्द्र गोदाम केन्द्र प्रसोधन केन्द्रको विकास र विस्तार गर्नु मुख्य सवालका रूपमा देखिएका छन् । तुलनात्मक लाभ भएका कृषि बाली वस्तुको उत्पादन, कृषि क्षेत्रमा यान्त्रीकरण तथा व्यावसायीकरण र बजारको उचित व्यवस्थापन गर्न नसक्नु समस्याका रूपमा देखिएको छ। कृषिजन्य आगत (Input) को उपलब्धता, प्रभावकारी कृषि बिमा र सुलभ ब्याजदरमा कृषि ऋणको सहज पहुँच बढाउन

सकिएको छैन । न्यूनतम मुनाफा सुनिश्चित हुने गरी उत्पादित कृषि उपजको बजारीकरणका लागि संस्थागत संजाल विकास गर्नु चुनौतीपूर्ण रहेको छ ।

**(३) कृषिलाई सम्मानित तथा आकर्षक क्षेत्रका रूपमा विकास गर्नुः** युवा वर्गको वैदेशिक रोजगारी तथा गैरकृषि क्षेत्रको रोजगारीमा आकर्षण बढ्दै जानु र कृषि क्षेत्रमा जनशक्तिको कमी हुनु समस्याका रूपमा रहेको छ । कृषि क्षेत्रमा दक्ष तथा शिक्षित युवा आकर्षण वृद्धि गर्नु र कृषि व्यवसायलाई सम्मानित पेशाको रूपमा विकास गर्दै कृषक वर्गको हक अधिकार तथा पेशागत सुरक्षा सुनिश्चित गर्नु चुनौतीपूर्ण रहेको छ ।

**(४) रैथानेबाली तथा कृषि जैविक विविधताको संरक्षण गर्नुः** गैरकृषि क्षेत्रमा प्रचुरमात्रामा पौष्टिक तत्वयुक्त रैथाने बालीले खाद्य तथा पोषण सुरक्षामा उल्लेख्य योगदान दिन सक्ने भएता पनि तिनको संरक्षण गर्नु र कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन र सदुपयोग गर्नु चुनौतीपूर्ण रहेको छ ।

**(५) जलवायु उत्थानशील कृषिको विकास गर्नुः** कृषि क्षेत्रमा जलवायु परिवर्तनका सम्भाव्य असरको न्यूनीकरण गर्दै अनुकूलित कृषि प्रणालीको विकासमार्फत खाद्य सुरक्षा सुनिश्चित गर्न जलवायु उत्थानशील कृषिको विकास गर्नु चुनौतीपूर्ण रहेको छ ।

### ४.३.२ पशुपन्छी तथा मत्स्यपालन

**(१) दुग्ध तथा मासुजन्य उत्पादन वृद्धि गर्नुः** दुग्ध तथा मासुजन्य उत्पादन वृद्धिका लागि प्राविधिक सेवाको उपलब्धता र पहुँच वृद्धि गराउनु, गुणस्तरीय उत्पादन सामग्री (बीउ, नश्ल, औषधी, खोप, मत्स्य भुरा) को सहज रूपमा उपलब्धता सुनिश्चित गर्नु, पशुपन्छी तथा मत्स्य स्रोत केन्द्र स्थापना तथा सुदृढीकरण गर्नु, घाँसमा आधारित पशुपालन प्रवर्द्धन गर्नु जस्ता विषय सवाल तथा चुनौतीका रूपमा रहेका छन् ।

**(२) पशुपन्छीमा आधारित व्यवसायलाई प्रतिस्पर्धी र दिगो तुल्याउनुः** निर्वाहमुखी पशुपालन पद्दतिलाई व्यावसायिक, प्रतिस्पर्धी र दिगो तुल्याउन निजी क्षेत्रको लगानी र आकर्षण वृद्धि गर्न प्रमुख सवालका रूपमा रहेको छ । यान्त्रिकीकरण प्रवर्द्धन गर्नु, उपलव्ध प्रविधिको प्रसार गर्दै आधुनिकीकरण गर्नु, बिमा तथा सुलभ कर्जाको विस्तार गरी कृषकको सहज पहुँच कायम गर्नु, प्राकृतिक ताल-तलैयामा मत्स्यपालन पद्धतिको सुधार तथा विस्तार गर्नु, पशुपन्छी तथा मत्स्यपालनमा असल अभ्यास प्रवर्द्धन गर्नु, बाँझो जमिन र पशुपालनको अन्तर आबद्धता विकास र

विस्तार गर्नु, स्थानीय आनुवंशिक स्रोतबाट उत्पादित विशेष उपजको विशिष्टिकृत बजार विकास गरी उच्च मूल्य प्राप्त गर्ने अवस्था सिर्जना गर्नु जस्ता कार्य चुनौतीपूर्ण छन्।

**(३) पशुपालन क्षेत्रमा देखिएका महामारीजन्य रोग तथा जलवायुजन्य जोखिम न्यूनीकरण गर्नुः** पशुपन्छीका महामारीजन्य तथा जुनोटिक रोगको प्रकोप नियन्त्रण गर्नु, जलवायु परिवर्तनका कारण देखापर्ने इमर्जिङ्ग तथा रिइमर्जिङ्ग रोगको रोकथाम गर्नु, जलवायु उत्थानशील पशुपन्छी तथा मत्स्यपालन पद्धति अवलम्बन गर्ने परिपाटीको विकास गर्नु सवाल तथा चुनौतीका रूपमा रहेका छन्।

**(४) पशुपन्छीजन्य व्यवसायको विस्तार गर्नुः** युवा वर्गलाई पशुपालन व्यवसायमा आकर्षित गर्नु, पशु र पशुजन्य उपजको मूल्य निर्धारण प्रक्रिया वैज्ञानिक र व्यावहारिक बनाउनु, पशुजन्य उत्पादनको गुणस्तर कायम गरी मूल्य शृङ्खलासँग जोड्दै बजारीकरणका समस्या समाधान गर्नु मुख्य सवाल तथा चुनौतीका रूपमा रहेको छ। निश्चित क्षेत्र तोकि सोही क्षेत्रमा पशु फार्म सञ्चालन गर्ने नीति नहुँदा फार्म रहेका तर बस्ती नभएका स्थानमा क्रमशः बस्ती विस्तार भई पशु फार्म नै विस्थापित हुने अवस्था देखा परेकाले यस्तो प्रवृत्तिको समाधान गर्नु एक नयाँ चुनौतीको रूपमा देखा परेको छ।

**(५) विशिष्टीकृत भेटेरिनरी सेवाप्रवाह गर्नुः** पशुपालक कृषक प्राविधिक सेवा प्राप्तिका लागि सार्वजनिक निकायमा निर्भर रहनु, सो बमोजिम जनशक्ति व्यवस्थापन हुन नसक्नु, भेटेरिनरी अस्पताल विस्तार तथा सञ्चालन गर्नु, प्रयोगशाला सेवाको सुदृढीकरण गर्नु, प्राविधिक दक्षता अभिवृद्धि गर्नु र भेटेरिनरी सेवामा कृषकको पहुँच वृद्धि गर्नु भेटेरिनरी सेवाप्रवाहका मुख्य सवाल तथा चुनौतीका रूपमा रहेका छन्।

### ४.३.३ खाद्य सुरक्षा

**(१) खाद्य सुरक्षा जोखिम क्षेत्र र समुदाय पहिचान गर्नुः** खाद्य तथा पोषण असुरक्षित क्षेत्र, समुदाय, घरपरिवार र व्यक्ति पहिचान गरी स्वच्छ, गुणस्तरीय र पोषणयुक्त खाद्य वस्तुको उपलब्धता र उपभोग सुनिश्चतता गर्नु सवाल तथा चुनौतीका रूपमा रहेका छन्।

**(२) खाद्य सुरक्षा तथा खाद्य स्वच्छताको सुनिश्चितता गर्नुः** खाद्य सुरक्षा एवम् खाद्य स्वच्छतासम्बन्धी नीतिगत तथा कानुनी व्यवस्थाको पूर्ण कार्यान्वयनको वातावरण सृजना गर्नु, प्रशोधित खाद्य वस्तुको नियमित तथा प्रभावकारी अनुगमन र नियमन गर्नु, खाद्य सुरक्षा सञ्जालको विकास गरी खाद्यवस्तुको उत्पादन, सञ्चय र वितरण प्रणालीलाई व्यवस्थित गरी खाद्य सुरक्षा प्रत्याभुत गराउनु मुख्य सवाल तथा चुनौती हुन्।

### ४.३.४ भूमि व्यवस्था

(१) **भूमिको वैज्ञानिक व्यवस्थापन गर्नु**: जमिन बाँझो राख्ने प्रवृत्ति र भूमिको खण्डीकरण रोक्नु, कृषि भूमिको गैरकृषिजन्य प्रयोगलाई निरूत्साहित गर्नु, भूमि बैंकको स्थापना गर्नु, अव्यवस्थित बसोबास र अनियन्त्रित सहरीकरण रोक्नु, सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमणबाट बचाउनु र जोखिमयुक्त क्षेत्रमा बस्ती विस्तार हुनबाट रोक्नु सवाल तथा चुनौतीका रूपमा रहेका छन् । भू-उपयोग योजना तर्जुमा गरी सोहीअनुसार कार्यान्वयन गर्नु प्रमुख चुनौतीको रूपमा रहेको छ ।

(२) **भूमि प्रशासन सेवालाई आधुनिकीकरण र सरलीकरण गर्नु**: आधुनिक प्रविधिको प्रयोग गरी स्तरीय नापनक्साको तयार गर्दै भरपर्दो भू-सूचना प्रणालीसँग आबद्ध गराई भूमि प्रशासन सेवालाई सरल र सूचना प्रविधिमैत्री तुल्याउनु र यसमा आम नागरिकको सहज पहुँच कायम गर्नु चुनौतीपूर्ण रहेको छ ।

### ४.३.५ सहकारी

(१) **उत्पादनशील एवम् व्यावसायिक क्षेत्रमा सहकारी क्षेत्रको सहभागिता बढाउनु:** सहकारी क्षेत्रमा संस्थागत एवम् वित्तीय अनुशासन कायम गर्नु, स्वावलम्बन र पारस्परिकताको संस्कार विकास गर्नु, सहकारीका सदस्यको नियमित कारोबार र सक्रिय सहभागिता सुनिश्चित गर्नु, उत्पादन तथा श्रम सहकारीको प्रवर्द्धन गर्नु र सहकारी क्षेत्रको लगानीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु मुख्य सवाल तथा चुनौतीका रूपमा रहेका छन् ।

(२) **सहकारी क्षेत्रप्रति आम नागरिकको विश्वास अभिवृद्धि गर्नु:** सङ्कटग्रस्त सहकारीका समस्याको निराकरण गर्नु, बचतकर्ताको बचत सुरक्षित तुल्याउनु, सहकारी प्रति नागरिकको विश्वास अभिवृद्धि र संकलित पुँजीको परिचालन गर्दै यस क्षेत्रलाई जीवनस्तर सुधारको दिगो माध्यमका रूपमा विकास गर्नु मुख्य सवाल तथा चुनौतीका रूपमा रहेका छन् ।

(३) **सहकारी नियमनलाई प्रभावकारी गराउनु:** सहकारीसम्बन्धी सचेतना तथा सहकारी शिक्षाको विस्तारमा कमी हुनु मुख्य सवालका रूपमा रहेको छ । सहकारी क्षेत्रका सबै किसिमका गतिविधिलाई कानुनी दायरामा ल्याउनु, सहकारीताका सिद्धान्त तथा मर्मअनुसार सहकारी सञ्चालन हुने गरी प्रभावकारी तथा नियमित स्वनियमन र नियमन सुदृढ गर्नु चुनौतीपूर्ण रहेको छ ।

## ४.४ रूपान्तरणका रणनीति

### ४.४.१ कृषि

(१) **कृषि उपजको उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने:** अन्तरसरकार समन्वय र सहकार्यमा कृषि भूमिको व्यावहारिक वर्गीकरण गरी कृषि योग्य जमिनको संरक्षण गरिने छ। भूमिको चक्लाबन्दीमार्फत बृहत कृषि उत्पादन क्षेत्र स्थापना गरी कृषिको उत्पादनमा वृद्धि गरिने छ। खेतीयोग्य बाँझो जग्गा सदुपयोगमा ल्याउन आवश्यक कानुनी व्यवस्था गरिने छ। क्लष्टरमा रहेका बाँझो जमिनलाई एकीकरण गरी उच्च मूल्य तथा प्रतिफल दिने फलफुल, जडिबुटी तथा पुष्प खेतीको प्रवर्द्धन गरिने छ। विशिष्टकृत कृषि उत्पादनका क्षेत्रको पहिचान गरी पूर्वाधार विकास, यान्त्रीकरण, विविधीकरण र व्यावसायीकरण अभिवृद्धि गरिने छ। कृषि उपजको व्यवस्थित तथा आधुनिक ढुवानी, भण्डारण र प्रसोधन सेवाको सुनिश्चितता गरी कृषि उपजको मूल्य अभिवृद्धि तथा बजारीकरण गरिने छ। संगठित बजार संजालको विकास तथा विस्तार गरिने छ। मध्यपहाडी लोकमार्ग आसपासको क्षेत्रमा सम्भाव्यताको आधारमा कृषि गुल्जार क्षेत्रका रूपमा विकास गरिने छ।

(२) **बाली सघनता वृद्धि गर्ने:** स्थान सुहाउँदो बालीचक्र तथा अन्तरबाली प्रणाली विकास गर्दै बाली सघनता वृद्धि गर्न उत्पादन आगत, प्रविधि र सिँचाइ सुविधा विकास तथा विस्तार गरिने छ। भूमिगत, लिफ्ट, सतही र नयाँ प्रविधिमा आधारित सिँचाइ प्रविधि विस्तार गर्न अन्तरमन्त्रालय समन्वय र सहकार्य अभिवृद्धि गरिने छ। प्राथमिकता प्राप्त बालीको प्रवर्द्धनका लागि आयोजनागत रूपमा चक्लाबन्दी (क्रप पुलिङ्ग) गरिने छ। कृषि पूर्वाधारको विकास तथा यान्त्रिकीकरण प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिने छ। स्थानीय सम्भाव्यताका आधारमा कृषि वन प्रणालीको विकास तथा विस्तार गरिने छ।

(३) **बाली वस्तुको व्यावसायीकरण र निर्यात प्रवर्द्धन गर्ने:** गुणस्तरीय कृषि उत्पादन सामग्रीको उपलब्धता र पहुँच अभिवृद्धि गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गरिने छ। कृषि उपजको नियमित उपलब्धता सुनिश्चित गर्दै प्रतिस्पर्धी क्षमता समेत बढोत्तरी गरिने छ। कृषिको व्यावसायीकरणमार्फत आयात प्रतिस्थापनमा टेवा पुर्‍याउन प्रदेशका विशिष्टिकृत बाली को निर्यात प्रवर्द्धन गरिने छ। बीउ, बेर्ना, विषादी, मलखाद तथा उन्नत उत्पादन सामग्रीको गुणस्तर नियमन गरिने छ।

(४) **रैथानेबाली तथा कृषि जैविक विविधताको संरक्षण गर्ने:** प्रचुरमात्रामा पौष्टिक तत्वयुक्त रैथाने बाली तथा कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन र सदुपयोग गरिने छ। अन्तरसरकार समन्वय र

सहकार्यमा कृषि क्षेत्रमा अध्ययन, अनुसन्धान र नवप्रवर्तनका गरिने छ। निजी क्षेत्र तथा समुदायको सहकार्यमा रैथानै बाली लगायतका कृषि बाली वस्तुका बीउ बीजनको संरक्षण, विकास र उत्पादन विस्तार गरिने छ।

(५) **कृषकको पहिचान, सूचीकरण तथा वर्गीकरण गर्ने:** नेपाल सरकार र स्थानीय सरकारसँगको समन्वयमा कृषक पहिचान, सूचीकरण तथा वर्गीकरण गर्ने कार्यमा सहजीकरण गरिने छ। सार्वजनिक निकायले प्रदान गर्ने सेवा सुविधासँग कृषकको आबद्धता तथा सो को अभिलेखीकरण गरिने छ र कृषकले अन्य सामाजिक सुरक्षाका क्षेत्रमा समेत प्राथमिकता प्राप्त गर्न सक्ने व्यवस्था मिलाइने छ।

(६) **कृषि सामग्री, बिमा र कर्जामा कृषकको पहुँच बढाउने:** गुणस्तरीय उत्पादन आगत, कृषि सामग्री तथा औजारको उपलब्धता, कृषि बिमा र कृषि कर्जालाई थप सरलीकृत गर्न सार्वजनिक संस्था र सरोकारवाला निकायबिच समन्वय र सहकार्य विस्तार गरी कृषकको पहुँच विस्तार गरिने छ।

(७) **नवप्रवर्तनमा आधारित कृषि उद्यमशीलताको विकास गर्ने:** नवीनतम प्रविधिको पहिचान गर्दै कृषि मूल्य शृङ्खलाका विभिन्न तहमा तिनको उपयोगमार्फत कृषिमा उद्यमशीलता विकास गर्न र कृषकलाई उद्यमी बनाउन तथा युवा उद्यमशीलता प्रवर्द्धन गर्न गरिने नवप्रवर्तनमा आधारित कृषि उद्यमशीलताको विकास गरिने छ। कृषिमा उद्यमशीलता विकास गर्न न्यूनतम समर्थन मूल्य तथा करार खेतीको अवधारणा कार्यान्वयन गरिने छ।

(८) **जलवायु उत्थानशील कृषि प्रणालीको प्रवर्द्धन गर्ने:** जलवायुजन्य जोखिम तथा संकटासन्नता नक्शाङ्कन तथा विश्लेषणका आधारमा उत्थानशील कृषि प्रणालीको विकास गरिने छ। व्यावसायिक रूपमा गरिएको सुन्तलाजात फलफूल तथा डालेघाँस खेतीबाट हुने कार्वन सञ्चितीकरणको आधारमा कृषकले मौद्रिक लाभ लिन सक्ने वातावरण तयार गर्न परीक्षण कार्यक्रम सञ्चालन गरिने छ।

### ४.४.२ पशुपन्छी तथा मत्स्यपालन

(१) **पशुपन्छी तथा मत्स्य उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने:** जातीय पहिचान नखुलेका पशुमा नश्ल सुधारमार्फत र उन्नत नश्लका पशुपालनमार्फत पशुपन्छीजन्य उत्पादन वृद्धि गरिने छ। रैथाने पशुपन्छीको आनुवंशिक स्रोत संरक्षण गरी सोबाट उत्पादित उपजको उचित मूल्य प्राप्त गर्ने अवसर सृजना गरिने छ। बाँझो हुँदै गएको जमिनको सदुपयोग गर्न पोषिलो घाँस उत्पादनलाई प्रोत्साहन गरिने छ। दूध, मासु, मत्स्य, हाँस र कुखुराको व्यावसायिक उत्पादनलाई बजार प्रणालीसँग आवद्ध गरिने

छ । पशुपालक कृषकका टड्कारो समस्या समाधानका लागि कार्यात्मक अनुसन्धान प्रवर्द्धन गरिने छ ।

**(२) पशुपन्छी तथा मत्स्यपालन क्षेत्रमा व्यावसायिकता विकास गर्ने:** गुणस्तरीय पशुपन्छीजन्य उत्पादन सामग्रीको उपलब्धता र पहुँच वृद्धि तथा पुँजी, प्रविधि र श्रमको समुचित उपयोग गर्दै पशुपन्छी तथा मत्स्य क्षेत्रमा व्यावसायिकता विकास र विस्तार गरिने छ । पशुजन्य उपजमा न्यूनतम समर्थन मूल्य तथा करार खेतीको अवधारणालाई प्रवर्द्धन गर्दै पशुपन्छी क्षेत्रमा लगानी आकर्षित गरिने छ । कृषि ऋण र पशुपन्छी बिमा सेवामा कृषकको पहुँच अभिवृद्धि गर्न सेवा प्रदायक निकायसँग समन्वय तथा सहकार्य गरिने छ । कृषकले विभिन्न सरकारी नियामक निकायमा विविध शीर्षकमा दस्तुर तथा कर तिर्नुपर्ने परिपाटीको अन्त्य गरिने छ । मत्स्य पोखरीमा पानीको व्यवस्थापन गर्न जडित विद्युत् मिटरलाई सिँचाइ मिटर सरहको सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइने छ । पशुपन्छी तथा मत्स्य उत्पादन पकेटको विकास तथा विस्तार गरी क्रमशः स्रोत केन्द्रको रूपमा स्तरोन्नति गरिने छ । उच्च पहाडी तथा हिमाली क्षेत्रमा रहेका खर्कमा पशुपालनको परम्परागत अभ्यासलाई आधुनिक एवम् व्यावसायिक बनाउन प्रोत्साहन गरिने छ ।

**(३) पशुपन्छी तथा मत्स्य क्षेत्रमा युवा उद्यमशीलता विकास गर्ने**: पशुपन्छी तथा मत्स्यजन्य उत्पादन, प्रशोधन र बजारीकरणको लागि मूल्यशृङ्खलामा आधारित उद्योग स्थापना गरिने छ । ग्रामीण क्षेत्रमा रहेको युवा जनशक्तिलाई पशुपालन व्यवसायमा संलग्न गराइ स्वरोजगारीका अवसर सिर्जना गरिने छ । युवा जनशक्तिलाई कृषि पर्यटन क्षेत्रमा आकर्षण गरी आम्दानी र रोजगारीका अवसर सिर्जना गरिने छ । प्राकृतिक तथा कृत्रिम जलाशयमा माछा तथा अन्य जलचरपालन र पर्यापर्यटन विस्तारका लागि प्रोत्साहन गरिने छ ।

**(४) भेटेरिनरी सेवाको सुदृढीकरण एवम् पशु रोगको नियन्त्रण तथा रोकथाम गर्ने**: भेटेरिनरी अस्पताल र प्रयोगशालाको स्तरोन्नति गरी भेटेरिनरी सेवालाई अझ बढी प्रभावकारी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण अद्यावधिक गरी प्राविधिक दरबन्दीको पुनरावलोकन र वृत्ति विकासको व्यवस्था गरिने छ । पशुपन्छी रोग रोकथाम तथा नियन्त्रणका लागि खोप खरिद, भण्डारण, वितरण र प्रयोगका क्षेत्रमा थप लगानी गरी पशु स्वास्थ्य सुरक्षणलाई प्रभावकारी बनाइनेछ । पशुपन्छीबाट सर्न सक्ने रोगको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन व्यापक जनचेतना अभिवृद्धिका साथै एक स्वास्थ्य रणनीतिअनुसार जनस्वास्थ्य संरक्षणमा टेवा पुऱ्याइने छ ।

**(५) पशुपन्छीजन्य उत्पादनको गुणस्तर सुधार एवम् बजार विस्तार गर्ने:** पशुपन्छीजन्य उत्पादनमा गुणस्तर सुधारका लागि मानव संसाधन विकास, अनुसन्धान तथा प्रविधि विकास र सोको प्रभावकारी प्रसार गरिने छ । पशुपन्छीजन्य उत्पादकत्व वृद्धिका लागि अन्तर्राष्ट्रियस्तरमा ख्याती कमाएका प्रविधिको अवलम्बनलाई प्रोत्साहित गरिने छ । बजार मागअनुसार पशुपन्छीजन्य उपजमा आधारित उद्योगको स्थापना र विस्तारलाई प्रोत्साहन गरिने छ । पशु कल्याणका आधारभूत अवधारणा अवलम्बन गर्दै उपभोग्य उपजको गुणस्तर र स्वच्छता कायम गरी पशुपन्छी तथा मत्स्यपालन क्षेत्रको विकास तथा विस्तार गरिने छ । दुग्ध पदार्थ एवम् मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न "गोठदेखि ओठसम्म स्वच्छ र स्वस्थ दूध" तथा "बधस्थलदेखि भान्छासम्म स्वच्छ र स्वस्थ मासु" कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिने छ । प्रदेशमा आयात हुने र प्रदेशबाट निर्यात हुने पशुवस्तुको गुणस्तर परीक्षणका लागि प्रादेशिक नाकामा प्रयोगशालाको स्थापना गरी नियमन गरिने छ ।

**(६) पशुपालन क्षेत्रमा जलवायुजन्य जोखिम न्यूनीकरण गर्नु:** जलवायु परिवर्तनका कारण देखापर्ने इमर्जिङ्ग तथा रिइमर्जिङ्ग र जुनोटिक एवम् महामारीजन्य रोगको प्रकोप न्यूनीकरण गर्न तथा जलवायु उत्थानशील पशुपन्छी तथा मत्स्यपालन पद्धति अवलम्बन गरिने छ ।

### ४.४.३ खाद्य सुरक्षा

**(१) खाद्य असुरिक्षत क्षेत्र तथा समुदाय पहिचान गर्ने:** स्थानीय तहको समन्वयमा प्रदेशका खाद्य असुरक्षित क्षेत्र, समुदाय, घरपरिवार र व्यक्ति पहिचान गरी खाद्य सुरक्षा सञ्जालमार्फत खाद्य उपलब्धता सहज तुल्याइने छ ।

**(२) खाद्यवस्तुको सञ्चय र वितरण प्रणालीलाई व्यवस्थित गरी खाद्य उपलब्धता बढाउने:** प्रशोधित खाद्यवस्तुको नियमित तथा प्रभावकारी अनुगमन र नियमन गरिने छ । खाद्य सुरक्षा सञ्जालको विकास गरी खाद्यवस्तुको उत्पादन, सञ्चय र वितरण प्रणालीलाई व्यवस्थित बनाइनेछ । सङ्कटको अवस्थामा खाद्य वितरण प्रणालीलाई स्थिर बनाई राख्न खाद्यवस्तुको भण्डारण गर्ने व्यवस्था मिलाइने छ ।

**(३) स्थानीय उपजमा आधारित खाद्य सुरक्षा तथा खाद्य स्वच्छता प्रवर्द्धन गर्ने:** खाद्यवस्तु उत्पादक कृषकलाई असल अभ्यास प्रणालीसम्बन्धमा अभिमुखीकरण, प्रशिक्षण, प्रदर्शनी, अध्ययन अवलोकनमार्फत क्षमता विकास गरिने छ । खाद्य प्रयोगशालाको समन्वयमा खाद्यवस्तुको गुणस्तर

परीक्षण, प्रमाणीकरण तथा नियमन प्रक्रियालाई प्रभावकारी बनाइनेछ। कृषि जैविक विविधता तथा रैथाने बालीवस्तुको संरक्षण, उत्पादन प्रवर्द्धन र उपभोगमा विविधीकरण गरी पोषणमा सुधार ल्याइने छ। जङ्क फुडको उपभोगमा न्यूनीकरण तथा सन्तुलित भोजनका लागि खाने बानीमा आवश्यक सुधार गर्ने जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ। स्थानीय उपजमा आधारित परिकार विविधीकरण र सुदृढीकरणका लागि प्रविधि तथा सिप विकास र हस्तान्तरण एवम् प्रचार प्रसार गरिने छ।

### ४.४.४ भूमि व्यवस्था

(१) **भूमिको वैज्ञानिक व्यवस्थापन गर्ने:** भूउपयोगसम्बन्धी प्रादेशिक नीति, योजना र कानुन तर्जुमा तथा परिमार्जन गरी नियमन गरिने छ। अन्तरसरकार समन्वयमा भूउपयोग तथा भूमिको वर्गीकरणको आधारमा भू-उपयोग नक्सा तयार गरी सोअनुसार भूमिको संरक्षण तथा उपयोग गरिने छ। भूमिको उपयुक्तता र क्षमताको आधारमा जग्गा विकास गरी जग्गाको खण्डीकरण र बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहन एवम् चक्लाबन्दीलाई प्रोत्साहन गरिनुका साथै बृहत तथा विशिष्टकृत कृषि उत्पादन क्षेत्र र एकीकृत बस्ती विकास र विस्तार गरिने छ। स्थानीय तहको समन्वयमा भूमि बैंकको स्थापना र कित्तानापी नक्सामा सार्वजनिक बाटो अद्यावधिक गरिने छ।

(२) **भू-सूचना प्रणालीको विकास गर्ने:** आधुनिक प्रविधिको प्रयोग गरी स्तरीय नापनक्सा तयार गर्दै भरपर्दो भू-सूचना प्रणाली विकास गरी भूमि प्रशासन सेवालाई सरल र सूचना प्रविधिमैत्री तुल्याइने छ। आधुनिक प्रविधिको प्रयोग गरी नापनक्साको लागि नियन्त्रण विन्दुको स्थापना गरिने छ।

### ४.४.५ सहकारी

(१) **सहकारी क्षेत्रलाई उत्पादनशील तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा परिचालन गर्ने:** सहकारी क्षेत्रको लगानी कृषि, उद्योग, पर्यटन र सेवा लगायतका क्षेत्रमा वृद्धि गर्न सहयोग र सहजीकरण गरिने छ। छरिएको पुँजीलाई एकीकृत गरी सहकारीको अवधारणाअनुरूप उत्पादनशील क्षेत्रमा लगानी विस्तार गरी दिगो तथा आत्मनिर्भर अर्थतन्त्रको विकास गरिने छ। सहकारी बजार स्थापना तथा विस्तारका लागि स्थानीय सरकारसँग समन्वय र सहकार्य गरी बजारसँगको पहुँच विस्तार गरिने छ।

(२) **सहकारी प्रतिको जनविश्वास अभिवृद्धि गर्ने:** सङ्कटग्रस्त सहकारीका समस्याको निराकरण गर्न तथा बचतकर्ताको बचत सुरक्षित तुल्याउन कानुनी व्यवस्थामा आवश्यक सुधार गरी नियमन कार्यलाई प्रभावकारी बनाई यस क्षेत्रमा जन विश्वास अभिवृद्धि गरिने छ।

**(३) सहकारीसम्बन्धी सचेतना अभिवृद्धि गर्ने:** सहकारी क्षेत्रको प्रवर्द्धनका लागि नियमित शिक्षा, तालिम, सूचना प्रवाह र सफल अनुभवको आदान प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

**(४) सहकारी सङ्घ संस्थाको क्षमता अभिवृद्धि गर्ने:** सहकारी संस्थाको समयअनुकूल सुदृढ तुल्याउन तथा सेवा विस्तार गर्न सहकारी शिक्षा, नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ । नवप्रवर्तन, उद्यमशील एवम् उत्पादनशील क्षेत्रमा लगानी प्रवर्द्धन गर्ने सहकारी सङ्घ संस्थालाई प्रोत्साहन गरिने छ ।

## ४.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

### ४.५.१ कृषि

**(क) नीतिगत तथा संस्थागत सुधार कार्यक्रम:**

१. प्रादेशिक कृषि विकास नीति, कानुन तथा योजना तर्जुमा एवम् परिमार्जन;
२. कृषि अनुसन्धान, कृषि शिक्षा र कृषि प्रसार विशेष संयन्त्र विकास तथा लक्षित कार्यक्रम;
३. कृषि प्राविधिक एवम् कृषि उद्यमी क्षमता अभिवृद्धि कार्यक्रम;
४. कृषि सूचना प्रणाली सवलीकरण तथा व्यवस्थापन;
५. प्रयोगशाला, तालिम केन्द्र, स्रोत केन्द्र तथा नियमन एकाईको संस्थागत सबलीकरण;
६. कृषि तथा पशुपन्छी तथ्याङ्क प्रणाली विकास तथा व्यवस्थापन कार्यक्रम;
७. मौजुदा निकायको सङ्गठन संरचना तथा जनशक्ति र कार्यविवरण पुनरावलोकन ।

**(ख) कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि कार्यक्रम:**

१. माटोको गुणस्तर सुधार तथा अभियानमूलक कृषि चुन, मल तथा अन्य कृषि सामग्री वितरण;
२. बीउ बैंक स्थापना र बीजवृद्धि तथा बीउ आत्मनिर्भर कार्यक्रम;
३. प्रतिस्पर्धी तथा तुलनात्मक लाभ भएका उच्च मूल्य बाली उत्पादन प्रवर्द्धन;
४. कृषि यान्त्रिकीकरण प्रवर्द्धन;
५. प्राथमिकता प्राप्त बालीमा स्मार्ट प्रविधियुक्त उत्पादन प्रवर्द्धन;
६. ओखर तथा सुन्तला प्रजातिका बालीको बृहत तथा विशिष्टकृत क्षेत्र विस्तार तथा सुदृढीकरण;
७. समस्याग्रस्त सुन्तलाजात फलफूल बगैचा सुदृढीकरण तथा पुर्नस्थापना कार्यक्रम;
८. उदीयमान फलफूल तथा बाली (New & Emerging Crops) प्रविधि प्रसार र क्षमता अभिवृद्धि कार्यक्रम;

९. बाली स्वास्थ्य सुदृढीकरण कार्यक्रम;

१०. कृषि उत्पादन सामग्री नियमन कार्यक्रम;

११. खेतीयोग्य बाँझो जमिन सदुपयोग प्रोत्साहन कार्यक्रम;

१२. नवलपुर एकीकृत कृषि विकास आयोजना;

१३. दरौंदी तथा चेपे करिडोर कृषि विकास आयोजना;

१४. उत्पादन तथा प्रतिफलमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम;

१५. कृषि तथा सिँचाइ एकीकृत रणनीतिक योजना तर्जुमा;

१६. लोकमार्ग केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रम ।

**(ग) कृषि उद्यम प्रवर्द्धन कार्यक्रमः**

१. कालीगण्डकी वेसिन कृषि व्यावसायिकरण आयोजना;

२. निर्यातयोग्य बाली उत्पादन प्रवर्द्धन;

३. कृषिमा आधारित उद्योग स्थापना तथा सञ्चालन कार्यक्रम;

४. लैङ्गिक, समावेशी तथा युवा लक्षित कृषि उद्यमशीलता विकास कार्यक्रम;

५. करार खेती प्रवर्द्धन;

६. कृषि उत्पादन पकेट तथा ब्लक विकास कार्यक्रम;

७. विशेष बालीको न्यूनतम समर्थन मूल्य निर्धारण तथा कार्यान्वयन;

८. बिमा शुल्क तथा कृषि कर्जामा ब्याज अनुदान कार्यक्रम ।

**(घ) बजार प्रवर्द्धन कार्यक्रमः**

१. मूल्यशृङ्खलामा आधारित बजार प्रवर्द्धन कार्यक्रम;

२. कृषिजन्य उत्पादनमा आधारित उद्योग तथा प्रशोधन केन्द्र स्थापना;

३. बजार सूचना प्रणाली विकास;

४. बजार पूर्वाधार विकास कार्यक्रम;

५. बजार करार प्रवर्द्धन कार्यक्रम;

६. सङ्कलन तथा प्रसोधन केन्द्र स्थापना तथा सञ्चालन;

७. कोल्ड स्टोर तथा कोल्ड रूमको स्थापना, स्तरोन्नति तथा बजारसँगको अन्तरसम्बन्ध विकास;

८. उत्पादनोपरान्त क्षती न्यूनीकरण कार्यक्रम ।

**(च) जलवायुमैत्री कृषि प्रवर्द्धन कार्यक्रमः**

१. सम्भावनायुक्त क्षेत्र तथा बालीमा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम;

२. जलवायु उत्थानशील कृषि प्रणाली विकास तथा प्रवर्द्धन कार्यक्रम;

३. स्थानीय तथा रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम;

४. विद्यालय दिवा खाजा कार्यक्रममा रैथाने बालीको प्रयोग प्रवर्द्धन कार्यक्रम;

५. पर्यावरणीय सेवा मूल्याङ्कन तथा जनचेतना कार्यक्रम;

६. कृषि मौसम सूचना तथा सल्लाहमा कृषक पहुँच विस्तार;

७. कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम;

८. असल कृषि अभ्यास प्रवर्द्धन कार्यक्रम;

९. एकीकृत शत्रुजीव तथा माटो व्यवस्थापन कार्यक्रम;

१०. जैविक विषादी प्रवर्द्धन कार्यक्रम ।

### ४.५.२ पशुपन्छी तथा मत्स्य विकास

**(क) पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रमः**

१. पशु आहारा प्रवर्द्धन;

२. बाँझो जग्गामा घाँस खेती प्रवर्द्धन;

३. पशु नश्ल सुधार कार्यक्रम;

४. जलवायुमैत्री पशुपालन अभ्यास प्रवर्द्धन;

५. व्यावसायिक फार्म स्थापना;

६. खर्क सुधार तथा घाँस खेती प्रवर्द्धन;

७. पशु उत्पादन पकेट तथा ब्लक विकास;

८. पशुपन्छी तथा मत्स्य नश्ल सुधार कार्यक्रम;

९. नयाँ जात तथा प्रविधिमा आधारित मत्स्यपालन;

१०. यान्त्रिकीकरण, उत्पादनमा आधारित प्रोत्साहन;

११. तालिम तथा स्रोत केन्द्र सुदृढीकरण;

१२. उत्पादन तथा प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रम ।

**(ख) व्यावसायिकता विकास कार्यक्रमः**

१. उत्पादनमा आधारित अनुदान कार्यक्रम;

२. पशु बिमा कार्यक्रम विस्तार;

३. नवीन प्रविधि विकास तथा विस्तार;

४. गोठदेखि ओठसम्म स्वच्छ र स्वस्थ दूध प्रवर्द्धन कार्यक्रम;

५. बधस्थलदेखि भान्छासम्म स्वच्छ र स्वस्थ मासु प्रवर्द्धन कार्यक्रम;

६. आनुवंशिक स्रोत संरक्षण, संवर्द्धन तथा दिगो उपयोग;

७. याकपालन प्रवर्द्धन कार्यक्रम;

८. युवा लक्षित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम;

९. पशुपन्छी तथा मत्स्य क्षेत्रको तथ्याङ्क व्यवस्थापन तथा डिजिटलाइजेशन;

१०. मध्यपहाडी लोकमार्ग केन्द्रित पशुपन्छीजन्य उत्पादन प्रवर्द्धन कार्यक्रम;

११. कार्यात्मक अनुसन्धान।

**(ग) गुणस्तर सुधार तथा बजार प्रवर्द्धन कार्यक्रमः**

१. पशुजन्य पदार्थ तथा उत्पादन सामग्रीको गुणस्तर नियमन;

२. मूल्यशृङ्खलामा आधारित पशुजन्य उद्योग तथा प्रशोधन केन्द्र स्थापना;

३. मूल्यशृङ्खला तथा बजार सूचना प्रणाली विकास;

४. बजार पूर्वाधार विकास तथा बजारीकरण प्रवर्द्धन कार्यक्रम;

५. करार उत्पादन प्रवर्द्धन;

६. असल पशुपालन अभ्यास प्रवर्द्धन कार्यक्रम;

७. पशु कल्याण प्रवर्द्धन कार्यक्रम;

८. कृषक जनचेतना तथा क्षमता विकास।

**(घ) पशु स्वास्थ सेवा विस्तार कार्यक्रमः**

१. भेटेरिनरी अस्पताल सुदृढीकरण र सेवा विशिष्टीकरण;

२. सङ्गठन संरचना तथा जनशक्ति पुनरावलोकन र मानव संसाधन विकास कार्यक्रम;

३. पशुपन्छी तथा मत्स्य रोग निदान तथा नियन्त्रण;

४. पशुपन्छी रोग निदानका लागि प्रयोगशाला स्थापना तथा सुदृढीकरण;

५. उपचार सेवा, प्रयोगशाला सेवा तथा पूर्ण खोप कार्यक्रम;

६. जैविक सुरक्षा प्रवर्द्धन कार्यक्रम;

७. जुनोटिक रोग नियन्त्रण कार्यक्रम ।

### ४.५.३ खाद्य सुरक्षा

**क. खाद्य असुरक्षित क्षेत्र तथा समुदाय पहिचान कार्यक्रमः**

१. प्रादेशिक खाद्य सुरक्षासम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था;

२. खाद्य असुरक्षित क्षेत्र, समुदाय, घरपरिवार र व्यक्ति पहिचान तथा अभिलेखीकरण ।

**ख. समुदाय लक्षित खाद्य सुरक्षा कार्यक्रमः**

१. ग्रामीण पोषण सुरक्षा कार्यक्रम;

२. स्थानीय तथा रैथाने बाली प्रवर्द्धन कार्यक्रम;

३. कृषि तथा पशुपन्छी विकास कार्यक्रम;

४. गोठदेखि ओठसम्म स्वच्छ दूध र बधशालादेखि भान्सासम्म स्वच्छ तथा स्वस्थ मासु कार्यक्रम;

५. खाद्य सुरक्षा सञ्जालको निर्माण तथा परिचालन कार्यक्रम;

६. खाद्य बैंक स्थापना तथा सञ्चालन कार्यक्रम ।

### ४.५.४ भूमि व्यवस्थापन

**(क) भूमि व्यवस्थापन कार्यक्रमः**

१. प्रदेशस्तरीय भूमि नीति, ऐन तथा नियम तर्जुमा;

२. भूमिको वर्गीकरण, भूउपयोग नक्सा तथा योजना तर्जुमा;

३. भूमिको उपयुक्तता र क्षमताको आधारमा जग्गा चक्लाबन्दी तथा विकास;

४. जग्गा चक्लाबन्दी गरिएका स्थानमा बाली सघनता तथा कृषि उत्पादन प्रवर्द्धन;

५. एकीकृत बस्ती विकास तथा जोखिमयुक्त बस्ती स्थानान्तरण;

६. प्रादेशिक भूमि बैंक स्थापना;

७. आधुनिक प्रविधिमैत्री नापनक्साको लागि नियन्त्रण विन्दुको स्थापना;

८. स्थानीय तहसँगको समन्वयमा कित्तानापी नक्सामा सरकारी सार्वजनिक बाटो अद्यावधीकरण ।

**(ख) भूमि प्रशासन सूचना प्रणाली तथा सेवा सरलीकरण कार्यक्रमः**

१. भू-सूचना प्रणालीको स्थापना र सञ्चालन;

२. भूमि प्रशासन संस्थागत सुदृढीकरण;

३. मानव संसाधन तथा क्षमता विकास कार्यक्रम।

### ४.५.५ सहकारी

**(क) नीतिगत, कानुनी तथा संस्थागत सुदृढीकरणः**

१. नीतिगत, कानुनी तथा सहकारी क्षेत्र व्यवस्थापकीय सुधार;

२. समस्याग्रस्त सहकारी सुधार र बचत सुरक्षा सहयोग तथा सहजीकरण;

३. सहकारी अनुगमन तथा मूल्याङ्कन र नियमन;

४. COPOMIS को प्रयोग विस्तार।

**(ख) उत्पादनमूलक सहकारी प्रवर्द्धनः**

१. नमुना सहकारी कार्यक्रम;

२. सहकारी खेती प्रोत्साहन;

३. सहकारी बजार प्रवर्द्धन;

४. सहकारी उत्पादन, प्रशोधन र बजारीकरण कार्यक्रम।

**(ग) सहकारी सङ्घ संस्थाको क्षमता अभिवृद्धिः**

१. सहकारी शिक्षा तथा तालिम;

२. सफल अभ्यास तथा अनुभव आदानप्रदान;

३. नवप्रवर्तन, उद्यमशीलता एवम् उत्पादनका लागि सहकारी प्रोत्साहन।

## ४.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| **१.** | **कृषि** | | | | | |
| १.१ | कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २५.४ | २५.७ | २४.२४ | २२.७३ |
| १.२ | प्रति वर्ष प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी. | ४३५ | ४३५.८ | ४३८.३ | ४४० |
| १.३ | कृषिको बजेट (प्रदेशको कुल बजेटको) | प्रतिशत | ६.६ | ६.८ | ७.३ | ७.६ |
| १.४ | धानको उत्पादकत्व | मे.टन/हे. | ३.६२ | ३.७ | ३.९ | ४ |
| १.५ | मकैको उत्पादकत्व | मे.टन/हे. | ३.०२ | ३.१ | ३.३ | ३.५ |
| १.६ | गहुँको उत्पादकत्व | मे.टन/हे. | २.५९ | २.७ | ३.० | ३.२ |
| १.७ | आलुको उत्पादकत्व | मे.टन/हे. | १६.८१ | १७.१ | १८.० | १८.५३ |
| १.८ | तरकारीको उत्पादकत्व | मे.टन/हे. | १२.७४ | १३.० | १३.६ | १४ |
| १.९ | प्रमुख मसला बालीको उत्पादकत्व | मे.टन/हे. | ८.४४ | ८.७ | ९.५ | १० |
| १.१० | फलफूलको उत्पादकत्व | टन/हे. | १०.३९ | १०.७ | ११.५ | १२ |
| १.११ | दलहनको उत्पादकत्व | मे.टन/हे. | १.०८ | १.०८ | १.०९ | १.१० |
| १.१२ | तेलहनको उत्पादकत्व | मे.टन/हे. | १.०४ | १.१ | १.३ | १.५ |
| १.१३ | बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध खेतीयोग्य जमिन | प्रतिशत | १९.१२ | १९.५ | २१ | २२ |
| **२.** | **पशुपन्छी तथा मत्स्यपालन** | | | | | |
| २.१ | पशुपन्छी क्षेत्रमा सिर्जित रोजगारी सङ्ख्या | हजारमा | ६.०४ | ६.७ | ८.७ | १० |
| २.२ | कृत्रिम गर्भाधान सङ्ख्या | हजारमा | ८१.६ | ८२.२ | ८३.९ | ८५ |
| २.३ | दूध उत्पादन (मे.टन) | हजारमा | २४४.३३ | २७८.३ | ३८०.१ | ४४८ |
| २.४ | मासु उत्पादन (मे.टन) | हजारमा | ५१.१५ | ५५.४ | ६८.१ | ७६.५ |
| २.५ | अण्डा उत्पादन (गोटा) | लाख | १२९.४८ | १३१.२ | १३६.५ | १४० |
| २.६ | मत्स्य उत्पादन | मे.टन | १३३६ | १३६१.२ | १४३६.७ | १४८७ |
| **३.** | **खाद्य सुरक्षा** | | | | | |
| ३.१ | प्रति वर्ष प्रति व्यक्ति खाद्यान्न उपलब्धता | के.जी. | ४३५ | ४३५.८ | ४३८.३ | ४४० |
| ३.२ | प्रति व्यक्ति दूध उपलब्धता | लिटर | ११० | १११.३ | ११५.३ | ११८ |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| ३.३ | प्रति व्यक्ति मासु उपलब्धता | के.जी. | २४ | २४.३ | २५.३ | २६ |
| ३.४ | प्रति व्यक्ति अण्डा उपलब्धता | वटा | १०१ | १०३.३ | ११०.३ | ११५ |
| ३.५ | उच्च खाद्य असुरक्षित जनसङ्ख्या | प्रतिशत | ०.८ | ०.७ | ०.४ | ०.२ |
| **४.** | **भूमि व्यवस्थापन** | | | | | |
| ४.१ | चक्लाबन्दी प्रवर्द्धन | रोपनी | ५०४० | ५२०० | ६५०० | ७५०० |
| ४.२ | जग्गा एकीकृत गरी बस्ती विकास | बस्ती | ० | १ | ३ | ५ |
| ४.३ | नापी नक्सामा अद्यावधिक सडक (कम्तीमा ६ मिटर चौडाइ भएका) लम्बाइ | कि.मि. | २०० | २५० | ४०० | ५०० |
| **५.** | **सहकारी** | | | | | |
| ५.१ | सहकारी संस्थाको सघन अनुगमन | सङ्ख्या | ० | २० | ४० | ६० |
| ५.२ | सहकारी क्षेत्रबाट सङ्कलित राजस्व रकम | हजार | १०००० | १३००० | १७००० | २२००० |
| ५.३ | सहकारी क्षेत्रमा रोजगारी | सङ्ख्या | - | १०००० | १२००० | १५००० |

# परिच्छेद ५

# दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षण


| | |
|---|---|
| ५.१ पृष्ठभूमि | ८५ |
| ५.२ विद्यमान अवस्था | ८६ |
| ५.३ मुख्य सवाल तथा चुनौती | ८७ |
| ५.४ रूपान्तरणकारी रणनीति | ९० |
| ५.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम | ९३ |
| ५.६ परिमाणात्मक लक्ष्य | ९६ |

# परिच्छेद ५

# दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षण

## ५ १ पृष्ठभूमि

गण्डकी प्रदेशको ३७.८ प्रतिशत भूभाग वनजङ्गलले ढाकेको छ । पूर्वीय वानस्पतिक क्षेत्र र पश्चिमी वानस्पतिक क्षेत्रको सङ्गमस्थल र तराई देखि हिमालसम्मको हावापानी पाइने यस प्रदेश वन, वनस्पति, अनुपम प्राकृतिक सौन्दर्य र जैविक विविधताले भरिपूर्ण छ । यसैगरी प्रदेशमा समुद्र सतहदेखि करिब १०० मिटरदेखि ८,१६७ मिटरसम्म फैलिएको तल्लो उपोष्ण भूभागदेखि हिमालवारी तथा पारीको पृथक जलवायु तथा भूगोलमा आधारित जैविक विविधताको उत्कृष्ट संयोजन रहेको छ । जसका कारण नेपालमा पाइने सम्पूर्ण प्रकारका पारिस्थितिकीय प्रणाली यस प्रदेशमा विद्यमान रहेका छन् । तराईको उष्ण वनदेखि मनाङ तथा मुस्ताङको हिमाली (अल्पाइन) घाँसेमैदान तथा खर्कसम्मका पारिस्थितिकीय प्रणालीका कारण गण्डकी प्रदेश जैविक सम्पदाको जीवित सङ्ग्रहालयका रूपमा रहेको छ ।

यस प्रदेशको वनक्षेत्रमा प्रचुर मात्रामा काष्ठ तथा गैरकाष्ठ वनपैदावार उपलब्ध रहेका छन् । प्रदेशको वनक्षेत्रको ३३ प्रतिशत हिस्सा समुदायमा आधारित वन प्रणाली (सामुदायिक वन, साझेदारी वन, मध्यवर्ती सामुदायिक वन, कबुलियती वन आदि) अन्तर्गत व्यवस्थापन भैरहेको छ । वनक्षेत्रको दिगो व्यवस्थापनमार्फत वातावरणीय लाभ लिँदै वनको उत्पादकत्व र उत्पादन बढाई काष्ठजन्य पैदावारमा प्रदेशलाई आत्भनिर्भर बनाउन सकिने सम्भावना रहेको छ । यसका अलावा गैरकाष्ठ वन पैदावार तथा जडीबुटीको समयानुकूल र दिगो व्यवस्थापनमार्फत वातावरणीय र आर्थिक लाभ लिँदै प्रदेशको समुन्नतिमा योगदान पुग्ने गरी व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।

यस प्रदेशको कुल क्षेत्रफलको ४५.६८ प्रतिशत भूभाग संरक्षण क्षेत्र अन्तर्गत रहेको छ । जलाधारका अवयव (जल, जङ्गल, जमिन, जनावर र जैविक विविधता) स्थानीय बासिन्दाका जीवनयापनका स्रोतका रूपमा रहेका छन् । जमिनको उत्पादन र उत्पादकत्व अभिवृद्धि, खाद्य सुरक्षा, समुदायको जीविकोपार्जन, मानव जिउधन र भौतिक संरचनाको संरक्षणका लागि जलाधार क्षेत्रको उचित व्यवस्थापन हुन जरुरी छ ।

## ५.२ विद्यमान अवस्था

### ५.२.१ दिगो वन व्यवस्थापन

गण्डकी प्रदेशमा समुदायमा आधारित वन व्यवस्थापन पद्धति वन व्यवस्थापनको सफल नमुनाको रूपमा स्थापित भएको छ । हालसम्म ३,८४० वटा सामुदायिक वन उपभोक्ता समूहमा करिब २,७२,१८८ हेक्टर वनक्षेत्र समुदायलाई हस्तान्तरण भई समुदायबाट व्यवस्थापन हुँदै आएको छ । साथै यस प्रदेशमा १,१३३ वटा विपन्नका लागि उपलब्ध गराइएको कबुलियती वन (५,३७६.२१ हेक्टर), एउटा व्यावसायिक कबुलियती वन (०.९६ हेक्टर), ३८ वटा धार्मिक वन (३५५.८२ हेक्टर), एउटा चक्ला वन (३,८३८.८२ हेक्टर), ४१२ वटा निजी वन (२१८ हेक्टर) र एउटा साझेदारी वन (५८५.७५ हेक्टर) वनको रूपमा व्यवस्थापन भैरहेको छ । वनको दिगो व्यवस्थापन गरी वनको स्वास्थ्यमा सुधार गर्न, काठ दाउराको उत्पादन वृद्धि गरी विदेशबाट भइरहेको काठको आयातलाई रोक्न, वनमा आधारित उद्यमको विकास गरी यस क्षेत्रबाट रोजगारीका अवसरको सिर्जना गर्दै स्थानीय, प्रादेशिक र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्‍याउन ८ जिल्लाका ११९ वटा वनको २३,१७३ हेक्टर वन क्षेत्रमा वन संवर्द्धन प्रणाली लागु भई व्यवस्थापन कार्य भैरहेको छ ।

यस प्रदेशमा आयुर्वेदिक महत्त्वका २६० भन्दा बढी प्रजातिका वनस्पति, शिलाजित एवम् अन्य महत्त्वपूर्ण जडीबुटी पाइन्छन् । प्राथमिकता प्राप्त जडीबुटीमा तेजपात, चिराइतो, कुरिलो, कुट्की, सतुवा, सुगन्धवाल, मजिठो, जटामसी, विषजरा र यार्सागुम्बा रहेका छन् । यी जडीबुटीको उचित संरक्षण गर्दै वातावरणीय एवम् आर्थिक लाभ लिनका लागि व्यावसायिक उत्पादन, प्रशोधन एवम् निर्यात गरी दिगो व्यवस्थापनका प्रयास थालनी भएका छन् ।

### ५.२.२ जैविक विविधता संरक्षण

गण्डकी प्रदेशमा चितवन राष्ट्रिय निकुञ्ज तथा ढोरपाटन शिकार आरक्षको आंशिक भाग र अन्नपूर्ण एवम् मनास्लु संरक्षण क्षेत्रको सम्पूर्ण भाग गरी कुल १०,०३९.५ वर्ग किलोमिटर (व.कि.मि.) क्षेत्रफलमा संरक्षित क्षेत्र रहेको छ । यस प्रदेशभित्र रहेका संरक्षित क्षेत्रले नेपालका कुल संरक्षित क्षेत्रको २९.१७ प्रतिशत र गण्डकी प्रदेशको कुल क्षेत्रफलको ४५.६८ प्रतिशत भूभाग ओगटेका छन् । सुनगाभाको राजधानीको रूपमा परिचित पञ्चासे वन संरक्षण क्षेत्र (कुल क्षेत्रफल ५,७७६ हेक्टर) कास्की, स्याङ्जा र पर्वत जिल्लाको सङ्गम स्थलमा रहेको छ । राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागमार्फत तनहुँमा भानुभक्त प्राणी उद्यान र समुदायको व्यवस्थापनमा कास्की जिल्लामा पचभैया प्राणी उद्धार केन्द्र स्थापना भएका छन् ।

संरक्षित क्षेत्रको व्यवस्थापन गरी जैविक विविधताको संरक्षण, संवर्द्धन, पर्यापर्यटन प्रवर्द्धन र स्थानीय बासिन्दाको जीवनस्तरमा सुधार हुँदै आएको छ।

प्रदेशमा जैविक विविधताको समुदायमा आधारित संरक्षण, व्यवस्थापन र दिगो उपयोग गर्न उपयुक्त नीति, ऐन, नियम र सांगठनिक संरचना तयार हुँदै गएको छ। जैविक विविधताको उचित व्यवस्थापनमार्फत दिगो जीविकोपार्जन र रोजगारीका अवसर सिर्जना गर्ने र सोमार्फत प्रदेशको आर्थिक वृद्धिमा योगदान गर्ने कार्यलाई प्राथमिकता दिनुपर्नेछ। यसका अलावा विकास र वातावरणबिच सन्तुलन कायम गर्दै समुन्नत प्रदेशको निर्माण सहितको योजना र तदनुरूपका बजेट तथा कार्यक्रमको व्यवस्थित खाका तयार गर्न आवश्यक छ।

### ५.२ ३.जलाधार व्यवस्थापन

गण्डकी प्रदेशको अधिकांश भूभाग भिरालो र कमजोर भएको हुनाले भूक्षय, बाढी र पहिरोका कारण ठुलो जनधनको क्षति हुने गरेको छ। प्रदेशमा ठुला नदी बेसिन र त्यस अन्तर्गत जलाधार तथा उपजलाधार क्षेत्र रहेका छन्। गण्डकी बेसिनमा त्रिशुली, बुढीगण्डकी, मर्स्याङ्दी, दरौंदी, चेपे, सेती, मादी, मर्दी, मोदी, म्याग्दी, कालीगण्डकी, बडीगाड गरी ११ भन्दाबढी नदी हिमालबाट उत्पत्ति भएर बग्ने गर्दछन्। कालीगण्डकी यस प्रदेशको सबैभन्दा ठुलो नदी बेसिन हो। यसबाहेक प्रदेशमा थप ३६८ वटा साना ठुला उपजलाधार रहेका छन्। विश्वकै उच्च स्थानमा रहेको तिलिचो ताल लगायतका हिमताल, हिमनदी, रामसारमा सूचीकृत पोखराका ९ वटा ताल समूह लगायतका तालतलैया र अन्य सिमसार क्षेत्र यस प्रदेशका महत्त्वपूर्ण सम्पदा हुन्। प्रदेशभित्र जलाधार व्यवस्थापनका लागि बेसिन, जलाधार र उपजलाधारस्तरमा विगतदेखि नै विभिन्न कार्यक्रम सञ्चालनमा रहेका छन्।

## ५.३ मुख्य सवाल तथा चुनौती

### ५.३.१ दिगो वन व्यवस्थापन

**(१) वनको संरक्षण र दिगो व्यवस्थापन गर्नु:** वन व्यवस्थापनको कार्यलाई तीन वटै तहका सरकार, समुदाय र निजी क्षेत्रबिच प्रभावकारी समन्वय र सहकार्यको वातावरण निर्माणमा कमी रहेको छ। वन क्षेत्र अतिक्रमण हुन नदिन र वर्षौ देखिका र संस्थागत रूपमा भएका अतिक्रमणलाई व्यवस्थापन गरी पुन: वनक्षेत्र कायम गर्न कठिनाइ रहेको छ। वन डढेलो नियन्त्रण गर्न उपयुक्त संयन्त्र व्यवस्था गर्नु र वन उपभोक्ता समूहमा स्रोत तथा क्षमता वृद्धि गर्नु महत्त्वपूर्ण सवालका रूपमा रहेका छन्। वन, वनस्पति तथा जैविक विविधताको पूर्ण क्षमतामा सदुपयोग गर्नु मुख्य चुनौतीको रूपमा रहेको छ।

(२) **वन स्रोतलाई दिगो जीवनस्तर सुधारको माध्यम बनाउनु:** वन संरक्षणसँगै जीविका सुधारको भरपर्दो माध्यमका रूपमा रूपान्तरण गर्न नीतिगत तथा व्यावहारिक कठिनाइ रहेको छ । बाँझो जमिनको विस्तारसँगै निजी क्षेत्रमा बढ्दै गएको वनलाई बहुउपयोगी तथा उच्च मूल्यका वनस्पति सहितको वनका रूपमा सुधार गर्नु आवश्यक छ । वन क्षेत्रबाट उत्पादित वस्तु तथा सेवाको विस्तार र सोबाट प्राप्त लाभको समन्यायिक रूपमा बाँडफाँट गर्नु चुनौतीका रूपमा रहेका छन् । वन क्षेत्रको दिगो संरक्षणसँगै वनमा आधारित उद्योगबाट काष्ठ तथा गैरकाष्ठजन्य उत्पादनबाट आय तथा रोजगारीमा वृद्धिसँगै आत्मनिर्भरता हासिल गर्नु र निर्यात प्रवर्द्धन गर्नु चुनौतीपूर्ण छ ।

(३) **गैह्रकाष्ठ वन पैदावार तथा जडीबुटीको व्यवस्थापन र सदुपयोग गर्नु:** जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको प्राकृतिक व्यवस्थापन, खेती, सङ्कलन, प्रशोधन, बजारीकरण र उपयोग लगायतका कार्य परम्परागत रूपमा भइरहँदा यसबाट अपेक्षित लाभ लिन सकिएको छैन । जडीबुटी खेतीका विषयमा अनुसन्धान र व्यवस्थापन कार्यलाई प्राथमिकता दिई आर्थिक महत्त्वका जडीबुटीको व्यावसायिक खेती, प्रशोधन तथा बजारीकरणलाई विस्तार गर्नु महत्त्वपूर्ण सवालका रूपमा रहेको छ । प्राकृतिक रूपमा रहेका जडीबुटीको अनियन्त्रित रूपमा सङ्कलन नियन्त्रण गर्नु चुनौतीपूर्ण छ ।

### ५.३.२ जैविक विविधता संरक्षण

(१) **जैविक विविधतासम्बन्धी अध्ययन गर्नु:** आनुवंशिक, पारिस्थिकीय र प्रजातिगत विविधताको विद्यमान अवस्था पहिचान एवम् संरक्षणका उपाय केन्द्रित गरी वैज्ञानिक अध्ययन तथा अनुसन्धानमा कमी रहेको छ । जीव तथा वनस्पतिसम्बन्धी तथ्याङ्क सङ्कलन, अभिलेखीकरण र अद्यावधिक गर्नु चुनौतीका रूपमा रहेको छ ।

(२) **जैविक विविधताको संरक्षण र व्यवस्थापन गर्नु:** वनक्षेत्र अतिक्रमण, वन डढेलो, वन्यजन्तुको बासस्थान खण्डीकरण र वन्यजन्तुको चोरी शिकारी तथा जडीबुटीको अवैध निकासीका कारण जैविक विविधतामा ह्रास आएको छ । समुदायद्वारा व्यवस्थित वनमा बढ्दो वन्यजन्तुको सङ्ख्या तथा बासस्थान व्यवस्थापनमा कमी हुँदा वन्यजन्तु मानव बस्तीमा प्रवेश गरी मानव वन्यजन्तु द्वन्द्वका घटना बढेर गएका छन् । वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण कोष प्रदेशमा स्थापना हुन सकेको छैन । यसका अलावा अवैध वन्यजन्तु व्यापार नियन्त्रण र बाह्य मिचाहा प्रजाति व्यवस्थापन तथा नियन्त्रण कार्य चुनौतीपूर्ण रहेको छ । पर्यावरणीय समानुकूलनता सहितको जैविक विविधता संरक्षण गर्नु मुख्य चुनौतीको रूपमा देखिएको छ ।

**(३) जैविक विविधताको संरक्षणसँगै आर्थिक अवसरमा वृद्धि गर्नु:** जैविक विविधताको संरक्षणसँगै आर्थिक लाभ हासिल गर्ने व्यवस्थित अभ्यासको कमी रहेको छ । जैविक विविधतामा आएको ह्राससँगै जीविका, उत्पादन, रोजगारी र आयका अवसरमा कमी हुँदै गएको छ । जैविक विविधताको दिगो संरक्षणलाई पर्यटन, कृषि तथा पशुपालन र उद्योगसँग जोड्दै समुदायको जीवनस्तरमा दिगो सुधार गर्नु चुनौतीपूर्ण रहेको छ ।

### ५.३.३ जलाधार व्यवस्थापन

**(१) जलाधारको एकीकृत व्यवस्थापन गर्नु:** यस प्रदेशमा वार्षिक ८० प्रतिशत वर्षा मनसुन समयमा नै हुने गरेको छ । स्थानीय समुदायको भूमिमा आधारित जीविकोपार्जनपद्धति, कमलो र भिरालो भूप्रकृति जस्ता कारण वर्षाको पानी अत्यधिक मात्रामा भलको रूपमा बग्ने भै भूक्षय, बाढी पहिरोको जोखिम बढाएको छ । यसका अलावा कमजोर पहाडमा अव्यवस्थित बाटोघाटो लगायतका पूर्वाधार निर्माणले समेत जलाधार क्षेत्रमा क्षति पुऱ्याएको छ भने जलाधारका स्रोतको समुचित व्यवस्थापन हुन सकेको छैन । जलाधार क्षेत्रको दिगो व्यवस्थापन हुन नसक्दा भूमिको उत्पादकत्व घट्ने, पानीका स्रोत कम हुँदै जाने र पहिरो तथा भूक्षय जस्ता विपद्का कारण भौतिक र मानवीय क्षतिका घटना बढ्दै गइरहेका छन् । यी विषयलाई ध्यान दिई एकीकृत र सहभागितामूलक जलाधार व्यवस्थापन योजना तर्जुमा गरी प्रदेशभित्रका जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गर्नु मुख्य सवालका रूपमा रहेको छ । जल, जमिन, जङ्गल, जैविक विविधता, कृषि, जीविकोपार्जनका साधन र पूर्वाधार लगायतका स्रोतको एकीकृत व्यवस्थापन चुनौतीपूर्ण रहेको छ ।

**(२) भूक्षय, पहिरो, बाढी र जलवायु परिवर्तनका असर न्यूनीकरण गर्नु:** अति भिरालो जमिनमा शून्य खनजोतको कृषि अभ्यास नहुनाले भूक्षयको जोखिम बढाएको छ । खानेपानी, सडक तथा अन्य संरचना निर्माणमा संलग्न निकाय र स्थानीय सरकारको जलाधार व्यवस्थापन र विकासका पूर्वाधार तथा भूसंरक्षणमा ध्यान पुग्न सकेको छैन । ऊर्जा, सिँचाइ तथा खानेपानीका आयोजनाबाट पानीको स्रोतको आधारको रूपमा रहेको उपल्लो तटीय जलाधारको अवस्था सुधारमा बेवास्ता हुने गरेको छ । भूक्षमताका आधारमा भूयोजनामा स्थानीय सरकारको चासोमा वृद्धि हुन सकेको छ । राष्ट्रियस्तरमा दशकौं अघि भू तथा जलाधार संरक्षणको लागि निर्माण गरिएको भू तथा जलाधार व्यवस्थापन ऐनको समयसापेक्ष परिमार्जन र कार्यान्वयन हुन सकेको छैन । भू तथा जलाधार संरक्षण तथा सेवाप्रवाह गर्न प्रदेशमा नीतिगत, कानुनी र संस्थागत जलाधार क्षेत्रको कमजोर सङ्गठनात्मक संरचना तथा स्पष्ट नीतिगत व्यवस्था हुन सकेको छैन । स्थानीय अनुकूलन योजना तयारी तथा कार्यान्वयन गरी

सोअनुसार जलवायु परिवर्तनका कारण हुने नकारात्मक असरको न्यूनीकरण गर्नु चुनौतीका रूपमा रहेको छ ।

(३) **सिमसार क्षेत्रको संरक्षण, संवर्द्धन र व्यवस्थापनबाट पर्यावरण र पर्यापर्यटन प्रवर्द्धनका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नु:** माथिल्लोतटिय क्षेत्रको उचित संरक्षण हुन नसक्दा तल्लोतटीय क्षेत्रमा पर्ने नकारात्मक प्रभाव बढदै गएको छ । चुरे क्षेत्रको कमजोर भूगर्भ र अव्यवस्थित दोहनबाट भावर र तराई क्षेत्रमा जोखिम बढ्दै गएको छ । सिमसार क्षेत्रको संरक्षण, संवर्द्धन र व्यवस्थापनमार्फत पर्यावरण र पर्यापर्यटन प्रवर्द्धनका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन । सिमसार क्षेत्रको बढ्दो अतिक्रमण साथै प्रदूषण र मिचाहा प्रजातिबाट हुने क्षति न्यूनीकरण गर्नु र सिमसारजन्य स्रोतको दिगो उपयोग तथा सोबाट प्राप्त हुने लाभको समन्यायिक बाँडफाँट हुने अवस्था सिर्जना गर्नु चुनौतीका रूपमा रहेको छ ।

## ५.४ रूपान्तरणकारी रणनीति

### ५.४.१ दिगो वन व्यवस्थापन

(१) **दिगो वन व्यवस्थापनमार्फत वन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने:** प्रदेशको अधिकार क्षेत्रभित्रका सबै प्रकारका वनको संरक्षण, संवर्द्धन, व्यवस्थापन र उपयोगको लागि नीति, कानुन, कार्यविधि तथा मापदण्ड तर्जुमा, परिमार्जन र प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ । वन क्षेत्रको अध्ययन, अनुसन्धान र प्रचार–प्रसारलाई प्रभावकारी बनाई प्राप्त सिकाइ र नतिजालाई वन क्षेत्रका विषयगत नीति निर्माण, योजना तर्जुमा र व्यवस्थापन कार्यमा उपयोग गरिने छ । वन अतिक्रमणलाई निरुत्साहित गर्दै अतिक्रमित क्षेत्र फिर्ता गराई पुनः वन कायम गरिने छ । सम्बन्धित सरोकारवालाको सहभागितामा वन डढेलोबाट हुने वन विनाश नियन्त्रण गर्ने कार्य समन्वयात्मक रूपमा सञ्चालन गरिने छ । वन क्षेत्रभित्र विशेष महत्त्वका धार्मिक, सांस्कृतिक,पर्यावरणीय क्षेत्र पहिचान र संरक्षण तथा अभिलेख राख्ने व्यवस्था गरिने छ ।

(२) **प्रदेशलाई वन पैदावारमा आत्मनिर्भर बनाइ निर्यात प्रवर्द्धन:** वनलाई संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रूपान्तरण गरिने छ । दिगो वन व्यवस्थापनमार्फत समग्र वन क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने र वन पैदावारमा आत्मनिर्भरता हासिल गरिने छ । निजी क्षेत्रसँगको सहकार्यमा नरम काठको गुणस्तर र उपयोगिता अभिवृद्धि गरिने छ । वन पैदावार तथा वनजन्य उद्यमका उत्पादनको बजारीकरणका लागि नीतिगत तथा संस्थागत संरचना निर्माणसहित

सहजीकरण र सहज वातावरण निर्माण गरिने छ। निजी, बाँझो, सार्वजनिक तथा सामुदायिक जग्गामा नरम काठ र जडिबुटीको व्यावसायिक खेती, उत्पादन तथा प्रसोधन गरी आन्तरिक माग परिपुर्ती र निर्यात प्रवर्द्धन गरिने छ।

**(३) वन क्षेत्रलाई जीविका सुधारको भरपर्दो माध्यमका रूपमा रूपान्तरण गर्ने:** बाँझो जमिनमा उच्च प्रतिफलयुक्त एवम् बाँदर निष्प्रभावी वन तथा बगैंचाका रूपमा विकास गरिने छ। वनजन्य उत्पादन मूल्यशृङ्खला विकास गरी उच्चतम प्रतिफल दिने वन पैदावार उत्पादन, व्यावसायीकरण तथा बजारीकरणको सुनिश्चितता गरिने छ। समुदाय, निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा जडीबुटी उत्पादन, प्रशोधन, भण्डारण तथा मूल्यशृङ्खला अध्ययन तथा मूल्य अभिवृद्धिको व्यवस्था गर्दै बजारीकरणलाई प्रवर्द्धन गरिने छ।

**(४) जडीबुटीको व्यवस्थापन र सदुपयोग अभिवृद्धि गर्ने:** प्राकृतिक अवस्थामा रहेका जडीबुटीको वैज्ञानिक मापदण्डका आधारमा व्यवस्थापन र वर्तमान स्रोतको सर्वेक्षण गरी दिगो उपयोग र उपभोग सुनिश्चित गरिने छ। खाली, बाँझो तथा सीमान्तकृत भूमि तथा समुदायमा आधारित वन व्यवस्थापन पद्धति अन्तर्गतका वनक्षेत्रमा जडीबुटी खेती प्रवर्द्धन तथा संरक्षण गरिने छ।

### ५.४.२ जैविक विविधता संरक्षण

**(१) जैविक विविधताको संरक्षण र दिगो उपयोग गर्ने:** संरक्षित क्षेत्र तथा समुदायद्वारा व्यवस्थित वनमा जैविक विविधताको दिगो संरक्षण तथा पर्यापर्यटनको विकास र उपयुक्त स्थानमा जैविक मार्ग स्थापना तथा विकास गरिने छ। जैविक विविधतामा भएका परिवर्तन पत्ता लगाउन बृहत् अनुसन्धान एवम् अनुगमन प्रणालीको स्थापना र सञ्चालन गरिने छ। प्रदेशको पहिचान बोकेका पारिस्थिकीय प्रणाली, सुनाखरी, लालीगुराँस, जडीबुटी क्षेत्र, वन्यजन्तु तथा तिनका बासस्थान, प्रदेशभित्र पानीका मुहान, ताल, कुण्ड, पोखरी, सिमसार, चराचुरुङ्गी, रैथाने प्राणी, वनस्पति र सुक्ष्म जिवाणुको संरक्षण गरी व्यवस्थापनको दायरामा ल्याउने व्यवस्था गरिने छ। नेपालको जैविक विविधता रणनीति र कार्यान्वयन योजना, वातावरण नीति, सिमसार नीति लगायत वातावरणीय नीतिको कार्यान्वयनमा सहजीकरण गरिने छ। स्थानीय तहमा जैविक विविधता तथा परम्परागत ज्ञानको अभिलेखीकरण, सङ्ग्रह एवम् आनुवंशिक स्रोत उपरको बौद्धिक सम्पत्तिको सुरक्षाको व्यवस्था मिलाइने छ। प्रदेशभित्र वन, वनस्पति, जैविक विविधतासम्बन्धी प्रादेशिक सङ्ग्रहालय, सामुदायिक बीउ भण्डार, जीन बैंक, प्राणी उद्यान र वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा सञ्चालनको व्यवस्था गरिने छ। स्थानीयस्तरमा

पाइने वनस्पति र वन्यजन्तु लगायतका जैविक विविधताको पहिचान र वैज्ञानिक अभिलेखीकरण गरिने छ।

**(२) वन्यजन्तुको चोरी शिकार एवम् गैरकानुनी व्यापारलाई नियन्त्रण र नियमन गर्ने:** अन्तरसरकार तथा समुदायसँग समन्वय तथा साझेदारी गरी वन्यजन्तुको चोरी शिकार एवम् गैरकानुनी व्यापारलाई नियन्त्रण र नियमन  गरिने छ।

**(३) मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने उपायको अवलम्बन गर्ने:** मानव-वन्यजन्तु द्वन्द्व नियन्त्रणका लागि अल्पकालीन तथा दीर्घकालीन उपायको खोजी गरिने छ। मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने उपायको अवलम्बन गर्दै जनचेतना, क्षतिपूर्ति एवम् राहत प्रक्रियालाई थप सरलीकृत र व्यवस्थित गरिने छ। स्थानीय तह तथा समुदायसँग सहकार्य र साझेदारी गरी बाँदरको प्रकोप नियन्त्रणका उपाय, प्रविधि र संयन्त्रको विकास तथा विस्तारको व्यवस्था गरिने छ। मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय सफल अभ्यास तथा अनुभव आदानप्रदान र अनुसरण गरिने छ।

**(४) वन्यजन्तुका प्राकृतिक बासस्थान र पर्यावरणको संरक्षण एवम् संवर्द्धन गर्ने :** वन्यजन्तुको प्राकृतिक बासस्थानको संरक्षण गरी मानव-वन्यजन्तु द्वन्द्वको दिगो व्यवस्थापन गरिने छ। वन्यजन्तुको खाद्य शृङ्खलाको अध्ययन गरी समस्याका कारण पहिचान गरिने छ। अल्पकालका लागि सम्बन्धित वन्यजन्तुले मन नपराउने कृषि बाली प्रवर्द्धन गर्ने तथा मध्यवर्ती क्षेत्र लगायतका वन क्षेत्रमा व्यावसायिक फलफूल तथा जडीबुटी खेती प्रवर्द्धन गर्ने लगायतका उपाय अवलम्बन गरिने छ।

### ५.४.३ जलाधार व्यवस्थापन

**(१) नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन गर्ने:** पूर्वाधार विकासका कार्यक्रममा वातावरण र जलाधार व्यवस्थापन कार्यक्रमलाई अनिवार्य र एकीकृत रूपमा सञ्चालन गरिने छ। विकास पूर्वाधार निर्माणसँगै उपयुक्त भूसंरक्षण प्रविधि सञ्चालनलाई अनिवार्य गरी संरचनालाई जलवायु उत्थानशील बनाइनेछ। भू-क्षय नियन्त्रण गरी जल उत्पन्न विपद् प्रकोप न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन गर्दै क्षतिग्रस्त भूमिको पुनःस्थापना तथा रैथाने र वैज्ञानिक पद्धति अवलम्बन गरी सिमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापन गरिने छ। सङ्कटासन्नता पहिचान तथा जोखिम नक्साङ्कन गरी गल्छी, पहिरो तथा खोला किनारा संरक्षण र बायोईन्जिनियरीङ्ग पद्धतिको माध्यमबाट पानीका मुहान, विकासका पूर्वाधार एवम् भूसंरक्षणलाई व्यवस्थित गरिने छ।

**(२) जलीय स्वच्छता, उपलब्धता र उपयोगलाई दिगो तथा व्यवस्थित तुल्याउने:** पानीको स्रोत तथा सिमसार क्षेत्रको नक्साङ्कन, पहिचान तथा संरक्षण व्यवस्थापन योजना तयार गरिने छ। तल्लोतटीय र उपल्लोतटीय क्षेत्रको अन्तरसम्बन्ध झल्किने गरी जलाधार क्षेत्रको व्यवस्थापन गरिने छ। नदीजन्य वस्तुको उत्खननलाई व्यवस्थित र वातावरणमैत्री तुल्याउन अन्तरसरकार सहकार्यलाई प्रभावकारी गराइने छ।

**(३) जलाधार व्यवस्थापनमा तहगत सरकार, समुदाय, निजी क्षेत्र र विकास साझेदारबिच साझेदारी तथा सहकार्यलाई प्रभावकारी गराउने:** स्थानीय तहसँगको सहकार्यमा पानीका मूल तथा मुहानको अवस्थासँग सम्बन्धित विवरण सङ्कलन गरी अभिलेख तयार गरिने छ। समुदाय तथा विकास साझेदार संस्थासँगको सहकार्य एवम् साझेदारीमा कम्तिमा एक स्थानीय तह तीन पुनर्भरण पोखरीको निर्माण, व्यवस्थापन र संरक्षणलाई प्रभावकारी गराइने छ। जलाधार क्षेत्र संरक्षण तथा व्यवस्थापनलाई कृषि, मत्स्यपालन र पर्यटनसँग आबद्ध गरी निर्भर समुदायको जीवनस्तर सुधारका अवसर सिर्जना गरिने छ।

## ५.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

### ५.५.१ दिगो वन व्यवस्थापन

**(क) वन संरक्षण तथा दिगो व्यवस्थापन कार्यक्रम:**

१. नीति, कानुन, कार्यविधि तथा निर्देशिका तर्जुमा तथा परिमार्जन;
२. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण;
३. नर्सरी निर्माण, विरुवा उत्पादन तथा वितरण;
४. वृक्षारोपण तथा संरक्षण र ढलापडा रुखको व्यवस्थापन;
५. दिगो वन व्यवस्थापन गरी काठ दाउरा उत्पादन;
६. नरम काठ र जडिबुटीको व्यावसायिक खेती, उत्पादन तथा प्रसोधन;
७. निजी, सहरी तथा कृषि वन प्रवर्द्धन;
८. गरिबी न्यूनीकरणका लागि कबुलियती वनको प्रभावकारी व्यवस्थापन;
९. वन संरक्षण क्षेत्र व्यवस्थापन सहयोग;
१०. समुदायमा आधारित वन कार्ययोजना तयारी तथा पुनरावलोकन।

**(ख) अध्ययन, अनुसन्धान तथा क्षमता अभिवृद्धि कार्यक्रमः**

१. समुदायमा आधारित वन व्यवस्थापनका लागि प्राविधिक सहयोग;

२. दिगो वन व्यवस्थापनका लागि अध्ययन तथा अनुसन्धान;

३. संस्थागत, कर्मचारी तथा सरोकारवाला क्षमता अभिवृद्धि।

**(ग) हरित सडक तथा हरित सहर कार्यक्रमः**

१. ग्रामीण सडक र सहरी क्षेत्र वृक्षारोपण;

२. खोलानाला छेउ वृक्षारोपण कार्यक्रम;

३. वायोईन्जिनियरीङ्ग प्रविधि तथा संरचना विस्तार।

**(घ) जडीबुटी संरक्षण तथा व्यवस्थापन कार्यक्रमः**

१. जडीबुटीको स्रोत सर्वेक्षण व्यवस्थापन योजना तयारी र सहभागितामूलक कार्यान्वयन;

२. सरकारी तथा समुदायमा आधारित वन व्यवस्थापन पद्धतिका वन कार्ययोजनामा जडीबुटी संरक्षण र खेती;

३. उच्च लाभ र सम्भावना भएका गैह्रकाष्ठ वन पैदावरका प्रजातिको खेती र दिगो हार्भेस्टिङ पद्धति विकास;

४. निजी तथा वनक्षेत्रको जग्गामा जडीबुटी खेती प्रवर्द्धन;

५. जडीबुटी खेतीका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम;

६. तुलनात्मक लाभ हुने जडीबुटीको खेती विस्तार, प्रशोधन, मूल्य अभिवृद्धि तथा बजारीकरण।

### ५.५.२ जैविक विविधता संरक्षण

**(क) जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रमः**

१. जडीबुटी खेती सहयोग तथा प्रविधि हस्तान्तरण;

२. रैथाने सुनगाभाको संरक्षण विस्तार र उपयोग;

३. जैविक विविधतासम्बन्धी प्रादेशिक सङ्ग्रहालय निर्माण;

४. सामुदायिक बीउ भण्डार तथा जिन बैंक स्थापना;

५. प्राणी उद्यान तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना;

६. संरक्षण क्षेत्र तथा चरन क्षेत्रको व्यवस्थापन;

७. जैविक विविधता अध्ययन अनुसन्धान अभिलेखीकरण;

८. वनसँग जोडिएका लोकमार्ग, सहरी तथा कृषि क्षेत्रमा वन्यजन्तु ओहरदोहर गर्ने जैविक मार्गको संरक्षण;
९. महत्त्वपूर्ण पारिस्थिकीय प्रणाली र वन्यजन्तुका जोखिमयुक्त बासस्थान पहिचान तथा व्यवस्थापन;
१०. समुदायद्वारा व्यवस्थित वनमा वन्यजन्तु बासस्थान व्यवस्थापन;
११. वन डढेलो नियन्त्रण;
१२. बाह्य मिचाहा प्रजाति तथा रोगकीराको नियन्त्रण।

**(ख) वन्यजन्तुको चोरी शिकार एवम् गैरकानुनी व्यापारलाई नियन्त्रण र नियमन कार्यक्रमः**

१. स्थानीय समुदायमा सचेतना र क्षमता अभिवृद्धि;
२. जैविक विविधता संरक्षणमा साझेदारी कार्यक्रम;
३. वन्यजन्तुको चोरी शिकार एवम् गैरकानुनी व्यापारलाई नियन्त्रण तथा नियमन।

**(ग) मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण कार्यक्रमः**

१. वन्यजन्तुका प्राकृतिक बासस्थानको संरक्षण;
२. मानव वन्यजन्तु द्धन्द्ध तथा अतिक्रमण न्यूनीकरणसम्बन्धी अध्ययन;
३. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणसम्बन्धी सचेतना विस्तार;
४. क्षतिपूर्ति एवम् राहत कोष स्थापना।

**५.५.३ जलाधार व्यवस्थापन**

**(क) नदी प्रणालीमा आधारित जलाधार व्यवस्थापन कार्यक्रमः**

१. नदी प्रणालीका आधारमा एकीकृत जलाधार संरक्षण योजना तयारी;
२. संवेदनशील जलाधार क्षेत्रको सर्वेक्षण, पहिचान तथा संरक्षण;
३. वायोइन्जिनियरिङ्ग प्रविधिमार्फत भौतिक संरचना संरक्षण;
४. पुनर्भरण पोखरी निर्माण तथा संरक्षण अभियान;
५. जलाधार तथा नदी स्वच्छता प्रवर्द्धन अभियान;
६. एक स्थानीय तह एक पुनर्भरण पोखरी निर्माण।

**(ख) प्रकोप तथा जोखिम नक्साङ्कन र विकासका पूर्वाधार संरक्षण कार्यक्रमः**

१. सिँचाइ कुलो मर्मत तथा संरक्षण;
२. गल्छी, पहिरो, खहरे तथा नदी कटान नियन्त्रण;

३. जमिनको उत्पादकत्व संरक्षण र क्षतिग्रस्त भूमि पुनःस्थापना;

४. सहरी तथा मासिदै गएका जलस्रोतको पुनरुत्थान;

५. सहरी क्षेत्रका खोलानालामा प्राकृतिक बहाव कायम गर्न विशेष जलाधार क्षेत्र घोषणा तथा व्यवस्थापन।

**(ग) माटो र पानी संरक्षणसम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण कार्यक्रमः**

१. माटो तथा पानी संरक्षणसम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण;

२. प्राकृतिक ताल तथा पोखरीको आर्थिक सामाजिक र वातावरणीय प्रभावको अध्ययन;

**(घ) सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन कार्यक्रमः**

१. संरक्षित जलाधार क्षेत्रको रूपमा घोषणा भएको फेवाताल जलाधार क्षेत्रको कार्ययोजना तयारी;

२. प्रदेशभित्रका सिमसार क्षेत्रको संरक्षण र सौन्दर्यीकरण तथा अभिलेखीकरण।

## ५.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| **१.** | **दिगो वन व्यवस्थापन** | | | | | |
| १.१ | वन क्षेत्रको राष्ट्रिय कुल गार्हस्थ उत्पादनमा प्रदेशको हिस्सा | प्रतिशत | २ | २ | २.५ | ३ |
| १.२ | कुल भू क्षेत्रको अनुपातमा वन क्षेत्र | प्रतिशत | ४७.४ | ४७.४ | ४८ | ५० |
| १.३ | समुदायमा आधारित वन क्षेत्रको अनुपात | प्रतिशत | ३३ | ३३ | ३४ | ३५ |
| १.४ | गठन तथा हस्तान्तरण सामुदायिक वन | सङ्ख्या | ३९६६ | ३९८० | ३९९० | ४००० |
| १.५ | दर्ता भएका निजी वन | सङ्ख्या | ४१२ | ४५० | ५०० | ६०० |
| १.६ | सरकारी, निजी, साझेदारी र सामुदायिक वनबाट उत्पादन हुने काठको परिमाण | क्यु. फिट लाखमा | ११.१७ | ११.५० | १२.० | १५ |
| १.७ | दिगो वन व्यवस्थापनमा आधारित सरकारद्वारा व्यवस्थित चक्ला वन | वटा | १ | १ | २ | २ |
| १.८ | दिगो वन व्यवस्थापनमा आधारित साझेदारी वन | वटा | १ | १ | १ | २ |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १.९ | दिगो वन व्यवस्थापनमा आधारित सामुदायिक वन | वटा | ११९ | ११९ | १५० | २०० |
| १.१० | वार्षिक अतिक्रमण नियन्त्रण क्षेत्र | हेक्टर | ६ | ६.५ | ८ | १० |
| १.११ | वार्षिक विरुवा उत्पादन र वितरण | लाखमा | ९ | ९.५ | १० | १२ |
| १.१२ | जडीबुटी उत्पादन परिमाण (के.जी.) | हजारमा | ८० | ८५ | ९० | १०० |
| १.१३ | बृहत् जडीबुटी प्रशोधन केन्द्र स्थापना | वटा | ० | १ | २ | ३ |
| १.१४ | जडीबुटी संरक्षण र खेती समावेश तथा कार्यान्वयन भएका वन समूह | सङ्ख्या | ११ | १५ | २० | १०० |
| **२.** | **जैविक विविधता संरक्षण** | | | | | |
| २.१ | जैविक विविधता दिगो व्यवस्थापन तालिम | पटक | ० | ० | १५ | ३० |
| २.२ | वन्यजन्तुको बासस्थान व्यवस्थापन सामुदायिक वन | सङ्ख्या | ० | ५ | ३३ | ५५ |
| २.३ | मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा वन्यजन्तु उद्धार तथा व्यवस्थापन तालिम | पटक | ४ | ५ | २५ | १०० |
| २.३ | सामुदायिक प्राणी उद्यान स्थापना र व्यवस्थापन | वटा | ० | ० | १ | १ |
| २.५ | वन्यजन्तु उद्धार केन्द्र स्थापना र सञ्चालन | वटा | १ | १ | २ | २ |
| २.६ | समुदायस्तरको चोरी शिकारी नियन्त्रण एकाइ गठन | वटा | २०० | २०० | २५० | ३०० |
| २.७ | सामुदायिक बीउ भण्डार स्थापना | वटा | ० | ० | १ | १ |
| २.८ | जैविक विविधता अभिलेखीकरण केन्द्र स्थापना | वटा | ० | ० | १ | १ |
| २.९ | जैविक मार्ग संरक्षण | वटा | २ | २ | ३ | ४ |
| २.१० | वार्षिक मानव वन्यजन्तु द्वन्द्वका घटना | वटा | ११०० | ११०० | ८०० | ५०० |
| **३.** | **जलाधार व्यवस्थापन** | | | | | |
| ३.१ | निर्माण, स्तरोन्नति तथा मर्मत भएका रिचार्ज पोखरी | सङ्ख्या | ९२ | १०० | ११० | १२० |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| ३.२ | नदी प्रणालीमा आधारित एकीकृत जलाधार संरक्षण योजना निर्माण र कार्यान्वयन भएका नदी प्रणाली (बुढी गण्डकी, मर्स्याङ्दी र कालीगण्डकी) | सङ्ख्या | ० | ० | २ | ३ |
| ३.३ | जलाधार तथा उप जलाधार योजना निर्माण र कार्यान्वयन | वटा | ११ | ११ | १५ | २२ |
| ३.४ | संरक्षण गरिएको पानी मुहान | हेक्टर | ११ | १५ | २२ | ३३ |
| ३.५ | रोकथाम तथा उपचार गरिएका गल्छी तथा पहिरो | हेक्टर | १२२ | १३० | १५० | २०० |
| ३.६ | संरक्षित खोला किनार, सिँचाइ कुलो र विकासका पूर्वाधार | कि.मि. | ९० | ९० | ९५ | १०० |
| ३.७ | पहिरोबाट नष्ट भएको जमिनको उकास | हेक्टर | ० | ० | १० | २० |
| ३.८ | भूसंरक्षणमैत्री विरुवा उत्पादन तथा वितरण सङ्ख्या | लाखमा | १.४५ | २.० | ५.० | ७ |
| ३.९ | तालको अतिक्रमण नियन्त्रणका लागि निर्मित पैदलमार्ग/ सीमाङ्कन | कि.मि. | ० | ० | १० | २५ |

स्रोत: गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार

# परिच्छेद ६

# बजारमुखी उत्पादन एवम् दिगो पर्यटन


| | |
|---|---|
| ६.१ पृष्ठभूमि | १०१ |
| ६.२ विद्यमान अवस्था | १०२ |
| ६.३ मुख्य सवाल तथा चुनौती | १०४ |
| ६.४ रूपान्तरणका रणनीति | १०७ |
| ६.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम | १११ |
| ६.६ परिमाणात्मक लक्ष्य | ११६ |

# परिच्छेद ६

# बजारमुखी उत्पादन एवम् दिगो पर्यटन

## ६.१ पृष्ठभूमि

अर्थतन्त्रको तृतीय क्षेत्रको रूपमा रहेको सेवा क्षेत्रलाई गुणस्तरीय, व्यावसायिक, प्रतिस्पर्धी, दिगो र अर्थतन्त्रका अन्य क्षेत्रलाई चलायमान बनाउने संयन्त्रको रूपमा विकास गर्नुपर्ने देखिन्छ । प्राथमिक क्षेत्रले उत्पादन गरेका वस्तु द्वितीय क्षेत्रको आगत को रूपमा प्रयोग हुने र प्राथमिक तथा द्वितीय क्षेत्रका उत्पादन तृतीय क्षेत्रले प्रयोग गर्ने गरी अग्र तथा पृष्ठ सम्बन्ध कायम गर्नु आवश्यक हुन्छ । तहगत सरकार, समुदाय, निजी क्षेत्र, सहकारी तथा गैरसरकारी क्षेत्रको सक्रिय सहभागिता र सहकार्यबाट राष्ट्रिय उत्पादन शृङ्खलामा आवद्ध गराई उत्पादन तथा उत्पादकत्व वृद्धितर्फ ध्यान दिनु जरुरी हुन्छ । समग्रमा, आर्थिक विकासका निर्धारक क्षेत्रबिच अन्तरआवद्धता कायम गर्दै एकीकृत रूपमा उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नुका साथै आयात प्रतिस्थापन गर्ने दिशामा प्रादेशिक नीति तथा योजना केन्द्रित हुन आवश्यक देखिन्छ ।

औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय महत्त्वका आयोजना, नदीतटीय बहुउद्देश्यीय आयोजना, सडक करिडोर क्षेत्रका आयोजना र विदेशी लगानीका आयोजनाको सन्दर्भमा अन्तरप्रदेश तथा प्रदेश र सङ्घबिच समन्वय स्थापित गराउनु आवश्यक छ । उद्योगधन्दाको विकास र दिगो व्यवस्थापनमार्फत उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वृद्धि गर्न उद्योग क्षेत्रलाई उच्च प्राथमिकतामा राखी कार्य गर्नुपर्ने देखिन्छ । अर्थतन्त्रको सुदृढीकरणको महत्त्वपूर्ण क्षेत्रको रूपमा प्रादेशिक व्यापारलाई प्रवर्द्धन गरी प्रदेशको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने खनिज पदार्थलाई उत्खनन तथा खानी उद्योगको स्थापना र सञ्चालनमा प्राथमिकता दिनु जरुरी छ । आधारभूत वस्तु तथा सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि परेको क्षेत्रलाई विशेष प्राथमिकता दिई प्रदेश अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाउने तथा व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ता हित संरक्षण कायम गर्नु आवश्यक छ ।

नेपालकै प्रमुख पर्यटकीय गन्तव्य क्षेत्र रहेको गण्डकी प्रदेशको आर्थिक समुन्नतिको प्रमुख आधारका रूपमा पर्यटन क्षेत्र रहेको छ । विश्वप्रख्यात अन्नपूर्ण पदमार्ग, धवलागिरी पदमार्ग, मनास्लु पदमार्ग जस्ता पर्यटकीय

उपजको बजारीकरण तथा नयाँ क्षेत्रको पहिचान र अन्तरआवद्धता कायम गरी पूर्वाधार तथा सेवा सुविधाको विकास तथा विस्तार र प्रचार प्रसारमा केन्द्रित हुनु आवश्यक देखिन्छ । पर्यटन सेवालाई विश्वप्रतिस्पर्धी बनाउन सेवाको विविधीकरण र क्षमता विकासमा जोड दिनु आवश्यक छ । पर्यटनको राजधानीका रूपमा घोषणा भएको पोखरालाई प्रमुख केन्द्र मानी आसपासका ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक, धार्मिक तथा पुरातात्त्विक सम्पदाको संरक्षण, प्रवर्द्धन र अन्तरआवद्धतामार्फत पर्यटकीय केन्द्रको रूपमा विकास गरी समग्र गण्डकी प्रदेशले पर्यटन क्षेत्रबाट दिगो लाभ लिन सक्ने सम्भावना रहेको छ ।

## ६.२ विद्यमान अवस्था

### ६.२.१ उद्योग, वाणिज्य तथा आपूर्ति

गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको योगदान १७.२७ प्रतिशत रहेकोमा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान ३.२९ प्रतिशत रहेको छ । प्रदेश सरकारले उद्योग तथा पर्यटनलाई समुन्नतिको महत्त्वपूर्ण संवाहकको रूपमा लिएको छ । प्रदेशभित्र लघु, घरेलु, साना तथा मझौला गरेर कुल ७८,०८४ उद्योग सञ्चालनमा रहेका छन् भने उक्त उद्योगमा कुल १९,५०५ जना उद्यमी क्रियाशील रहेका छन् । हाल प्रदेशमा एउटा पोखरा औद्योगिक क्षेत्र सञ्चालनमा रहेको तथा २९ वटा स्थानीय तहमा उद्योग ग्रामको घोषणा भई पूर्वाधार निर्माणको चरणमा रहेका छन् । गण्डकी प्रदेशले २ वटा प्रादेशिक औद्योगिक क्षेत्र स्थापनाको तयारी गरेको छ भने एउटा औद्योगिक क्षेत्रको सम्भाव्यता अध्ययन कार्य अगाडि बढाएको छ । प्रदेशको प्रमुख औद्योगिक क्षेत्र पोखरा औद्योगिक क्षेत्रमा २ दर्जनभन्दा बढी प्रकारको वस्तु उत्पादन गर्ने ७६ वटा उद्योग सञ्चालनमा रहेका छन् । यसबाहेक नवलपुरमा नेपालकै ठुलो निजी उद्योग सिजी ईण्डष्ट्रियल पार्क र होङ्सी सिमेन्ट उद्योग सञ्चालनमा रहेको छ भने नेपाल सरकारको स्वामित्वमा रहेका गैँडाकोटको भृकुटी कागज कारखाना र गोरखाको गोरखकाली रबर उद्योग लामो समयदेखि बन्द अवस्थामा रहेका छन् ।

प्रदेशभित्र साना पसलदेखि ठुला प्रतिष्ठान गरी कुल जम्मा ७१,४३५ वटा व्यावसायिक फर्म दर्ता रहेका छन् । गत आर्थिक वर्षमा प्रदेशमा वार्षिक रूपमा झण्डै १४ अर्ब रुपैयाँको खाद्यान्न, झण्डै २० करोड रुपैयाँको दुग्धजन्य उत्पादन, १ अर्ब ५० लाख रुपैयाँको फलफूल तथा ७६ करोड रुपैयाँको कपडा प्रत्यक्ष आयातका साथै पेट्रोल पम्पबाट वार्षिक २० अर्ब रुपैयाँ भन्दा बढीको पेट्रोलियम पदार्थको बिक्री भएको देखिन्छ । विगत तीन आर्थिक वर्षको अनुपात हेर्दा गण्डकी प्रदेशमा भारत तथा अन्य प्रदेशबाट आयात हुने

मुख्य वस्तुमध्ये सबैभन्दा अधिक खाद्य वस्तु रहेको छ। गत आ.व. मा चामल तथा धान, मकै, गहुँ, दाल, सोयाविन तेल तथा सूर्यमुखी तेल सबैभन्दा बढी मात्रामा भित्रिएको देखिन्छ।

प्रदेशमा प्रमुख रूपमा उत्पादन हुने र निर्यात भइरहेका प्रमुख औद्योगिक उत्पादनमा तोरीको तेल, प्रशोधित दूध, बिस्कुट, चाउचाउ, चकलेट, बियर, ईटा तथा सिमेन्ट रहेका छन्। बजार माग एवम् स्थानीय उत्पादन सम्भाव्यताका आधारमा अलैंची, बेसार, अदुवा, लसुन, खुर्सानी, तरकारी, जडीबुटी, हस्तकलाका सामान, पस्मिना र प्रशोधित पिउने पानी निर्यात सम्भाव्य वस्तु हुन्। प्रदेशमा उच्च बजार मूल्य रहेका ऊन तथा अल्लोका कपडा निर्माण, हस्तकला, काष्ठकला तथा मूर्तिकला जस्ता परम्परागत सिप तथा व्यवसाय सुषुप्त रूपमा रहेका छन्। पशुपन्छीजन्य उत्पादनमा दूध, माछा, अण्डा, तथा मासुको उत्पादनको मात्रा बढ्दो देखिएकाले निर्यात सम्भावना राम्रो रहेको छ। पछिल्लो समयमा ऊनको उत्पादन भने घट्दो अवस्थामा छ।

### ६.२.२ पर्यटन तथा सम्पदा

गण्डकी प्रदेश प्राकृतिक, भौगोलिक, जैविक र सांस्कृतिक सम्पदा तथा विविधताले भरिपूर्ण रहेको छ। प्रदेशमा पर्यटनका मुख्य ३ वटा विधा “प्राकृतिक, सांस्कृतिक तथा साहसिक” क्षेत्रमा अथाह सम्भावना रहेको छ। प्रदेशको आर्थिक विकास तथा रोजगारी सिर्जनाको प्रमुख स्रोतको रूपमा रहेको पर्यटन क्षेत्रको योजनाबद्ध विकासतर्फ अग्रसर रहेको छ। प्रदेश सरकारले पर्यटन क्षेत्रको विकासका लागि पूर्वाधार विकास, प्रवर्द्धनात्मक गतिविधि, पर्यटकीय सेवा सुविधा, पहुँचको सुविधा, सूचना तथा सुरक्षा जस्ता विषयलाई जोड दिइएको छ। यसैगरी पर्यटनको विकास र विस्तारका लागि अन्तरसरकार, निजी क्षेत्र, सहकारी, गैरसरकारी तथा स्थानीय समुदायको समेत सहभागितामा प्रदेशका प्रमुख गन्तव्य, पर्यटकीय सेवा तथा सुविधालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा अझ बढी आकर्षक र प्रतिस्पर्धी बनाउनेतर्फ केन्द्रित रहेको छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार गण्डकी प्रदेशभित्र १०४ भन्दा बढी जातजाति, १० भन्दा बढी धार्मिक सम्प्रदाय र ७२ भन्दा बढी मातृभाषा रहेका छन्। सामाजिक विकास मन्त्रालयबाट प्रकाशित गण्डकी प्रदेशका धार्मिक सांस्कृतिक सम्पदासम्बन्धी अध्ययन प्रतिवेदनअनुसार प्रदेशभित्र १४१ वटा मुख्य पुरातात्त्विक सम्पदा र ६०२ अन्य सम्पदा रहेका छन्। यस प्रदेश क्षेत्रभित्र प्रसिद्ध धार्मिक स्थलमध्ये मुक्तिनाथ, बागलुङ कालिका, गलेश्वरधाम, विन्धवासिनी, आलमदेवी, ढोरबाराही, छाब्दी बाराही, अकला तथा अन्नपूर्णा, ईशानेश्वर महादेव, मनकामना, गोरखनाथ, देवघाट, मौलाकालिका र त्रिवेणीधाम प्रमुख रहेका छन्। यसैगरी महेन्द्रगुफा, गुप्तेश्वर गुफा, अल्पेश्वर गुफा, चमेरेगुफा, व्यासगुफा, सिद्धगुफा लगायतका गुफा र रुप्सेझरना, विश्वकै सबैभन्दा गहिरो गल्छी अन्धगल्छी र विश्वको सबैभन्दा उचाइमा रहेको तिलिचो

ताल पनि यसै प्रदेशमा रहेका छन्। प्रदेशको राजधानी पोखरामा रहेका फेवाताल, बेगनासताल, रूपाताल लगायतका विभिन्न तालले प्रदेशलाई पर्यटक माझ प्रमुख पर्यटकीय गन्तव्यको रूपमा परिचित गराएका छन्।

नेपालको एकमात्र शिकार आरक्ष ढोरपाटन शिकार आरक्षको प्रमुख भागका अतिरिक्त विश्वविख्यात अन्नपूर्ण संरक्षण क्षेत्र, मनास्लु संरक्षण क्षेत्र र चितवन राष्ट्रिय निकुञ्जको केही भाग यसै प्रदेशमा रहेको छ। अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल पदयात्रा, मनास्लु पदयात्रा र धवलागिरी चक्रीय पदयात्रा जस्ता विश्वकै उत्कृष्ट पदयात्रा मार्ग यसै क्षेत्रमा रहेका छन्। घोरेपानी, पुनहिल, जोमसोम, मुक्तिनाथ, लोमान्थाङ, थोराङ-ला, बन्दीपुर, घान्द्रुक, सिक्लेस, धम्पुस, घलेगाउँ, सिरुबारी, भुजुङ जस्ता ग्रामीण पर्यटकी क्षेत्र तथा होमस्टे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकमाझ प्रख्यात छन् । संसारका ८ हजार मिटर भन्दा अग्ला धवलागिरी, मनास्लु र अन्नपूर्ण हिमाल पर्यटक तथा पर्वतारोहीका लागि मुख्य गन्तव्यको रूपमा रहेका छन्।

साहसिक पर्यटकका लागि अल्ट्रालाइट उडान, प्याराग्लाइडिङ, बञ्जी, ऱ्याफ्टिङ, जिपफ्लायर, रक क्लाइम्बिङ जस्ता गतिविधिले स्वदेश तथा विदेशबाट पर्यटक यस प्रदेशमा आउने गरेका छन्। पर्यटकको सुविधाका लागि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको छ भने पर्यटकीय गन्तव्यका पहुँच स्थलसम्म सडक सञ्जाल पुगेको छ। नेपालमा आउने कुल विदेशी पर्यटकमध्ये करिब ४० प्रतिशत पर्यटक यस प्रदेशमा आउने गर्दछन्। प्रदेशमा भ्रमण गर्ने औसत वार्षिक पर्यटक सङ्ख्या २ लाख ४५ हजार रहेको छ भने विदेशी पर्यटकको कुल बसाइँ अवधि करिव ५ दिन रहेको छ।

## ६.३ मुख्य सवाल तथा चुनौती

### ६.३.१ उद्योग, वाणिज्य तथा आपूर्ति

**(१) उत्पादन वृद्धिद्वारा आत्मनिर्भरता र आयात प्रतिस्थापन गर्नु:** औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गरी सञ्चालित उद्योगलाई उत्पादन तथा उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धी बनाउनु मुख्य सवालका रूपमा रहेको छ । आत्मनिर्भर हुनसक्ने कृषिजन्य उत्पादनलाई प्राथमिकतामा राखी उद्योगको संरक्षण एवम् आयात हुने वस्तुको प्रदेशमा नै उत्पादन बढाइ आयात प्रतिस्थापन गर्नु र प्रादेशिक तहमा तुलनात्मक रूपमा बढी लाभ लिन सक्ने वस्तु तथा सेवाको पहिचान, उत्पादन र ब्राण्डिङ गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा स्थापित गर्नु चुनौतीका रूपमा रहेका छन्।

**(२) वस्तु तथा सेवा एवम् उत्पादन गुणस्तरमा वृद्धि गर्नुः** निर्यात हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ र प्याकेजिङसम्बन्धी क्षमता अभिवृद्धिलाई समयसापेक्ष तुल्याउन सकिएको छैन । निर्यात हुने वस्तु तथा सेवाको व्यवस्थित गुणस्तर परीक्षण गर्नु, उत्पादित वस्तुको गुणस्तर कायम गर्नु र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गर्न सक्ने तुल्याउनु चुनौतीका रूपमा देखिएको छ ।

**(३) औद्योगिक तथा व्यापार क्षेत्रको पूर्वाधार विकास गर्नुः** औद्योगिक क्षेत्र तथा ग्राममा पूर्वाधारको विकास गरी विविधीकरण र प्रवर्द्धन गर्न पर्याप्त स्रोतसाधनको व्यवस्था गर्नु मुख्य सवालका रूपमा रहेको छ । खोज, अनुसन्धान र विकासमार्फत व्यापारका नयाँ क्षेत्रको पहिचान, विविधीकरण र प्रवर्द्धन गर्न पर्याप्त स्रोतसाधनको व्यवस्था गर्न सकिएको छैन । औद्योगिकग्रामको स्थापना र सञ्चालनका लागि आवश्यक पूर्वाधारको पर्याप्त विकास तथा सञ्चालन ढाँचा स्पष्ट गर्नु आवश्यक देखिएको छ । मौजुदा उद्योगलाई रूग्ण हुनबाट जोगाउनु र रूग्ण तथा बन्द अवस्थामा रहेका उद्योगलाई पुनःस्थापना गर्नु चुनौतीपूर्ण रहेको छ । ठुला प्रादेशिक औद्योगिक क्षेत्र स्थापना तथा सञ्चालनका लागि जग्गा प्राप्ति गर्नु र उद्योग स्थापनाको लागि चाहिने यातायात, सञ्चार र बिजुली जस्ता आधारभूत पूर्वाधार विकास गर्नु पनि यस क्षेत्रको चुनौतीको रूपमा रहेको छ ।

**(४) प्राविधिक तथा सिपयुक्त जनशक्ति व्यवस्थापन गर्नुः** स्वदेशी उद्यम व्यवसायमा आवश्यक कामदार तथा मजदुर टिकाउनु सवालका रूपमा रहेको छ । उद्योग विकासको लागि लगानी आकर्षण गर्नु र मझौला तथा ठुला उद्योगका लागि चाहिने सिपमूलक र दक्ष जनशक्तिको व्यवस्था गर्नु चुनौतीका रूपमा देखिएको छ ।

**(५) औद्योगिक क्षेत्रमा लगानीयोग्य वातावरण तयार गर्नुः** मुख्य सहर तथा लोकमार्गको करिडोर क्षेत्रमा जग्गाको मूल्य उच्च रहँदा उद्योगको लागि आवश्यक जग्गा प्राप्तिमा ठुलो धनराशि खर्च गर्नुपर्ने अवस्था रहेको छ । बैंक तथा वित्तीय क्षेत्रबाट उत्पादनशील क्षेत्रमा लगानीको कमी रहेको छ । उद्योगको दोहोरो दर्ता प्रणाली कायमै रहेको छ । उद्योग प्रशासन प्रविधिमैत्री हुन नसक्नु र उद्योग व्यवसायमा व्यावसायिकताको कमी रहनु समस्याका रूपमा रहेको छ । उद्योग व्यवसायमा लगानी आकर्षण गर्न र भइरहेको लगानीलाई जोगाउन प्रदेश सरकारले उद्योगीमैत्री लचिलो कानुनी व्यवस्था तथा लगानीको वातावरण तयार गर्नु र बेरोजगार तथा वैदेशिक रोजगारबाट फर्किएका युवा जनशक्तिलाई उद्योग क्षेत्रमा समाहित गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

**(६) मर्यादित बजार व्यवस्थापन गर्नुः** प्रदेशमा आयात निर्यात हुने वस्तु तथा सेवाको अभिलेखीकरणको कमी रहेको छ । दैनिक उपभोग्य वस्तुको गुणस्तर परीक्षणका लागि खाद्य परीक्षण प्रयोगशाला स्थापना हुन सकेको छैन। बजारलाई मर्यादित बनाउनु, व्यापार विकास र प्रवर्द्धनका लागि व्यापारका विभिन्न पक्षमा वैज्ञानिक अध्ययन अनुसन्धान गर्नु र प्रादेशिक तहमा तुलनात्मक रूपमा बढी लाभ लिन सक्ने वस्तु तथा सेवाको पहिचान तथा उत्पादन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको खोजी गर्नु यस क्षेत्रको चुनौतीका रूपमा रहेका छन्। अत्यावश्यक उपभोग्य वस्तुको अस्वाभाविक मूल्यवृद्धि नियन्त्रण गर्नु पनि चुनौतीपूर्ण छ।

### ६.३.२ पर्यटन तथा सम्पदा

**(१) पर्यटन क्षेत्रको दिगो विकास र व्यवस्थापन गर्नुः** वातावरण विनास तथा प्राकृतिक प्रकोप र अव्यवस्थित फोहोर व्यवस्थापनका कारण प्राकृतिक सौन्दर्य कायम राख्नु मुख्य सवालका रूपमा रहेको छ। पर्यटकको तथ्यपरक, पूर्ण र वैज्ञानिक अभिलेख प्रणाली तयार हुन सकेको छैन। पर्यटकको सुरक्षा तथा शीघ्र उद्धारको प्रत्याभूति गराउन आवश्यक व्यवस्था हुन सकेको छैन । पर्यटन क्षेत्रमा आवश्यक जनशक्तिको नक्साङ्कन, अभिलेखीकरण र व्यवस्थापनमा कमी रहेको छ । पर्यटकीय गतिविधिको प्रभावकारी अनुगमन तथा पर्यटकीय स्थलमा सूचना, सञ्चार तथा प्रविधिको विकासलाई प्रभावकारी गराउन आवश्यक रहेको छ। पर्यटकीय सम्पदाको दिगो संरक्षण गर्नु, पर्यटन विकास तथा विस्तारलाई गुणस्तरीय तथा दिगो तुल्याउनु र पर्यटन क्षेत्रको लाभको समन्यायिक वितरण गर्नु चनौतीपूर्ण रहेको छ।

**(२) पर्यटकीय सेवा तथा सुविधा विकास, विस्तार र विविधीकरण गर्नुः** पर्यटनमा आधारित दिगो तथा आकर्षक व्यवसाय एवम् रोजगारीका अवसर सिर्जना हुन सकेको छैन । पर्यटन क्षेत्रको विकासबाट स्थानीय कृषि तथा उद्योग क्षेत्रलाई टेवा पुऱ्याउने गरी अन्तरआवद्धता कायम गर्न सकिएको छैन । पर्यटनमा प्रदेशको ब्राण्ड तयार गरी पर्यटकीय उपजको पहिचान एवम् विकास र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रचारप्रसार तथा ब्राण्डिङ गर्नु महत्त्वपूर्ण सवालका रूपमा रहेको छ । गुणस्तरीय पर्यटकीय सेवा सुविधाको प्रत्याभूति तथा पर्यटनका लागि आवश्यक पर्ने स्थानीय वस्तु तथा सेवाको उत्पादन गर्नु र पर्यटकीय क्रियाकलापमा विविधीकरण गरी प्रतिपर्यटक दैनिक खर्च रकम बढाउनु चुनौतीका रूपमा रहेको छ।

**(३) ठुला र आकर्षक पर्यटकीय केन्द्रको विकास तथा संरक्षण गर्नु :** हिमाली तथा उच्च पहाडी क्षेत्रमा वैकल्पिक पदमार्गको विकासका साथै विशिष्ट पहिचान सहितका मानव निर्मित ठुला र

आकर्षक पर्यटकीय क्षेत्रको विकास गर्नु मुख्य सवालका रूपमा रहेको छ। योग तथा ध्यानकेन्द्र, खेल पर्यटन, कृषि पर्यटन जस्ता पर्यटकीय उपजको विविधीकरण र बजारीकरणमा कमी रहेको छ। विश्व सम्पदा सूचीमा सूचीकृत तथा सूचीकरण उन्मुख ऐतिहासिक, धार्मिक सम्पदाको संरक्षण संवर्द्धन र प्रवर्द्धनमार्फत दिगो पर्यटन विकास गर्नु यस क्षेत्रको चुनौतीका रूपमा रहेको छ।

(४) **पर्यटन क्षेत्रको विकासमा लगानी विस्तार गर्नु**ः पर्यटकीय पूर्वाधार निर्माण तथा सेवा सुविधाको विस्तारमा निजी क्षेत्रको लगानीलाई उच्चस्तरमा आकर्षित गर्न नीतिगत तथा जग्गा प्राप्ति लगायतका व्यावहारिक अवरोध रहेका छन्। गैर आवासीय नेपालीको ज्ञान, सिप तथा पुँजीलाई पर्यटन क्षेत्रको विकासमा उपयोग गर्न उपयुक्त वातावरण तयार गर्नु आवश्यक देखिएको छ। पर्यटन क्षेत्रका साझेदारसँग कुशल तथा प्रभावकारी समन्वय गरी पर्यटन पूर्वाधार तथा सेवा सुविधा विकास तथा विस्तारमा पर्याप्त लगानी बढाउनु चुनौतीपूर्ण देखिन्छ।

(५) **अध्ययन, अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन गर्नु:** नियमित अध्ययन तथा अनुसन्धानमार्फत विश्वव्यापी रूपमा देखिएको पर्यटन विकासका नवीनतम प्रवृत्ति र सफल अनुभवलाई आत्मसात् गर्ने अभ्यासमा कमी रहेको छ। पर्यटकीय क्षेत्र, सुविधा र पूर्वाधार लगायतका सूचना तथा तथ्याङ्क व्यवस्थित गरी सूचना प्रणालीको प्रभावकारी विकास गर्नु यस क्षेत्रको थप चुनौती हो।

## ६.४ रूपान्तरणका रणनीति

### ६.४.१ उद्योग, वाणिज्य तथा आपूर्ति

(१) **उत्पादकत्व वृद्धिमार्फत उत्पादनमा आत्मनिर्भरता अभिवृद्धि गर्ने:** उद्योग क्षेत्रको विकास र विस्तार गरी दिगो अर्थतन्त्र निर्माणको आधार तयार गरिने छ। स्थापित उद्योगको दिगोपना र उत्पादकत्व बढाउन उद्योग सँगसँगै सरकार कार्यक्रम सञ्चालन गरिने छ। निर्यातजन्य वस्तु तथा सेवाको प्रतिस्पर्धी क्षमता वृद्धिका लागि प्रोत्साहन गरिने छ। स्थानीय उद्योगबाट हुने उत्पादनको उपभोगलाई विस्तार गर्न प्रचार प्रसार तथा बजारीकरणमा सहयोग गरिने छ। आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न सक्ने र तुलनात्मक लाभ बढी हुने उद्योगको स्थापना तथा सञ्चालनमा सहयोग पुर्‍याउँदै निर्यातयोग्य वस्तुको उत्पादन र बजारीकरणमा प्रोत्साहन गरिने छ।

(२) **उद्योग वाणिज्य क्षेत्रको पूर्वाधार विकास, विस्तार र स्तरोन्नति गर्ने**ः नेपाल सरकार तथा प्रदेश सरकारको समन्वयमा सम्भाव्य स्थानीय तहमा न्यूनतम पूर्वाधार विकास र सञ्चालनको स्पष्ट ढाँचा प्रदान गरी उद्योग ग्राम सञ्चालनमा ल्याइने छ। न्यूनतम पूर्वाधार निर्माण गरी प्रादेशिक औद्योगिक

क्षेत्रको स्थापना र सञ्चालन गरिने छ । अध्ययन भई सकेका र नयाँ स्थानमा सम्भाव्यता अध्ययन गरी औद्योगिक क्षेत्र स्थापनाका लागि प्रोत्साहन गरिने छ । सार्वजनिक-निजी-साझेदारीमार्फत उद्योग तथा वाणिज्य सम्वद्ध पूर्वाधारको निर्माण गरिने छ ।

(३) **स्थानीय कच्चा पदार्थमा आधारित उद्योग सिर्जना, स्तरोन्नति र उत्पादित वस्तुको बजारीकरण सुदृढ गर्नेः** खानी तथा खनिजजन्य पदार्थको अन्वेषण, स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगको स्थापना, संरक्षण र संवर्द्धन गरिने छ । गुणस्तरीय वस्तु उत्पादन र बजारीकरणमार्फत आय तथा रोजगारीका अवसर सिर्जना गरिने छ । आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न सक्ने तथा तुलनात्मक लाभ बढी हुने उद्योगको स्थापना र सञ्चालनमा सहयोग पुर्‍याइने छ । निर्यातयोग्य वस्तुको उत्पादनमा प्रोत्साहनसहित बजारीकरणलाई सघाउ पुर्‍याउँदै उत्पादित वस्तुको राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार गरिने छ ।

(४) **रूग्ण तथा बन्द उद्योग पुनःसञ्चालनमा ल्याउने र औद्योगिक क्षेत्र विस्तार गर्ने**: रुग्ण तथा बन्द अवस्थामा रहेका उद्योग सञ्चालन गर्न नेपाल सरकारसँग समन्वय, सहकार्य र पैरवी गरिने छ । नेपाल सरकार तथा प्रदेश सरकारको समन्वयमा सम्भाव्य स्थानीय तहमा सञ्चालनको स्पष्ट ढाँचासहित न्यूनतम पूर्वाधारको विकास गरी उद्योग ग्राम सञ्चालनमा ल्याइने छ ।

(५) **निजी क्षेत्रसँग सहकार्य र साझेदारी वृद्धि गर्ने तथा लगानी आकर्षण गर्नेः** आपूर्ति व्यवस्थापनलाई सहज तुल्याउन निजी क्षेत्रसँग सहकार्य गरिने छ । प्रदेशस्तरमा उद्यमी लगानीकर्ता सम्मेलन आयोजना गरी लगानीकर्तालाई प्रोत्साहित गरिने छ । प्रदेशमा सम्भाव्य उद्योग तथा लगानीका क्षेत्रको पहिचान गरी लगानीको लागि लगानीयोग्य आयोजना बैंक तयार गरी निजी क्षेत्रलाई लगानीका लागि आकर्षित गरिने छ । खानी तथा खनिजजन्य उद्योगको स्थापनार्थ अध्ययन अनुसन्धान गरी सार्वजनिक निजी साझेदारीमा लगानी वृद्धि गरी उद्योग कलकारखानाको स्थापना र सञ्चालनको वातावरण तयार गरिने छ ।

(६) **युवा उद्यमशीलताको विकास र रोजगारी वृद्धि गर्नेः** युवा जनशक्तिमा उद्यमशीलताको सोचको विकास गरिने छ । प्राविधिक तथा सिप विकास तालिम एवम् उपयुक्त बीउ पुँजी सहयोगमार्फत युवा जनशक्तिलाई केन्द्रित गरी उद्यमशील रोजगारीका अवसर सिर्जना गरिने छ । वाणिज्य तथा व्यापार क्षेत्रलाई वाणिज्य प्रशासन प्रणालीमा मूल प्रवाहीकरण गर्दै ग्रामीण तहसम्म रोजगारीको विस्तार गरिने छ । एक गाउँ एक युवा उद्यमी विकासका लागि परियोजना प्रस्तावका आधारमा वैदेशिक रोजगारबाट

फर्किएका युवा र अन्य युवाको सिप र क्षमता विकास, सहुलियतपूर्ण कर्जा लगानीमा सहयोग र उत्पादित वस्तुको बजारीकरणमा प्रोत्साहन गरिने छ।

(७) **मर्यादित र जवाफदेही बजार व्यवस्थापन गर्नेः** उपभोक्तासमक्ष गुणस्तरीय वस्तु तथा सेवाको सहज पहुँच पुऱ्याउन गुणस्तर परीक्षण नियमनलाई प्रभावकारी तुल्याइने छ। वस्तु तथा सेवाको उचित मूल्य र गुणस्तर कायम गर्ने तथा कालोबजारी नियन्त्रणका लागि बजार अनुगमनमार्फत मर्यादित बजारको व्यवस्थापन गरिने छ। उपभोक्ता सचेतना कार्यक्रमलाई घरघरसम्म विस्तार गरिने छ।

### ६.४.२ पर्यटन तथा सम्पदा

(१) **पर्यटन विकास तथा प्रवर्द्धनसम्बन्धी नीतिगत, कानुनी र संस्थागत व्यवस्था गर्नेः** पर्यटन विकासका लागि नीतिगत तथा कानुनी आधारको विकास गरिने छ। पर्यटन राजधानी प्रदेशको रूपमा पर्यटन विकास र प्रवर्द्धनका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्थासँगै आवश्यक संरचना स्थापना गरी सेवा व्यवस्थित तथा सुदृढ बनाइनेछ।

(२) **पर्यटकीय सेवा सुविधाको एकीकृत विकास, विस्तार तथा विविधीकरण गर्नेः** विद्यमान पर्यटकीय सम्पदाको संरक्षण गर्दै बढी मूल्य तिर्ने तथा दोहोऱ्याएर भ्रमण गर्ने पर्यटकको आगमनमा जोड दिइने छ। पर्यटकीय उपजमा विविधता ल्याई नयाँ बजार एवम् पर्यटकलाई आकर्षित गर्ने तथा सोहीअनुरूप पर्यटन बजार विस्तार गरिने छ। गण्डकी प्रदेशको विशिष्टता अनुकूल पर्यटन क्षेत्रमा निजी लगानीका लागि उपयुक्त वातावरण तयार गरिने छ। आन्तरिक पर्यटनको बजारको माग र अवस्था विश्लेषण गरी ब्राण्डिङको व्यवस्था गरिने छ। हालको पदयात्रा, पर्वतारोहण र साहसिक पर्यटनको गुणस्तर अभिवृद्धि गरी सबै खालका बजारमा साहसिक तथा खोजमूलक पर्यटन प्रवर्द्धनमा जोड दिइने छ। सबै प्रकारका साहसिक पर्यटनको विश्वसनीय, प्रतिस्पर्धी र अद्वितीय गन्तब्यस्थल विकास गरी पर्यटकको स्तरअनुसार ब्राण्डिङ गरिने छ। विभिन्न किसिमका पर्यटन बजार, प्रकार र हरेक खालका मूल्य चाहने पर्यटकका लागि गन्तव्यको रूपमा विकास गरिने छ।

(३) **पर्यटकीय गन्तव्यको पहिचान, वर्गीकरण र विकास गर्नेः** तुलनात्मक रूपले पर्यटन विकासमा पछि परेका क्षेत्रलाई सबल पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न तुलनात्मक लाभका आधारमा प्राथमिकता निर्धारण एवम् छनौट गरी उक्त क्षेत्रको विशेषताअनुसार पर्यटकीय पूर्वाधार, सेवा तथा सुविधाको विकास, विस्तार र विविधीकरण गरिने छ। पर्यटकीय क्षेत्रको छनौट गर्दा पूर्वाधार, माग, विविधता, दिगोपना, सामाजिक प्रभाव तथा रणनीतिक प्राथमिकतालाई आधार लिइने छ। नवीन

पर्यटकीय क्षेत्रको पहिचान, विकास तथा विविधिकरणमार्फत आयआर्जन तथा रोजगारीको अवसर सिर्जना गरिने छ । प्राथमिकता प्राप्त पर्यटकीय क्षेत्रको विशेषता तथा पर्यटन बजारको मागअनुसार नयाँ पर्यटकीय गन्तव्यको पहिचान, वर्गीकरण तथा पूर्वाधार विकास गरिने छ । पर्यटकीय वस्तु, सेवा तथा पूर्वाधार विकासका लागि सरकारी, निजी तथा समुदाय साझेदारीको विस्तार गरिने छ । पर्यटन उद्योगमा लगानी वृद्धिका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ । पर्यटकीय वस्तु तथा उपजको पहिचान, विकास, प्रवर्द्धन तथा प्रचारप्रसारमा जोड दिइने छ ।

**(४) पर्यटकीय पूर्वाधारको विकास गर्ने**ः जलवायु परिवर्तन, जैविक विविधता, वन्यजन्तुको बासस्थान, बसाइँसराइ प्रक्रियामा न्यून असर हुने गरी पर्यटकीय पूर्वाधारको विकास र विस्तार गरिने छ । विशिष्ट पहिचान सहितका मानव निर्मित ठुला र आकर्षक पर्यटकीय क्षेत्रको विकास गरिने छ । पर्यटकको सेवा तथा सुविधा विकास र विस्तारको लागि आवश्यक पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ । अन्तर्राष्ट्रियस्तरको सभाहल तथा प्रदर्शनी केन्द्र, चलचित्र छायाङ्कन क्षेत्र र ग्रामीण पर्यटनको विकास, विस्तार तथा प्रवर्द्धन गरिने छ । पर्यटकीय पूर्वाधार विकास, विस्तार तथा सञ्चालनमा स्थानीय समुदायको सहभागिता र न्यायोचित लाभको वातावरण सिर्जना गरिने छ ।

**(५) पर्यटन सेवा सुविधाको विकास, विस्तार, प्रवर्द्धन तथा विविधीकण गर्ने**ः सरकारी तथा निजी क्षेत्रको समन्वय र सहभागितामा विभिन्न सांस्कृतिक तथा व्यापारिक मेला, जात्रा र सम्मेलनको आयोजना गरिने छ । पर्यटन प्रवर्द्धन तथा बजार विस्तारका लागि विभिन्न ब्रोसर, पर्चा, बुकलेट, पर्यटकीय गतिविधि, नक्सा तथा वृत्तचित्र निर्माण, प्रकाशन र प्रसारण गरिने छ । बैंकिङ क्षेत्रलाई पर्यटन क्षेत्रमा ऋणप्रवाहको लागि सम्वाद, समन्वय र सहजीकरण गरिने छ ।

**(६) अध्ययन अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन गर्ने:** पर्यटकीय गतिबिधिको आवधिक रूपमा तथ्याङ्क व्यवस्थापनका लागि उपयुक्त र प्रभावकारी प्रणाली विकास गरिने छ । तुलनात्मक लाभका पर्यटकीय क्षेत्रको गुरुयोजना तर्जुमा तथा अद्यावधिक गरिने छ । पर्यटनको विकास र प्रवर्द्धनका लागि प्रदेशको दीर्घकालीन योजना तथा रणनीति तयार गरिने छ । ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको अध्ययन गरी संरक्षण तथा पुनरोत्थान गरिने छ । पर्यटन उद्योगको विगतको प्रवृत्ति, वर्तमान अवस्था र भविष्यलाई लक्षित गरी आवश्यक जनशक्ति, सेवा सुविधाको माग र आपूर्तिको प्रक्षेपण गरिने छ । पर्यटकीय उपजको विकासका लागि बजार मागको अध्ययन गर्दै पर्यटन क्षेत्रलाई विविधीकरण गरिने छ ।

**(७) प्राकृतिक, सांस्कृतिक, साहसिक एवम् कृषि पर्यटनलाई एकीकृत रूपमा विकास गर्ने:** प्रदेशवासीले गर्व गर्ने प्राकृतिक तथा सांस्कृतिक पर्यटकीय सम्पदाको पवित्रता, स्वच्छता र दिगोपनाको सवाललाई उच्च प्राथमिकतामा राखिने छ। प्रकृति, संस्कृति र कलासम्बन्धी सम्पदाको दिगो संरक्षण र प्रवर्द्धन गरिने छ। प्राकृतिक सम्पदा, सांस्कृतिक विविधता, मूल्यमान्यता तथा पर्वको पर्वतीय क्षेत्रसँगको सम्बन्धलाई आधार बनाएर पर्यटन विकास तथा प्रवर्द्धन गरिने छ। देश तथा विदेशमा गण्डकी प्रदेशको अलग्गै पहिचान स्थापित गर्न पर्यटकीय सेवा तथा सुविधाको विकास, विस्तार र गुणस्तर अभिवृद्धि गरिने छ। पर्यटनलाई कृषिसँग जोड्ने र स्थानीय उत्पादनलाई पर्यटन बजारसम्म पुऱ्याउन पहल गरिने छ।

**(८) प्रदेशभित्र रहेका पर्यटकीय स्थल तथा सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्ने:** प्रदेशभित्र रहेका संरक्षित क्षेत्र, तालतलैया, सिमसार, मनोरञ्जन स्थल तथा दृश्यावलोकन क्षेत्र, ऐतिहासिक, धार्मिक स्थल तथा सम्पदा समेत पर्यटकीय गन्तव्यको पूर्वाधार तथा सुविधाको विकास, विस्तार र स्तरोन्नति गरिने छ। सामुदायिक घरबास, सङ्ग्रहालय, उद्यान तथा पार्क, इकोभिलेज र हिलस्टेशनमार्फत आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरी पर्यटनलाई आन्तरिक उत्पादन र रोजगारीसँग आबद्ध गर्न स्थानीय सरकारसँगको सहकार्यलाई प्रभावकारी बनाईने छ।

## ६.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

### ६.५.१ उद्योग, वाणिज्य तथा आपूर्ति

**(क) संस्थागत तथा संरचनागत सुधार कार्यक्रम:**

१. नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड तर्जुमा तथा परिमार्जन;
२. प्रदेश व्यवसाय मञ्च पुनर्गठन तथा सञ्चालन;
३. सिप विकास तालिम, स्तरीकरण तथा प्रमाणीकरण;
४. प्रविधिमा आधारित उद्योग प्रशासन तथा व्यवसाय विकास सेवा सञ्चालन।

**(ख) औद्योगिक पूर्वाधार निर्माण कार्यक्रम:**

१. औद्योगिक क्षेत्रको पहिचान, अवधारणापत्र तयारी र सम्भाव्यता अध्ययन;
२. औद्योगिकग्राम स्थापनाका लागि सहकार्य;
३. कोशेली घर तथा प्रदेशस्तरीय प्रदर्शनी केन्द्र स्थापना;
४. प्रदेशस्तरीय औद्योगिक प्रयोगशाला स्थापना।

**(ग) युवा उद्यमी विकास कार्यक्रमः**

१. व्यावसायिक तथा सिप विकास तालिम कार्यक्रम;

२. प्रविधि हस्तान्तरण युवा व्यवसायीका लागि सहुलियतपूर्ण कर्जा कार्यक्रम;

३. युवा र कृषि क्षेत्रका उद्यमी लक्षित प्रोत्साहन कार्यक्रम।

**(घ) व्यवसाय विकास सेवा केन्द्र (बिजनेश इन्कुबेशन सेन्टर) कार्यक्रमः**

१. जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालयलाई बिजनेस इन्कुबेशन सेन्टरमा रूपान्तरण;

२. व्यावसायिक परामर्श सेवा विस्तार।

**(ङ) उपभोक्ता सचेतना तथा बजार अनुगमन कार्यक्रमः**

१. निरीक्षण अधिकृतका लागि बजार अनुगमनसम्बन्धी क्षमता अभिवृद्धि;

२. बजार अनुगमन तथा नियमन;

३. कालोबजारी तथा कार्टेलिङ नियन्त्रण;

४. घरघरमा उपभोक्ता शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम।

**(च) तुलनात्मक लाभका उत्पादनको व्यावसायीकरण कार्यक्रमः**

१. तुलनात्मक लाभका निर्यातयोग्य वस्तुको पहिचानसम्बन्धी अध्ययन;

२. घरेलु मदिराको गुणस्तर र ब्राण्डिङ् गरी बजारीकरणमा सहयोग;

३. स्थानीय काष्ठ, ऊनी तथा अल्लो कपडा निर्माण उद्यम विकास कार्यक्रम;

४. नवीनतम प्रविधि हस्तान्तरण;

५. प्रदेशमा उत्पादित वस्तुको ब्राण्डिङ;

६. उद्योग वाणिज्य मेला महोत्सव आयोजना;

७. प्रदेशस्तरमा उद्यमी तथा लगानीकर्ता सम्मेलन।

**(छ) अन्तरक्रिया तथा संवाद कार्यक्रमः**

१. उद्योग वाणिज्य क्षेत्रका व्यक्ति तथा पदाधिकारी अन्तरक्रिया;

२. औद्योगिक ग्राम घोषणा भएका स्थानीय तहका पदाधिकारी तथा सरोकारवाला अन्तरसंवाद;

३. गुणस्तरीय वस्तु र सेवाको आपूर्तिसँग सम्बन्धित सार्वजनिक, निजी र सहकारी क्षेत्र अन्तरसंवाद;

४. उपभोक्ता शिक्षा तथा सचेतना कार्यक्रम।

**(ज) निर्यातयोग्य वस्तु उत्पादन गर्ने उद्योग स्थापनाः**

१. निर्यातयोग्य वस्तुको उत्पादन उद्योग स्थापना तथा सञ्चालनमा सहयोग तथा सहजीकरण;

२. एक जिल्ला एक उत्पादन उद्योग स्थापनामा सहयोग तथा सहजीकरण।

**(झ) खानी तथा खनिज पदार्थमा आधारित उद्योग स्थापनाः**

१. प्रदेशका सम्भाव्य खानीको पहिचान;

२. पहिचान भएका खानीको सम्भाव्यता अध्ययन;

३. खनिज उद्योगको स्थापनामा साझेदारी तथा सहयोग।

### ६.५.२ पर्यटन तथा सम्पदा

**(क) पर्यटन क्षेत्रको नीतिगत तथा संरचनात्मक सुधार कार्यक्रमः**

१. पर्यटनसम्बन्धी नीति, कानुन, कार्यविधि तथा मापदण्ड तर्जुमा, पुनरावलोकन तथा परिमार्जन;

२. पर्यटन सेवा प्रदायक संस्थाको आचार संहिता तथा निर्देशिका तयारी;

३. पर्यटकीय सेवा तथा सुविधामा गुणस्तर सुधार।

**(ख) पर्यटन विकास योजना तयारीः**

१. प्रदेश पर्यटन गुरुयोजना तर्जुमा;

२. पर्यटक विपद् जोखिम व्यवस्थापन;

३. पर्यटकीय बस टर्मिनल निर्माण तथा स्तरोन्नति;

४. पर्यटकीय सूचना केन्द्र स्थापना तथा स्तरोन्नति;

५. पर्यटकीय लगानीका क्षेत्र पहिचान तथा लगानी प्रवर्द्धन;

६. सवारी साधन पार्किङ्ग स्थल र पर्यटक विश्रामस्थल निर्माण;

७. प्रमुख पर्यटकीय गन्तब्यमा नयाँ तथा वैकल्पिक पदमार्गको विकास तथा विस्तार;

८. राष्ट्रिय पर्यटन रणनीतिमा प्रस्तावित पर्यटन विकास क्षेत्रको नक्साङ्कन तथा प्राथिमिकीकरण;

९. पहिचान भएका पर्यटकीय गन्तव्यको गुरुयोजना तर्जुमा र पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार।

**(ग) पर्यटन सेवा तथा सुविधा विकास, विस्तार तथा विविधीकण कार्यक्रमः**

१. पर्यटकीय वस्तु, सेवा-सुविधा तथा उपजको विकासका लागि बजारको मागको अध्ययन;
२. सार्वजनिक-निजी-सामुदायिक समन्वय, सहकार्य र साझेदारीमा पर्यटन प्याकेज निर्माण;
३. पर्यटनसम्बन्धी व्यापार व्यवसायको विकासका लागि प्रोत्साहन तथा प्रवर्द्धन;
४. स्थानीय समुदायको साझेदारीमा संस्कृति तथा परम्पराको संरक्षण तथा संवर्द्धन;
५. पर्यटन मेला तथा उत्सव आयोजना तथा सञ्चालन;
६. आन्तरिक पर्यटन प्रवर्द्धन अभियान;
७. प्रमुख पर्यटकीय स्रोत बजारमा स्थानीय पर्यटन प्रतिनिधि नियुक्त र परिचालन;
८. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय पर्यटन प्रवर्द्धन एवम् बजारीकरण ।

**(घ) पर्यटन पूर्वाधार विकास तथा प्रवर्द्धन कार्यक्रमः**

१. राउण्डफेवा भ्यू फेवा विकास आयोजना;
२. मगर होमस्टे (नवलपुर) विकास आयोजना;
३. टोड्के (म्याग्दी) पर्यटकीय विकास आयोजना;
४. चापाकोट रामडाँडा पर्यटन विकास आयोजना;
५. धार्मिक पदमार्ग तथा पर्यटन विकास आयोजना;
६. धर्मनाथधाम आध्यात्मिक क्षेत्र विकास आयोजना;
७. लिपे-तान्द्राङ पोखरी क्षेत्र पर्यटन विकास कार्यक्रम;
८. मोदीवेनी धाम धार्मिक पर्यटकीय क्षेत्र विकास आयोजना;
९. अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय पूर्वाधार विस्तार आयोजना;
१०. पर्यटकीय गन्तव्यमा पर्यटकीय पूर्वाधार निर्माण, स्तरोन्नति तथा मर्मतसम्भार;
११. प्रमुख ताल, पोखरी तथा महत्त्वपूर्ण सम्पदाको पुन:निर्माण, संरक्षण तथा सौन्दर्यीकरण;
१२. नयाँ पर्यटकीय गन्तव्य तथा पदमार्गको पहिचान, सञ्जालीकरण तथा पूर्वाधार निर्माण;
१३. सांस्कृतिक, धार्मिक, ऐतिहासिक, प्राकृतिक र मनोरञ्जनमा आधारित पर्यटकीय गन्तव्य विकास;
१४. गन्तव्य स्थल तथा सेवा सुविधाको प्याकेजसहितको प्रचार सामग्री, वृत्तचित्र र अनलाइन बजारीकरण;
१५. स्थानीय चाडपर्व, मेला, भेषभूषा र परम्पराको संरक्षण तथा संवर्द्धनमा निजी क्षेत्र र समुदाय प्रोत्साहन ।

**(ङ) अध्ययन, अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन कार्यक्रमः**

१. विद्युतीय सूचना प्रणालीमा आधारित पर्यटकीय तथ्याङ्क प्रणाली व्यवस्थापन;

२. नयाँ पर्यटकीय गन्तव्यको पहिचान कार्यक्रम;

३. पर्यटकको बसाइँ अवधि तथा खर्च वृद्धिसम्बन्धी अध्ययन;

४. पर्यटनसम्बन्धी अध्ययन तथा अनुसन्धानमा विद्यार्थी परिचालन कार्यक्रम।

**(च) ठुला पर्यटकीय गन्तव्यको विकास तथा प्रवर्द्धन कार्यक्रमः**

१. अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी केन्द्र निर्माण;

२. टेउवा अन्तर्राष्ट्रिय मूर्तिकला सङ्ग्रहालय निर्माण;

३. धार्मिक तथा सांस्कृतिक महत्त्वका स्थानको निर्माण तथा स्तरोन्नति;

४. हिलस्टेशनको विकास तथा विस्तार आयोजना;

५. आलमदेवि पर्यटन विकास आयोजना;

६. इलमपोखरी-देउराली लेभार्चो एकीकृत विकास आयोजना;

७. कालाञ्जर (जलजला) पर्यटन क्षेत्र विकास आयोजना;

८. रिसिङ्कोट तथा मानहुँकोट एकीकृत विकास आयोजना;

९. देउराली-मुलाबारी-खार्चोक-धार्चे-लाप्राक-उहिया-कालताल-मनास्लु वेशक्याम पदमार्ग निर्माण आयोजना

१०. साहित्यिक पर्यटन विकास कार्यक्रम।

**(छ) हिमाली तथा पहाडी क्षेत्रमा वैकल्पिक पदमार्ग निर्माण र चालु पदमार्गको स्तरोन्नति कार्यक्रमः**

१. हिमाली तथा उच्च पहाडी क्षेत्रमा नयाँ पदमार्गको पहिचान तथा विकास;

२. अन्नपूर्ण, धवलागिरी र मनास्लु क्षेत्रमा पदमार्गको स्तरोन्नति तथा वैकल्पिक पदमार्गको विकास;

३. तातोपानीदेखि मुक्तिनाथ, बेसीसहरदेखि चामेसम्मको वैकल्पिक पदमार्गको विकास;

४. पञ्चकोट-बेलढुङ्गा-सोलेडाँडा-ढोरपाटन धुरी पदमार्ग विकास आयोजना;

५. भाक्रा आइसलेक पदमार्ग विकास आयोजना;

६. ट्याङ्की-खाङ्सार- तिलिचो पदमार्ग विकास आयोजना;

७. याकखर्क- थोरोङ-ला पदमार्ग स्तरोन्नति आयोजना;

८. मनास्लु सर्किट-लार्केपास पदमार्ग निर्माण आयोजना;

९. रानागाउँ-चुम्चेत-रिन्जम पदमार्ग निर्माण;

१०. अन्नपूर्ण सर्किट ट्रेल-थोराङ् ला पास पदमार्ग निर्माण आयोजना।

**(ज) पर्यटन क्षेत्र मानव संसाधन विकास कार्यक्रमः**

१. पर्यटनसम्बन्धी जनशक्ति विकास तालिम;

२. पर्यटन शिक्षा तथा छात्रवृत्ति कार्यक्रम;

३. व्यावसायिक तथा प्राविधिक तालिम सञ्चालन;

४. सङ्घ, प्रदेश र स्थानीय तह साझेदारीमा विद्यालय तथा उच्च शिक्षा पर्यटन कार्यक्रम।

**(झ) पर्यटकीय राजधानी प्रवर्द्धन कार्यक्रमः**

१. राउण्ड फेवा तथा भ्यू फेवा विकास आयोजना;

२. पोखरा लेक टु लेक तथा केभ टु केभ साइकल मार्ग निर्माण आयोजना;

३. माइस पर्यटनका लागि अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण आयोजना;

४. पोखरा-पुम्दीकोट केबलकार आयोजना;

५. बृहत्तर पोखरा पर्यटन प्रवर्द्धन कार्यक्रम;

६. पोखरा महाप्रभुधाम पर्यटन प्रवर्द्धन आयोजना।

## ६.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| **१.** | **उद्योग, वाणिज्य तथा आपूर्ति** | | | | | |
| १.१ | दर्ता भएका उद्योग (लघु, घरेलु, साना) | सङ्ख्या | ७८०८४ | ८५९०३ | १०९३६१ | १२५००० |
| १.२ | दर्ता भएका वाणिज्य फर्म | सङ्ख्या | ७१४३५ | ७८६९६ | १००४७८ | ११५००० |
| १.३ | औद्योगिक ग्राम सञ्चालन | सङ्ख्या | ० | ३ | ८ | १५ |
| १.४ | उद्यमशीलता विकास तालिम प्राप्त व्यवसायी | सङ्ख्या | ४८७० | ५७२५ | ८२९० | १०००० |
| १.५ | सिप विकास तालिम प्राप्त व्यवसायी | सङ्ख्या | ६८०० | ९००० | १५६०० | २०००० |
| १.६ | प्रविधि हस्तान्तरणबाट लाभान्वित | सङ्ख्या | ११२२ | १२०२ | १४४१ | १६०० |
| १.७ | बिजनेस इन्कुबेशन सेन्टर स्थापना | सङ्ख्या | ० | ० | ६ | ११ |
| १.८ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार उद्योग | सङ्ख्या | ० | २ | ४ | ५ |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| | मेला | | | | | |
| १.९ | युवा उद्यमी कार्यक्रमबाट लाभान्वित युवा उद्यमी | सङ्ख्या | ० | ० | ७५ | १२५ |
| १.१० | निर्यातयोग्य उद्योगको स्थापना | सङ्ख्या | ० | ० | २ | ३ |
| १.११ | प्रादेशिक औद्योगिक क्षेत्र | सङ्ख्या | ० | ० | १ | २ |
| १.१२ | मझौला र ठुला उद्योग | सङ्ख्या | ० | ० | २५ | ५० |
| १.१३ | उद्योग क्षेत्रबाट रोजगारी सिर्जना | सङ्ख्या | २५३५५२ | २६९१९० | ३१६१०६ | ३४७३८४ |
| १.१४ | उद्योग क्षेत्रको कुल गार्हस्थ उत्पादनमा योगदान | प्रतिशत | ३.३ | ३.५ | ४.० | ४.५ |
| **२.** | **पर्यटन तथा सम्पदा** | | | | | |
| २.१ | व्यवस्थित र प्रवर्द्धित सामुदायिक होमस्टे | वटा | ३२४ | ३२८ | ३४१ | ३५० |
| २.२ | प्रमुख पर्यटकीय गन्तव्य पहुँच विन्दु पक्की सडक | सङ्ख्या | ८८ | ९० | १०० | ११० |
| २.३ | हिमाली तथा पहाडी क्षेत्रमा निर्माण भएका नयाँ पदमार्ग | कि.मि. | १०८ | १४० | ५२० | ७०० |
| २.४ | हिमाली र पहाडी क्षेत्रमा निर्माण/ स्तरोन्नत/ व्यवस्थापन भएका पदमार्ग लम्बाइ | कि.मि. | ० | ६० | २०० | ४०० |
| २.५ | बाह्य पर्यटकले गर्ने दैनिक औसत खर्च | यूएस डलर | ४०.५ | ४२ | ४८ | ६५ |
| २.६ | बाह्य पर्यटकको औसत बसाइँ अवधि | दिन | १३.१ | १५.५ | १६.५ | १८.० |
| २.७ | प्रवर्द्धित सुचारु कोशेली घर | वटा | १ | ६ | ९ | १२ |
| २.८ | वार्षिक बाह्य पर्यटक आगमन सङ्ख्या | हजारमा | २४५ | ३७१ | ७२८ | १००० |
| २.९ | निर्माण, स्तरोन्नति र प्रवर्द्धित पर्यटकीय पार्क | वटा | ४० | ५० | ८० | १०० |
| २.१० | पर्यटक सूचना केन्द्र | वटा | ० | १ | ३ | ५ |
| २.११ | पूर्वाधार निर्माण/स्तरोन्नति प्रमुख पर्यटकीय गन्तव्य | वटा | ० | ० | १६ | २० |
| २.१२ | प्रोफाइल अद्यावधिक भएका पर्यटकीय गन्तव्यस्थल | सङ्ख्या | ४ | ५ | ८ | ११ |
| २.१३ | पहिचान भएका वैकल्पिक पदमार्ग | वटा | ५ | ५ | ८ | १० |
| २.१४ | आध्यात्मिक तथा योग साधना केन्द्रको रूपमा विकास भएका पर्यटकीय गन्तव्य | वटा | ० | ० | ५ | ५ |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| २.१५ | अन्तर्राष्ट्रियस्तरको सभा तथा सम्मेलन हल | वटा | ० | ० | ० | १ |
| २.१६ | निर्माण तथा स्तरोन्नति गरिएका साईकल ट्र्याक | कि.मि. | ० | ० | २५ | ५० |

स्रोत: गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार

# परिच्छेद ७

# सर्वसुलभ स्वास्थ्य तथा जनसाङ्ख्यिक लाभ


| | |
|---|---|
| ७.१ पृष्ठभूमि | १२१ |
| ७.२ विद्यमान अवस्था | १२२ |
| ७.३ मुख्य सवाल तथा चुनौती | १२४ |
| ७.४ रूपान्तरणका रणनीति | १२६ |
| ७.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम | १२९ |
| ७.६ परिमाणात्मक लक्ष्य | १३३ |

# परिच्छेद ७

# सर्वसुलभ स्वास्थ्य तथा जनसाङ्ख्यिक लाभ

## ७ १ पृष्ठभूमि

नेपालको संविधानले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा र स्वास्थ्य सेवामा समान पहुँचलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । अत्यावश्यक सेवाका रूपमा रहेको स्वास्थ्य सेवालाई बढी सक्षम, सुदृढ, सेवामूलक र जनउत्तरदायी बनाउन नेपाल सरकारले स्वास्थ्य सेवा ऐन लगायतका नीतिगत तथा कानुनी व्यवस्था गरेको छ। गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको सर्वव्यापी पहुँच कायम गर्दै अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयन र स्वास्थ्य क्षेत्रका समस्या तथा चुनौतीलाई सम्बोधन गर्न राष्ट्रिय स्वास्थ्य नीति, २०७६ जारी भई कार्यान्वयनमा रहेको छ। नागरिकको पोषण अवस्थामा दिगो सुधार गरी समग्र स्वास्थ्यमा गुणात्मक सुधार ल्याउन राष्ट्रिय पोषण नीतिको तर्जुमाका साथै विकास साझेदार संस्थासँगको साझेदारीमा बहुक्षेत्रीय पोषण कार्यक्रम लगायतका कार्यक्रम सञ्चालनमा रहेका छन्।

वर्तमान सङ्घीय संरचनामा तीनवटै तहको सरकारको अधिकार क्षेत्रका रूपमा रहेको स्वास्थ्य सेवामा प्रादेशिक संरचनाको खाका निर्माण भई स्वास्थ्य प्रणालीको एकीकृत विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको छ । जनस्वास्थ्यप्रति उत्तरदायी संयन्त्रको विकास एवम् आधुनिक उपकरण र विशेषज्ञ चिकित्सकको व्यवस्था गरी सबै नागरिकलाई आधारभूत, विशेषज्ञ र विशिष्टीकृत स्वास्थ्य सेवामा सहज पहुँच उपलब्ध गराउन अन्तरसरकार साझेदारीको आवश्यकतालाई महसुस गरिएको छ । स्वस्थ तथा उत्पादनशील जनशक्ति तयार गर्न गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्वका रूपमा रहेको छ । स्वास्थ्य क्षेत्रको व्यवस्थापनमा नवीनता तथा चुस्तता कायम गरी सामाजिक न्यायको आधारमा समतामूलक स्वास्थ्य सेवा प्रदान गर्न पर्याप्त लगानीको आवश्यकता रहेको छ।

संविधानले जनसङ्ख्या व्यवस्थापनका सवाललाई तीनवटै तहको अधिकार क्षेत्रभित्र समावेश गरेको छ। जनसङ्ख्या व्यवस्थापन तथा बसाइँसराइसँग सम्बन्धित समसामयिक सवाललाई सम्बोधन गरी जनसाङ्ख्यिक लाभको उपयोगलाई विकासको मूलप्रवाहमा समाहित गर्दै अगाडि बढ्नु जरुरी देखिन्छ।

## ७.२ विद्यमान अवस्था

### ७.२.१ जनस्वास्थ्य तथा पोषण

सङ्घीय संरचनामा गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच कायम गर्न प्रदेश सरकारको महत्त्वपूर्ण भूमिका रहेको छ । गण्डकी प्रदेशभित्र २० सरकारी अस्पताल, ३८ आधारभूत अस्पताल, ७० निजी अस्पताल, २० प्राथमिक स्वास्थ्य केन्द्र, ४८० स्वास्थ्य चौकी, २०८ सामुदायिक स्वास्थ्य एकाइ, १०४ सहरी स्वास्थ्य केन्द्र, २०८ आधारभूत स्वास्थ्य सेवा केन्द्र र आयुर्वेद सेवातर्फ गण्डकी तथा धौलागिरी गरी २ वटा आयुर्वेद औषधालय, ९ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र ५५ आयुर्वेद औषधालय सञ्चालनमा रहेका छन् ।

गण्डकी प्रदेशमा नागरिकको स्वास्थ्य अवस्था सुधार गर्ने दिशामा उल्लेखनीय उपलब्धि हासिल भएका छन् । कोभिड-१९ को महामारीको नकारात्मक प्रभावका बावजुद अपेक्षित औसत आयु वृद्धि र शिशुको जीवनरक्षा तथा संक्रामक रोग नियन्त्रणको क्षेत्रमा अन्य प्रदेशको तुलनामा उच्च प्रगति हासिल भएको छ । नेपालमा पछिल्लो दुई दशकमा शिशु मृत्युदरमा सुधार हुँदै २१ प्रति हजार जीवित जन्ममा स्थिर रहेकोमा गण्डकी प्रदेशमा प्रति हजार जीवित जन्ममा ८ रहेको छ । त्यसैगरी, पाँच वर्ष मुनिको बाल मृत्युदर प्रति हजार जीवित जन्ममा २३, पाँच वर्षमुनिका बालबालिकामा हुने पुड्कोपनको दर १९.७ प्रतिशत र दक्ष प्रसूतिकर्मीको सहयोगमा भएको जन्मदर ८९ प्रतिशत रहेको छ । मातृ मृत्युको सन्दर्भमा भने नेपालमा मातृ मृत्युदर प्रति लाख जीवित जन्ममा १५१ रहेकोमा गण्डकी प्रदेशमा हाल १६१ रहेको छ । हालसम्म आइपुग्दा गण्डकी प्रदेशलाई पूर्ण खोप सुनिश्चित प्रदेशका रूपमा घोषणा भई सकेको छ । गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरणको मार्गचित्र (२०७९-२०८७) ले स्वास्थ्य तथा पोषण क्षेत्रको बृहत्तर सुधार गरी अपेक्षित औसत आयु ८० वर्ष, मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा ७० र ५ वर्ष मुनिको बाल मृत्युदर प्रतिहजार जीवित जन्ममा १५ पुऱ्याउने लक्ष्य लिएको छ ।

### ७.२.३ जनसङ्ख्या तथा बसाइँसराइ व्यवस्थापन

नेपालको संविधानले जनसङ्ख्या व्यवस्थापनको सवाललाई तीनवटै तहको साझा अधिकारको सूचीमा राखेको छ । विकासका सबै प्रयासको केन्द्रविन्दु र सबै प्रतिफलको उपभोक्ता जनसङ्ख्या नै रहेको महसुस गरी उत्पादनशील र स्तरीय जीवनयापनको वातावरण तयारी र जनसङ्ख्याका सवाललाई विकाससँग एकीकरण गर्न राष्ट्रिय जनसङ्ख्या नीति, २०७१ तयार गरिएको छ । जनसङ्ख्यासम्बन्धी दीर्घकालीन योजना (२०६७–२०८७) ले जनसङ्ख्याको संरचना, बनोट तथा परिचालनमा देशको आर्थिक, सामाजिक

र सांस्कृतिक विकासको आधार खडा हुने विश्वासका साथ जनसङ्ख्याको बनावट, संरचना तथा वितरणलाई उपलब्ध स्रोतसापेक्ष व्यवस्थित गराउनेतर्फ महत्त्व दिएको छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार गण्डकी प्रदेशको कुल जनसङ्ख्या २४,६६,४२७ रहेको छ। जसमध्ये पुरुषको सङ्ख्या ११,७०,८३३ (४७.४७ प्रतिशत), महिलाको सङ्ख्या १२,९५,५९४ (५२.५३ प्रतिशत) र अन्य लिङ्गी (लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक) को जनसङ्ख्या २,९२८ (०.०१ प्रतिशत) रहेको छ। प्रदेशको वार्षिक जनसङ्ख्या वृद्विदर ०.२५ प्रतिशत रहेको छ। जनसङ्ख्या वृद्विदर ऋणात्मक हुने जिल्लामा मनाङ, पर्वत, स्याङ्जा, गोरखा, बागलुङ, लमजुङ, तनहुँ र म्याग्दी रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार लैङ्गिक अनुपात प्रति १०० जना महिलामा ८३.०८ पुरुष रहेकोमा हाल जनगणना २०७८, अनुसार ९०.३७ रहेको छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार गण्डकी प्रदेशको जनघनत्व ११०.६ जना प्रतिवर्ग किलोमिटर रहेकोमा राष्ट्रिय जनगणना, २०७८ अनुसार ११५ जना प्रतिवर्ग किलोमिटर हुनपुगेको छ। जनसाङ्ख्यिक लाभको लाभांश हासिल गर्न सकिने १५ देखि ५९ वर्ष उमेर समूहको जनसङ्ख्या कुल जनसङ्ख्याको ६२.८ प्रतिशत रहेको छ।

बसाइँसराइको अवस्था हेर्दा राष्ट्रिय जनगणना, २०७८ अनुसार यस प्रदेशमा जम्मा २,०७,९१० (३१.४ प्रतिशत) परिवारबाट २,८६,५९३ जना विदेश गएको देखिन्छ। यस प्रदेशमा प्रति परिवार सदस्य औसतमा ३.७२ जना रहेको छ जसको अनुपात २०६८ सालमा ४.१६ जना रहेको थियो। राष्ट्रिय जनगणना, २०७८ अनुसार जन्मस्थान र हालको बसोबास एउटै गाउँपालिका वा नगरपालिका भएका व्यक्तिको जनसङ्ख्या ६५.८ प्रतिशत रहेको छ। बसाइँ सरेका कुल ८,८९,०९९ जनामध्ये सबैभन्दा बढी २९.० प्रतिशत व्यक्तिको पछिल्लो पटक बसाइँ सरेको अवधि १०–२४ वर्ष रहेको छ भने सबैभन्दा कम ३.६ प्रतिशत व्यक्तिको पछिल्लो पटक बसाइँ सरेको अवधि ५० वर्षभन्दा बढी रहेको देखिन्छ। यसैगरी, यस अघिको बसोबास गरेको स्थानबाट गणना भएको स्थानमा आउनुको मुख्य कारणमा सबैभन्दा बढी विवाह ३२.३ प्रतिशत, काम अथवा रोजगारी १६.४ प्रतिशत, व्यापार अथवा व्यवसाय ३.७ प्रतिशत, अध्ययन अथवा तालिम ९.१ प्रतिशत, आश्रित १९.१ प्रतिशत, प्राकृतिक प्रकोप ०.५ प्रतिशत, कृषि २.१ प्रतिशत, घर फर्किएको ६.३ प्रतिशत र अन्य ६.१ प्रतिशत रहेको छ। आफ्नै स्थानीय तहबाहेकबाट बसाइँसराइ गरी आएकाको जनसङ्ख्या ८,८९,०९९ अथवा कुल जनसङ्ख्याको ३६.०५ प्रतिशत रहेको छ।

## ७.३ मुख्य सवाल तथा चुनौती

### ७.३.१ जनस्वास्थ्य तथा पोषण

**(१) गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच कायम गर्नु:** प्रदेशभित्र आधारभूत पूर्वाधार सहितका विशिष्टीकृत तथा विशेषज्ञ सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सीमित र निश्चित क्षेत्रमा केन्द्रित रहेका छन्। स्वास्थ्य बिमा कार्यक्रम प्रतिको जनविश्वास र प्रभावकारितामा कमी रहेको छ । निःशुल्क वितरण गरिने औषधीको सहज उपलब्धता र सरकारी स्वास्थ्य संस्थामा उपलब्ध सेवाको गुणस्तर सुधार गर्न आवश्यक छ । विपन्न तथा सीमान्तकृत समुदायमा सुरक्षित मातृत्व र परिवार नियोजनका सेवा लगायत आधारभूत स्वास्थ्य सेवा पुऱ्याउन कठिनाइ रहेको छ । मानसिक स्वास्थ्य समस्या तथा आत्महत्या नियन्त्रणका लागि मनोपरामर्श सेवाको कमी रहेको छ । आधुनिक, आयुर्वेद तथा वैकल्पिक, प्राकृतिक चिकित्सा सेवाको पहुँच विस्तार गर्दै स्वास्थ्य क्षेत्रको समग्र विकास र स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच स्थापित गर्न स्रोत व्यवस्थापन गर्नु चुनौतीपूर्ण रहेको छ ।

**(२) स्वास्थ्य पूर्वाधारको सुदृढीकरण गर्नु:** स्वास्थ्य संस्थामा आधुनिक सुविधा सहितको भवन तथा अन्य सहायक पूर्वाधार निर्माण पर्याप्त रूपमा हुन सकेको छैन । स्वास्थ्य संस्थामा पर्याप्त औजार तथा सामग्रीको उपलब्धता कायम गर्न जरुरी रहेको छ । पुराना भौतिक संरचनाको सुधार तथा सुदृढीकरण र नयाँ संरचना निर्माण गर्न स्रोतको सीमितता रहेको छ । विद्यमान स्वास्थ्य संस्थाको सुदृढीकरण गरी विशेषज्ञ सेवालाई सहज तथा गुणस्तरीय बनाउनु र भौगोलिक रूपमा सन्तुलन कायम हुने गरी विशिष्टीकृत स्वास्थ्य सेवा सहितको अस्पताल स्थापना गर्नु चुनौतीका रूपमा रहेको छ ।

**(३) स्वास्थ्य क्षेत्रको जनशक्ति विकास गर्नु:** स्वास्थ्य संस्थामा पर्याप्त दरबन्दी, वृत्ति विकासको अवसर र उत्प्रेरणामा कमी रहेको छ । स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिलाई समय सापेक्ष तालिम तथा प्रशिक्षण र  काम गर्ने उपयुक्त वातावरण सिर्जना गर्नु आवश्यक रहेको छ । सबै प्रकृतिका स्वास्थ्य संस्थाको आवश्यकता बमोजिम जनशक्ति विकास, उपलब्धता तथा परिचालन चुनौतीका रूपमा रहेको छ । मुख्य सहरी क्षेत्र बाहिरका अस्पतालमा विशेषज्ञ तथा दक्ष जनशक्तिको व्यवस्था र दुर्गम स्वास्थ्य संस्थामा जनशक्तिको उपलब्ध गराउनु प्रमुख चुनौतीका रूपमा रहेको छ ।

**(४) स्वास्थ्य क्षेत्रको संरचनागत र व्यवस्थापकीय सुधार गर्नु:** अत्यावश्यक तथा निःशुल्क औषधी खरिदका लागि स्रोतको कमी रहेको छ । आन्तरिक नियन्त्रणमा प्रभावकारिता र स्वास्थ्य संस्थामा सुशासनका औजारको प्रभावकारी उपयोग हुन सकेको छैन । स्थानीय तहमा रहेका स्वास्थ्य संस्थामा

संस्थागत तथा व्यवस्थापकीय क्षमता सुदृढ गर्नु आवश्यक रहेको छ। खोप सेवाको लागि कोल्ड चेन व्यवस्थापन र महामारी तथा विशेष अवस्थामा चाहिने बफर स्टक तथा डाईग्नोष्टिक किटको व्यवस्था सहज हुन सकेको छैन। स्वास्थ्य तथा पोषणको क्षेत्रमा सामाजिक तथा सांस्कृतिक व्यवधान कायमै रहेका छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार स्वास्थ्यका लागि सुदृढ प्रणाली स्थापना गर्नु चुनौती रहेको छ।

### ७.३.२ जनसङ्ख्या तथा बसाइँसराइ व्यवस्थापन

(१) **नीति तथा संस्थागत संरचनाको प्रभावकारिता कायम गर्नु:** विकास तथा जनसङ्ख्या व्यवस्थापनका सम्बन्धमा व्यवस्थित अध्ययन तथा अनुसन्धान र जनसाङ्ख्यिक नीति तथा कार्यक्रममा अन्तरसरकार समन्वय एवम् सहकार्यमा कमी रहेको छ। नीति तथा कार्यक्रम तर्जुमा गर्दा जनसाङ्ख्यिक सूचक र आर्थिक तथा भौतिक विकासका सूचकबिच सन्तुलन कायम गर्न सकिएको छैन। सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको सहभागितामा जनसङ्ख्या व्यवस्थापनमा प्रभावकारिता कायम गर्नु चुनौतीका रूपमा रहेको छ।

(२) **जनसङ्ख्याको वितरण सन्तुलित तुल्याउनु:** जनसङ्ख्याको भौगोलिक रूपमा असमान वितरण तथा एकतर्फी बसाइँसराइमा वृद्धि हुँदै गएको छ। विवाह, परिवार नियोजनका साधनको माग एवम् उपयोग, प्रजनन तथा प्रजनन स्वास्थ्य अधिकारलाई व्यावहारिक रूपमा स्थापित हुन सकेको छैन। आन्तरिक बसाइँसराइले गर्दा तीव्ररूपमा बढ्दै गएको सहरी जनसङ्ख्याको बढ्दो दवावलाई व्यवस्थापन गर्नु चुनौतीको रूपमा रहेको छ।

(३) **जनसाङ्ख्यिक लाभांशको उपयोग गर्नु:** ज्येष्ठ नागरिकको बढ्दो जनसङ्ख्यालाई व्यवस्थापन गर्ने र सामाजिक तथा जनसाङ्ख्यिक सन्तुलन कायम गर्ने महत्त्वपूर्ण सवालका रूपमा रहेको छ। जनसाङ्ख्यिक लाभांशको रूपमा रहेको युवा जनशक्ति विदेशिनबाट रोकी स्वदेशमै सम्मानजनक रोजगारीको अवसर सिर्जना गर्नु मुख्य चुनौतीका रूपमा रहेको छ।

(४) **जनसङ्ख्याको चापलाई विकेन्द्रित गर्नु:** आन्तरिक बसाइँसराइ सन्तुलित तथा व्यवस्थित हुन सकेको छैन। ग्रामीण क्षेत्रमा गुणस्तरीय सेवा सुविधा विस्तार गर्नु, दिगो तथा उत्थानशील एकीकृत बस्तीको विकास गर्नु र निजी क्षेत्रका आर्थिक गतिविधिलाई ग्रामीण क्षेत्रमा आकर्षित गर्नु चुनौतीका रूपमा रहेको छ।

**(५) विदेशमा रहेको नेपाली जनशक्तिलाई आकर्षित गर्नु:** विदेशमा सिकेको सिपलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न सकिएको छैन । गैर-आवासीय नेपालीलाई देश फिर्ता हुने वातावरण तयार गर्नु र गैर-आवासीय नेपालीको लगानीलाई आकर्षित गर्नु चुनौतीका रूपमा रहेको छ ।

## ७.४ रूपान्तरणका रणनीति

### ७.४.१ जनस्वास्थ्य तथा पोषण

**(१) गुणस्तरीय आधारभूत एवम् विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्ने:** स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चितताका लागि सुदृढ स्वास्थ्य प्रणालीको विकास गरिने छ। आधारभूत, विशेषज्ञ एवम् विशिष्टीकृत स्वास्थ्य सेवा विस्तारका लागि आवश्यक पूर्वाधार विकास गरिने छ । प्रदेशस्तरका रणनीतिक स्थानमा रहेका अस्पतालमा विशिष्टकृत स्वास्थ्य सेवा विस्तार गरिने छ । प्रदेशमा खरिद गरिने तथा अन्य संस्थाबाट आपूर्ति हुने औषधिजन्य सामग्रीको गुणस्तर परीक्षणको व्यवस्था गरिने छ । प्रत्येक परिवारलाई बिमित हुन प्रोत्साहित गरी बिमा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । स्वास्थ्य बिमा कार्यक्रम अन्तरगत अत्यावश्यक सेवाको लागि रेफर कार्ड विना तोकिएका स्वास्थ्य संस्थामा उपचार हुने व्यवस्था मिलाउन पहल गरिने छ । कम्तिमा ३० मिनेट समयको दुरीमा आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गरी स्वास्थ्य सेवामा सबै नागरिकको सर्वसुलभ पहुँच सुनिश्चिता र स्वास्थ्य सेवा उपयोगमा वृद्धि गरिने छ ।

**(२) स्वास्थ्यका बृहत निर्धारक तत्वको सम्बोधन गर्ने:** स्वास्थ्यका निर्धारक तत्वलाई सम्बोधन गर्न संस्थागत तथा नीतिगत व्यवस्था र बहुक्षेत्रीय सहकार्य गरिने छ । **"सबै नीतिमा स्वास्थ्य"** को अवधारणा अवलम्बन गरिने छ । व्यक्तिगत, पारिवारिक तथा सामुदायिक स्वास्थ्य प्रवर्द्धनका लागि स्वस्थकर जीवनशैलीको अभिवृद्धि र व्यवहार परिवर्तनलाई प्रवर्द्धन गरिने छ । स्वास्थ्य क्षेत्रमा दिगो लगानी सुनिश्चित गरिने छ । आत्महत्या, मानसिक तथा एचआइभि एड्स लगायतका नसर्ने रोग रोकथाम तथा नियन्त्रण गर्न स्वास्थ्यका सामाजिक निर्धारकको यथोचित सम्बोधन हुने गरी प्रादेशिक बहुक्षेत्रीय कार्ययोजना निर्माण तथा कार्यान्वयन गरिने छ । जनस्वास्थ्य जोखिमलाई न्यूनीकरण गर्न विषादिको प्रयोग, सडक दुर्घटना, लागु औषध दुर्व्यसनको रोकथाम तथा नियन्त्रण र सुर्तीजन्य पदार्थ, मदिरा एवम् जनस्वास्थ्यका दृष्टिले हानिकारक वस्तुको असर सम्बन्धमा जनचेतना अभिवृद्धि गरिने छ ।

**(३) व्यायाम, योग र ध्यानको प्रवर्द्धन तथा आयुर्वेद एवम् वैकल्पिक चिकित्सा पद्धतिको विस्तार गर्ने:** योग तथा ध्यानलाई नागरिकको दैनिकी बनाउन विद्यार्थी, कर्मचारी लगायत आम नागरिकलाई योग ध्यानबारे प्रशिक्षित गरिने छ। सामुदायिक योग केन्द्र एवम् खुल्ला व्यायामशालाको निर्माण तथा विस्तार गरिने छ। शरीर शुद्धीकरणका लागि पञ्चकर्म, योग एवम् अभ्यङ्ग (मालिस), स्नेहन (शिरोधारा), स्वेदन (औषधीय वाफ, सौना) र प्राकृतिक चिकित्सा सेवा प्रदान गर्ने गरी केन्द्रको विकास गरिने छ।

**(४) स्वास्थ्य सेवा प्रणालीलाई प्रभावकारी बनाउने:** स्वास्थ्य सेवा प्रणालीका सम्पूर्ण अवयवको सुदृढीकरण गरी स्वास्थ्य क्षेत्रमा सुशासन कायम गरिने छ। स्वास्थ्य क्षेत्रको विकासमा साझेदारी तथा सहकार्यमा अभिवृद्धि गरिने छ। समग्र स्वास्थ्य क्षेत्रको सबलीकरणमा अन्तरसरकार, निजी क्षेत्र र विकास साझेदार संस्थासँग सहकार्यको अभिवृद्धि गरिने छ। स्वास्थ्यमा संलग्न मानव संसाधनको जिम्मेवारी विश्लेषण तथा आवश्यकता पहिचान गरी थप एवम् नयाँ कार्यजिम्मेवारी सहित आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ। स्वास्थ्य क्षेत्रमा अपेक्षित उपलब्धि हासिल गर्न आयोजना तथा क्रियाकलापमा हुने दोहोरोपना हटाई स्रोत साधनको उच्चतम उपयोग गरिने छ। स्वास्थ्य अनुसन्धानमा विश्वविद्यालय तथा प्राज्ञिक क्षेत्रसँग सहकार्य गर्दै स्वास्थ्यसम्बन्धी निर्णय प्रक्रियालाई तथ्यमा आधारित बनाउन स्वास्थ्यकर्मीको सेवासम्बन्धी प्रोत्साहन कार्यक्रमको आवश्यक व्यवस्था गरिने छ। चिकित्सक तथा स्वास्थ्यकर्मीको दक्षता अभिवृद्धि तथा चिकित्सा सेवाको गुणस्तर सुदृढ गर्न चिकित्सकिय संपरीक्षण, पेशागत विकास र चिकित्सा शिक्षा लगायतका जनस्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिने छ।

**(५) स्वास्थ्य क्षेत्रमा दिगो लगानी तथा सामाजिक सुरक्षा प्रवर्द्धन गर्ने:** बजेट विश्लेषण तथा सार्वजनिक खर्चको लेखाजोखा गरी स्वास्थ्य क्षेत्रमा हुने लगानी तथा खर्चको अनुगमनका आधारमा पर्याप्त बजेट विनियोजन गरिने छ। निजी स्वास्थ्य संस्थाबाट प्रवाह हुने स्वास्थ्य सेवाको वैज्ञानिक मूल्य निर्धारण गरी लागु गरिने छ। कर्पोरेट सामाजिक उत्तरदायित्व अन्तर्गत निजी क्षेत्रलाई स्वास्थ्यमा लगानी गर्न प्रेरित गरिने छ।

**(६) पोषणमैत्री जीवनशैलीमार्फत जनस्वास्थ्य प्रवर्द्धन गर्ने:** गुणस्तरीय र स्वस्थकर खाद्य वस्तुमा पहुँच र उपयोगमा वृद्धि गरिने छ। कुपोषण न्यूनीकरणका लागि स्वस्थ व्यवहारको प्रवर्द्धन गरिने छ। पोषण-विशेष तथा पोषण-संवेदनशील सेवाको पहुँच र उपभोग बढाई स्वस्थ जीवनशैली अवलम्बनलाई प्रोत्साहन गरिने छ। पोषण व्यवहार तथा जीवनशैली परिवर्तनका लागि समन्वय तथा

साझेदारीबाट बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन गरिने छ। अस्वस्थकर खाद्य पदार्थ, तयारी पेय पदार्थ, प्रशोधित खाना आदिको बजारीकरणलाई नियमन, उपभोग निरुत्साहन र गुणस्तर नियन्त्रण गरिने छ। जीवन चक्रको अवधारणाअनुसार महिला, बालबालिका, किशोरकिशोरी र ज्येष्ठ नागरिकको पोषण स्थितिमा सुधार गरिने छ। सुर्तीजन्य पदार्थ, मदिरा, रासायनिक पदार्थ, विषादि तथा अखाद्य वस्तुमा हुने मिसावट र प्रयोगलाई नियन्त्रण तथा नियमन गरिने छ। नसर्ने रोगको अध्ययन, अनुसन्धान, निगरानी, रोकथाम, नियन्त्रण तथा निवारणका कार्यक्रम तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ।

**७.४.२ जनसङ्ख्या तथा बसाइँसराइ व्यस्थापन**

**(१) जनसाङ्ख्यिक वितरणलाई सन्तुलित बनाउन व्यावहारिक तथा नीतिगत सुधार गर्नेः** जनसङ्ख्या तथा बसाइँसराइको व्यवस्थापनका लागि प्रादेशिक नीति, कानुन तथा योजना तयार गरी कार्यान्वयन गरिने छ। जनसङ्ख्या व्यवस्थापनका नवीनतम अवधारणाको अवलम्बन सहित जनसाङ्ख्यिक व्यवस्थापन कार्यक्रम तर्जुमा तथा सञ्चालन गरिने छ। जनसाङ्ख्यिक गतिविधि सम्बन्धी सूचना व्यवस्थित तथा एकीकृत गर्न सूचना प्रणालीको विकास गरिने छ। विकास र जनसङ्ख्या व्यवस्थापनका बिचमा हुने सम्बन्धलाई नियमित रूपमा अध्ययन तथा अनुसन्धान गर्ने परिपाटीको विकास गरिने छ। जनसाङ्ख्यिक लाभांशको लाभ हासिल गर्न युवा उद्यमशीलता, खेलकुद र सामाजिक जागरण लगायतका कार्यक्रममार्फत आर्थिक रूपले सक्रिय जनसङ्ख्या र आर्थिक तथा सामाजिक विकासका आधारबिचमा तालमेल कायम गरिने छ। स्वास्थ्य संस्था तथा पञ्जीकरण र तथ्याङ्क प्रणालीबिच आबद्धतामार्फत जन्म तथा मृत्युको विवरण अद्यावधीकरण गरिने छ।

**(२) विकास प्रक्रियामा जनसाङ्ख्यिक सवाललाई आन्तरिकीकरण एवम् मूलप्रवाहीकरण गर्नेः** योजना तर्जुमा तथा कार्यान्वयन चरणमा जनसाङ्ख्यिक लाभांशको उच्चतम उपयोग गर्ने सवाललाई प्राथमिकताका साथ समावेश गरिने छ। सक्रिय जनशक्तिलाई आर्थिक-सामाजिक क्षेत्रको विकासमा योगदान पुऱ्याउनेतर्फ परिचालन गर्न उत्प्रेरित गरिने छ। तुलनात्मक लाभका क्षेत्रमा व्यवसाय सञ्चालन तथा रोजगारीका अवसर उपलब्ध हुने वातावरण तयार गरिने छ।

**(३) सन्तुलित विकासमार्फत आन्तरिक बसाइँसराइलाई व्यवस्थित गर्नेः** विकेन्द्रीकृत बस्ती विकास तथा सहरीकरणको प्रवर्द्धनका लागि उपयुक्त स्थानको पहिचान गरिने छ। बसाइँसराइलाई सुरक्षित एवम् योजनाबद्ध बनाउन सङ्घ, स्थानीय तह र अन्य सरोकारवालासँग सहकार्य गरिने छ। ग्रामीण

क्षेत्रका सम्भाव्य स्थानलाई आर्थिक केन्द्रको रूपमा विकास गरी ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा हुने अनियन्त्रित बसाइँसराइलाई निरुत्साहित गरिने छ। जोखिममुक्त क्षेत्रको पहिचान गरी उपयुक्त स्थानमा मनोरम एवम् सुविधायुक्त बस्तीको निर्माण र प्रवर्द्धन गरिने छ। आधारभूत सेवाको विस्तार, सेवामा सहुलियत जस्ता नीतिगत व्यवस्था गरी "गाउँमै बसौं" अभियान सञ्चालन गरिने छ।

(४) **बौद्धिक जनशक्तिलाई आकर्षण गर्न उपयुक्त परिवेश र अवसर तयार गर्ने:** बौद्धिक विकास र उपयोगको लागि अध्ययन तथा अनुसन्धान र व्यावसायिक विकास लगायत तुलनात्मक लाभका अवसर सिर्जना गरी बौद्धिक जनशक्ति आकर्षणको वातावरण तयार गरिने छ। बौद्धिक पलायन रोक्न र पलायन भइसकेको बौद्धिक जनशक्तिलाई प्रदेशभित्रै पुनःस्थापित गर्न अन्तरसरकार एवम् अन्य सरोकारवालासँग साझेदारी तथा सहकार्य गरिने छ। वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिको सिप तथा दक्षता खुल्ने तथ्याङ्कीय प्रणालीको विकास गरी सिप र क्षमताको सदुपयोग गर्न सहयोगी वातावरण सिर्जना गरिने छ।

## ७.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

### ७.५.१ जनस्वास्थ्य तथा पोषण

**(क) विशेषज्ञ तथा विशिष्टीकृत सेवा विस्तार कार्यक्रम:**

१. ट्रमा अस्पताल निर्माण आयोजना;
२. अन्तरङ्ग सेवा सहितको विशिष्टकृत मानसिक स्वास्थ्य सेवा विस्तार;
३. मातृशिशु, महिला तथा बाल अस्पताल निर्माण;
४. प्रदेशस्तरीय अस्पतालको निर्माण;
५. अस्पताल स्थापना तथा स्तरोन्नति;
६. प्राथमिक स्वास्थ्य केन्द्र स्तरोन्नति;
७. उच्च भेगीय रोग व्यवस्थापन प्रशिक्षण केन्द्र स्थापना;
८. फिजियोथेरापी र पुनःस्थापना केन्द्र सञ्चालन;
९. विशेषज्ञ चिकित्सक परिचालन;
१०. विशेषज्ञ घुम्ती सेवा सञ्चालन।

**(ख) आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा पहुँच विस्तार कार्यक्रम:**

१. विस्तारित स्वास्थ्य सेवा (एक चिकित्सक/स्वास्थ्यकर्मी-एक स्वास्थ्य संस्था) कार्यक्रम;

२. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको विस्तार;

३. प्रादेशिक आपत्कालीन स्वास्थ्य केन्द्र सुदृढीकरण;

४. विपद् संवेदनशील प्राथमिक उपचार कक्ष निर्माण तथा विस्तार;

५. स्वास्थ्य बिमा कार्यक्रम;

६. स्वास्थ्य सेवाप्रवाहका लागि सिप मिश्रित जनशक्ति विकास कार्यक्रम;

७. सामाजिक सुरक्षा एकाइ सुदृढीकरण;

८. आमा प्रतिक्षा गृह निर्माण;

९. जिल्लास्थित अस्पतालमा चिकित्सक सहितको आँखा उपचार सेवा विस्तार;

१०. क्षयरोग निदान तथा उपचार कार्यक्रम;

११. अत्यावश्यक औषधी व्यवस्थापन;

१२. आकस्मिक कोष सुदृढीकरण;

१३. एम्बुलेन्स सेवा कार्यक्रम;

१४. एचआइभि तथा एड्स निरोधात्मक, उपचारात्मक तथा सचेतनामूलक कार्यक्रम

१५. विद्यालय नर्स कार्यक्रम।

**(ग) गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धन कार्यक्रमः**

१. स्वास्थ्य क्षेत्र सुशासन प्रवर्द्धन कार्यक्रम;

२. मुख स्वास्थ्य प्रवर्द्धन कार्यक्रम;

३. स्वास्थ्य संस्था डिजिटलाइजेसन (कागजरहित स्वास्थ्य सेवा) कार्यक्रम;

४. संस्थागत स्मृति प्रणालीको विकास;

५. चिकित्सकीय सम्परीक्षण प्रणाली विकास;

६. निरन्तर पेशागत विकास कार्यक्रम;

७. औषधी गुणस्तर परीक्षण प्रयोगशाला स्थापना।

**(घ) स्वास्थ्यका निर्धारक तत्वको प्रतिकूल प्रभाव न्यूनीकरण कार्यक्रमः**

१. जुनोटिक रोग तथा प्रतिजैविक प्रतिरोध न्यूनीकरण;

२. एक स्वास्थ्य अवधारणा कार्यक्रम;

३. जनस्वास्थ्य सचेतना कार्यक्रम (दुर्व्यसन, सुर्तीजन्य पदार्थ, मद्यपान एवम् स्वास्थ्यलाई हानीकारक वस्तुको उपभोगलाई निरुत्साहन);

४. मानसिक तथा नसर्ने रोग रोकथाम तथा नियन्त्रण;

५. आत्महत्या निरुत्साहन सचेतना कार्यक्रम;

६. एक स्थानीय तह एक मनोपरामर्शदाता कार्यक्रम;

७. स्वास्थ्य शिक्षा, सूचना तथा जनजागरण कार्यक्रम;

८. जलवायु परिवर्तनबाट हुने स्वास्थ्य असर न्यूनीकरण;

९. खानेपानी गुणस्तर तथा पानीजन्य रोगको निगरानी;

१०. स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन;

११. विषादीको प्रयोग न्यूनीकरण तथा माटो र पोषणको अन्तरसम्बन्ध सम्बन्धी सचेतना कार्यक्रम;

१२. सडक दुर्घटना न्यूनीकरण अध्ययन, सचेतना तथा पैरवी कार्यक्रम ।

**(ङ) आयुर्वेद, योग तथा वैकल्पिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रमः**

१. आयुर्वेद तथा योग शिक्षा कार्यक्रम;

२. आयुर्वेद चिकित्सा सेवा विकास तथा विस्तार;

३. सामुदायिक योग तथा व्यावसायिक योग कार्यक्रम;

४. आयुर्वेद स्वास्थ्य संस्था स्तरोन्नति;

५. एक स्थानीय तह एक आयुर्वेद सेवा केन्द्र कार्यक्रम;

६. प्रादेशिक आयुर्वेद औषधी उत्पादन कार्यक्रम;

७. स्वास्थ्य प्रवर्द्धनका लागि जिम्मेवार नागरिक कार्यक्रम;

८. स्वस्थ जीवनशैली तथा स्वस्थ नागरिक अभियान;

९. नागरिक आरोग्यता कार्यक्रम;

१०. हिलिङ्ग सेण्टर स्थापना;

११. योग केन्द्र तथा खुल्ला व्यायामशाला स्थापना ।

**(च) उत्थानशील स्वास्थ्य प्रणालीको विकास कार्यक्रमः**

१. स्वास्थ्य सेवा प्रदायक निकाय तथा संस्थाको सांगठनिक र व्यवस्थापकीय सर्वेक्षण;

२. स्वास्थ्य क्षेत्र पूर्वाधार विकास;

३. खोप कार्यक्रम सबलीकरण;

४. मानव संसाधन व्यवस्थापन;

५. स्वास्थ्यजन्य उपकरण र अन्य सामग्रीको आवश्यकता, उपलब्धता र सञ्चालनको अवस्था विश्लेषण तथा नियमित निरीक्षण पद्धतिको विकास;

६. गुणस्तरीय स्वास्थ्य अनुसन्धान प्रवर्द्धन;

७. स्वास्थ्यसम्बन्धी कार्यक्रम मूल्याङ्कन;

८. स्वास्थ्य सुधारमा व्यावसायिक सामाजिक उत्तरदायित्व प्रवर्द्धन।

**(छ) पोषण व्यवहार तथा जीवनशैली परिवर्तन कार्यक्रम:**

१. पोषण तथा स्वस्थ आहार सचेतना;

२. कुपोषण न्यूनीकरणका लागि स्वस्थ व्यवहारको प्रवर्द्धन;

३. पोषण-विशेष तथा पोषण-संवेदनशील कार्यक्रम।

**७.५.३ जनसङ्ख्या तथा बसाइँसराइ व्यवस्थापन**

**(क) जनसाङ्ख्यिक लाभांश र संक्रमणकालीन अवस्थाको व्यवस्थापन**:

१. जनसङ्ख्यासम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा तथा सुधार;

२. महिला तथा लक्षित वर्ग आय-आर्जन प्रवर्द्धन;

३. युवा उद्यमी कार्यक्रम;

४. स्वदेशफिर्ती जनशक्ति सिप तथा दक्षता उपयोग र पुनःस्थापना;

५. ज्येष्ठ नागरिकको शारीरिक, मानसिक तथा आध्यात्मिक स्वास्थ्यको प्रवर्द्धन;

६. अल्पसङ्ख्यक समूह लक्षित स्वास्थ्य शिक्षा र आयआर्जन कार्यक्रम;

७. जनसङ्ख्या तथा बसाइँसराइ व्यवस्थापन कार्ययोजना तयारी;

८. जनसङ्ख्या र बसाइँसराइ संरचनात्मक व्यवस्थापन।

**(ख) सबल जनसङ्ख्या सूचना व्यवस्थापन प्रणाली:**

१. प्रादेशिक जनसाङ्ख्यिक सूचना प्रणाली निर्माण;

२. जोखिम क्षेत्रको मूल्याङ्कन;

३. पञ्जीकरण र तथ्याङ्क प्रणाली सुदृढीकरण;

४. जन्म तथा मृत्युको विवरण अद्यावधीकरण;

५. आन्तरिक र बाह्य बसाइँसराइ सूचना व्यवस्थापन प्रणाली विकास।

**(ग) सुरक्षित बसाइँसराइ र योजनाबद्ध बसोबास:**

१. विदेश जानु अघि तथा विदेशबाट फर्किए पछि स्वास्थ्य परीक्षण;

२. सुरक्षित बसाइँसराइ तथा आप्रवासन सचेतना;

३. गाउँमै बसौं कार्यक्रम;

४. एकीकृत बस्ती विकासका लागि सम्भाव्य स्थान पहिचान, विकास तथा विस्तार।

**(घ) जनसङ्ख्या व्यवस्थापन कार्यक्रम:**

१. उत्पादनमूलक व्यवसाय सञ्चालन प्रोत्साहन;

२. परिवार नियोजन प्रवर्द्धन;

३. अनियन्त्रित बसाइँसराइ नियन्त्रण;

४. जनसङ्ख्या र विकासको क्षेत्रमा अध्ययन तथा अनुसन्धान।

## ७.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| **१.** | **जनस्वास्थ्य तथा पोषण** | | | | | |
| १.१ | अपेक्षित औसत आयु (जन्म हुँदाको) | वर्ष | ७१.१ | ७२ | ७३ | ७५ |
| १.२ | प्रति लाख जीवित जन्ममा मातृ मृत्युदर | सङ्ख्या | १६१ | १५० | १०० | ७० |
| १.३ | पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | सङ्ख्या | २३ | २० | १८ | १५ |
| १.४ | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | सङ्ख्या | ८ | ६ | ४ | ३ |
| १.५ | दक्ष प्रसूतिकर्मीको सहयोगमा भएको जन्मको अनुपात | प्रतिशत | ८९ | ९० | ९३ | ९५ |
| १.६ | प्रोटोकलअनुसार चार पटक पूर्वप्रसूति सेवा प्राप्त गर्ने महिला (जीवित जन्ममा) | प्रतिशत | ८४.६ | ८६.० | ८८.० | ९०.० |
| १.७ | प्रोटोकलअनुसार बच्चाको जन्मपछि तीन पटक प्रसूति सेवा प्राप्त गर्ने महिला | प्रतिशत | ३६ | ५० | ६५ | ८० |
| १.८ | कुल बजेटमा स्वास्थ्यको बजेट हिस्सा | प्रतिशत | ६ | ८ | ९ | १० |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १.९ | स्वास्थ्यमा हुने व्यक्तिगत व्ययभार | रुपैंया | ५६.२ | ५० | ४५ | ४० |
| १.१० | जनसङ्ख्यामा टिबि संक्रमितको सङ्ख्या | प्रति लाख | ९९ .५ | ५०.० | २५.० | १५.० |
| १.११ | पाँच वर्षमुनिका  बालबालिकामा पुड्कोपना | प्रतिशत | १९.७ | १८.५ | १५.० | १२ |
| १.१२ | पाँच वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | १८.१ | १६.० | ११.० | ७.० |
| १.१३ | कम तौलका शिशुको जन्म | प्रतिशत | १५ | ११ | ८ | ५ |
| १.१४ | दुई वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | १६ | १४ | ९ | ५ |
| **२.** | **जनसङ्ख्या तथा बसाइँसराइ** | | | | | |
| २.१ | परिवार नियोजनको आधुनिक साधन वा विधिको मागमा सन्तुष्टि दर | प्रतिशत | ४४ | ५० | ६० | ७० |
| २.२ | परिवार नियोजनका साधन प्रयोग दर | प्रतिशत | ३४ | ३६ | ४५ | ५० |
| २.३ | कुल प्रजनन् दर (प्रति महिला) | सङ्ख्या | १.४ | १.५ | १.८ | २ |

*स्रोत: गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार*

# परिच्छेद ८

# शिक्षित, सुसंस्कृत तथा सिपयुक्त मानव पुँजी निर्माण


| | |
|---|---|
| ८.१ पृष्ठभूमि | १३७ |
| ८.२ विद्यमान अवस्था | १३८ |
| ८.३ मुख्य सवाल तथा चुनौती | १४१ |
| ८.४ रूपान्तरणका रणनीति | १४५ |
| ८.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम | १५१ |
| ८.६ परिमाणात्मक लक्ष्य | १५७ |

# परिच्छेद ८
# शिक्षित, सुसंस्कृत तथा सिपयुक्त मानव पुँजी निर्माण

## ८.१ पृष्ठभूमि

स्वस्थ, सुसंस्कृत र दक्ष जनशक्ति विकासले उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिमा योगदानका साथै आत्मनिर्भरता उन्मुख समुन्नत प्रदेश निर्माणमा महत्त्वपूर्ण आधार तयार गर्दछ । एकातर्फ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी तथा बजार माग अनुरूपको जनशक्ति तयार गर्नु आवश्यक छ भने अर्कोतर्फ जनशक्ति उत्पादनसँग सम्बन्धित मूलभूत सेवा तथा सुविधामा पहुँच कायम गर्नु अनिवार्य भएको छ । नेपालको संविधानले शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद र विज्ञान तथा प्रविधि क्षेत्रलाई राज्यका तीनै तहको साझा भूमिका र जिम्मेवारीका रूपमा उल्लेख गरेको छ । संविधानत: मौलिक हकका रूपमा रहेको शिक्षा तथा स्वास्थ्य क्षेत्र तीनवटै तहको उच्च प्राथमिकतामा रहेको छ । यसैगरी संविधानले सबै समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धनको अधिकार सुनिश्चित गरेको छ । युवाको सशक्तीकरण र विकासका लागि विशेष अवसर प्रदान गर्दै राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त वातावरण तयार गर्नुलाई नेपालको संविधानमा उल्लेखित राज्यका नीतिमा स्पष्ट गरिएको छ । वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान तथा प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने सवाललाई राष्ट्रिय तथा प्रादेशिक प्राथमिकतामा राखिएको छ । विज्ञान तथा प्रविधिको विकासमार्फत मानव पुँजी निर्माण गर्न राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ तर्जुमा गरिएको छ ।

गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले मानव संसाधन विकासका लागि शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद र विज्ञान तथा प्रविधिलाई समृद्धिका क्षेत्रका रूपमा प्राथमिकता दिएको छ । हालसम्म आइपुग्दा प्रदेश सरकारले गण्डकी खोप सेवा ऐन, २०७५; गण्डकी प्रदेश सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन ऐन, २०७६; गण्डकी विश्वविद्यालय ऐन, २०७६; गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन, २०७६; गण्डकी प्रदेश खेलकुद विकास ऐन, २०७६ र गण्डकी प्रदेश शिक्षा नीति, २०७८ लगायतका नीति तथा कानुन जारी भई कार्यान्वयनमा रहेका छन् । सामाजिक क्षेत्रको विकासका लागि अन्तरसरकार, निजीक्षेत्र, गैरसरकारी क्षेत्र र समुदायसँग साझेदारी तथा सहकार्यमा वृद्धि हुँदै गएको छ ।

मानव संसाधन विकासको प्रमुख आधारका रूपमा रहेको शिक्षा, स्वास्थ्य, युवा सशक्तीकरण, खेलकुद र विज्ञान तथा प्रविधिको विकासमा देखिएको विश्वव्यापी प्रवृत्तिसँग तादात्म्यता कायम गरी प्रदेशको समग्र विकासलाई अगाडि बढाउनु आवश्यक छ । गण्डकी प्रदेशको विशिष्टता, विद्यमान विकासको प्रवृत्ति एवम् आवश्यकता अनुरूपको मानव पुँजी निर्माणमा उच्च प्राथमिकता दिई दिगो विकासको लक्ष्य, विकासका राष्ट्रिय एवम् प्रादेशिक लक्ष्य हासिल गर्ने दिशामा अगाडि बढ्नु जरुरी देखिन्छ ।

## ८.२ विद्यमान अवस्था

### ८.२.१ गुणस्तरीय शिक्षा

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरी तीन वटै तहका सरकारको अधिकार क्षेत्रमा सूचिकृत गरेको छ । दिगो विकासका लक्ष्य अन्तर्गत सिपमूलक, समावेशी तथा समतामूलक र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसर प्रवर्द्धन गर्ने रहेको छ । सो लक्ष्य हासिल गर्न आर्थिक रूपमा विपन्न र राज्यको स्रोत साधनबाट वञ्चित समूहको शिक्षामा पहुँच विस्तार र विद्यालय शिक्षाको गुणस्तर सुधारमा तीनै तहका सरकारको समन्वय, सहकार्य र साझेदारी आवश्यक छ ।

प्रदेश सरकारले शैक्षिक क्षेत्रको उन्नयनका लागि गण्डकी प्रदेश शिक्षा नीति, २०७८ जारी गरेको छ । दिगो विकासका लक्ष्य, सोह्रौं योजना र गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना समेतको व्यवस्थाअनुरूप पाँच वर्षे प्रादेशिक शिक्षा क्षेत्र रणनीतिक योजना (२०७९/८०-२०८३/८४) तयार भई कार्यान्वयनमा रहेको छ । यस अवधिमा गण्डकी विश्वविद्यालय स्थापना भई हाल सञ्चालनमा रहेको छ । यसैगरी, गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको स्तर निर्धारण र प्रमाणीकरण गर्ने तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गरी बजार माग अनुरूपको मानव संसाधन विकास गर्न गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना भएको छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार प्रदेशको ५ वर्षमाथिको साक्षरता दर ८१.७ प्रतिशत रहेको छ । प्रदेशमा सामुदायिक र संस्थागत गरी कुल ६४४ वटा विद्यालय, २ वटा विश्वविद्यालय, १५२ वटा क्याम्पस र २६० वटा प्राविधिक विद्यालय/शिक्षालय/प्रतिष्ठान सञ्चालनमा रहेका छन् । कुल १०० वटा विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषयको पढाइ हुने गरेको छ । पूर्वप्राथमिक कक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको भर्ना दर ८२.१ प्रतिशत रहेको छ । आधारभूत तह (कक्षा १-५) को खुद भर्ना दर करिब ९७ प्रतिशत रहेको छ । दुर्गम तथा हिमाली क्षेत्रका ४ विद्यालय आवासीय माध्यमिक विद्यालयका

रूपमा सञ्चालन गरिएका छन् भने कुल ३६ वटा विद्यालय आदर्श विद्यालयका रूपमा विकास भएका छन् । विद्यालयको शैक्षिक एवम् भौतिक पूर्वाधारको समुचित व्यवस्थापन र सुशासनका पक्षलाई प्रभावकारी कार्यान्वयन गरी शैक्षिक गुणस्तर वृद्धि गरी नेतृत्त्वदायी विद्यालयको विकासका लागि अगुवा (लिड) विद्यालय व्यवस्थापन निर्देशिका, २०८० जारी भएको छ।

### ८.२.२ युवा तथा खेलकुद

नेपालको संविधानले युवा सशक्तीकरणमार्फत देशको सर्वाङ्गीण विकास गर्ने नीति लिएको छ । नेपालमा कुल जनसङ्ख्या मध्ये ४३ प्रतिशत युवा रहेको सन्दर्भमा जनसाङ्ख्यिक लाभको उपयोग उच्चतम सम्भावनाको क्षेत्रका रूपमा रहेको छ । युवाको सर्वाङ्गीण विकास गरी उनीको क्षमतालाई राष्ट्रिय विकासको मूलधारमा ल्याउन राष्ट्रिय युवा नीति, २०७२ तयार भई कार्यान्वयनमा रहेको छ । नेपाल सरकारले युवामैत्री स्थानीय तह दिग्दर्शन, २०८० तयार गरी कार्यान्वयनमा रहेको छ । राजनीतिक, आर्थिक र सामाजिक विकास तथा रूपान्तरणमा युवा जनशक्तिको परिचालन समुन्नतिको पूर्वसर्त हो । प्रदेश सरकारले युवामा सकारात्मक सोच, सिप, क्षमता र नेतृत्व विकास गरी सिर्जनशील तथा उद्यमी युवा जनशक्ति निर्माणलाई महत्त्व दिएको छ ।

राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद् र जिल्ला खेलकुद विकास समिति खेल क्षेत्रको विकासमा क्रियाशील प्रमुख संस्थागत संरचना हुन् । गण्डकी प्रदेशमा खेल क्षेत्रको विकासका लागि प्रदेश खेलकुद विकास ऐन, २०७७ तथा गण्डकी प्रदेश खेलकुद विकास नियमावली, २०७८ जारी भई प्रदेश खेलकुद परिषद् समेत गठन भएको छ ।

### ८.२.३ कला, भाषा, सम्पदा र साहित्य

संविधानले प्रत्येक व्यक्ति र समुदायलाई भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धनलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । विद्यमान भौतिक र अभौतिक दुवै प्रकारका राष्ट्रिय सांस्कृतिक सम्पदाको अध्ययन तथा अनुसन्धान गरी तिनीको आधिकारिक पहिचान, उचित संरक्षण र व्यवस्थापनमार्फत राष्ट्रिय गौरवको जगेर्ना गर्ने उद्देश्यले संस्कृति नीति, २०६८ तयार गरिएको छ ।

गण्डकी प्रदेशले प्राग: ऐतिहासिक कालदेखिको सभ्यता र संस्कृतिका विशेषतालाई उजागर गरेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार गण्डकी प्रदेशभित्र १०४ भन्दा बढी जातजाति, १० भन्दा बढी धर्म र ७२ भन्दा बढी मातृभाषा रहेका छन् । प्रमुख जातजातिगत जनसङ्ख्याको अवस्थालाई हेर्दा ब्राह्मण १९.९७ प्रतिशत, मगर १८.८३ प्रतिशत, क्षेत्री १३.१३ प्रतिशत, गुरुङ ११.०४ प्रतिशत र विश्वकर्मा ९.३२

प्रतिशत रहेको छ । यस प्रदेशमा जनसङ्ख्याको ८२.२२ प्रतिशत हिन्दु, ११.५४ प्रतिशत बौद्ध, २.३६ प्रतिशत ईसाइ र २.१६ प्रतिशत बोन धर्मालम्बी रहेको देखिन्छ। मातृभाषाका आधारमा ७३.३९ प्रतिशत नेपाली, ९.६ प्रतिशत मगर ढुट, ८.४४ प्रतिशत गुरुङ, १.७४ प्रतिशत थारु, १.५३ प्रतिशत नेवारी र १.३६ प्रतिशत तामाङ भाषा बोल्नेको जनसङ्ख्या मुख्य रूपमा रहेको छ।

प्रदेशमा ७२ वटा सङ्ग्रहालय रहेका छन् भने २२ वटा निर्माणाधीन र २५ वटा प्रस्तावित छन्। तत्कालिन शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयबाट प्रकाशित प्रतिवेदन गण्डकी प्रदेशका धार्मिक, सांस्कृतिक सम्पदा, २०७८ अनुसार प्रदेशभित्र १४१ वटा मुख्य पुरातात्त्विक सम्पदा र ६०२ अन्य सम्पदा पहिचान भएका छन् । यस प्रदेशका भानुभक्त आचार्य, लेखनाथ पौड्याल, भूपि शेरचन, अलि मियाँ, झलकमान गन्धर्व तथा धर्मराज थापालगायतका  ख्याती प्राप्त व्यक्तित्वको साहित्य तथा सङ्गीत विधामा महत्त्वपूर्ण योगदान रहेको छ।

प्रदेश सरकारको अग्रसरतामा पुरातात्त्विक महत्त्वका सम्पदाको जिर्णोद्धार र संरक्षणका साथै सङ्ग्रहालय स्थापना एवम् स्तरोन्नतिका कार्य भएका छन् । गण्डकी प्रदेश सङ्ग्रहालय तथा अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयले यस क्षेत्रका महत्त्वपूर्ण सांस्कृतिक पक्षलाई प्रस्तुत गरेको छ । प्रथम पञ्चवर्षीय योजना अवधिमा कुल ४१ वटा सामुदायिक तथा सार्वजनिक पुस्तकालयको स्थापना, निर्माण र स्तरोन्नति गरिएका छन् । गण्डकी प्रज्ञा प्रतिष्ठान यस क्षेत्रको मूर्त तथा अमूर्त संस्कृति पहिचान तथा संरक्षणको प्रोत्साहन कार्यमा अग्रसर रहेको छ।

### ८.२.४ विज्ञान तथा प्रविधि

गण्डकी प्रदेशमा विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धानात्मक क्रियाकलाप प्रवर्द्धन गर्दै प्रदेशको विकासमा योगदान पुऱ्याउन विज्ञान तथा प्रविधि नीति, २०७६ कार्यान्वयनमा रहेको छ । विज्ञान तथा प्रविधिको क्षेत्रमा अध्ययन तथा अनुसन्धानको लागि उपयुक्त वातावरण तयार गर्न गण्डकी प्रदेश विज्ञान तथा प्रविधि ऐन, २०७६ र सोको नियमावली २०७९ तर्जुमा गरिएको छ। सोअनुरूप हाल गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना भई सञ्चालनमा रहेको छ।

नवप्रवर्तनलाई प्राथमिकता दिई प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत नवप्रवर्तनशील साझेदारी कोष स्थापना भएको छ। अध्ययन अनुसन्धान पूर्वाधार विकासमा एउटा विशिष्टीकृत प्रयोगशाला स्थापना भएको छ। प्रथम योजना अवधिमा शैक्षिक तथा व्यावसायिक संस्थाको साझेदारीमा ८ प्रकारका नयाँ प्रविधिको विकास गरिएको छ।

## ८.३ मुख्य सवाल तथा चुनौती

### ८.३.१ गुणस्तरीय शिक्षा

(१) **गुणस्तरीय, जीवनोपयोगी र व्यावहारिक शिक्षाका अवसर सुनिश्चित गराउनुः** सामुदायिक विद्यालय तथा स्वदेशी विश्वविद्यालयलाई शैक्षिक आकर्षणको केन्द्रका रूपमा विकास गर्नु मुख्य सवालका रूपमा रहेको छ । पाठ्यक्रमलाई विश्वव्यापी मानकअनुरूप स्थानीय ज्ञानसँग आबद्ध गरी समाज र स्थानीय आवश्यकता अनुरूपको जनशक्ति तयार गर्दै मुलुक तथा समाजप्रति जिम्मेवार तथा सुसंस्कृत जनशक्ति तयार गर्नु चुनौतीपूर्ण रहेको छ ।

(२) **गुणस्तरीय शिक्षाका लागि पूर्वाधार विकास, विस्तार र स्तरोन्नति तथा संस्थागत सुधार गर्नुः** गुणस्तर एवम् सान्दर्भिकता र सक्षमता अभिवृद्धिको क्षेत्रमा अपेक्षित प्रतिफल हासिल गर्न सकिएको छैन । विद्यार्थी सङ्ख्या कम भएका विद्यालयलाई एकीकरण गरी बिग र लीड विद्यालयमा रूपान्तरण गर्नु आवश्यक छ । शिक्षाका हरेक तह र क्षेत्रमा सुशासनको प्रत्याभूति गराउन सकिएको छैन । संविधानको मर्म र भावनाअनुरूप स्थानीय सरकारको शिक्षासम्बन्धी जिम्मेवारी र अधिकार वहन गर्न आवश्यक पर्ने संस्थागत क्षमता विकासको कमी रहेको छ । आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क एवम् माध्यमिक शिक्षालाई निःशुल्क गराउने संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । सामुदायिक विद्यालयको कमजोर व्यवस्थापन तथा उपलब्धिमा सुधार गर्नु सवालका रूपमा रहेको छ । तालिमबाट हासिल गरेको सिप कक्षा कोठामा दिगोरूपमा प्रतिविम्बित गराउनु आवश्यक छ । सबै तहको शिक्षामा समतामूलक पहुँच तथा गुणस्तर सुनिश्चित गर्नु चुनौतीका रूपमा रहेको छ ।

(३) **गुणस्तरीय शिक्षाका लागि अन्तरसरकार, विकास साझेदार र निजी क्षेत्रको साझेदारी तथा सहकार्यलाई प्रभावकारी गराउनुः** सङ्घीय शासनपद्धति अनुकूल हुनेगरी तीनै तहका शैक्षिक प्रशासनिक संरचनाको प्रभावकारी परिचालन हुन सकेको छैन । तहगत सरकारबिचको शिक्षामा रहेको साझा अधिकार सूचीको प्रयोगमा व्यावहारिक स्पष्टताको कमी रहेको छ । प्रदेश र स्थानीय तहमा अधिकारको हस्तान्तरणसँगै विगतमा आर्जित ज्ञान, संस्थागत स्मरण, कार्यसंस्कृति एवम् अनुभवको व्यावहारिक प्रयोग हुन सकेको छैन । प्रदेशको क्षेत्राधिकारमा रहेका प्रदेश विश्वविद्यालय, उच्च शिक्षा र पुस्तकालयको बन्दोवस्त गरी मौलिक हकमा व्यवस्थित अनिवार्य तथा निःशुल्क शिक्षाको

प्रभावकारी कार्यान्वयन गर्नु, अन्तरसरकार तथा निजी क्षेत्र र समुदायको साझेदारीलाई प्रभावकारी गराउनु र समयानुकूल मध्यम तथा उच्चस्तरको जनशक्तिको विकास गर्नु चुनौतीपुर्ण देखिन्छ।

(४) **प्रादेशिक प्राथमिकता तथा तुलनात्मक लाभका क्षेत्रमा योगदान गर्ने मानव संसाधनको विकास गर्नुः** पर्यटन, कृषि तथा पूर्वाधार लगायत प्रादेशिक प्राथमिकता तथा तुलनात्मक लाभका क्षेत्रमा योगदान पुऱ्याउन सक्ने विज्ञ जनशक्तिको विकास तथा परिचालनमा कमी रहेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको विज्ञता हासिल गरेको जनशक्तिलाई प्रदेशको विकास प्रक्रियामा समावेश गराउनु र प्राज्ञिक उन्नयन एवम् तुलनात्मक लाभका अवसर सिर्जना गरी दक्ष तथा शिक्षित जनशक्ति पलायनलाई रोक्नु प्रमुख चुनौतीका रूपमा रहेको छ।

(५) **विश्वविद्यालयलाई अनुसन्धान तथा नवप्रवर्तनमा आधारित बनाउनुः** विश्वविद्यालयलाई दक्ष, व्यावहारिक, सिपयुक्त, संस्कारयुक्त, प्रादेशिक प्राथमिकताको विषयमा आवश्यक जनशक्ति उत्पादन गर्ने संस्थाका रूपमा रूपान्तरण एवम् व्यवस्थित गर्नु मुख्य सवालका रूपमा रहेको छ । अन्य विश्वविद्यालय सञ्चालनको अनुभव समेतको आधारमा नयाँ स्थापना भएको विश्वविद्यालयले प्रदेशको आवश्यकता अनुकूल उच्च शिक्षाको अवसर प्रदान गर्न सकेको छैन । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका बजारको मागका आधारमा प्राविधिक तथा व्यावसायिक विषयको जनशक्ति उत्पादन गर्नु र विश्वविद्यालय शिक्षालाई सिप विकास तथा बजारसँग जोड्नु चुनौतीका रूपमा रहेको छ।

(६) **सामुदायिक विद्यालय शिक्षाको गुणात्मक सुधार तथा आकर्षणमा वृद्धि गर्नुः** शैक्षिक प्रणाली सुधार गरी सामुदायिक विद्यालयको शिक्षाप्रति जनविश्वास कायम गराउनु महत्त्वपूर्ण सवालका रूपमा रहेको छ । सार्वजनिक शिक्षाको सबलीकरणमार्फत अभिभावकको आकर्षण अभिवृद्धि गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ । विद्यालय शिक्षा प्रणालीलाई विविधीकरण गर्दै सामाजिक आवश्यकतालाई सम्बोधन गर्नु जरुरी रहेको छ। निजी र सार्वजनिक शिक्षाबिचको खाडल कम गर्नु, निजी विद्यालय तथा शिक्षण संस्थालाई सहभागितामूलक र सरकारी शिक्षाको परिपूरक प्रणालीका रूपमा व्यवस्थित गरी सेवा प्रदायक संस्थाको रूपमा सञ्चालनमा ल्याउनु चुनौतीका रूपमा रहेको छ । सामुदायिक विद्यालयको व्यवस्थापन तथा समग्र शैक्षिक प्रणालीमा समयसापेक्ष सुधार गरी जनशक्तिको आपुर्तिसँगै बजार माग सन्तुलित बनाउनु चुनौतीपूर्ण छ।

**(७) सबै तहको शिक्षामा समन्यायिक पहुँच विस्तार गर्नु**: विपन्न वर्गका लागि प्राविधिक एवम् उच्च शिक्षामा सहज पहुँच कायम गर्न आवश्यक रहेको छ । विपन्न तथा उच्च वर्गका विद्यार्थीबिच गुणस्तरीय शिक्षाको पहुँचमा समानता हुन सकेको छैन । सबै तहको शिक्षामा समान पहुँच कायम गर्नु र अपाङ्गता भएका व्यक्तिको विविधतायुक्त अपाङ्गतासँग अनुकूल हुने गरी शिक्षा प्राप्तिका अवसर सिर्जना गर्नु चुनौतीपूर्ण रहेको छ ।

**(८) गण्डकी प्रदेश विश्वविद्यालयलाई उत्कृष्ट शैक्षिक गन्तव्यका रूपमा स्थापित गर्नु:** गण्डकी विश्वविद्यालयको प्रशासकीय भवन, पुस्तकालय तथा सुविधायुक्त ल्याब लगायतका पूर्वाधारको व्यवस्थापनमा कमी रहेको छ । विश्वविद्यालयमा गुणस्तरयुक्त शिक्षाको सुनिश्चितताका लागि अनुभवि जनशक्तिको परिपूर्ति हुन सकेको छैन । बजारको माग अनुरूपको विषयमा अध्ययन, अनुसन्धान तथा नवप्रवर्तन केन्द्रका रूपमा विश्वविद्यालयलाई स्थापित गर्न अनुकूल वातावरण तयारी गर्नु तथा यथेष्ट लगानी जुटाउनु चुनौतीपूर्ण रहेको छ ।

### ८.३.२ युवा तथा खेलकुद

**(१) युवाका लागि क्षमता विकास एवम् रोजगारीका अवसर सिर्जना गर्नु:** युवा लक्षित नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा कमी रहेको छ । बजारको माग र जनशक्तिको आपूर्तिबिच सामञ्जस्यता कायम हुन सकेको छैन । समयानुकूल ज्ञान, सिप तथा दक्षताको विकास गरी प्रतिस्पर्धी आय सहितको उद्यम र रोजगारीसँग आबद्ध गर्नु र युवालाई नवप्रवर्तन तथा उद्यमशील बनाउनु चुनौतीपूर्ण रहेको छ ।

**(२) नैतिकवान तथा सदाचार युवाशक्ति निर्माण गर्नु**: तीव्र रूपमा भइरहेको युवा पलायन रोकी समग्र विकास प्रक्रियामा आबद्ध गराउनु आवश्यक छ । युवामा आवश्यक ज्ञान, सिप र क्षमता अभिवृद्धि गरी नैतिकवान, सदाचार, सकारात्मक सोच, देशप्रेम र श्रमको सम्मान गर्ने संस्कृतिको विकासमा कमी रहेको छ । युवामा पूर्वीय दर्शनमा आधारित मूल्यमान्यता अनुसरण गरी योग र ध्यान गर्ने बानी लगायत स्वस्थ र सदाचारपूर्ण जीवनशैलीको विकास गर्नु सवालका रूपमा रहेको छ ।

**(३) खेलकुद क्षेत्रलाई व्यावसायिक बनाउनु:** खेलकुदको गुणस्तरीय पूर्वाधार विकास गरी अन्तर्राष्ट्रियस्तरको खेल क्षमता विकास गराउनु आवश्यक छ । खेल क्षेत्रमा सुशासन कायम गरी व्यावसायिक सुरक्षा तथा संस्थागत विकासलाई सुदृढसँगै खेलाडी पलायन रोक्नुपर्ने देखिन्छ ।

व्यावसायिक खेलाडीको विकास गर्नु र खेलकुद क्षेत्रलाई जीविकोपार्जनको माध्यमका रूपमा विकास गर्नु चुनौतीका रूपमा रहेको छ।

**(४) खेलकुदमा प्रतिस्पर्धी क्षमता विकास गर्नुः** खेल प्रशिक्षण तथा प्रतियोगितात्मक खेलको निरन्तरतामा कमी रहेको छ। सुविधा सम्पन्न स्तरीकृत खेलकुद पूर्वाधारको विकास गर्ने वित्तीय तथा प्राविधिक कठिनाइ रहेको छ। खेलाडी र प्रशिक्षकलाई समयसापेक्ष तालिम प्रदान गर्ने व्यवस्थापकीय तथा वित्तीय स्रोतको न्यूनता रहेको छ। खेलक्षेत्रमा आधुनिक प्रविधि उपयोग गर्नु र खेलकुद सम्बद्ध निकायमा सुशासन कायम गर्नु चुनौतीपूर्ण रहेको छ।

### ८.३.३ कला, भाषा, सम्पदा र साहित्य

**(१) मौलिक कला, संस्कृति तथा सम्पदाको संरक्षण गर्नुः** भाषा, कला र संस्कृतिको संरक्षणमा नयाँ पुस्तालाई अग्रसर बनाउन सकिएको छैन। कला तथा संस्कृतिको संरक्षणसँग शिक्षालाई जोड्नु आवश्यक रहेको छ। कला तथा संस्कृतिसम्बन्धी व्यवस्थित अध्ययन गर्नु र सांस्कृतिक क्षयीकरणलाई रोक्नु चुनौतीपूर्ण रहेको छ।

**(२) सम्पदा तथा संस्कृतिको आर्थिक उपयोग गर्नुः** मौलिक कला तथा संस्कृति र सम्पदाको प्रचार प्रसारमा कमी रहेको छ। सम्भावना बोकेका सांस्कृतिक सम्पदालाई संरक्षण तथा दिगो उपयोग गर्नु सवालका रूपमा रहेको छ। कला, साहित्य तथा गीत सङ्गीतमा व्यावसायिकता विकास गर्नु चुनौतीपूर्ण देखिएको छ।

**(३) ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको संरक्षण गर्नुः** पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाको एकिकृत अभिलेख तयार पारी संरक्षण गर्नु आवश्यक छ। ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको व्यवस्थित अध्ययन हुन सकेको छैन। ऐतिहासिक तथा पुरातात्त्विक सम्पदा सम्बद्ध समुदाय तथा सरोकारवालाको रुचि तथा अग्रसरतामा संरक्षणलाई दिगो तुल्याउनु चुनौतीका रूपमा रहेको छ।

**(४) भाषा, कला तथा साहित्य क्षेत्रको अनुसन्धान, विकास तथा प्रवर्द्धन गर्नुः** कला तथा साहित्यमा व्यावसायिकताको कमी रहेको छ। मातृभाषा शिक्षा व्यवस्थित र नतिजामुखी हुन सकेको छैन। दिगो संस्थागत संरचना तयार गरी भाषा, कला तथा साहित्यको संरक्षण गर्नु यस क्षेत्रको प्रमुख चुनौती हो।

### ८.३.४ विज्ञान तथा प्रविधि

(१) **विज्ञान, प्रविधि तथा नवप्रवर्तनको विकासको लागि उपयुक्त वातावरण तयार गर्नुः** विज्ञान प्रविधिको विकासका लागि नीतिगत तथा कानुनी व्यवस्थामा सुधार हुनु आवश्यक छ । मानव पुँजी विकासका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, उपकरण, प्रयोगशाला व्यवस्थापनका लागि पर्याप्त बजेटको व्यवस्था हुन सकेको छैन । पूर्वाधारको विकास, प्रविधि विकास तथा विस्तार र अनुसन्धानमा प्रोत्साहनको कमी रहेको छ । नवप्रवर्तनलाई मानव पुँजी निर्माण, उत्पादन र उत्पादकत्व वृद्धि तथा रोजगारीका अवसरसँग जोड्नु चुनौतीपूर्ण रहेको छ ।

(२) **प्रविधि तथा अनुसन्धान कार्यको प्रवर्द्धन सबै क्षेत्रमा विस्तार गर्नुः** प्रविधि तथा अनुसन्धानको क्षेत्रमा सरकारी, गैरसरकारी, निजी तथा सहकारी क्षेत्रलाई विज्ञान तथा प्रविधिको विकासमा व्यवस्थित रूपमा अग्रसर गराउन सकिएको छैन । विज्ञान र प्रविधिको विकासमा सरोकारवाला माझ सहकार्यमा कमी रहेको छ । विज्ञान तथा प्रविधिको क्षेत्रमा काम गर्ने व्यक्ति तथा संस्थालाई प्रोत्साहन गर्नु आवश्यक छ । विकासको सबै क्षेत्रमा प्रविधि तथा अनुसन्धानको उपयोग गर्नु चुनौती रहेको छ ।

(३) **बौद्धिक जनशक्तिलाई विज्ञान, प्रविधि र नवप्रवर्तनको विकासमा अग्रसर गराउनुः** विशिष्टीकृत अनुसन्धानका क्षेत्रको विकासमा कमी रहेको छ । विज्ञान तथा प्रविधिको क्षेत्रमा रोजगारी सिर्जना गर्नु, युवामा अनुसन्धान मनोवृत्तिको विकास गर्नु, युवामा विज्ञान तथा प्राविधिक शिक्षाप्रति आकर्षण बढाउनु र उच्च शिक्षालाई अनुसन्धानसँग जोड्नु चुनौतीपूर्ण रहेको छ ।

(४) **विकास निर्माण, सेवाप्रवाह र सुशासनको क्षेत्रमा प्रविधिको उपयोग गर्नुः** गुणस्तरीय ईन्टरनेट र प्रविधिमा सबै नागरिकको सहज पहुँच कायम हुन सकेको छैन । स्वास्थ्य, शिक्षा, कृषि, उद्योग तथा व्यवसाय, पर्यटन, विपद् व्यवस्थापन, वातावरण संरक्षण र दैनिक सेवाप्रवाहलाई आधुनिक प्रविधिसँग आबद्ध गराउनु चुनौतीपूर्ण रहेको छ ।

## ८.४ रूपान्तरणका रणनीति

### ८.४.१ गुणस्तरीय शिक्षा

(१) **शैक्षिक क्षेत्रमा संरचनागत तथा नीतिगत सुधार गर्नेः** विद्यालय शिक्षामा समन्यायिक पहुँच र गुणस्तर सुनिश्चित गर्न आवश्यक मापदण्ड विकास र कार्यान्वयनमा समन्वय गरी जीवनोपयोगी ज्ञान र सिप विकासमा सहयोग गरिने छ । सामुदायिक विद्यालयको व्यवस्थापन तथा समग्र शैक्षिक प्रणालीमा सफल अभ्यासलाई प्रतिविम्बित गरिने छ । विश्वविद्यालय तथा प्राविधिक शिक्षालयबाट

उत्पादित जनशक्तिका लागि विकासका विविध क्षेत्रमा इन्टर्नशीपका अवसर सिर्जना गरिने छ । पूर्वाधार, पाठ्यक्रम तथा सामग्रीको समयसापेक्ष सुधार गर्न सहकार्य तथा प्रोत्साहन गरिने छ। गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको सेवा विस्तार तथा गुणस्तर सुधार गरिने छ।

(२) **शैक्षिक प्रणालीमा संरचनागत रूपान्तरण गर्ने**ः विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित शिक्षाको प्रवर्द्धन गरी विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्न संरचनागत सुधार गरिने छ । शैक्षिक संस्थाबिच असल अभ्यासको आदान प्रदान गर्ने व्यवस्था गरिने छ । गुणस्तरीय, प्रविधिमैत्री, पहुँचयोग्य र जीवनोपयोगी शैक्षिक उन्नयनका लागि प्रादेशिक शिक्षाको मापदण्ड तयार गरी लागु गरिने छ। शैक्षिक संस्थामा समयानुकूल सूचना प्रविधिको उपयोगलाई बढाउँदै संस्थागत सुदृढीकरण र सुशासनलाई प्रोत्साहन गरिने छ। शिक्षा तालिम केन्द्रका सेवाको विस्तार गरी शैक्षिक विकासका लागि आवश्यक जनशक्ति विकास गरिने छ। विद्यालय तथा क्याम्पस तहका विद्यार्थीलाई सिक्दै कमाउँदै गर्न कृषि तथा उद्यमका अवसर सिर्जनाका लागि अन्तरसरकार, समुदाय, विकास साझेदार र निजी क्षेत्रसँग सहकार्य तथा साझेदारी गरिने छ। शैक्षिक गतिविधि एवम् सिकाइ प्रक्रियामा विद्युतीय सूचना प्रविधिको उपयोगलाई विस्तार गरिने छ।

(३) **शिक्षालाई समाज, उत्पादन र बजारसँग जोड्ने**ः साक्षरता, प्रविधि एवम् वित्तीय साक्षरता, अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइमार्फत सिकेका ज्ञान तथा सिपलाई प्रमाणीकरण र समकक्षता निर्धारण गरिने छ । जीवनपर्यन्त सिकाइलाई पेशा, व्यवसाय र सामाजिक जीवनसँग आबद्ध गरिने छ। पाठ्यक्रमलाई स्थानीय उपयोगी मौलिक ज्ञानसँग जोडने कार्यलाई व्यवस्थित गरिने छ। कृषि, उद्यम तथा पर्यटन क्षेत्रमा ज्ञान तथा सिपको विकास गर्न विद्यालय शिक्षामा अतिरिक्त कक्षा तथा क्रियाकलाप सञ्चालन गरिने छ । विद्यार्थीको बौद्धिक क्षमताको विकाससँगै सामाजिक र संवेगात्मक दक्षता विकासमा जोड दिइनेछ।

(४) **गुणस्तरीय शिक्षाका लागि सहकार्य र साझेदारी गर्ने**ः अन्तरसरकार र निजी क्षेत्रसँगको साझेदारीमा आवश्यकतामा आधारित शिक्षक व्यवस्थापन तथा तालिम सञ्चालनको वातावरण निर्माण गरिने छ। विद्यालय शिक्षा परीक्षाको नतिजामा धेरै विद्यार्थी अनुत्तीर्ण हुने विषयमा नतिजा सुधारका लागि सहकार्य गरिने छ । कमजोर शैक्षिक अवस्था तथा पर्याप्त जनशक्ति नभएका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न स्थानीय सरकारलाई वित्तीय सहयोग र प्राविधिक सहजीकरण गरिने छ। सबैका लागि गुणस्तरीय शिक्षा प्राप्तिको वातावरण तयार गर्न अन्तरसरकार, विकास साझेदार, निजी क्षेत्र र समुदायसँग साझेदारी र सहकार्य गरिने छ।

**(५) शैक्षिक क्षेत्रको कुशल व्यवस्थापन र सुशासन प्रवर्द्धन गर्नेः** शैक्षिक संस्थाको सुशासन, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गराउन आवश्यक कानुनी व्यवस्था मिलाइने छ। न्यून विद्यार्थी भएका विद्यालयलाई समायोजन गरी बिग विद्यालयको अवधारणा कार्यान्वयनमा स्थानीय तहसँग सहकार्य र साझेदारी गरिने छ। शिक्षकलाई मागमा आधारित तालिमको व्यवस्था गरी कक्षा कोठामा तालिमको उपलब्धिलाई दिगो रूपमा प्रतिविम्बित गर्न कार्ययोजना तयारी, कार्यान्वयन, अनुगमन एवम् मूल्याङ्कन प्रणालीलाई सबल र सुदृढ बनाइनेछ।

**(६) गुणस्तरीय पूर्वाधार तथा भौतिक संरचनाको विकास गर्नेः** विद्यालयको शैक्षिक एवम् भौतिक पूर्वाधारलाई समावेशी र अपाङ्गमैत्री तथा बालमैत्री बनाउन सहकार्य गरिने छ । प्रदेशस्तरमा वाचनालय र पुस्तकालयको स्थापना गर्नुका साथै स्थानीयस्तरमा सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गर्न स्थानीय सरकार तथा सरोकारवालासँग साझेदारी गरिने छ।

**(७) उच्च, प्राविधिक तथा विद्यालय शिक्षामा समतामूलक पहुँच कायम गर्नेः** उच्च, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्थामा सबै वर्गको समतामूलक पहुँच कायम गर्न आवश्यक पहल गरिने छ। उच्च, प्राविधिक तथा विद्यालय शिक्षामा पछाडि परेका समुदायका विद्यार्थीलाई छात्रवृत्ति, आवासीय सुविधा लगायतका सहुलियत प्रदान गरी पहुँच अभिवृद्धि गरिने छ।

**(८) गण्डकी प्रदेश विश्वविद्यालयलाई उत्कृष्ट प्राज्ञिक केन्द्रका रूपमा विकास गर्नेः** प्रदेश विशिष्टतामा आधारित भई स्थापना गरिएको गण्डकी विश्वविद्यालयको प्राज्ञिक क्षमताको प्रवर्द्धन गरिने छ। गण्डकी प्रदेश विश्वविद्यालयको पूर्वाधारको विकास तथा विस्तार गर्न आवश्यक जग्गा व्यवस्थापनका लागि सङ्घीय सरकारसँग सहकार्य गरिने छ। गण्डकी विश्वविद्यालयको प्रशासकीय भवन, छात्रवास, पुस्तकालय तथा सुविधायुक्त ल्याब लगायतका पूर्वाधार निर्माणमा अन्तरसरकार, प्राज्ञिक जगत एवम् विकास साझेदार संस्थासँग सहकार्य गरिने छ । विद्युतीय सूचना प्रविधिको उच्चतम उपयोग गरी विश्वविद्यालयलाई अत्याधुनिक सुविधा सहितको अध्ययन तथा अनुसन्धान केन्द्रका रूपमा विकास गरिने छ। विश्वविद्यालयलाई कृत्रिम बौद्धिकता, जलवायु परिवर्तन, खानी उत्खनन लगायत स्थानीय आवश्यकतामा आधारित व्यावहारिक तथा प्राज्ञिक अनुसन्धान र नवप्रवर्तन केन्द्रका रूपमा विकास गर्दै लगिने छ।

### ८.४.२ युवा तथा खेलकुद

**(१) राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा युवा सहभागिता वृद्धि गर्नेः** राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रका नीति निर्माणदेखि कार्यान्वयनसम्म युवाको समावेशी र सार्थक सहभागिता अभिवृद्धि गरिने छ । युवा उद्यमशीलतासम्बन्धी परामर्श तथा पैरवी सेवा प्रदान गरिने छ । युवामा नैतिकता, सेवाभाव एवम् समाजप्रति दायित्वबोध तथा श्रमप्रति सम्मान गर्ने संस्कारको विकास गरिने छ । प्रदेश विकासको नेतृत्व र नीति निर्माणको तहमा युवाको पहुँच पुऱ्याउन नेतृत्त्व निर्माण क्षमता अभिवृद्धिका अवसर प्रदान गरिने छ । स्थानीय सरकारसँगको समन्वय तथा साझेदारीमा सामाजिक रुपान्तरण र कुरीति तथा विभेद विरुद्ध युवा परिचालन गरिने छ । राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा युवा सहभागिता वृद्धि गर्न युवामैत्री स्थानीय शासनको प्रवर्द्धन गरिने छ ।

**(२) युवा लक्षित दिगो आत्मनिर्भरताका अवसर सिर्जना गर्नेः** तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उद्यम तथा व्यवसायमा युवा आकर्षण वृद्धि गरिने छ । युवा उद्यमशीलता तथा रोजगार अभिवृद्धिको लागि अन्तरनिकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ । उत्पादनसँग युवा अभियान अन्तर्गत युवा केन्द्रित व्यावसायिक परामर्श, दक्षता विकास, सुरुवाती पुँजी र सहज कर्जाको व्यवस्था गरिने छ ।

**(३) युवामा सिर्जनशीलता तथा व्यावसायिकता विकास गर्नेः** सार्वजनिक-निजी-साझेदारीको माध्यमबाट युवा लक्षित उद्यम व्यवसायको प्रवर्द्धन गरिने छ । वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका ज्ञान, सिप, प्रविधि, पुँजी र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिने छ । युवामा सिर्जनशीलता एवम् उद्यमशीलताको विकास गर्न युवालाई नवप्रवर्तनीय आयोजना सञ्चालनमा प्रोत्साहन तथा प्रेरित गरिने छ । युवा परिचालन र रोजगारीका अवसर सिर्जना गर्न विश्वव्यापी असल अभ्याससम्बन्धी खोज तथा अनुसन्धान र स्थानीयकरणको प्रवर्द्धन गरिने छ ।

**(४) खेलकुद क्षेत्रलाई व्यावसायिक तथा जीविकोपार्जनको क्षेत्रका रूपमा विकास गर्नेः** प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गरिने छ । खेलकुद क्षेत्रको विकास तथा व्यावसायीकरणका लागि अन्तरसरकार, विकास साझेदार र निजी क्षेत्रसँग साझेदारी तथा सहकार्य विस्तार गरिने छ । खेल क्षेत्रलाई जीविकोपार्जनको माध्यमको रूपमा विकास गर्न रचनात्मक कार्यक्रम सञ्चालन गरिने छ ।

**(५) खेलाडीमा प्रतिस्पर्धी क्षमता विकासका अवसर सिर्जना गर्नेः** राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको खेलकुद आयोजनाका लागि पहल एवम् सहकार्य गरिने छ । साहसिक पर्यटनसँग सम्बन्धित तथा प्रदेशमा विशेष सम्भावना भएका खेलको पहिचान गरी खेलकुदको विकास तथा व्यावसायिक खेलाडी उत्पादन गरिने छ । खेल सम्बद्ध संस्थालाई खेलकुदको विकासमा प्राविधिक तथा आर्थिक सहयोग प्रदान गरिने छ । खेलाडीलाई खेलसम्बन्धी अन्तर्राष्ट्रियस्तरको सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान तथा प्रशिक्षण प्रदान गरिने छ ।

**(६) खेलकुद क्षेत्रको विकासका लागि संस्थागत संरचना र पूर्वाधार विकास गर्नेः** सङ्घ तथा स्थानीय सरकारसँगको समन्वय तथा सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नती गरिने छ । खेलकुद पूर्वाधारको विकास, व्यवस्थापन र खेल गतिविधि सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ । खेलकुद विकासमा आबद्ध निकाय तथा सङ्घसंस्थाको क्षमता विकास तथा संस्थागत सुशासन प्रवर्द्धन गरिने छ । अन्तरसरकार साझेदारीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतियोगिता आयोजनाका लागि स्तरीय खेल पूर्वाधारको विकास गरिने छ ।

### ८.४.३ कला, सम्पदा, भाषा र साहित्य

**(१) मौलिक कला, भाषा तथा साहित्यलाई प्रोत्साहन, प्रवर्द्धन तथा संरक्षण गर्नेः** स्थानीय तथा प्रदेश सरकारले आफ्नो भूगोलमा बहुसङ्ख्यक जनताले बोल्ने भाषालाई कामकाजीको भाषा बनाउन नीतिगत व्यवस्था गरिने छ । संस्कृति तथा सम्पदा संरक्षणका लागि दिगो संस्थागत संरचना तयार गरिने छ । लोपोन्मुख परम्परागत कला, शिल्प र प्रविधिको जगेर्ना गरिने छ । मौलिक कला, शिल्प कलाका सामग्री उत्पादन तथा व्यावसायीकरण गरिने छ । परम्परागत ज्ञान, सिप तथा प्रविधिको अभिलेखीकरण तथा संरक्षण र मातृभाषा, लोक साहित्य तथा सङ्गीतको जगेर्ना गरिने छ ।

**(२) पुरातात्त्विक तथा ऐतिहासिक सम्पदाको अध्ययन र संरक्षणको व्यवस्था गर्नेः** पुरातात्त्विक महत्त्वका स्थलको वर्गीकरण तथा संरक्षण गर्ने, पुरातात्त्विक उत्खननबाट प्राप्त वस्तु तथा अभिलेखको विवरण तयार पारी सुरक्षा र संरक्षणको उचित व्यवस्थापन गरिने छ । पुरातात्त्विक तथा ऐतिहासिक सम्पदाको अध्ययन तथा अनुसन्धान र अभिलेखीकरण गरिने छ ।

**(३) सांस्कृतिक पुस्तान्तरणको लागि उपयुक्त वातावरण तयार गर्नेः** मातृभाषाको अभ्यासका सहज अवसर उपलब्ध गराउने र प्रदेशमा बसोबास गर्ने जातजातिको सांस्कृतिक पक्षको अध्ययन गरी

आधिकारिक विवरण तयार गरिने छ। विद्यालय शिक्षाको पाठ्यक्रममा स्थानीय मौलिक ज्ञान, भाषा, कला, सम्पदा तथा संस्कृतिलाई आबद्ध गरिने छ।

(४) **भाषा, कला तथा संस्कृति र सम्पदाको संरक्षण र संवर्द्धनमा सहकार्य तथा साझेदारी विस्तार गर्ने:** भाषा, कला तथा संस्कृति र सम्पदाको संरक्षणमा तहगत सरकारबिचमा सहकार्य एवम् साझेदारीको विकासका साथै शैक्षिक संस्थाको भूमिकालाई विस्तार गरिने छ। भाषा तथा संस्कृतिको संरक्षणमा समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य गरिने छ। सङ्ग्रहालयको स्थापना र स्तरोन्नतिका लागि सहकार्य गरिने छ। सम्पदाको स्तरोन्नति तथा प्रचार प्रसार गरी पर्यटकीय आकर्षण बढाउँदै सांस्कृतिक पर्यटनको विकास र विस्तार गरिने छ।

### ८.४.४ विज्ञान तथा प्रविधि

(१) **विज्ञान तथा प्रविधि र नवप्रवर्तनको संरचना विकास गर्ने:** प्रदेशमा विज्ञान तथा प्रविधिको विकासमा नीतिगत तथा संस्थागत व्यवस्था गरिने छ। अनुसन्धानमूलक प्रतिष्ठान तथा संस्थाको क्षमता विकास र अनुसन्धान तथा नवप्रवर्तनका लागि साझेदारी तथा सहकार्य विस्तार गरिने छ।

(२) **उच्च शिक्षा प्रदायक शैक्षिक संस्थामा अनुसन्धानमूलक कार्यलाई प्रोत्साहित गर्ने:** विश्वविद्यालयमा हुने अनुसन्धानबाट प्राप्त नतिजालाई प्रचार प्रसार गर्ने तथा प्रादेशिक नीतिमा आबद्ध गरिने छ। प्रदेशभित्र रहेका उच्च शिक्षा प्रदायक शैक्षिक संस्थामा अनुसन्धान पूर्वाधार तथा जनशक्ति विकास गरिने छ। अन्तर्राष्ट्रिय जगतका ख्यातिप्राप्त विश्वविद्यालय तथा अनुसन्धानमूलक संस्थासँग यस क्षेत्रको विज्ञान तथा प्रविधिको विकास र अनुसन्धानमा साझेदारी र सहकार्यको प्रवर्द्धन गरिने छ।

(३) **अनुसन्धान र प्रविधिको विकास तथा उपयोगमा लगानी विस्तार गर्ने:** अन्तरसरकार, निजी क्षेत्र र गैससँग साझेदारी तथा सहकार्य विकास गरिने छ। गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान तथा गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानलाई अनुसन्धानको क्षेत्रमा परिचालन गरिने छ। विश्वविद्यालय तथा क्याम्पसबाट हुने अनुसन्धानमा व्यावहारिक अनुसन्धानलाई प्रोत्साहित गरिने छ।

(४) **नवप्रवर्तन र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने:** संस्थागत तथा व्यावहारिक अनुसन्धानका लागि विज्ञ जनशक्ति विकास गरिने छ। विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धान र नवप्रवर्तनका लागि प्रयोगशालाका साथै आवश्यक साधन तथा स्रोतको व्यवस्था गरिने छ। प्रदेशमा नवप्रवर्तनको क्षेत्रमा लगानी गर्न विशिष्ट कोष सञ्चालन गरिने छ।

## ८.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

### ८.५.१ गुणस्तरीय शिक्षा

**(क) शैक्षिक क्षेत्र संरचनागत सुधार कार्यक्रमः**

१. शिक्षासम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा;
२. बिग विद्यालय, लीड विद्यालय र आवासीय विद्यालय विकास र विस्तार कार्यक्रम;
३. मातृभाषा शिक्षा प्रवर्द्धन सहयोग;
४. एकीकृत मिडिया र सूचना साक्षरता कार्यक्रम;
५. शिक्षा क्षेत्रको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको विकास तथा व्यवस्थापन;
६. विद्यार्थीको प्रतिभा पहिचान तथा वृत्ति विकासका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन;
७. शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन विकास;
८. सामुदायिक पुस्तकालय सहयोग;
९. स्थानीय सरकार शैक्षिक पक्षको मूल्याङ्कन प्रणाली विकास;
१०. शैक्षिक संस्था असल अभ्यास तथा शिक्षक अनुभव आदान प्रदान;
११. परीक्षा र मूल्याङ्कन सुधारका लागि क्षमता विकास;
१२. विशेष शिक्षा सञ्चालित स्रोत कक्षाको सुदृढीकरण;
१३. विद्यालय कृषि तथा व्यावसायिक सिप अभ्यास कार्यक्रम।

**(ख) शैक्षिक पूर्वाधार विकास कार्यक्रमः**

१. विद्यालय भवन निर्माण तथा स्तरोन्नति;
२. विद्युतीय पुस्तकालय निर्माण तथा स्तरोन्नति;
३. विज्ञान प्रयोगशाला स्थापना तथा स्तरोन्नति;
४. प्राविधिक अभ्यास कार्यशाला स्थापना तथा स्तरोन्नति;
५. विपद्बाट क्षति भएका शैक्षिक पूर्वाधार प्रवलीकरण तथा पुन:निर्माण;
६. विद्यालय बगैंचा, व्यायामशाला र खेलकुद मैदानको स्थापना तथा स्तरोन्नति;
७. सिकाइ प्रक्रियामा डिजिटल प्रविधिको उपयोग विस्तार।

**(ग) मानव संसाधन तथा क्षमता विकास कार्यक्रमः**

१. शिक्षा तालिम केन्द्रको सेवा विस्तार;

२. शिक्षकका लागि प्रमाणीकरण तालिम (सूचना प्रविधिसम्बन्धी समेत);

३. शिक्षकका लागि आवश्यकतामा आधारित कष्टमाइज्ड तथा पुनर्ताजगी तालिम;

४. नेपाल सरकार तथा स्थानीय सरकारसँगको लागत साझेदारीमा शिक्षकको क्षमता विकास कार्यक्रम;

५. शिक्षक मेन्टरका लागि क्षमता विकास तालिम सञ्चालन;

६. शिक्षक तालिमका लागि मोड्यूल विकास, प्रशिक्षक तयारी तथा सहजीकरण;

७. शिक्षकका लागि साङ्केतिक भाषाको प्रशिक्षण;

८. विज्ञ प्रशिक्षकको सूची (रोष्टर) तयारी तथा परिचालन;

९. विद्यालय कर्मचारी क्षमता विकास तथा अभिभावक शिक्षा कार्यक्रम।

**(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा प्रवर्द्धन कार्यक्रमः**

१. प्राविधिक शिक्षा तथा व्यावसायिक प्रशिक्षण प्रादेशिक रणनीतिक योजना तर्जुमा;

२. प्राविधिक जनशक्ति आवश्यकता अध्ययन तथा प्रक्षेपण;

३. गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान प्रयोगशाला स्तरोन्नति;

४. विद्यार्थी आदान-प्रदान कार्यक्रम;

५. गण्डकी प्रविधि तथा नवप्रवर्तनशील शैक्षिक केन्द्र विकास आयोजना

६. मागमा आधारित सिप विकास तालिम तथा सिप परीक्षण कार्यक्रम ।

**(ङ) प्रारम्भिक बाल विकास केन्द्र सुदृढीकरण कार्यक्रमः**

१. प्रारम्भिक बाल विकास केन्द्र पूर्वाधार निर्माण, स्तरोन्नति तथा व्यवस्थापन सुधार;

२. नमुना बालविकास केन्द्र विकास तथा सुदृढीकरण;

३. प्रारम्भिक बाल विकास केन्द्रमा कार्यरत सहजकर्ता/शिक्षक क्षमता विकास;

४. प्रारम्भिक बाल विकास केन्द्र सिकाइ स्तरीकरण।

**(च) उच्च शिक्षा प्रवर्द्धन कार्यक्रम:**

१. शैक्षिक गुणस्तर सुधार सहयोग;

२. सामुदायिक क्याम्पस पूर्वाधार सुदृढीकरण;

३. उच्च शिक्षामा विज्ञान, गणित तथा प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृत्ति;

४. सामुदायिक क्याम्पस क्षमता तथा कार्यसम्पादनमा आधारित सहयोग;
५. प्रशासनिक तथा शैक्षिक जनशक्तिको क्षमता विकास;
६. अनुसन्धान तथा नवप्रवर्तन सहयोग कार्यक्रम।

**(छ) विपन्न तथा लक्षित वर्ग शैक्षिक उन्नयन कार्यक्रमः**

१. बौद्धिक अपाङ्गता, अटिजम र मनोसामाजिक समस्या भएका बालबालिका लागि प्रदेशस्तरमा आवासीय विद्यालय स्थापना;
२. ११ र १२ कक्षामा विज्ञान विषय अध्ययन गर्ने गरिब तथा दलित छात्रवृत्ति कार्यक्रम;
३. पिछडिएको वर्ग उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम;
४. स्थानीय तथा मातृ भाषाका पाठ्यक्रम निर्माण तथा पठनपाठनमा सहयोग;
५. अपाङ्गता भएका विद्यार्थीका लागि शैक्षिक तथा सहयोगी सामग्री सहयोग।

**(ज) जीवनोपयोगी तथा व्यावहारिक शिक्षा प्रवर्द्धन कार्यक्रमः**

१. जीवनोपयोगी शिक्षा, अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको प्रादेशिक मापदण्ड तयारी;
२. भविष्यका लागि शुक्रवार (Friday for Future) कार्यक्रम;
३. सिर्जनशील अध्ययनशाला कार्यक्रम;
४. औद्योगिक प्रतिष्ठानसँगको सहकार्यमा उद्यमशीलता तालिम तथा प्रदर्शन;
५. उद्यमशीलता प्रवर्द्धनमूलक शैक्षिक कार्यक्रम;
६. वृत्ति विकास परामर्श कार्यक्रम;
७. अनौपचारिक शिक्षाको पाठ्यक्रम तथा सन्दर्भ सामग्री विकास;
८. जीवनपर्यन्त सिकाइको प्रमाणीकरण गर्ने प्रणालीको स्थापना;
९. विद्यालयमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम;
१०. उच्च शिक्षामा अध्ययनरत विद्यार्थीका लागि इन्टर्नशीप कार्यक्रम।

**(झ) गण्डकी प्रदेश विश्वविद्यालय पूर्वाधार निर्माण तथा व्यवस्थापन सुधार कार्यक्रम:**

१. शैक्षिक सुधार तथा पूर्वाधार विकास कार्यक्रम;
२. जनशक्ति व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम सहयोग;
३. व्यावहारिक तथा प्राज्ञिक अनुसन्धान एवम् नवप्रवर्तन;
४. पाठयक्रम अद्यावधीकरण।

**(ञ) विद्यावत सहर कार्यक्रम**:

१. सम्भाव्यता अध्ययन, स्थान पहिचान तथा नक्साङ्कन;

२. विद्यावत सहरको अवधारणा तयारी;

३. शैक्षिक प्रतिष्ठान स्थापना तथा शैक्षिक कार्यक्रम;

४. अध्ययन तथा अनुसन्धान र ज्ञान प्रसार;

५. ज्ञानको उपयोग तथा अभ्यास।

### ८.५.२ युवा तथा खेलकुद

**(क) युवा सिर्जनशीलता तथा रूपान्तरण कार्यक्रमः**

१. युवा नीति तथा योजना तर्जुमा;

२. शासन तथा विकास प्रक्रियामा युवा साझेदारी प्रवर्द्धन;

३. युवा परामर्श तथा उत्प्रेरणा कार्यक्रम ;

४. युवा उद्यमशीलता विकास कार्यक्रम;

५. युवामैत्री स्थानीय शासन प्रवर्दद्धन।

**(ग) खेलकुद पूर्वाधार विकास कार्यक्रमः**

१. एक स्थानीय तह एक स्तरीय खेलमैदान निर्माण;

२. प्रदेश खेलाडीको वैयक्तिक विवरण अभिलेखीकरण;

३. क्रिकेट मैदानको निर्माण;

४. बहुउद्देश्यीय रङ्गशाला स्थापना;

५. खेलकुद पूर्वाधार निर्माण, स्तरोन्नति तथा मर्मतसम्भार।

**(घ) व्यावसायिक तथा गुणस्तरीय खेलकुद प्रवर्द्धन कार्यक्रमः**

१. खेल विज्ञान अध्ययन कार्यक्रम;

२. प्रदेश खेलकुद एकेडेमी स्थापना;

३. उच्चस्तरीय खेल प्रशिक्षण;

४. खेलाडी बिमा कार्यक्रम;

५. खेलाडी सम्मान तथा प्रोत्साहन कार्यक्रम;

६. प्रादेशिक खेलकुद प्रतियोगिता आयोजना।

### ८.५.३ कला, भाषा, सम्पदा र साहित्य

**(क) संस्कृति तथा सम्पदा संरक्षण तथा सुदृढीकरण कार्यक्रम:**

१. संस्कृति तथा पुरातत्त्वसम्बन्धी नीति तथा कानुन निर्माण;
२. पुरातात्त्विक सम्पदा अध्ययन तथा अनुसन्धान;
३. सम्पदा तथा संस्कृतिको अध्ययन तथा अन्वेषण र अभिलेखन;
४. गण्डकी प्रदेश सङ्ग्रहालय सुदृढीकरण।

(ख) **मौलिक ज्ञान, कला, भाषा र संस्कृति संरक्षण तथा प्रवर्द्धन कार्यक्रम**:

१. विद्यालय पाठ्यक्रम अद्यावधीकरण तथा मातृभाषा शिक्षा प्रवर्द्धन सहयोग;
२. मूर्त – अमूर्त सांस्कृतिक सम्पदा अध्ययन तथा अभिलेखीकरण;
३. बहुसांस्कृतिक ग्राम निर्माण तथा व्यवस्थापन;
४. लोक साहित्य तथा सङ्गीत प्रवर्द्धन;
५. परम्परागत ज्ञान तथा सिपसम्बन्धी अध्ययन, प्रकाशन तथा प्रसारण।

**(ग) सांस्कृतिक पर्यटन प्रवर्द्धन कार्यक्रम:**

१. सांस्कृतिक एवम् पुरातात्त्विक सम्पदाको प्रचार प्रसार;
२. सम्पदा तथा सांस्कृतिक क्षेत्र पूर्वाधार विकास तथा स्तरोन्नति;
३. सांस्कृतिक स्थल तथा पुरातात्त्विक क्षेत्र संरक्षण र स्तरोन्नति।

### ८.५.४ विज्ञान तथा प्रविधि

(क) **विज्ञान तथा प्रविधि विकासमा संरचनागत सुधार कार्यक्रम**:

१. नीतिगत तथा कानुनी सुधार;
२. विशिष्टीकृत अनुसन्धान प्रयोगशाला निर्माण;
३. अनुसन्धान संस्था तथा निकाय स्तरीकरण तथा सबलीकरण।

(ख) **विज्ञान प्रविधि अध्ययन तथा अनुसन्धान कार्यक्रम**:

१. कार्यस्थलमा आधारित सिप विकास कार्यक्रम (इन्टर्नशीप कार्यक्रम);

२. प्राज्ञिक अध्ययन तथा अनुसन्धान सहयोग कार्यक्रम;

३. वैज्ञानिक तथा अनुसन्धानकर्ता प्रोत्साहन;

४. विज्ञान तथा प्रविधि शिक्षक तालिम;

५. विज्ञान प्रविधिको क्षेत्रमा प्रदेश उत्कृष्ट संस्था तथा व्यक्ति सम्मान र प्रोत्साहन।

**(ग) क्षेत्रगत प्रविधि विकास तथा उपयोग विस्तार कार्यक्रम**:

१. उत्पादनशील तथा उत्थानशील प्रविधि विकास कार्यक्रम;

२. सुशासनका लागि प्रविधि विस्तार कार्यक्रम;

३. प्रविधि विकास तथा विस्तार कार्यक्रम;

४. आइसिटी बुट क्याम्प सञ्चालन;

५. साना प्रविधि विकास तथा विस्तार कार्यक्रम।

**(घ) रैथाने प्रविधि स्तरोन्नति कार्यक्रम**:

१. रैथाने प्रविधि पहिचान तथा अध्ययन;

२. कृषि क्षेत्र प्रविधि सुधार;

३. ग्रामीण व्यावहारिक प्रविधि सुधार।

**(ङ) अनुसन्धान तथा नवप्रवर्तन कार्यक्रम**:

१. अनुसन्धानकर्ता प्रोत्साहन सहयोग;

२. नवप्रवर्तन साझेदारी विकास कार्यक्रम;

३. व्यावहारिक प्रविधि विकास कार्यक्रम;

४. प्रादेशिक प्राथमिकता क्षेत्रमा अनुसन्धान तथा प्रविधि हस्तान्तरण कार्यक्रम।

## ८.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| **१.** | **गुणस्तरीय शिक्षा** | | | | | |
| १.१ | ५ वर्षमाथिको साक्षरता दर | प्रतिशत | ८१.७ | ८२.० | ८३.५ | ८५.० |
| १.२ | पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्नादर | प्रतिशत | ८२.१ | ८३.० | ८५.० | ८८.० |
| १.३ | कक्षा ८ को सिकाइ उपलब्धि प्रतिशत | | | | | |
| | अंग्रेजी | प्रतिशत | ४७.८० | ४८ | ४९ | ५०.० |
| | गणित | प्रतिशत | ३९.४६ | ४० | ४३ | ४५.० |
| | विज्ञान | प्रतिशत | ४३.५८ | ४५ | ४७ | ५०.० |
| | नेपाली | प्रतिशत | ४८.४७ | ५० | ५२ | ५५.० |
| १.४ | विद्यालय शिक्षा (१-१२ कक्षा) शिक्षक विद्यार्थी अनुपात | अंक | १७.७७ | १८.० | १९.० | २५.० |
| १.५ | आधारभूत तहमा विद्यालय उमेरका विद्यालय बाहिर रहेका बालबालिका सङ्ख्या | प्रतिशत | ४.३ | ४ | ३ | २.० |
| १.६ | आधारभूत तह (१-८) को खुद भर्नादर | प्रतिशत | ९५.७ | ९६ | ९७ | ९८.० |
| १.७ | प्राविधिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्था | सङ्ख्या | १५९ | १६० | १७० | १८० |
| १.८ | विश्वविद्यालय शिक्षामा अध्ययनरत विद्यार्थी (हजार) | सङ्ख्या | २९७ | ३०० | ३३५ | ३४५ |
| १.९ | वार्षिक बजेटमा शिक्षा क्षेत्रको विनियोजन | प्रतिशत | ५.० | ६ | ८ | १० |
| १.१० | शिक्षण सिकाइमा इन्टरनेटको पहुँच भएका शैक्षिक संस्था | प्रतिशत | ६५ | ६८ | ७५ | ८० |
| **२.** | **युवा तथा खेलकुद** | | | | | |
| २.१ | वार्षिक १५-२४ वर्ष उमेर समूहका रोजगार र तालिममा संलग्न रहेका युवा सङ्ख्या | हजारमा | २८० | २८५ | ३०० | ३२० |
| २.२ | वार्षिक स्वरोजगार उद्यम/व्यवसाय सञ्चालन गर्ने युवा | सङ्ख्या | २२० | २३० | २४० | २५० |
| २.३ | उद्यम परामर्श हासिल गर्ने युवा | प्रतिशत | १५.० | १६.० | २७.५ | ३०.० |
| २.४ | राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडी | सङ्ख्या | १२०० | १२५० | १५०० | १७५० |
| २.६ | आधारभूत सुविधा सहितका रङ्गशाला | सङ्ख्या | २५ | ३० | ४५ | ६० |
| २.७ | युवा तथा खेलकुद क्षेत्रको वार्षिक बजेट | प्रतिशत | १.२९ | १.४० | १.७५ | २.०० |
| **३.** | **कला, भाषा, सम्पदा र साहित्य** | | | | | |
| ३.१ | संरक्षण/प्रवर्द्धन गरिएका सम्पदा | सङ्ख्या | १०५ | ११० | १२० | १३० |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| ३.२ | अध्ययन/पहिचान भएका मुख्य पुरातात्त्विक सम्पद | सङ्ख्या | १४१ | १४५ | १५० | १५५ |
| ३.३ | मासिक औसत १० हजारभन्दा बढी पर्यटकले भ्रमण गर्ने धार्मिक तथा सांस्कृतिक सम्पदा | सङ्ख्या | २५ | ३० | ३५ | ४० |
| ३.४ | प्रदेशस्तरमा हुने संस्कृति तथा सम्पदासम्बन्धी अध्ययन | सङ्ख्या | ३० | ३५ | ६५ | १०० |
| ३.५ | मौलिक सिपमा आधारित व्यावसायिक फर्म | सङ्ख्या | १०० | ११० | १३० | १५० |
| ३.६ | स्थापना भएका सङ्ग्रहालय | सङ्ख्या | ७२ | ७२ | ८० | ८२ |
| ३.७ | सङ्ग्रहालय भ्रमण गर्ने पर्यटक (हजारमा) | सङ्ख्या | ६५७ | ७५७ | ८५७ | १००० |
| **४.** | **विज्ञान तथा प्रविधि** | | | | | |
| ४.१ | विकास/प्रवर्द्धन गरिएका नयाँ प्रविधि | सङ्ख्या | ५ | ९ | २४ | ३५ |
| ४.२ | प्रादेशिक विज्ञ समूहमा आबद्ध व्यक्ति | सङ्ख्या | १५० | १५८ | १८८ | ११० |
| ४.३ | वार्षिक अध्ययन तथा अनुसन्धान | सङ्ख्या | ८ | १४ | २० | २६ |
| ४.४ | सहकार्य तथा समन्वय गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धानकर्ता तथा संस्था | सङ्ख्या | ३५ | ४५ | ५१ | ५८ |
| ४.५ | विज्ञान प्रविधि विषयको उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | सङ्ख्या | १९१३ | १९१३ | २२०० | २४०० |
| ४.६ | व्यावहारिक अनुसन्धानमा संलग्न जनशक्ति | सङ्ख्या | ५७ | ८४ | ११४ | १४४ |
| ४.७ | विज्ञान र प्रविधिका आधारित विकास भएका पाठ्यक्रम | सङ्ख्या | ११ | १३ | १५ | २० |
| ४.८ | प्रदेशको विज्ञान तथा प्रविधि सम्बन्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लेख तथा पुस्तक | सङ्ख्या | १० | २० | ३० | ५० |

*स्रोत: गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार*

# परिच्छेद ९

# दिगो तथा उत्थानशील पूर्वाधार


| | |
|---|---|
| ९.१ पृष्ठभूमि | १६१ |
| ९.२ विद्यमान अवस्था | १६२ |
| ९.३ मुख्य सवाल तथा चुनौती | १६५ |
| ९.४ रूपान्तरणकारी रणनीति | १६८ |
| ९.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम | १७२ |
| ९.६ परिमाणात्मक लक्ष्य | १७६ |

# परिच्छेद ९

# दिगो तथा उत्थानशील पूर्वाधार

## ९.१ पृष्ठभूमि

नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदनले प्रदेशभित्रको लोकमार्ग, सहायक मार्ग निर्माण, स्तरोन्नति, मर्मतसम्भार तथा नियमन, स्थानीय तहमा ट्राफिक व्यवस्थापन, सूचना प्रविधिको प्रवर्द्धनसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा नियमनलाई प्रदेश सरकारको पूर्वाधार विकाससम्बन्धी अधिकार सूचीमा समावेश गरेको छ । यसैगरी उक्त प्रतिवेदनमा वैकल्पिक यातायात प्रवर्द्धन, सहरी विकास योजना तर्जुमा, भवन-आवास तथा सहरी पूर्वाधार निर्माण, सञ्चालन र मर्मतसम्भार, सुरक्षित बसोबास तथा जग्गा एकीकरणसम्बन्धी नीति, योजना तथा कार्यक्रम कार्यान्वयन जस्ता विषय प्रदेश सरकारको पूर्वाधार विकाससम्बन्धी अधिकार सूचीमा समावेश रहेका छन् ।

पूर्वाधार विकास क्षेत्रको नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रदेश सरकारबाट स्वीकृत कार्यविभाजन नियमावलीले पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको कार्यजिम्मेवारी अन्तर्गत समावेश गरेको छ । यसैगरी नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०८० अनुसार प्रदेशको क्षेत्राधिकारमा रहेका लोकमार्ग, प्रदेश राजधानी र स्थानीय तहको केन्द्र जोड्ने मूल सडक तथा दुई वा सो भन्दा बढी स्थानीय तहको केन्द्र जोड्ने प्रमुख सडकलाई प्रदेश तहको विकास कार्यक्रम तथा आयोजनामा समावेश गरिएको छ ।

संवैधानिक अधिकार र प्रचलित कानुनी व्यवस्था अनुकूल गण्डकी प्रदेश सरकारले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ र प्रदेश विकास प्राधिकरण ऐन, २०७७ तयार गरेको छ । उपरोक्त व्यवस्थाअनुसार प्रदेशमा सडक, यातायात, भवन, आवास, बस्ती तथा सहरी विकास, सूचना तथा सञ्चार प्रविधिको विकास, विस्तार तथा स्तरोन्नतिसम्बन्धी कार्यलाई योजनावद्ध, नतिजामूलक, लागत प्रभावकारी एवम् सुव्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक छ । यसका साथै प्रदेशको नीति, योजना तथा कार्यक्रमले आर्थिक तथा सामाजिक विकास र सेवाप्रवाहलाई गति प्रदान गर्न मार्गदर्शन गर्नु पर्दछ ।

## ९.२ विद्यमान अवस्था

### ९.२.१ सडक तथा यातायात पूर्वाधार

प्रदेशको सडक पूर्वाधारलाई व्यवस्थित, गुणस्तरीय, उत्थानशील तथा दिगो बनाउन प्रदेश सवारी तथा यातायात व्यवस्थापन ऐन र तत्सम्बन्धी नियमावली लगायतका सडक पूर्वाधार विकास, स्तरोन्नति र सञ्चालनसम्बन्धी नीति, कानुन, मापदण्ड र योजना जारी भई लागु भएका छन्। यसैगरी कोराला-त्रिवेणी सडक, शालिग्राम करिडोर सडक, प्रदेश सभा भवन लगायत प्रदेश गौरव तथा रूपान्तरणकारी कार्यक्रम तथा आयोजना कार्यान्वयन भैरहेका छन्। आर्थिक वर्ष २०८०/८१ सम्ममा प्रदेशका ८३ वटा स्थानीय तहका केन्द्र सडक सञ्जालमा आबद्ध भइसकेका छन् । जस मध्ये ६८ वटा स्थानीय तहका केन्द्र पक्की सडक सञ्जालमा जोडिएका छन्।

आर्थिक वर्ष २०८०/८१ सम्ममा प्रादेशिक तथा स्थानीयस्तरमा करिब १२,५०० कि.मि. सडक निर्माण सम्पन्न भएको छ। सो मध्ये पक्की, ग्राभेल र कच्ची सडकको अनुपात क्रमशः ५.९६, ११.२५ र ८२.७९ प्रतिशत रहेको छ। यस प्रदेशमा राष्ट्रिय लोकमार्ग तथा सहरी सडक समेत प्रदेश तथा स्थानीयस्तरमा ६९९ कि.मि. पक्की सडक, १,३१९ कि.मि. ग्राभेल सडक र ९,७१० धुले सडक गरी कुल ११,७२८ कि.मि. सडक सञ्चालनमा रहेको छ। यस प्रदेशमा प्रादेशिक सडकको लम्बाई कुल ५,९०० कि.मि. रहेको छ। प्रदेशको पक्की सडक घनत्व ०.५४ कि.मि. प्रति वर्ग कि.मि. रहेको छ । प्रदेश सरकारबाट आ.व.२०७९/८० सम्ममा ८५ वटा सडक पुल निर्माण सम्पन्न भएका छन् भने ४६ वटा निर्माणाधीन रहेका छन्।

प्रदेश राजधानी पोखरामा २ वटा, बागलुङ जिल्लाको बलेवा र ढोरपाटन, मुस्ताङ जिल्लाको जोमसोम, मनाङ जिल्लाको हुम्डे र गोरखा जिल्लाको पालुङटारमा गरी ७ वटा विमानस्थल रहेका छन्। उपरोक्त विमानस्थल मध्ये हाल पोखराका २ वटा र मुस्ताङ जिल्लाको जोमसोम विमानस्थल मात्र सञ्चालनमा रहेका छन्। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय व्यावसायिक उडान समेत पूर्ण सञ्चालनमा ल्याउन कुटनीतिक र सार्थक पहलको आवश्यकता देखिन्छ।

प्रसिद्ध धार्मिक स्थल गोरखा जिल्लाको मनकामना तथा नवलपुरको मौलाकालिका मन्दिर, डुम्रे-बन्दीपुर र पोखराको प्रमुख पर्यटकीय स्थल सराङकोट गरी चार स्थानमा निजी क्षेत्रको लगानीमा केबलकार निर्माण भई सञ्चालनमा रहेका छन् । बिरेठाँटी-मुक्तिनाथ, बागलुङ बजार – भकुण्डे -भैरवस्थान लगायतका सम्भाव्य स्थानमा केवलकार निर्माण तथा सञ्चालनको लागि विस्तृत अध्ययन भइरहेको छ। यसैगरी

बागलुङ - पञ्चकोट, डुम्रे - बन्दिपुर, पञ्चासे लगायतका सडक निर्माण तथा सञ्चालन गर्न प्राविधिक, वित्तीय र वातावरणीय रूपले सम्भव नहुने गाउँ/बस्ती, पर्यटकीय, धार्मिक तथा सांस्कृतिक केन्द्र तथा स्थानमा केबलकार तथा रज्जुमार्ग निर्माण तथा सञ्चालन गर्नुपर्ने देखिन्छ । नारायणी र कालीगण्डकी नदीमा मोटरबोट लगायत जल यातायात साधन सञ्चालन सुरु भएको छ। यसको थप विकास र विस्तारको सम्भाव्यता अध्ययन गरी व्यवस्थित गर्नुपर्ने देखिन्छ।

**९.२.२ यातायात व्यवस्थापन**

यस प्रदेशमा यातायात सेवालाई सुदृढ, सक्षम, प्रभावकारी, सुरक्षित, मर्यादित, सुव्यवस्थित, प्रविधि र यात्रुमैत्री बनाउन गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ तथा नियमावली, २०८० जारी भई कार्यान्वयनमा रहेका छन्। प्रदेशमा सवारी तथा यातायात क्षेत्रको अभिलेखलाई डिजिटलाइज गर्ने काम सुरु गरिएको छ । सार्वजनिक यातायातलाई सुरक्षित, मर्यादित र सुव्यवस्थित बनाउन प्रदेशका ९ वटा जिल्ला यातायात व्यवस्थासम्बन्धी सेवाप्रवाह भैरहेको छ। सवारी चालक अनुमतिपत्रसम्बन्धी सेवा दिन यातायात व्यवस्था कार्यालय कास्की (सवारी चालक अनुमतिपत्र) र सवारी साधन दर्ता, नवीकरण, नामसारी, जाँचपास, रुट इजाजत लगायतका सेवा दिन यातायात व्यवस्था कार्यालय कास्की (सवारी) गरी कास्की जिल्लामा दुई वटा कार्यालय सञ्चालनमा रहेका छन् । बागलुङ, नवलपुर र तनहुँ जिल्लामा यातायात व्यवस्था कार्यालयमार्फत् यातायात व्यवस्था तथा सवारी चालक अनुमतिपत्रसम्बन्धी दुवै प्रकृतिका सेवाप्रवाह हुँदै आएको छ।

गोरखा, लमजुङ र स्याङ्जाका पूर्वाधार विकास कार्यालयबाट सवारी साधनको बिल बुक र सवारी चालक अनुमतिपत्र नवीकरण तथा अस्थायी रुट इजाजत (पटके) दिने सेवा उपलब्ध गराइँदै आएको छ। साथै, म्याग्दी र पर्वतका पूर्वाधार विकास कार्यालयबाट अस्थायी रुट इजाजत (पटके) दिने सेवा उपलब्ध हुँदै आएको छ । विद्युतीय भुक्तानी सहितको विद्युतीय सवारी चालक अनुमतिपत्र प्रणाली परीक्षणको रूपमा सवारी अनुमतिपत्र कार्यालय कास्कीबाट सेवा सञ्चालनमा ल्याइएको छ।

यातायात व्यवस्थाको राष्ट्रिय लक्ष्य हासिल गर्न विद्युतीय सवारी साधनको प्रयोगमा जोड दिने नीति लिइएको छ। जसअनुसार वार्षिक करिब ५०० वटा चार पाङ्ग्रे विद्युतीय सवारी साधन थप भैरहेका छन्। प्रदेशमा आर्थिक वर्ष २०७९/८० सम्ममा विभिन्न किसिमका २३,१७० सवारी साधन दर्ता भएका छन्। सार्वजनिक तथा निजी सवारी साधन दर्ता, नवीकरण, नामसारी तथा प्रदूषण जाँच, प्राविधिक परीक्षण लगायत सवारी साधन व्यवस्थापन कार्यलाई आधुनिक प्रणालीमा आबद्ध गर्न इम्बोस्ड नम्बर प्लेट जडान कार्यलाई थप व्यवस्थित गर्नुपर्ने देखिन्छ।

### ९.२.३ भवन, आवास, बस्ती तथा सहरी विकास

प्रदेशको कुल क्षेत्रफल मध्ये १९.४ प्रतिशत क्षेत्रफल ओगट्ने २७ वटा नगरपालिकामा ६५.८ प्रतिशत जनसङ्ख्या बसोबास गर्दछन् । प्रदेश सरकारले सरकारी भवन, सभा हल, अस्पताल भवन र शैक्षिक संस्थाका भवन निर्माणमा तदारुकता देखाएको छ । यस प्रदेशमा सुविधा सम्पन्न ९ वटा सभा हल, २४ वटा स्थानीय तहका वडा कार्यालय भवन, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान भवन, प्राकृतिक चिकित्सालय, ६ वटा अस्पताल निर्माण सम्पन्नउन्मुख रहेका छन् । प्रदेशमा ३ वटा पहिचानयुक्त सरकारी भवन (प्रदेश सभा भवन, गण्डकी प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक प्रतिष्ठान भवन, गण्डकी विश्वविद्यालय भवन) निर्माणउन्मुख रहेका छन् भने १५ वटा सरकारी भवन निर्माण, संरचनागत सुधार र मर्मतसम्भार गरिएका छन् । प्रदेशका पोखरा महानगर वरिपरिका स्याङ्जाको पुतलीबजार, पर्वतको कुश्मा, तनहुँको शुक्लागण्डकी, लमजुङको मध्यनेपाल गरी ४ वटा सहरलाई स्याटेलाइट सिटीको रूपमा निर्माण गर्ने लक्ष्य रहेकोमा ४ वटै सिटीमा आधारभूत पूर्वाधार निर्माण र स्तरोन्नतिका कार्य भईरहेका छन् ।

प्रथम योजना अवधिमा अति विपन्न, सीमान्तकृत तथा जोखिममा रहेका घरपरिवारलाई आवास सुविधा उपलब्ध गराउन ११ वटै जिल्लामा जनता आवास कार्यक्रम अन्तर्गत करिब २,००० आवासीय घर निर्माण भई हस्तान्तरण भएका छन् । प्रदेश सरकारको खरको छाना विस्थापन कार्यक्रम अन्तर्गत स्थानीय तहसँगको साझेदारीमा करिब २०० वटा घरमा जस्तापाताको छाना निर्माणमा सहयोग उपलब्ध गराइएको छ ।

सुरक्षित तथा भवन आचारसंहिताको मापदण्डअनुसार निर्मित आवासमा बसोबास गर्ने जनसङ्ख्या २७ प्रतिशत रहेको छ भने आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने घरपरिवार ८१.७ प्रतिशत रहेको छ । यसैगरी ३० मिनेटको दुरीमा बजार केन्द्र वा पक्की सडकमा पहुँच हुने घरपरिवार करिव ४८ प्रतिशत रहेको छ ।

### ९.२.७ सूचना तथा सञ्चार प्रविधि

प्रदेशको कुल जनसङ्ख्यामा इन्टरनेट प्रयोगकर्ता ६४.११ प्रतिशत रहेका छन् । नेपाल टेलिकमबाट वितरित टेलिफोन लाइन सङ्ख्या २,९७,४१५ वटा रहेको छ । गण्डकी प्रदेशमा दर्ता भएका इन्टरनेट सेवा प्रदायक ३७ वटा तथा अनलाइन सञ्चार माध्यम ६५७ वटा रहेका छन् । राष्ट्रिय जनगणना, २०७८ अनुसार ३४,१८८ घरपरिवारमा ल्याण्डलाइन टेलिफोन एवम् ४,७०,५५९ सँग अर्डिनरी मोबाइल फोन र ५,१४,६९० सँग स्मार्ट मोबाइल फोन उपलब्ध रहेको छ ।

## ९.३ मुख्य सवाल तथा चुनौती

### ९.३.१ सडक तथा यातायात पूर्वाधार

(१) **सडक सञ्जालको विकास, विस्तार र स्तरोन्नति गर्नुः** जनसङ्ख्याको आकार र चाप, अन्तरआबद्धता, बस्ती विकास र उत्पादन क्षेत्रको आधारमा सडक सञ्जालको विकास, विस्तार र स्तरोन्नतिमा कमी रहेको छ । प्रादेशिक सडकको मापदण्ड तयार नभइसकेकाले सडकको स्तरअनुसारको मापदण्ड निर्धारण हुन सकेको छैन। व्यवस्थित सडक पेटी तथा साइकल लेन र सडक पुल निर्माणमा कमी रहेको छ । सडकलाई अपाङ्ग, ज्येष्ठ नागरिक र बालबालिकामैत्री बनाउनु महत्त्वपूर्ण सवालका रूपमा रहेको छ। झोलुङ्गे पुल निर्माण, स्तरोन्नति र मर्मतसम्भार गरी ग्रामीण क्षेत्रमा आवतजावत र वस्तु सेवाको ओसारपसारलाई थप सहज बनाउनु जरुरी देखिन्छ। सुरक्षित सडक पूर्वाधार विकास, विस्तार र स्तरोन्नति कार्यलाई उत्थानशील र वातावरणमैत्री बनाउनु चुनौतीपूर्ण रहेको छ।

(२) **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारिक तथा पर्यटकीय केन्द्रलाई रेलमार्ग, छोटो सडक मार्ग र सुरूङ मार्गले जोड्नुः** प्रमुख सडकमा पुल तथा अन्य संरचना निर्माण आवश्यकताअनुसार हुन सकेको छैन । दुर्गम बस्ती र बजारलाई जोड्न सडक पुल र झोलुङ्गे पुल निर्माण, स्तरोन्नति र मर्मतसम्भारमा पर्याप्तता छैन । निर्माण भएका सडक तथा पुलको नियमित रूपमा मर्मतसम्भार गरी यातायात सुचारु गर्न आवश्यक देखिएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारिक तथा पर्यटकीय केन्द्रलाई रेलमार्ग, छोटो सडक मार्ग र सुरूङ मार्ग आदिले जोड्न आवश्यक स्रोत तथा साधानको व्यवस्था गर्नु प्रमुख चुनौती हो।

(३) **वैकल्पिक यातायात पूर्वाधार सेवा तथा सुविधाको विकास र विस्तार गर्नुः** सडक सञ्जालमा जोड्न प्राविधिक, वित्तीय तथा वातावरणीय हिसाबले सम्भाव्य नदेखिएका बस्ती तथा पर्यटकीय, सांस्कृतिक र धार्मिक केन्द्रमा सडक तथा वैकल्पिक यातायात पुग्न सकेको छैन। ठुला नदीमा जल यातायातको सम्भाव्यता अध्ययन एवम् जल यातायातको विकास र विस्तारको कमी रहेको छ । पर्यटकीय महत्त्वका स्थल तथा गाउँ, दुर्गम गाउँ बस्ती र धार्मिक स्थलमा आवश्यकता तथा सम्भाव्यताका आधारमा केवलकार, रज्जुमार्ग तथा व्यवस्थित पैदलमार्गको विकास र विस्तार गर्नु सवालका रूपमा रहेको छ। मेट्रो रेल तथा मोनो रेल, विद्युतीय बस लगायतका वैकल्पिक यातायात पूर्वाधार सेवामा सार्वजनिक तथा निजी क्षेत्रको लगानी आकर्षित गर्न सकिएको छैन । सडक

सञ्जालमा जोड्न प्राविधिक, वित्तीय तथा वातावरणीय हिसाबले सम्भाव्य नदेखिएका बस्ती तथा पर्यटकीय, सांस्कृतिक र धार्मिक केन्द्रमा वैकल्पिक यातायातको विकास तथा विस्तार गर्नु चुनौती रहेको छ।

(४) **विमानस्थल विस्तार र स्तरोन्नति गरी सञ्चालनमा ल्याउनुः** विगतमा सञ्चालनमा रहेका बागलुङ जिल्लाको बलेवा र ढोरपाटन, मनाङको हुम्डे र गोरखा जिल्लाको पालुङटार लगायतका विमानस्थल विस्तार र स्तरोन्नति गरी सञ्चालनमा ल्याउनु प्रमुख सवालका रूपमा रहेको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई व्यावसायिक रूपमा सञ्चालन ल्याउनु चुनौतीपूर्ण रहेको छ।

### ९.३.२ यातायात व्यवस्थापन

(१) **सार्वजनिक यातायातलाई सुव्यवस्थित र सुरक्षित बनाउनुः** सवारी साधनको चेकजाँच, सवारी अनुमति, यातायात रूट अनुमति प्रविधिमैत्री, सहज र सुव्यवस्थित बनाउन सकिएको छैन। सार्वजनिक सवारी साधन सञ्चालनमा टाइमकार्ड तथा ट्र्याकिङ प्रणालीको कमी रहेको छ। ट्राफिक नियमसम्बन्धी सचेतना वृद्धिसँगै ट्राफिक व्यवस्थापनलाई प्रविधिमैत्री, सहज र सुरक्षित हुन सकेको छैन। सार्वजनिक यातायातलाई थप सुव्यवस्थित र सुरक्षित बनाउनु चुनौती रहेको छ।

(२) **यातायात प्रणालीलाई सुरक्षित, सहज तथा लक्षित वर्गमैत्री बनाउनु:** सवारी साधनबाट हुने प्रदूषण नियन्त्रण र सडक सुरक्षाका लागि नियमन तथा अनुगमन कार्यको प्रभावकारितामा कमी रहेको छ। सार्वजनिक सवारीको भाडादरलाई वैज्ञानिक एवम् व्यवस्थित तुल्याउन सकिएको छैन। वातावरणमैत्री तथा गुणस्तरीय मास ट्रान्सपोर्टको व्यवस्था गरी निजी सवारी साधनको प्रयोग घटाउनु मुख्य सवालको रूपमा रहेको छ। अपाङ्ग, बालबालिका, ज्येष्ठ नागरिक तथा महिलामैत्री यातायात प्रणालीको विकास र सडक दुर्घटना न्यूनीकरण गर्नु मुख्य चुनौतीका रूपमा रहेको छ।

### ९.३.३ भवन, आवास, बस्ती तथा सहरी विकास

(१) **सहर, बजार र बस्ती विकासलाई एकीकृत, योजनाबद्ध र व्यवस्थित बनाउनुः** बस्ती विकास तथा सहरी पूर्वाधार निर्माणमा तहगत र निकायगत समन्वय, सहकार्य र साझेदारीमा जोड दिनु महत्त्वपूर्ण सवालका रूपमा रहेको छ। भौगोलिक, भौगर्भिक तथा जल प्रणालीको ऐतिहासिक पृष्ठभूमि एवम् विपद् जोखिम न्यूनीकरण अध्ययन विश्लेषण बिना अव्यवस्थित र अनियन्त्रित रूपमा सहर, बजार तथा बस्ती विकास तथा विस्तार भइरहेका छन्। भूउपयोग योजना तर्जुमा तथा कार्यान्वयन गर्नु, छरिएको बस्तीलाई एकीकृत गरी सेवा सुविधा सहज बनाउनु, विकेन्द्रित सहरको

विकास तथा विस्तार गरी सहरीकरणलाई व्यवस्थित गर्नु, ग्रामीण बस्ती तथा सहरी विकासलाई उत्थानशील तथा दिगो बनाउनु, सहर तथा बजार एवम् ग्रामीण बस्तीलाई सुविधा सम्पन्न तथा व्यवस्थित बनाउनु प्रमुख चुनौतीका रूपमा रहेको छ।

(२) **सन्तुलित, सुरक्षित तथा एकीकृत बस्ती र सहरी विकास गर्नुः** योजनाबद्ध बस्ती विकासका लागि स्थान पहिचान, समुदाय परिचालन, जग्गा एकीकरण, लगानी तथा निर्माण कार्यलाई योजनाबद्ध र व्यवस्थित बनाउन नीतिगत तथा व्यावहारिक कठिनाइ रहेको छ। भौगोलिक जटिलता तथा भौगर्भिक र विपद्का दृष्टिकोणले उच्च जोखिममा रहेका बस्ती तथा घरपरिवारका लागि जोखिम संवेदनशील भूउपयोगमा आधारित एकीकृत आवास तथा बस्ती विकास गर्न सकिएको छैन। प्रादेशिक भूउपयोग योजना तर्जुमा गरी सोअनुसार सुरक्षित तथा उत्थानशील, आवास, बस्ती तथा सहरी विकास गर्नु सवालका रूपमा रहेको छ। प्रमुख सहरी क्षेत्रमा जनसङ्ख्याको अधिक केन्द्रीकरण तथा दवावलाई कम गर्न भौगोलिक रूपमा जनसाङ्खिक असन्तुलनलाई कम गर्न उपयुक्त स्थानमा व्यवस्थित र योजनाबद्ध रूपमा एकीकृत बस्ती विकास तथा सहरी पूर्वाधारको विकास तथा विस्तार गर्नु चुनौतीपूर्ण रहेको छ।

(३) **प्रविधिमा आधारित उत्पादन प्रणाली र गतिशील आर्थिक गतिविधियुक्त, सुरक्षित, प्रदूषणमुक्त, दिगो तथा व्यवस्थित सहरको विकास गर्नुः** नयाँ तथा स्याटेलाइट सिटीको निर्माणको सवाल जल्दोबल्दो रूपमा देखिएको छ। सडक, स्मार्ट यातायात, गुणस्तरीय खानेपानी तथा सरसफाइ सुविधा, विद्युत् तथा सूचना प्रणालीमा सबै नागरिकको पहुँच सुनिश्चित गर्न कठिनाइ रहेको छ। प्रविधिमा आधारित उत्पादन प्रणाली एवम् गतिशील आर्थिक गतिविधियुक्त, सुरक्षित, प्रदूषणमुक्त र दिगो तथा व्यवस्थित सहरको विकास गर्नु चुनौतीका रूपमा रहेको छ।

### ९.३.४ सूचना तथा सञ्चार प्रविधि

(१) **सेवाप्रवाहमा सूचना तथा सञ्चार प्रविधिको उपयोग विस्तार गर्नुः** दूरसञ्चार पूर्वाधार विकास, विस्तार र प्रविधिको स्तरोन्नति गरी दूरसञ्चार सेवालाई सहज, सुलभ र गुणस्तरीय बनाउनु जल्दोबल्दो सवालका रूपमा देखिएको छ। सूचना तथा सञ्चार प्रविधिको विकास, विस्तार र सेवा उपयोगमा समतामूलक पहुँच पुग्न सकेको छैन। सूचना प्रविधि प्रणालीबिचमा अन्तरआबद्धता कायम हुन सकेको छैन। सूचना प्रविधि तथा सामाजिक सञ्जालको प्रयोगलाई सुरक्षित तथा मर्यादित बनाउनु चुनौतीका रूपमा रहेको छ।

**(२) सूचना तथा सञ्चार प्रविधिलाई पूर्ण व्यावसायिक, प्रतिस्पर्धी र गुणस्तरीय बनाउनुः** शिक्षा, स्वास्थ्य सेवा तथा अनुसन्धानलाई सूचना प्रविधिमा आधारित बनाउनु तथा सूचना प्रविधिमा आधारित व्यापार तथा व्यवसायको विकास र विस्तार तथा युवा रोजगारी बढाउनु मुख्य सवालका रूपमा रहेको छ । सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विकास हुँदै गएको विश्वव्यापी गतिशीलतासँग तालमेल कायम हुने गरी व्यावसायिक र प्रतिस्पर्धी र गुणस्तरीय बनाउनु चुनौतीपूर्ण रहेको छ।

## ९.४ रूपान्तरणकारी रणनीति

### ९.४.१ सडक तथा यातायात पूर्वाधार

**(१) पूर्वाधार नीति, योजना तथा मापदण्डको तर्जुमा र परिपालना गर्नेः** प्रदेशस्तरमा आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार विकासका प्रयासबिच अन्तरआबद्धता सुनिश्चित गर्न एकीकृत प्रादेशिक पूर्वाधार नीति तथा मापदण्ड तर्जुमा तथा अद्यावधिक गरिने छ। एकीकृत पूर्वाधार नीति, योजना तथा मापदण्डको कार्यान्वयनको लागि नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गरिने छ। यातायातका विभिन्न माध्यमबिच अन्तरआबद्धता सहितको एकीकृत पूर्वाधार नीति, योजना तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिने छ । एकीकृत पूर्वाधार नीति, योजना तथा मापदण्डको कार्यान्वयनमा तहगत तथा निकायगत समन्वय, सहकार्य र साझेदारीमा वृद्धि गरिने छ।

**(२) पूर्वाधार विकास आयोजनाको प्रभावकारी व्यवस्थापन गर्नेः** योजना चक्रका सम्पूर्ण चरणलाई वस्तुगत, अनुमानयोग्य र नतिजामुखी बनाउन नीतिगत, कानुनी र संस्थागत व्यवस्था सहित प्रदेश आयोजना व्यवस्थापन प्रणाली विकास तथा सुदृढ गरिने छ । प्रदेश गौरव, हस्तक्षेपकारी तथा प्राथमिकता प्राप्त आयोजनाको सम्भाव्यता अध्ययन, प्राथमिकीकरण, छनौट, बजेट र कार्ययोजनाबिच तादात्म्यता कायम गरिने छ । आयोजना बैंकमा समावेश आयोजनामा बजेट विनियोजन र कार्यान्वयन गर्ने व्यवस्थालाई अनिवार्य गरी आयोजनाको बढ्दो माग तथा आवश्यकता, स्रोतको उपलब्धता र कार्यान्वयन क्षमताबिच सन्तुलन कायम गरिने छ। पूर्वाधार विकास, निर्माण तथा मर्मतसम्भार कार्यको प्रभावकारी नियमन र उपभोक्ता समितिको क्षमता विकास गरिने छ।

**(३) सडक तथा यातायात संरचनालाई हरित, उत्थानशील र समावेशी गराउने:** हरितपद्धतिमा आधारित चक्रीय अर्थतन्त्रमार्फत पूर्वाधार विकास आयोजना तथा कार्यक्रमलाई दिगो, उत्थानशील र वातावरणमैत्री रूपमा निर्माण, विकास तथा सञ्चालन गरिने छ । पूर्वाधार विकासका प्रमुख

हस्तक्षेपकारी कार्यक्रम तथा आयोजना निर्माण, विस्तार, स्तरोन्नति र दिगोपनाको लागि प्राथमिकताको साथ स्रोत सुनिश्चित गरिने छ। मर्मतसम्भार कार्यलाई निममित र व्यवस्थित गर्न स्रोत परिचालन तथा व्यवस्थापन गरिने छ। हवाइ, जल तथा वैकल्पिक यातायातका पूर्वाधारको विकास र विस्तार हरित, उत्थानशील र समावेशी विकासको अवधारणा अवलम्बन गरिने छ। सडक निर्माणका क्रममा क्षति पुग्ने भौतिक संरचनाको क्षतिपूर्ति दिने व्यवस्था तथा पूर्वाधार निर्माणका क्रममा वातावरणीय तथा सामाजिक रूपरेखाको अध्ययनसम्बन्धी मापदण्ड तयार गरिने छ।

(४) **प्रादेशिक सडक सञ्जालको विकास, विस्तार र स्तरोन्नति गर्ने:** प्रदेशका २ वटा स्थानीय तह क्रमशः चुमनुब्री (गोरखा) र नार्पाभूमि (मनाङ) को प्रशासनिक केन्द्रलाई राष्ट्रिय सडक सञ्जालमा जोड्न सडक निर्माण, विस्तार र स्तरोन्नति प्राथमिकता प्रदान गरिने छ। प्रदेश सरकारले निर्माण, विस्तार र स्तरोन्नति तथा रेखदेख गरेका लोकमार्ग, सहायक लोकमार्ग र प्रादेशिक सडक पूर्वाधारको मर्मतसम्भार कार्यलाई नियमित र व्यवस्थित गर्न मन्त्रालय तथा कार्यालयको क्षमता विकास तथा स्रोत परिचालन गरिने छ। यसैगरी सडकलाई गुणस्तरीय, सुरक्षित तथा पहुँचयोग्य बनाउन सङ्घीय निकाय तथा स्थानीय तहसँग समन्वय, साझेदारी र सहकार्य अभिवृद्धि गरिने छ। साविकका सडकको मर्मत-सम्भार, स्तरोन्नति तथा पुनःस्थापना गरी सडक यातायातलाई भरपर्दो र सुरक्षित बनाइनेछ।

(५) **आधुनिक तथा वैकल्पिक पूर्वाधारको विकास गर्ने:** आधुनिक र नवीन प्रविधियुक्त सडक, पुल, सुरूङ, फ्लाइओभर, ओभरपास, अण्डरपास, वैकल्पिक यातायात लगायतका पूर्वाधार तथा संरचनाको विकास र विस्तार गरिने छ। साथै पूर्वाधार विकाससँग आय, उत्पादन तथा रोजगारीलाई वस्तुनिष्ठ रूपमा जोड्न सडक विस्तार, स्तरोन्नति र पुल तथा संरचनाको निर्माण गरी लागत, समय र दुरी कम गरिने छ। अन्तरसरकार तथा निकायगत समन्वय र अग्र र पृष्ठ सम्बन्धको विकासबाट ढुवानी खर्च न्यूनीकरण गरिने छ। निजी तथा सामुदायिक क्षेत्रसँगको सहकार्य तथा साझेदारीमा लोकमार्ग आसपास क्षेत्रमा पौडी पोखरी, व्यामशाला, उद्यान तथा पार्क, शौचालय, खानेपानी, प्रतिक्षालय, कोशेली घर, चार्जिङ स्टेशन, आरामस्थल, रैथाने खाना उपलब्ध भोजनालय, होटेल र रेष्टुरेण्ट लगायत रिक्रियशनल तथा रिफ्रेशमेण्ट सेण्टर सञ्चालन गरिने छ।

### ९.४.२ यातायात व्यवस्थापन

(१) **यातायात सेवामा गुणस्तरीयता अभिवृद्धि गर्ने:** सरकारी, प्राज्ञिक र अनुसन्धान संस्थाको सहकार्यमा अनुसन्धान गरी विकास भएका नवीन प्रविधि तथा अभ्यासलाई पूर्वाधार निर्माणमा उपयोग गरिने छ। वातावरणमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी सडक तथा यातायात

प्रणालीको विकास र विस्तार गरिने छ। यसका साथै सङ्घ, प्रदेश र स्थानीय सरकारबिच समन्वय र सार्वजनिक निजी साझेदारीमा यातायात सेवालाई आधुनिक, प्रविधि, यात्रुमैत्री तथा सुरक्षित बनाइनेछ।

(२) **यातायातलाई पहुँचयोग्य बनाउन र यातायात खर्च घटाउन सञ्जालीकृत यातायात प्रणालीको विकास गर्ने:** निर्माण क्षेत्रमा अति आवश्यकीय निर्माण सामग्रीको अध्ययन, पहिचान, उत्खनन, भण्डारण र वितरणलाई सहज तथा व्यवस्थित बनाउन स्थानीय तहसँगको समन्वयमा निजी क्षेत्रलाई प्रोत्साहन र परिचालन गरिने छ। विद्युतीय यातायातका साधनको प्रयोगको प्रवर्द्धन र विस्तार गरिने छ। अन्तरनिकाय समन्वयमा सडक सञ्जालसँग आबद्ध हुने एकीकृत युटिलिटी करिडोर (सडक, कृषि, विद्युत्, खानेपानी, ढल निकास, सञ्चार प्रणाली लगायत) संरचनाको निर्माण तथा सुविधाको विकास र विस्तार गरिने छ।

(३) **विद्युतीय सवारी साधनको उपयोग प्रवर्द्धन गर्ने :** विद्युतीय सवारी साधनको दर्ता तथा नवीकरण शुल्कमा छुट दिइने छ। चार्जिङ स्टेशनको स्थापनामा आवश्यकताअनुसार विद्युत् प्राधिकरण तथा निजी क्षेत्रसँग सहकार्य गरिने छ। विद्युतीय सवारी साधनलाई बढावा दिन यातायात व्यवसायीलाई प्रोत्साहन गरिने छ।

### ९.४.३ भवन, आवास, बस्ती तथा सहरी विकास

(१) **आवास, बस्ती तथा सहरी विकास पूर्वधारको विकास, स्तरोन्नति र व्यवस्थापन गर्ने:** चक्रीय अर्थतन्त्रमा आधारित सहरी र ग्रामीण क्षेत्रका बस्तीमा न्यूनतम पूर्वाधारको निर्माण तथा विकास गरिने छ। भवन, आवास, बस्ती तथा सहरी विकासका पूर्वाधार लैङ्गिक संवेदनशील, बालमैत्री, ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री हुने गरी निर्माण गरिने छ। सूचना तथा सञ्चार प्रविधि, आवास तथा सहरी विकास, वन र जैविक विविधता, जलवायुमैत्री, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, जनमुखी तथा समावेशी सेवा, जलवायु परिवर्तन उत्थानशीलता जस्ता अन्तरसम्बन्धित विषयलाई आवास, बस्ती तथा सहरी विकासमा मूलप्रवाहीकरण गरिने छ। विकासका पूर्वाधार तथा संरचनालाई दिगो बनाउन प्रकृतिमा आधारित समाधान पद्धति अवलम्बन गरिने छ।

(२) **पूर्वाधार विकासमा तहगत सरकार तथा निजी क्षेत्रबिच साझेदारी तथा सहकार्य अभिवृद्धि गर्ने:** तहगत सरकारबिच पूर्वाधारको क्षेत्राधिकारसम्बन्धी कानुनी व्यवस्थाको पालना गर्न र पूर्वाधार

विकास, निर्माण तथा मर्मतसम्भारमा आपसी तादात्म्यता कायम गरिने छ। पूर्वाधार विकास आयोजनामा सार्वजनिक-निजी साझेदारी, सहलगानी, लागत साझेदारी, सार्वजनिक-समुदाय साझेदारी र सार्वजनिक-गैरसरकारी संस्था साझेदारी लगायतका वैकल्पिक वित्तीय स्रोत स्रोत परिचालन गरिने छ । यातायात पूर्वाधार तथा कृषि बजारीकरणका क्षेत्रमा सम्भाव्यताको आधारमा सार्वजनिक-निजी साझेदारी संयन्त्रको कार्यान्वयन गरिने छ । पूर्वाधार विकास आयोजनाको वर्गीकरण तथा प्रकृतिको आधारमा प्रदेश र स्थानीय तहको समन्वय, सहकार्य र साझेदारीमा वित्तीय साझेदारी, सहलगानी, आयोजना व्यवस्थापन, पूर्वाधारको निर्माण, सञ्चालन तथा बहुआयामिक प्रयोगको व्यवस्था मिलाइने छ । पूर्वाधार निर्माण तथा विकासमा निजी क्षेत्रको पुँजी, प्रविधि तथा क्षमता परिचालन गर्न आवश्यक नीतिगत, कानुनी र संस्थागत व्यवस्था गरिने छ । सार्वजनिक निजी साझेदारीको अवधारणाअनुसार पूर्वाधार निर्माण, विकास तथा सञ्चालनमा निजी क्षेत्रलाई आकर्षण गरिने छ ।

(३) **आवास, बस्ती तथा सहरी विकासमा एकीकृत प्रणाली अवलम्बन गर्ने:** आवास, बस्ती तथा सहरी पूर्वाधार विकासलाई अध्ययन, अनुसन्धान र नवप्रवर्तन, प्रविधि र अभ्यासमा आधारित बनाइनेछ । हरित तथा चक्रीय अर्थतन्त्रको आधारमा आवास, बस्ती तथा सहरी पूर्वाधार निर्माणलाई हरित, उत्थानशील, वातावरणमैत्री र दिगो बनाइनेछ । परम्परागत ज्ञान, सिप तथा अभ्यास लगायतका प्राकृतिक तथा सामाजिक पूर्वाधारलाई संरक्षण र आधुनिकीकरणका लागि उत्पादनसँग अन्तरआबद्धता कायम गरिने छ । एकीकृत बस्ती तथा सहरी विकास गर्दा सामाजिक, आर्थिक, सांस्कृतिक र भौगोलिक तथा भौगर्भिक पक्षको अध्ययन तथा विश्लेषण गरिने छ ।

(४) **पर्वत मेगासिटीको विकास गर्ने:** ऐतिहासिक पर्वत राज्यभित्रको प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्रलाई प्रतिनिधित्व गर्ने बाग्लुङ, कुश्मा तथा बेनी नगरपालिका र जलजला गाउँपालिका क्षेत्रलाई समावेश गरी पर्वत मेगासिटी विकास गरिने छ ।

### ९.४.४ सूचना तथा सञ्चार प्रविधि

(१) **सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गर्ने:** सार्वजनिक सेवाप्रवाहलाई सूचना प्रविधियुक्त बनाउन सूचना व्यवस्थापन प्रणालीबिच अन्तरआबद्धता कायम गरिने छ । सूचना प्रविधिको माध्यमबाट प्रदेशको प्राकृतिक तथा सांस्कृतिक सम्पदा र विविधतालाई राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान गराउन वृत्तचित्र, फोटोग्राफी र चलचित्र छायाङ्कनको आकर्षण गन्तव्यस्थलको रूपमा प्रवर्द्धन गरिने छ । सूचना तथा सञ्चार प्रविधिको विकास, प्रवर्द्धन तथा उपभोगको लागि आवश्यक नीतिगत, संरचनागत र संस्थागत प्रबन्ध गरिने छ ।

**(२) सूचना तथा सञ्चार प्रविधिमा जनताको पहुँच सुनिचिश्चित गर्ने:** सूचना तथा सञ्चार प्रविधिका पूर्वाधारको विकास, स्तरोन्नति, सुदृढीकरण र विद्युतीय तथ्याङ्कको सङ्कलन, भण्डारण, सुरक्षण र उपयोगलाई प्रभावकारी बनाइनेछ । सूचना तथा सञ्चार प्रविधिको विकासमा दक्ष र सिपयुक्त मानव संसाधनको प्रक्षेपण तथा विकास गरी खोज, अनुसन्धान तथा नवप्रवर्तन एवम् प्रवर्द्धन कार्यमा परिचालन गरिने छ । सूचना तथा सञ्चार प्रविधिमा नागरिकको पहुँच सुनिश्चित गर्न स्वस्थ्य र गुणस्तरिय बजार प्रवर्द्धन गरिने छ ।

## ९.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

### ९.५.१ सडक तथा यातायात पूर्वाधार

**(क) पूर्वाधार नीति, योजना तथा मापदण्डको तर्जुमा:**

१. एकीकृत प्रादेशिक पूर्वाधार नीति, योजना तथा मापदण्ड तर्जुमा तथा अद्यावधीकरण;

२. प्रादेशिक सडक मापदण्ड तथा गुरुयोजना तयारी;

३. प्रादेशिक सडक आयोजनाको सम्भाव्यता अध्ययन तथा कार्यान्वयन;

**(ख) प्रादेशिक सडक निर्माण, स्तरोन्नति तथा मर्मतसम्भार:**

१. नारायणी करिडोर विकास आयोजना;

२. शालिग्राम करिडोर सडक निर्माण तथा विस्तार;

३. जिल्ला सदरमुकाम र स्थानीय तहको केन्द्र जोड्ने पक्की सडक निर्माण;

४. प्रदेश भित्रका महत्त्वपूर्ण धार्मिक, पर्यटकीय तथा आर्थिक केन्द्र जोड्ने सडक निर्माण;

५. बाह्रै महिना सञ्चालन हुने सडक पूर्वाधारको विकास तथा विस्तार;

६. निर्मित सडक पूर्वाधार तथा संरचनाको नियमित मर्मतसम्भार तथा स्तरोन्नति ।

**(ग) सडक पुल निर्माण तथा मर्मतसम्भार:**

१. प्रमुख सडकमा पुल, कल्भर्ट तथा अन्य संरचना निर्माण;

२. दुर्गम बस्ती र बजारलाई जोड्ने सडक पुल निर्माण;

३. निर्माण भएका सडक पुलको मर्मतसम्भार तथा स्तरोन्नति ।

**(घ) झोलुङ्गे पुल निर्माण तथा मर्मतसम्भार:**

१. झोलुङ्गे पुल निर्माण, स्तरोन्नति तथा मर्मतसम्भार;

२. झोलुङ्गे पुल निर्माणमा स्थानीय तहको प्राविधिक क्षमता अभिवृद्धि;

**(ङ) वैकल्पिक यातायात प्रणाली विकास:**

१. रज्जुमार्ग र केबलकार जस्ता विद्युतीय तथा वैकल्पिक यातायात प्रणाली विकास;

२. सार्वजनिक-निजी साझेदारी अवधारणा प्रवर्द्धन।

**(च) रणनीतिक बसपार्क निर्माणः**

१. सार्वजनिक यातायातको घनत्व र चापको आधारमा बसपार्कको लागि उपयुक्त स्थान पहिचान, सम्भाव्यता अध्ययन र निर्माण;

२. प्रदेश स्थानीय साझेदारीमा आधुनिक टर्मिनल सहितको बसपार्क निर्माण, सञ्चालन तथा स्तरोन्नति।

**(छ) सुरुङ मार्ग सम्भाव्यता अध्ययन तथा निर्माण:**

१. सुरुङ मार्ग तथा वैकल्पिक प्रविधिसम्बन्धी सम्भाव्यता अध्ययन;

२. सुरुङ तथा नवीन प्रविधिमा आधारित सडक तथा पुल निर्माण;

३. साझेदारीमा आधारित सुरुङमार्ग निर्माण।

**(ज) लोकमार्ग आसपास क्षेत्र रिक्रियशनल तथा रिफ्रेशमेण्ट सेण्टर सञ्चालन साझेदारी कार्यक्रम**

१. पौडी पोखरी र व्यामशाला;

२. उद्यान तथा पार्क, शौचालय, खानेपानी तथा प्रतिक्षालय;

४. कोशेली घर तथा रैथाने खाना उपलब्ध भोजनालय;

५. चार्जिङ स्टेशन र आरामस्थल;

६. होटेल र रेष्टुरेण्ट सञ्चालन।

**९.५.२ यातायात व्यवस्थापन**

**(क) सार्वजनिक यातायात सुदृढीकरण कार्यक्रमः**

१. नीति, कानुन, कार्यविधि र मापदण्ड तर्जुमा तथा सुधार;

२. गुणस्तरीय मास ट्रान्सपोर्ट व्यवस्था र वैज्ञानिक भाडादर निर्धारण प्रणाली निर्माण;

३. यातायात क्षेत्रमा काम गर्ने मजदुरका लागि योगदानमा आधारित सामाजिक सुरक्षा प्रवर्द्धन;

४. यातायात मजदुरलाई सेवाग्राहीमैत्री आचरण जनचेतनामूलक कार्यक्रम;

५. सार्वजनिक यातायात प्रणाली सुदृढीकरण सहयोग;

६. यातायात व्यवस्था कार्यालय तथा सेवाप्रवाह सुधार।

**(ख) विद्युतीय सवारी साधन प्रवर्द्धन कार्यक्रमः**

१. चार्जिङ्ग स्टेशन निर्माण तथा विस्तार;

२. विद्युतीय सवारी साधन प्रोत्साहन तथा व्यवस्थापन ।

**(ग) सवारी दुर्घटना न्यूनीकरण तथा सडक सुरक्षा कार्यक्रमः**

१. सवारी दुर्घटना न्यूनीकरणका लागि पूर्वाधार सुधार;

२. सवारी साधन अनुमतिपत्र वितरण प्रणाली सुधार;

१. ट्राफिक सचेतना तथा ट्राफिक नियम नियमन कार्यक्रम;

३. ट्राफिक पूर्वाधार विकास, विस्तार र सुधार;

**(घ) सूचना प्रविधिमा आधारित यातायात सेवा व्यवस्थापन कार्यक्रमः**

१. यातायात क्षेत्रको सेवा डिजिटलाइजेसन;

२. अनलाइन भुक्तानी तथा सवारी दर्ता प्रणाली निर्माण;

३. यातायात व्यवस्थापन प्रणालीसम्बन्धी सफ्टवयेर निर्माण;

४. सवारी अनुमति पत्र छपाइसम्बन्धी प्रादेशिक संरचना निर्माण;

५. अभिलेख डिजिटलाइजेसन।

**(ङ) सवारी कर सङ्कलन तथा व्यवस्थापन कार्यक्रमः**

१. सवारी साधन नवीकरण व्यवस्थापन;

२. सवारी दर्ता तथा नवीकरण सेवा सुधार;

३. सवारी कर जनचेतना विस्तार।

### ९.५.३ भवन, आवास, बस्ती तथा सहरी विकास

**(क) व्यवस्थित सहरी विकास कार्यक्रमः**

१. व्यवस्थित सहर तथा बस्ती विकासका लागि मापदण्ड सहित गुरुयोजना तर्जुमा;

२. सहर तथा बस्ती विकासमा सार्वजनिक-निजी साझेदारी अवधारणा प्रवर्द्धन;

३. स्याटलाइट सहर तथा गाउँ-नगर अन्तरसम्बन्ध विकास कार्यक्रम;

४. स्मार्ट सहर विकास कार्यक्रम;

५. पर्वत मेगासिटी विकास।

**(ख) एकीकृत बस्ती विकास कार्यक्रमः**

१. प्रदेश स्थानीय साझेदारीमा स्थानीय तहका केन्द्र र अन्य सम्भाव्य स्थानमा एकीकृत बस्ती विकास;

२. बस्ती एकीकरण कार्यक्रम;

३. असुरक्षित तथा जोखिमयुक्त बस्ती पहिचान तथा स्थानान्तरण।

**(ग) उच्च जोखिममा रहेका व्यक्तिका लागि विशेष सामाजिक आवास विकास कार्यक्रमः**

१. नेपाल सरकार तथा स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा स्थान तथा लाभग्राही पहिचान;

२. अति-विपन्न, लोपोन्मुख र अति-सीमान्तकृत जातजाति, समुदाय एवम् सुकुम्वासीको लागि सुरक्षित र किफायती आवास व्यवस्थापन;

३. अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिका लागि दिवा सेवा केन्द्र तथा विशेष सामुहिक आवासको विकास।

**(घ) प्रादेशिक पहिचानयुक्त प्रदेशको प्रमुख प्रशासनिक केन्द्र निर्माण कार्यक्रमः**

१. नेपाल सरकार तथा सम्बन्धित स्थानीय तहसँग समन्वयमा प्रदेश राजधानी पोखरामा उपयुक्त स्थान पहिचान;

२. प्रदेश प्रशासनिक केन्द्रको सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन;

३. प्रदेशको पहिचानयुक्त प्रदेशको प्रमुख प्रशासनिक केन्द्रको संरचना निर्माण।

### ९.५.४ सूचना तथा सञ्चार प्रविधि

**(क) प्रादेशिक सूचना तथा आयोजना व्यवस्थापन प्रणाली विकास तथा व्यवस्थापन कार्यक्रमः**

१. एकीकृत प्रादेशिक सूचना प्रणाली निर्माण;

२. प्रादेशिक आयोजना व्यवस्थापन प्रणाली विकास।

**(ख) डिजिटल प्लेटफर्म विकास कार्यक्रमः**

१. गण्डकी प्रदेशका तुलनात्मक लाभ तथा निर्यातयोग्य वस्तु, पर्यटकीय गन्तव्य, सेवा तथा सुविधाको अभिलेख प्रणाली निर्माण;

२. प्रादेशिक पुँजीगत सम्पत्तिको अभिलेख प्रणाली निर्माण;

३. शैक्षिक तथा नवप्रवर्तन र तालिम प्रदायक संस्था, मिडिया तथा सञ्चार प्रविधि सेवा प्रदायक संस्थाको विवरण अभिलेखन;

४. उद्यम तथा व्यवसाय अभिलेखसम्बन्धी सूचना प्रणाली विकास।

**(ग) सूचना प्रविधि क्षमता विकास कार्यक्रम:**

१. नीति, योजना, अनुगमन तथा मूल्याङ्कनमा सूचना प्रविधि प्रयोग विस्तार;

२. नवप्रवर्तनका लागि विश्वविद्यालय, शिक्षालय र निजी क्षेत्रसँग सहकार्य;

३. प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि;

४. सञ्चार तथा सूचना प्रविधिका क्षेत्रमा नवीनतम प्रविधिको खोज, अनुसन्धान र विकास ।

**(घ) सूचना तथा सञ्चार प्रविधिका पूर्वाधारको विकास, स्तरोन्नति तथा सुदृढीकरण कार्यक्रम:**

१. प्रदेशमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधारको विकास, स्तरोन्नति तथा सुदृढीकरण;

२. विद्युतीय तथ्याङ्क सङ्कलन, भण्डारण, सुरक्षण र उपयोग;

३. डिजिटल अर्थतन्त्र प्रवर्द्धन कार्यक्रम;

४. सञ्चार प्रविधिमा आधारित व्यवसाय विकास सेवा प्रवर्द्धन ।

## ९.६ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ अवस्था | २०८०/८१ को अनुमान | २०८३/८४ को लक्ष्य | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|---|---|
| **१.** | **सडक तथा यातायात पूर्वाधार** | | | | | |
| १.१ | सडक घनत्व | कि.मि./ व.कि.मि. | ०.५६ | ०.५८ | ०.६४ | ०.७२ |
| १.२ | सडकको कुल लम्बाइ | कि.मि. | १२१२८ | १२५०० | १३९०० | १५५०० |
| १.२.१ | पक्की सडक लम्बाइ | कि.मि. | १०९९ | १२०० | १५०० | २००० |
| १.२.१ | ग्राभेल सडक लम्बाइ | कि.मि. | १३१९ | १४०० | २४०० | ३००० |
| १.२.३ | कच्ची सडक लम्बाइ | कि.मि. | ९७१० | ९९०० | १०००० | १०५०० |
| १.३ | सडक पुल | सङ्ख्या | १३१ | १९३ | ४३३ | ४७३ |
| १.४ | झोलुङ्गे पुल | सङ्ख्या | २०७० | २१७० | २४७० | २७७० |
| १.५ | ३० मिनेटभित्र सडक यातायातमा पहुँच भएका जनसङ्ख्या | प्रतिशत | ९९ | ९९.३ | १०० | १०० |
| **२.** | **यातायात व्यवस्थापन** | | | | | |
| २.१ | विद्युतीय सवारी साधनको प्रयोग दर | प्रतिशत | ०.२ | ०.४ | १.२ | २.० |
| २.२ | ४ पाङ्ग्रे सवारी साधन उपलब्ध घरपरिवार | सङ्ख्या | २४०७७ | २५००० | २८००० | ३०००० |

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ अवस्था | २०८०/८१ को अनुमान | २०८३/८४ को लक्ष्य | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|---|---|
| २.३ | दर्ता भएका सवारी साधन (चार पाङ्ग्रे) | सङ्ख्या | ४००४ | ४६०० | ५००० | ५४०० |
| २.४ | दर्ता भएका सवारी साधन (दुई पाङ्ग्रे) | सङ्ख्या | ४५०९१ | ६८१८१ | ११४५२१ | १६०८६२ |
| २.५ | वितरण भएका इम्बोस्ड नम्बर प्लेट | सङ्ख्या | ७५० | १००० | ६००० | १०००० |
| २.६ | सवारी करबाट सङ्कलित राजस्व (वार्षिक) | रु. लाखमा | १९३३ | २२९८ | ३३०८ | ४००० |
| **३.** | **भवन, आवास र सहरी विकास** | | | | | |
| ३.१ | भवन आचारसंहिताको मापदण्डअनुसार निर्मित आवासमा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | २७.० | ३०.० | ३५.० | ४०.० |
| ३.२ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ८१.७ | ८२.५ | ८४.० | ८५.० |
| ३.३ | ३० मिनेटको दुरीमा बजार केन्द्र पहुँच पुगेको घरपरिवार | प्रतिशत | ४८ | ५० | ५६ | ६० |
| ३.४ | रणनीतिक महत्त्वका बसपार्क | सङ्ख्या | ९ | १० | १२ | १५ |
| ३.५ | सरकारी कार्यालय भवन प्रबलीकरण र नयाँ निर्माण | सङ्ख्या | ३ | ५ | १५ | २५ |
| ३.६ | वातावरणमैत्री प्रविधिमा आधारित फोहोरमैला प्रशोधन र स्यानीटरी ल्याण्डफिल साइट निर्माण | सङ्ख्या | ३ | ५ | ८ | १२ |
| ३.७ | सभाहल तथा बहुउद्देश्यीय भवन निर्माण | सङ्ख्या | ० | ० | २ | ५ |
| ३.८ | जग्गा विकास, बस्ती एकीकरण र सुधार तथा सहरी पुनरोत्थान लगायत योजनाबद्ध बस्ती विकास कार्यक्रम सञ्चालन हुने स्थान | सङ्ख्या | ० | १ | ३ | ५ |
| ३.९ | पूर्वाधार विकास भएका ग्रामीण बजार केन्द्र | सङ्ख्या | ० | | ३ | ७ |
| ३.१० | तालिम प्राप्त प्राविधिक तथा कालीगढ | जना | ६०० | ७२० | ९०० | १२०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **४.** | **सूचना तथा सञ्चार प्रविधि** | | | | | |
| ४.१ | इन्टरनेटमा पहुँच उपलब्ध घरपरिवार | प्रतिशत | ६४.११ | ६५ | ७५ | ८५ |
| ४.२ | टेलिफोन लाइन | सङ्ख्या | २९७४१५ | ३०००० | ३१०००० | ३२०००० |
| ४.३ | दर्ता भएका इन्टरनेट सेवा प्रदायक | सङ्ख्या | १४ | १५ | १८ | २० |
| ४.४ | मोबाइल फोन साथमा हुने महिला | प्रतिशत | ९२ | ९२ | ९५ | ९८ |
| ४.५ | प्रदेशभित्र कायम रहेका अनलाइन मिडिया | सङ्ख्या | ६५७ | ६६० | ६८० | ७०० |

*स्रोत: गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार*

# परिच्छेद १०

# स्वच्छ ऊर्जा, जलस्रोत तथा खानेपानी

| | |
|---|---|
| १०.१ पृष्ठभूमि | १८१ |
| १०.२ विद्यमान अवस्था | १८२ |
| १०.३ मुख्य सवाल तथा चुनौती | १८३ |
| १०.४ रूपान्तरणकारी रणनीति | १८६ |
| १०.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम | १८९ |
| १०.६ परिमाणात्मक लक्ष्य | १९४ |

# परिच्छेद १०

# स्वच्छ ऊर्जा, जलस्रोत तथा खानेपानी

## १०.१ पृष्ठभूमि

नेपालको संविधान तथा नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदनमा विद्युत्, सिँचाइ, खानेपानी तथा सरसफाइ, नदी नियन्त्रण तथा व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा नियमनलाई प्रदेश सरकारको पूर्वाधार विकाससम्बन्धी अधिकार सूचीमा समावेश गरिएको छ। यसैगरी उक्त प्रतिवेदनअनुसार खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सुविधामा पिछडिएको क्षेत्रको पहुँच सुनिश्चितता, नदी उकास तथा सडक किनार वृक्षारोपण आदि विषय समेत प्रदेश सरकारको पूर्वाधार विकाससम्बन्धी अधिकार सूचीमा रहेका छन्।

प्रदेश सरकारबाट स्वीकृत कार्यविभाजन नियमावलीले जलस्रोत, ऊर्जा, खानेपानी, सिँचाइ र जलउत्पन्न प्रकोप क्षेत्रको नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको कार्यजिम्मेवारी अन्तर्गत समावेश गरेको छ। यसैगरी नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०८० मा प्रदेश अन्तर्गत मझौला प्रकृतिका सिँचाइ आयोजना, नयाँ प्रविधिमा आधारित नदी तथा जलाधार व्यवस्थापन, पहिरो नियन्त्रण तथा व्यवस्थापन, मझौला प्रकृतिका नदी नियन्त्रण तथा व्यवस्थापन, १ देखि २० मेगावाटसम्मका जलविद्युत् तथा सौर्य ऊर्जा प्रणाली आयोजना र आधारभूत खानेपानी तथा सरसफाइ जस्ता विषयलाई समावेश गरिएको छ। संवैधानिक अधिकार र प्रचलित कानुनी व्यवस्था अनुकूल गण्डकी प्रदेश सरकारले प्रदेश सिँचाइ ऐन ,२०७८ र प्रदेश खानेपानी तथा सरसफाइ ऐन ,२०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। उपरोक्त संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार प्रदेशमा जलस्रोत तथा ऊर्जा, खानेपानी तथा सरसफाइ, सिँचाइ तथा नदी नियन्त्रण संरचनाको विकास गर्न प्रदेशको नीति, योजना तथा कार्यक्रमलाई मार्गदर्शन आवश्यक छ।

## १०.२ विद्यमान अवस्था

### १०.२.१ जलस्रोत तथा ऊर्जा

यस प्रदेशमा ८ वटा ठुला जलविद्युत् आयोजना सञ्चालनमा रहेका छन् । प्रदेश भित्र रहेका जलविद्युत आयोजनाबाट कुल ७३३ मेगावाट विद्युत् उत्पादन भैरहेको छ । प्रदेशमा राष्ट्रिय प्रसारण लाइन तथा लघु जलविद्युत्बाट ९७.७६ प्रतिशत घरधरीमा विद्युत् पहुँच पुगेको घरधुरी सङ्ख्या भने ९९.५० प्रतिशत घरधुरीमा जलविद्युत् समेत नवीकरणीय तथा आधुनिक ऊर्जाको पहुँच पुगेको छ । हालसम्म बागलुङ, गोरखा, मनाङ र मुस्ताङ जिल्लाका केही स्थानमा राष्ट्रिय प्रसारण लाइन पुग्न सकेको छैन । प्रदेश सरकारको लगानीमा संस्थागत सौर्य प्रणालीबाट हालसम्म २३० कि.वा. विद्युत् उत्पादन भैरहेको छ । प्रदेशमा ११५ स्थानमा स्मार्ट सडक बत्ती र सौर्य सडक बत्ती जडान भई  सञ्चालनमा रहेका छन् ।

### १०.२.२ सिँचाइ तथा नदी नियन्त्रण

जलस्रोतको दिगो उपयोग गर्दै कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न एवम् सिँचाइ प्रणालीको निर्माण तथा जल उत्पन्न प्रकोप व्यवस्थापन गर्न प्रदेश सिँचाइ ऐन तथा तत्सम्बन्धी नियमावली, कार्यविधि तथा मापदण्ड तर्जुमा भई कार्यान्यवनमा रहेको छ । प्रदेशको हाल खेती भइरहेको जमिन ३,५१,५९७ हेक्टर रहेको छ । राष्ट्रिय सिँचाइ गुरुयोजना, २०१९ को अध्ययन प्रतिवेदनअनुसार प्रदेशको सिँचाइयोग्य जमिन २,७२,६३० हेक्टर रहेको छ, जुन खेती भइरहेको जमिनको जम्मा ७७.५ प्रतिशत हुन आउँछ । सिँचाइयोग्य जमिन मध्ये पनि सतह सिँचाइको सम्भावना रहेको २५ डिग्रीसम्म भिरालो जमिन ७४,१९४ हेक्टर, २५ डिग्री देखि ६० डिग्रीसम्म भिरालो रहेको जमिन १,६०,७९१ हेक्टर र पम्प सिँचाइको सम्भावना रहेको जमिन ३७,६४५ हेक्टर रहेको छ | कुल सिँचाइयोग्य जमिन मध्ये पनि हालसम्म आधुनिक सिँचाइको पूर्वाधार विस्तार भएको जमिन ६६,८६६ हेक्टर रहेको छ, जुन कुल सिँचाइयोग्य जमिनको २४.५ प्रतिशत हुन आउँछ । राष्ट्रिय कृषि गणना, २०७८ अनुसार प्रदेशभित्र बाह्रै महिना सिँचाइ हुने जमिन ३१,८४१ हेक्टर रहेको छ । यस बाहेक प्रदेश सरकारको पहलमा यस प्रदेशमा आर्थिक वर्ष २०७९/८० सम्म ९५.४४ कि.मि. तटबन्धन निर्माण र ३,१४१ हेक्टर क्षेत्रमा जग्गा उकासको कार्य भएको छ ।

### १०.२.३ खानेपानी, सरसफाइ तथा स्वच्छता

प्रदेशवासीलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउन र ढल तथा फोहोरपानीको व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गर्न एबम् सोको प्रभावकारी निगरानी गर्न प्रदेश खानेपानी तथा सरसफाइ ऐन, तत्सम्बन्धी नियमावली, कार्यविधि तथा मापदण्ड जारी भई कार्यान्वयनमा रहेका छन् । प्रदेशमा आधारभूत

स्तरको खानेपानी सुविधा उपलब्ध जनसङ्ख्या ९४.२५ प्रतिशत रहेको छ भने १८.२ प्रतिशत जनसङ्ख्यामा मध्यम तथा उच्चस्तरको खानेपानी सुविधा उपलब्ध रहेको छ । कुल घरधुरी ६,६२,४८० मध्ये आ.व. २०८०/८१ को अन्त्यसम्ममा ६४ प्रतिशत घरधुरीमा एक घर एक धाराको सुविधा उपलब्ध हुने अनुमान गरिएको छ । यसैगरी सुधारिएको सरसफाइ सुविधा उपलब्ध घरधुरी सङ्ख्या आ.व. २०७९/८० सम्ममा ८० प्रतिशत र कुनै न कुनै प्रकारको शौचालय प्रयोग गर्ने घरधुरी सङ्ख्या ९९ प्रतिशत रहेको छ ।

## १०.३ मुख्य सवाल तथा चुनौती

### १०.३.१ जलस्रोत तथा ऊर्जा

**(१) जलस्रोतको विकास, बहुउपयोग र संरक्षण गर्नु:** जलस्रोत तथा ऊर्जा क्षेत्रमा निजी तथा वैदेशिक लगानी आकर्षण गर्नु, राष्ट्रिय विद्युत् प्रसारण लाइन नपुगेका स्थानमा विद्युत् लाइन विस्तार गर्नु र विद्युत् वितरण लाइनको स्तरोन्नति गरी पर्याप्त र भरपर्दो विद्युत् सुविधा उपलब्ध गराउनु प्रमुख सवालका रूपमा रहेका छन् । विद्युत् मागको वृद्धिदरको अनुपातमा विद्युत् उत्पादन, प्रसारण र वितरणको प्रविधि र प्रणाली सुधार गरी लागत किफायती र जलवायु परिवर्तन अनुकूल बनाउनु जलस्रोत तथा ऊर्जा क्षेत्रको चुनौतीका रूपमा रहेको छ ।

**(२) विद्युत् तथा स्वच्छ ऊर्जाको उपयोग बढाउनु:** आयातित पेट्रोलियम पदार्थ तथा जैविक ऊर्जाको खपत घटाई नवीकरणीय ऊर्जाको दिगो उपयोग, विस्तार, प्रविधि हस्तान्तरण र समुदायको स्वामित्व स्थापित गर्नु मुख्य सवालका रूपमा रहेको छ । विद्युत् तथा नवीकरणीय ऊर्जाको उपभोग बढाई कार्बन उत्सर्जन घटाउनु तथा कार्बन उत्सर्जन न्यूनीकरणलाई स्वयम्सेवी तथा नियन्त्रित कार्बन बजारमा बिक्री गरी आम्दानी बढाउनु मुख्य चुनौती हुन् ।

**(३) बहुउपयोगी परियोजना पहिचान, प्रोत्साहन र विकास गर्नु:** जलविद्युत्मा स्वदेशी तथा विदेशी लगानीकर्ता आकर्षण गर्नु प्रमुख सवालका रूपमा रहेको छ । विद्युत्, सिँचाइ र पर्यटनसँग सम्बन्धित बहुउद्देश्यीय आयोजनाको पहिचान, प्रोत्साहन र विकासमा कमी हुनु यस क्षेत्रका समस्या हुन् । उपलब्ध प्राविधिक ज्ञान, अनुभव र निर्माण क्षमताको उपयोग गर्नु र विद्युत् तथा अन्य स्वच्छ ऊर्जा उत्पादन तथा प्रयोगबाट कार्बन उत्सर्जन घटाउनु तथा कार्बन व्यापारमा पहूँच अभिवृद्धि गर्नु चुनौतीका रूपमा रहेको छ ।

४. **जलस्रोत तथा विद्युत्मा निजी, सामुदायिक तथा वैदेशिक लगानी आकर्षण गर्नु**ः आयोजना पहिचान, विकास, निर्माण तथा सञ्चालन सहज बनाउन सकिएको छैन । जग्गा प्राप्ति तथा कानुनी व्यवस्था परिमार्जनमा सहजीकरण गर्नु र अन्तरसरकार समन्वय र सहकार्यको वातावरण सिर्जना गर्नु यस क्षेत्रका चुनौती हुन् ।

### १०.३.२ सिँचाइ तथा नदी नियन्त्रण

(१) **सिँचाइ सुविधा विकास तथा विस्तार गर्नु**ः सतह, नयाँ प्रविधि, लिफ्ट र भूमिगत सिँचाइका माध्यमबाट कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध हुन सकेको छैन । सिँचाइ सुविधामा नवीनतम प्रविधिको प्रयोग गर्नु, सिंचित क्षेत्र विस्तारलाई कृषि कार्यक्रम तथा आयोजनासँग एकीकृत र समन्वयात्मक रूपमा सञ्चालन गर्नु र सञ्चालित सिँचाइ आयोजनाको नियमित मर्मतसम्भार तथा रूग्ण आयोजनाको नवीकरण गरी सुचारु गर्नु सवालका रूपमा रहेका छन् । सिँचाइ आयोजना तथा सुविधाको संरक्षण तथा दिगो सञ्चालन गर्नु सिँचाइ क्षेत्रको चुनौतीका रूपमा रहेको छ ।

(२) **खेतीयोग्य जमिन, बस्ती, भौतिक संरचना, सांस्कृतिक सम्पदा र मानवजन्य जोखिम तथा नोक्सानी न्यूनीकरण गर्नु:** बढ्दो विकास निर्माण कार्यका कारण निर्माण सामग्रीको उपलब्धताको लागि नदीजन्य स्रोतमा निर्भरता बढ्दै जाँदा वर्षैपिच्छे नदी र खोला सुक्दै गएका छन् । जसका कारण सिँचाइका मुहानबाट प्राकृतिक रूपमा खेतसम्म पानी उपलब्ध गराउन समस्या देखिएको छ । बाढी, पहिरो, नदी कटान तथा डुबानबाट वर्षैपिच्छे धेरै खेतीयोग्य जमिन, बस्ती, भौतिक संरचना, सांस्कृतिक सम्पदा र मानवजन्य जोखिम तथा नोक्सानी न्यूनीकरण गर्नु र भौतिक संरचनालाई उत्थानशील तथा दिगो तुल्याउनु चुनौतीका रूपमा रहेका छन् ।

(३) **नदी डाइभर्सन, कृत्रिम ताल, सतह र भूमिगत सिँचाइको संयोजनात्मक उपयोग लगायतका ठुला तथा बहुउद्देश्यीय आयोजना निर्माण र विस्तार गर्नु**ः ठुला कमाण्ड क्षेत्र रहेका नवलपुर, बुढीगण्डकी, दरौंदी, चेपे तथा मर्स्याङ्दी, मादी र कालीगण्डकी करिडोर क्षेत्रमा नदी तटीय क्षेत्रको सुरक्षाका लागि उपयुक्त पूर्वाधार निर्माणमा कमी रहेको छ । मध्यपहाडी, पृथ्वी र पूर्व पश्चिम लोकमार्ग करिडोर र ठुला टारमा नदी डाइभर्सन, कृत्रिम ताल, सतह र भूमिगत सिँचाइको संयोजनात्मक उपयोग लगायतका ठुला तथा बहुउद्देश्यीय आयोजना निर्माण र विस्तार गर्नु सवालका रूपमा रहेको छ । परम्परागत कुलो, पोखरी र लिफ्ट प्रणालीको आधुनिकीकरण र सुधारमा कमी रहेको छ । कृषि भूमिको खण्डीकरण तथा अव्यस्थित सहरीकरणबाट कृषि भूमि सङ्कुचन रोक्नु; नदी तथा खोलाबाट

अनियन्त्रित रूपमा नदीजन्य निर्माण सामग्री उत्खनन नियन्त्रण गर्नु; भूक्षय, बाढी तथा पहिरोको जोखिम घटाउनु र विकास कार्यमा सामुदायिक चासो तथा अपनत्व सिर्जना गर्नु प्रमुख चुनौती हुन्।

### १०.३.३ खानेपानी, सरसफाइ तथा स्वच्छता

(१) **खानेपानी सुविधाको विस्तार तथा गुणस्तर वृद्धि गर्नु**: खानेपानी सुविधा पहुँच नपुगेका चुरे क्षेत्र तथा उच्च पहाडी भूभागका गाउँ, बस्ती र उच्च जनघनत्व रहेका सहरबजार क्षेत्रमा खानेपानी सुविधा विस्तार गर्नु खानेपानी क्षेत्रमा देखिएका प्रमुख सवाल हुन्। खानेपानी तथा सरसफाइ आयोजना, संरचना तथा वितरण प्रणालीको दिगो व्यवस्थापन गर्नु र सोका लागि उपभोक्ता समितिको क्षमता अभिवृद्धि गर्नु अन्य सवाल हुन् । खानेपानीको गुणस्तरमा वृद्धि गर्नु, जलवायुमैत्री खानेपानी आयोजना सञ्चालन, प्रविधि जडान र स्तरोन्नति गर्नु, पूर्ण सरसफाइ र व्यवस्थित ढल निकासको प्रबन्ध गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

(२) **खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी पूर्वाधार र सुविधालाई दिगो, उत्थानशील तथा वातावरणमैत्री बनाउनु**: खानेपानी तथा सरसफाइ क्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय तहबिचमा समन्वय र सहकार्य बढाई निजी, समुदाय र गैरसरकारी संस्थाको लगानी आकर्षण गर्ने जस्ता विषय यस क्षेत्रका प्रमुख सवालका रूपमा रहेका छन्। खानेपानीका मुहान तथा पूर्वाधारको दिगो संरक्षण गर्नु र घरायसी तथा औद्योगिक फोहोरपानी, मलमूत्रको प्रशोधन र सुरक्षित व्यवस्थापन गर्नु चुनौतीका रूपमा रहेका छन्।

(३) **पानीको पुनर्भरणको व्यवस्था गर्नु**: जलवायु परिवर्तन तथा मानवीय गतिविधीका कारण उच्च पहाडी भूभागमा रहेका खानेपानीका मुहान सुक्दै जान थालेकाले त्यस क्षेत्रमा पोखरी निर्माण गरी वर्षात्को पानीबाट पुनर्भरण लगायतका दिगो व्यवस्थापनका उपाय अपनाउनु मुख्य सवालका रूपमा रहेको छ। पानीको स्रोतको पुनर्भरण र दिगो व्यवस्थापन गर्नु चुनौती हो।

(४) **क्रमागत तथा सम्पन्नउन्मुख खानेपानी आयोजनालाई प्राथमिकताका साथ समपन्न गर्नु**: वर्षेनी नयाँ खानेपानी आयोजना थपिंदै जाने प्रवृत्ति बढदै गएको छ । खानेपानी क्षेत्रमा क्रमागत आयोजना सम्पन्न हुने भन्दा नयाँ आयोजनाको सङ्ख्या वृद्धि हुँदैजाँदा क्रमागत तथा सम्पन्नउन्मुख रहेका आयोजनाका लागि बजेटको न्यून बिनियोजन हुनगई आयोजना तोकिएको समयमै सम्पन्न हुनेगरी स्रोत व्यवस्थापन हुन सकेको छैन । दायित्व सिर्जना भइसकेका आयोजनाको समयमै गुणस्तरीय रूपमा सम्पन्न गर्नु चुनौतीका रूपमा रहेको छ।

## १०.४ रूपान्तरणकारी रणनीति

### १०.४.१ जलस्रोत तथा ऊर्जा

(१) **जलस्रोत विकासमा एकीकृत प्रणाली अवलम्बन गर्ने:** जलस्रोत विकास तथा व्यवस्थापनलाई नदी बेसिन, एकीकृत जलस्रोत व्यवस्थापनमा आधारित एकीकृत जलस्रोत विकास रणनीति तर्जुमा गरिने छ । जलस्रोत विकास तथा व्यवस्थापनलाई नदी बेसिन, एकीकृत जलस्रोत व्यवस्थापन अवधारणा र अध्ययन, अनुसन्धान तथा नवप्रवर्तन, प्रविधि एवम् अभ्यासमा आधारित बनाइनेछ । हरित तथा चक्रीय अर्थतन्त्रको आधारमा पूर्वाधार निर्माणलाई हरित, उत्थानशील, वातावरणमैत्री र दिगो बनाइनेछ । परम्परागत ज्ञान, सिप तथा अभ्यासमा आधारित भई भौतिक तथा सामाजिक पूर्वाधारको संरक्षण तथा सुधार गरी उत्पादनसँग अन्तरआबद्धता कायम गरिने छ ।

(२) **जलस्रोतको विकास र उपयोगलाई बहुद्देश्यीय र नवीन प्रविधिमा आधारित बनाउने:** प्राज्ञिक तथा अनुसन्धान संस्थासँगको सहकार्यमा अनुसन्धान तथा विकासबाट जलस्रोतको क्षेत्रमा विकास भएका नवीन प्रविधि तथा अभ्यासलाई संरचना निर्माण, विकास तथा सञ्चालनमा प्रयोग गर्ने व्यवस्था मिलाइने छ । ऊर्जा तथा जलस्रोत विकासका प्रमुख आयोजना निर्माण, विस्तार, स्तरोन्नति र दिगोपनाको लागि प्राथमिकताको साथ स्रोत सुनिश्चित गरिने छ । जलश्रोत तथा ऊर्जासम्बन्धी पूर्वाधारको मर्मतसम्भार कार्यलाई निममित तथा व्यवस्थित गर्न नयाँ प्रविधिको प्रयोग र स्रोत परिचालन तथा व्यवस्थापन गरिने छ । जलाशय, विद्युत्, सिँचाइ तथा खानेपानी आयोजनाको विकास र विस्तारमा प्राथमिकता साथ लगानी र कार्यान्वयनको व्यवस्था गरिने छ । जलविद्युत् र सौर्य ऊर्जासम्बन्धी आयोजना निर्माणमा निजी र वैदेशिक लगानी आकर्षित हुने र कार्वन व्यापारका लागि सहज वातावरण तयार गरिने छ |

(३) **विद्युत् उत्पादन वृद्धि र प्रसारण तथा उपयोग प्रणाली सुदृढीकरण गर्ने:** विद्युत् ऊर्जाको अध्ययन, उत्पादन, प्रसारण, वितरण र सञ्चालनमा निजी क्षेत्रको लगानी आकर्षण गरिने छ । सरकारी, निजी र वैदेशिक लगानीमा सञ्चालन गरिने जलविद्युत् आयोजनामा स्रोत परिचालनका लागि नवीनतम् वित्तीय उपकरणको अवलम्बन गरिने छ । जलाशययुक्त आयोजना सञ्चालनमा सहजीकरणका लागि पहुँचमार्ग निर्माण तथा स्तरोन्नति, जलाधार तथा विकासका पूर्वाधार संरक्षण, जग्गा प्राप्ति र क्षतिपूर्ति, नापी तथा कित्ताकाट जस्ता कार्यमा सहजीकरण गरिने छ । पेट्रोलियम पदार्थ र एल.पि. ग्याँसको खपत घटाउन विद्युत्को पहुँच विस्तार तथा उपयोग बढाउन प्रोत्साहन गरिने छ ।

विद्युत् प्रसारण तथा वितरण लाइनको विस्तार तथा स्तरोन्नति गर्न साझेदारी र सहकार्य गरिने छ । सौर्य, वायु, वायोग्याँस, साना तथा लघु जलविद्युत् जस्ता नवीकरणीय तथा वैकल्पिक ऊर्जालाई ऊर्जा मिश्रणको अवधारणाबाट विकास, विस्तार र प्रोत्साहन गरिने छ । प्रदेश राजधानी, जिल्ला सदरमुकाम, स्थानीय तहको प्रशासनिक केन्द्र तथा अन्य सहर, बजार र गाउँ/बस्तीका केन्द्रमा सोलार प्रणाली तथा विद्युत्मा आधारित सडक बत्ती जडानसम्बन्धी सम्भाव्यता अध्ययनका आधारमा सडक वत्ति विस्तारमा साझेदारी गरिने छ ।

(४) **जलस्रोतको दिगो व्यवस्थापन गर्ने :** गण्डकी नदीको जलाधार क्षेत्रमा एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरी जल, जमिन र जङ्गलको संरक्षणमार्फत उत्पादन र उत्पादकत्व वृद्धिमा टेवा पुऱ्याइने छ । नदी प्रणालीको व्यवस्थापन तथा संरक्षण गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइने छ । भूमिगत जलको पुनर्भरण तथा जलस्रोतको बहुउपयोग, एकीकृत उपयोग तथा पुन: उपयोगलाई प्रोत्साहन र प्रवर्द्धन गरिने छ ।

### १०.४.२ सिँचाइ तथा नदी नियन्त्रण

(१) **जलस्रोतको दिगो तथा बहुउपयोगलाई प्राथमिकता प्रदान गर्ने:** जलाशययुक्त तथा बहुउद्देश्यीय विद्युत् उत्पादन आयोजनालाई प्राथमिकता प्रदान गरिने छ । विद्युत्, खानेपानी, सिँचाइ, पर्यटन, सडक र आवासलाई एकीकृत हुने गरी बहुउद्देश्यीय आयोजनाको विकास तथा सञ्चालन गरिने छ । सतह सिँचाइका सम्भावना नभएका क्षेत्रमा भूमिगत, लिफ्टिङ एवम् यान्त्रिक प्रविधि तथा पाइप, पोखरी, थोपा, फोहोरा, बिना चालु खर्च पानी तान्ने प्रविधि जस्ता नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको विकास र विस्तार गरिने छ । नदीको गेग्रान व्यवस्थापन तथा उत्खनन मापदण्ड तयारी र नदीलाई प्राकृतिक, सांस्कृतिक र पर्यटकीय सम्पदाको रूपमा संरक्षण र उपयोग गरिने छ । नदीको बहाव क्षेत्र निर्धारण, नदी संरक्षण र नवीनतम प्रविधिको उपयोग गरी जलस्रोतको दिगो व्यवस्थापन गरिने छ ।

(२) **सिँचाइ पूर्वाधारका बहुउद्देश्यीय आयोजना पहिचान, विकास तथा कार्यान्वयन गर्ने:** भित्री मधेशमा भूमिगत सिँचाइ प्रणाली प्रवर्द्धन र पहाडी क्षेत्रमा लिफ्ट प्रणालीमा आधारित सिँचाइ प्रणालीलाई प्राथमिकता दिइने छ । सिँचाइ सुविधा नपुगेको दुर्गम तथा पिछडिएका स्थानमा नवीन प्रविधि तथा अवधारणा प्रयोग गरी सिँचाइ सुविधा विस्तार गरिने छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ संरचना तथा सुविधा विकास तथा निर्माण गर्दा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन कार्य अवलम्बन गरिने छ । निर्मित सिँचाइ संरचना तथा सुविधाको समयबद्ध मर्मतसम्भार कार्ययोजना तयार गरी नियमित मर्मतसम्भारको व्यवस्था गरिने छ । सिँचाइको स्रोतलाई दिगो बनाउन

ठुला ताल, पोखरी निर्माण र चुरे तथा अन्य जलाधार क्षेत्रमा संरक्षणका कार्य सञ्चालन गरिने छ। सिंचित क्षेत्रको उपलब्धता, कृषि उत्पादनमा विविधीकरण तथा उत्पादन वृद्धिको आवश्यकता र कृषकको मागको आधारमा रूग्ण सिँचाइ आयोजना तथा प्रणालीको पहिचान, संरचनागत सुधार, पुनःस्थापना तथा सुदृढीकरण गरिने छ।

**(३) तहगत सरकार तथा सरोकारवालाबिच साझेदारी अभिवृद्धि गर्नेः** तहगत सरकारबिच सिँचाइ तथा नदी नियन्त्रणका पूर्वाधार विकास, निर्माण तथा मर्मतसम्भारमा आपसी तादात्म्यता कायम गरिने छ। जलस्रोत तथा सिँचाइ विकास आयोजनामा सार्वजनिक र सार्वजनिक-निजी साझेदारी, सहलगानी, लागत साझेदारी, सार्वजनिक-समुदाय साझेदारी, सार्वजनिक-गैरसरकारी संस्था साझेदारी लगायतका वैकल्पिक वित्तीय संयन्त्रको परिचालन गरिने छ। सिँचाइ र नदी नियन्त्रणका लागि अन्तरसरकार समन्वय, सहकार्य र साझेदारीलाई प्रवर्द्धन गरिने छ। जलस्रोत तथा सिँचाइ विकासमा निजी क्षेत्रको पुँजी, प्रविधि तथा क्षमता परिचालन गर्न आवश्यक नीतिगत, कानुनी र संस्थागत व्यवस्था गरिने छ।

### १०.४.३ खानेपानी, सरसफाइ तथा स्वच्छता

**(१) खानेपानी तथा सरसफाइ सेवा तथा सुविधाको विस्तार र गुणस्तरीयता अभिवृद्धि गर्नेः** प्रदेशभित्रका शतप्रतिशत घरधुरीमा आधारभूत खानेपानी सेवा र सबै घरपरिवारमा शौचालय तथा सरसफाइ सुविधाको विस्तार गरिने छ। आधारभूत खानेपानी नपुगेका गाउँ, बस्ती, बजार तथा स्थानलाई उच्च प्राथमिकतामा राखी सतह, भूमिगत, लिफ्ट प्रविधिमा आधारित खानेपानी आयोजना निर्माण तथा सुविधा विस्तार गरिने छ। सहर तथा सहरउन्मुख र बजार क्षेत्रमा खानेपानी सेवा तथा सुविधाको स्तरवृद्धि गरिने छ। खानेपानी सेवासम्बन्धी संरचना निर्माण तथा सुविधा विस्तार गर्दा परम्परागत र पुरातात्विक महत्त्व बोकेका मुहान, ढुङ्गेधारा, ताल तथा पोखरी नदीनाला एवम् अन्य जलाधार क्षेत्रको पहिचान तथा संरक्षण गरिने छ। सतही तथा भूमिगत जलस्रोतको पहिचान, संरक्षण, पानीको पुनर्भरण तथा जलस्रोतको बहुउपयोग र एकीकृत उपयोग तथा पुनःउपयोगलाई प्रोत्साहन एवम् प्रवर्द्धन गरिने छ।

**(२) खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी आयोजना व्यवस्थापनमा वैकल्पिक प्रविधि, वित्तीय स्रोत तथा संयन्त्रको परिचालन गर्नेः** खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी आयोजना निर्माण, विस्तार, स्तरोन्नति, मर्मतसम्भार र व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहका बिचमा आपसी समन्वय र सहकार्य गर्दै वैकल्पिक प्रविधि, वित्तीय स्रोत तथा संयन्त्रको परिचालनमा

जोड दिइने छ । घरायसी तथा व्यावसायिक क्षेत्रबाट उत्पादित फोहोर पानी तथा मानव मलमूत्रको प्रशोधन, विसर्जन तथा पुनर्प्रयोगलाई विभिन्न प्रविधि र संरचना तथा संयन्त्रमार्फत व्यवस्थापन गरिने छ। खानेपानी र सरसफाइ व्यवस्थापनको लागि स्थानीय समुदायको सहभागितालाई सुदृढ गरिने छ।

(३) **खानेपानी तथा सरसफाइ क्षेत्रका आयोजनाको प्रभावकारी व्यवस्थापन गर्ने:** योजना चक्रका सम्पूर्ण चरणलाई वस्तुगत, अनुमानयोग्य र नतिजामुखी बनाउन नीतिगत, कानुनी र संस्थागत व्यवस्था सहित प्रदेश आयोजना व्यवस्थापन प्रणाली विकास तथा सुदृढ गरिने छ। प्रदेश गौरव, हस्तक्षेपकारी तथा प्राथमिकता प्राप्त आयोजनाको सम्भाव्यता अध्ययन, प्राथमिकीकरण, छनौट, बजेट र कार्ययोजनाबिच तादात्म्यता कायम गरिने छ । नयाँ योजनाको थालनीमा भन्दा निर्मित खानेपानी योजनाको नियमित मर्मत-सम्भार र सुधार-विस्तारमा जोड दिइने छ । खानेपानी तथा सरसफाइसम्बन्धी पूर्वाधार विकास, निर्माण तथा मर्मतसम्भारमा संलग्न निर्माण व्यवसायी तथा उपभोक्ता समितिको क्षमता विकास र नियमन गरी सोसम्बन्धी कार्यको गुणस्तर सुनिश्चितता गरिने छ।

(४) **क्रमागत तथा सम्पन्नउन्मुख आयोजनालाई प्राथमिकताका साथ सम्पन्न गर्ने:** क्रमागत तथा सम्पन्नउन्मुख आयोजनालाई प्राथमिकताका साथ सम्पन्न गर्न प्रयाप्त स्रोतको प्रबन्ध गरिने छ। एक घर एक धारा तथा आधारभूत खानेपानी सुबिधाको पहुँच नपुगेको क्षेत्रमा मात्र अन्तरसरकार तथा विकास साझेदार संस्थासँगको साझेदारीमा नयाँ आयोजनाको प्रस्ताव गरी सञ्चालन व्यवस्था गरिने छ।

## १०.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

### १०.५.१ जलस्रोत तथा ऊर्जा

**(क) एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम:**

१. एकीकृत जलस्रोत विकास रणनीति तर्जुमा;
२. बहुउद्देश्यीय जलस्रोत विकास आयोजना पहिचान, सम्भाव्यता अध्ययन र विकास;
३. जलासय तथा कृतिम ताल निर्माण आयोजना;
४. जलस्रोत संरक्षण, उपयोग तथा पुनर्भरण।

**(ख) विद्युत् उत्पादन तथा सेवा विस्तार कार्यक्रमः**

१. विद्युत् आयोजना पहिचान, सम्भाव्यता अध्ययन, आयोजना विकास र सञ्चालनमा सहयोग र सहजीकरण;
२. सङ्घीय सरकारसँगको समन्वयमा विद्युत् लाइन विस्तार तथा क्षमता अभिवृद्धि;
३. विद्युत् नपुगेका स्थान तथा घरधुरीमा विद्युत् सेवा विस्तार तथा स्तरोन्नति सहयोग र सहजीकरण;
४. विद्युत् उत्पादन, वितरण र सञ्चितिमा नयाँ प्रविधिको प्रयोग एवम् नवीनतम वित्तीय उपकरण अवलम्बन;
५. विद्युत् चुहावट नियन्त्रण।

**(ग) नवीकरणीय ऊर्जा प्रवर्द्धन कार्यक्रमः**

१. लघु तथा साना जलविद्युत् आयोजना निर्माण, स्तरोन्नति, मर्मतसम्भार र राष्ट्रिय प्रसारणमा जडान;
२. सोलार प्रणाली जडान र मर्मतसम्भार तथा सञ्चालन;
३. सुधारिएको तथा विद्युतीय चुल्हो प्रवर्द्धन र विस्तार;
४. सामुदायिक बायोग्याँस प्लाण्ट जडान तथा प्रवर्द्धन;
५. बायोग्याँस तथा बायोडिजेल उत्पादन तथा प्रवर्द्धन।

**(घ) स्मार्ट सडक बत्ती जडान तथा विस्तार कार्यक्रमः**

१. सोलार प्रणाली तथा विद्युत्मा आधारित सडक बत्ती जडानसम्बन्धी सम्भाव्यता अध्ययन;
२. नयाँ प्रविधिमा आधारित स्मार्ट सडक बत्ती आयोजना विकास तथा निर्माण;
३. स्मार्ट सडक बत्ती विस्तार तथा मर्मतसम्भार।

### १०.५.२ सिँचाइ तथा नदी नियन्त्रण

**(क) सिँचाइ सुविधा विस्तार कार्यक्रमः**

१. सिँचाइसम्बन्धी नीतिगत तथा कानुनी सुधार;
२. सतह, भूमिगत र नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजनाको पहिचान तथा सम्भाव्यता अध्ययन;
३. सतह, भूमिगत तथा नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजनाको विकास तथा निर्माण;
४. सञ्चालित आयोजनाको विस्तार, मर्मतसम्भार तथा स्तरोन्नति।
५. रूग्ण सिँचाइ आयोजना तथा प्रणालीको पहिचान, संरचनागत सुधार, पुनःस्थापना र सुदृढीकरण।

**(ख) नयाँ प्रविधिमा आधारित सिँचाइ कार्यक्रमः**

१. सम्भाव्यताको आधारमा पोखरी, लिफ्ट तथा भूमिगत सिँचाइ आयोजना;

२. थोपा/फोहोरा सिँचाइ, बिना चालु खर्च पानी तान्ने पम्प प्रविधिमा आधारित सिँचाइ कार्यक्रम सञ्चालन;

३. स्थानीय तह, कृषक समूह, सहकारी, उत्पादक र निजी क्षेत्रसँग समन्वय, सहकार्य तथा साझेदारी।

**(ग) सिँचाइ संरचना तथा सुविधाको संरक्षण तथा दिगो सञ्चालन कार्यक्रमः**

१. प्रकोपबाट जोखिममा रहेका तथा प्रभावित सिँचाइ संरचना तथा सुविधाको पहिचान तथा नक्साङ्कन;

२. जैविक तथा इञ्जिनियरिङ् प्रविधिबाट संरचना निर्माण, संरक्षण, मर्मतसम्भार तथा पुनःस्थापना।

**(घ) नदी प्रणाली व्यवस्थापन तथा संरक्षण कार्यक्रमः**

१. गुरुयोजनामा आधारित प्रमुख नदी प्रणाली व्यवस्थापन;

२. जल उत्पन्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन;

३. नदी नियन्त्रण, आकस्मिक तथा आपतकालीन बाढी-पहिरो नियन्त्रण तथा जोखिम न्यूनीकरण;

४. जोखिम नक्साङ्कन तथा जग्गा उकासको लागि तटबन्ध तथा स्पर निर्माण;

५. नदी किनारा संरक्षण, जोखिमयुक्त पहिरो व्यवस्थापन तथा खहरे नियन्त्रण।

**(ङ) जल तथा मौसम पूर्वानुमान प्रणाली व्यवस्थापन कार्यक्रमः**

१. जल तथा मौसम पूर्वानुमान आधुनिक प्रणाली तथा प्रविधि जडान, विस्तार तथा स्तरोन्नति;

२. जल तथा मौसम तथ्याङ्क सङ्कलन, विश्लेषण तथा व्यवस्थापन।

**(च) जल उपभोक्ता समितिको संस्थागत क्षमता विकास कार्यक्रम:**

१. जल उपभोक्ता समितिको संस्थागत सुदृढीकरण;

२. सिँचाइ प्रणाली तथा सेवा शुल्क व्यवस्थापन;

३. तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम।

### १०.५.३ खानेपानी, सरसफाइ तथा स्वच्छता

**(क) आधारभूतस्तरको खानेपानी पहुँच वृद्धि कार्यक्रमः**

१. खानेपानीको आधारभूत सुविधा नपुगेका स्थानको पहिचान, नक्शाङ्कन तथा सम्भाव्यता अध्ययन;

२. शतप्रतिशत घरधुरीमा आधारभूत स्तरको खानेपानी सुविधामा पहुँच विस्तार आयोजना निर्माण;
३. सतह तथा वैकल्पिक प्रविधिमा आधारित खानेपानी आयोजना निर्माण तथा स्तरोन्नति;
४. चालु खानेपानी आयोजनाको स्तरोन्नति तथा सेवा क्षेत्र विस्तार ।

**(ख) एक घर एक धारा कार्यक्रमः**

१. क्रमागत तथा सम्पन्नउन्मुख खानेपानी आयोजना निर्माण;
२. सम्भाव्यताको आधारमा नयाँ खानेपानी आयोजना निर्माण;
३. 'एक घर एक धारा' खानेपानी निर्माण, मर्मतसम्भार र सञ्चालन कार्यक्रम ।

**(ग) खानेपानी गुणस्तर सुधार कार्यक्रमः**

१. मूल देखि मुखसम्म सुरक्षित खानेपानीका लागि प्रशोधन प्रविधि जडान;
२. खानेपानी सङ्कलन तथा वितरण प्रणालीमा सुधार;
३. स्वच्छ खानेपानी तथा स्वच्छतासम्बन्धी सचेतनामूलक कार्यक्रम ।

**(घ) खानेपानी तथा सरसफाइ आयोजनाको मर्मतसम्भार तथा दिगो सञ्चालन कार्यक्रमः**

१. सञ्चालनमा रहेका खानेपानी तथा सरसफाइ आयोजनाको नियमित तथा आवधिक मर्मतसम्भार;
२. मर्मतसम्भारमा उपभोक्ता समिति संस्थागत क्षमता विकास र परिचालन;
३. खानेपानी तथा सरसफाइ आयोजनाको संरचना तथा वितरण प्रणालीको दिगो सञ्चालन तथा व्यवस्थापन ।

**(ङ) सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन कार्यक्रमः**

१. सार्वजनिक निजी साझेदारीका संयन्त्रमार्फत सार्वजनिक शौचालय निर्माण र सञ्चालन;
२. सङ्कलन केन्द्र तथा हाटबजार, बसपार्क, खुल्लामञ्च तथा सार्वजनिक उपयोगको संरचना तथा सुविधासँग सार्वजनिक शौचालय आबद्धता सहित निर्माण, मर्मतसम्भार र सञ्चालन ।
३. पसल सहितको सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन ।

**(च) सांस्कृतिक तथा पुरातात्विक महत्त्वका मुहान, ढुङ्गेधारा, पोखरी, तालतलैया, सिमसार क्षेत्र, नदी तथा जलाधार क्षेत्र संरक्षण कार्यक्रमः**

१. मुहान, ढुङ्गेधारा, पोखरी, तालतलैया, सिमसार क्षेत्र तथा नदी पहिचान, नक्साङ्कन तथा संरक्षण;
२. खानेपानी तथा सरसफाइसम्बन्धी संरचनाको संरक्षण तथा व्यवस्थापन;

३. सतह तथा भूमिगत जलस्रोतको पहिचान तथा संरक्षण;

४. पानीको पुनर्भरण तथा जलस्रोतको बहुउपयोग र एकीकृत तथा पुनर्उपयोग;

५. खानेपानीको स्रोत तथा संरचनाको दिगो व्यवस्थापन;

६. वर्षात्को पानी सङ्कलन तथा उपयोग।

**(छ) फोहोरपानी तथा मानव मलमूत्र व्यवस्थापन कार्यक्रमः**

१. फोहोर पानी र मानव मलमूत्रको सङ्कलन, प्रशोधन, विसर्जन तथा पुनप्रयोग प्रवर्द्धन;

२. ढल तथा पानी निकास व्यवस्थापन;

३. स्वच्छ व्यवहार अभिवृद्धि तथा परजिवी नियन्त्रण।

**(ज) अन्तरनिकाय समन्वय, सहकार्य तथा साझेदारी कार्यक्रमः**

१. अन्तरसरकार, सार्वजनिक-निजी साझेदारी, सार्वजनिक-समुदाय-गैरसरकारी साझेदारी कार्यक्रम;

२. खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी आयोजना निर्माण तथा दिगो व्यवस्थापन।

## १०.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| **१.** | **जलस्रोत तथा ऊर्जा** | | | | | |
| १.१ | कुल जलविद्युत् उत्पादन क्षमता | मे.वा. | ७३३ | ९०० | १६०० | २५०० |
| १.२ | विद्युत्मा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ९९.५ | ९९.७५ | १०० | १०० |
| १.३ | प्रति व्यक्ति विद्युत् खपत | कि.वा.घ. | २१६ | २६० | ३०० | ५०० |
| १.४ | संस्थागत सौर्य ऊर्जा प्रणालीबाट विद्युत् उत्पादन | कि.वा. | १७२ | २०० | २५० | ३०० |
| **२.** | **खानेपानी, सरसफाइ र स्वच्छता** | | | | | |
| २.१ | आधारभूतस्तरको खानेपानी सुविधा प्राप्त जनसङ्ख्या | प्रतिशत | ९४.२५ | ९५.० | ९८.० | १००.० |
| २.२ | मध्यम र उच्चस्तरको खानेपानी सुविधा प्राप्त जनसङ्ख्या | प्रतिशत | १८.२ | २५.० | ६५.० | ९०.० |
| २.३ | निजी धारा जडान भएका घरधुरी | प्रतिशत | ५९.५ | ६५.० | ८४.० | ९५.० |
| २.४ | फ्लस भएको चर्पी सुविधा उपलब्ध घरधुरी | प्रतिशत | ८० | ८३ | ९३ | १०० |
| **३.** | **सिँचाइ तथा तटबन्धन** | | | | | |
| ३.१ | आधुनिक सिँचाइ पूर्वाधारबाट सिंचित क्षेत्रफल | हेक्टर | ६७,००० | ६७,५०० | ६९,००० | ७०,००० |
| ३.२ | बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध क्षेत्र | हेक्टर | ३३,००० | ३६,००० | ३९,००० | ४१,००० |
| ३.३ | निर्माण भएको तटबन्धनको लम्बाइ | कि.मि. | ९५.४४ | १००.०० | १५०.०० | २००.०० |
| ३.४ | जग्गा उकास कार्य सञ्चालन भएको क्षेत्रफल | हेक्टर | ३१४१ | ३२०० | ४००० | ४५०० |

*स्रोत: गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार*

# परिच्छेद ११

## मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा सामाजिक संरक्षण


| | |
|---|---|
| ११.१ पृष्ठभूमि | १९७ |
| ११.२ विद्यमान अवस्था | १९७ |
| ११.३ मुख्य सवाल तथा चुनौती | १९९ |
| ११.४ रूपान्तरणकारी रणनीति | २०२ |
| ११.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम | २०४ |
| ११.६ परिमाणात्मक लक्ष्य | २०६ |

# परिच्छेद ११

# मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा सामाजिक संरक्षण

## ११.१ पृष्ठभूमि

नेपालको संविधानले रोजगारी, गरिबी निवारण र सामाजिक सुरक्षालाई तीनवटै तहको साझा अधिकार क्षेत्रभित्र समावेश गरेको छ । संविधानले नागरिकको रोजगारी तथा रोजगारी छनौट, श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक प्रत्याभुत गरेको छ । नेपालमा योजनाबद्ध विकासको थालनीसँगै सुरु भएको गरिबी निवारणको प्रयास दशौं योजना अवधिदेखि उच्च प्राथमिकताका साथ अगाडि बढेको छ । दिगो विकास लक्ष्यले सन् २०३० (वि. सं. २०८७) सम्ममा नेपालमा सबैखाले गरिबीको अन्त्य गर्ने लक्ष्य लिएको छ । गरिबी निवारणको प्रयासमा तीनवटै तहका सरकारबिचमा एकरूपता कायम गरी जनतालाई समृद्धितर्फको यात्रामा निर्देशित गर्न नेपाल सरकारले गरिबी निवारण नीति, २०७६ जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

प्रदेश सरकारले स्थापना कालदेखि नै रोजगारीको प्रवर्द्धन र गरिबी निवारणलाई उच्च महत्त्व दिँदै आएको छ । यसैगरी प्रदेश सरकार सामाजिक सुरक्षाको प्रवर्द्धनका लागि नेपाल सरकार तथा स्थानीय सरकारसँगको साझेदारी र सहकार्य गर्दै अगाडि बढिरहेको छ । गरिबी न्यूनीकरण, दिगो तथा सम्मानजनक रोजगारीको व्यवस्था र योगदानमा आधारित सामाजिक सुरक्षालाई प्रदेश विकासको प्राथमिकतामा रहेको छ । श्रम प्रति सम्मान हुनेगरी प्रदेशमा रहेको मानवशक्तिलाई सुरक्षित र मर्यादित कामको वातावरण सिर्जना गरी दिगो आर्थिक वृद्धिको माध्यमबाट गरिबी न्यूनीकरण गर्ने लक्ष्यमा अग्रसर हुनु आवश्यक छ ।

## ११.२ विद्यमान अवस्था

### ११.२.१ श्रम तथा रोजगारी

राष्ट्रिय योजना आयोगको प्रक्षेपणअनुसार नेपालको श्रम बजारमा वर्षेनी करिब ५ लाख थप जनशक्ति प्रवेश गर्दछन् । नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५ अनुसार नेपालको आर्थिक रूपमा सक्रिय कुल जनसङ्ख्या २ करोड ७ लाख ४४ हजार छ भने गण्डकी प्रदेशमा १८ लाख ६८ हजार रहेको छ । उक्त सर्वेक्षणअनुसार नेपालमा कुल रोजगार जनसङ्ख्या ७० लाख ८६ हजार छ भने गण्डकी प्रदेशमा ६ लाख ६ हजार रहेको छ । त्यसैगरी बेरोजगार जनसङ्ख्या नेपालमा ९ लाख ८ हजार रहेकोमा गण्डकी प्रदेशमा ६० हजार रहेको

छ। आर्थिक वर्ष २०७६/७७ मा मात्र गण्डकी प्रदेशबाट वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेको सङ्ख्या कुल ६२,६७८ जना रहेको छ। आर्थिक गणना, २०७५ अनुसार गण्डकी प्रदेशमा सञ्चालनमा रहेका उद्योग व्यवसायको कुल सङ्ख्या १,००,६८४ र रोजगारी प्राप्त व्यक्तिको सङ्ख्या ३,३२,४७२ रहेको छ।

प्रदेशमा श्रम सहभागिता दर ४०.३ प्रतिशत, बेरोजगारी दर ७ प्रतिशत र रोजगारीमा औपचारिक क्षेत्रको योगदान ४४ प्रतिशत रहेको छ। प्रदेश सरकारले बेरोजगार जनशक्तिलाई रोजगारीसँग आबद्ध गर्न प्रदेशस्तरीय रोजगार सूचना केन्द्रको स्थापना गरेको छ। प्रदेशमा रोजगारीका प्रमुख क्षेत्रका रूपमा कृषि, पर्यटन, निर्माण र उत्पादनमूलक उद्योग रहेका छन्। प्रदेश सरकार उद्यमशीलता विकास गरी स्वरोजगारीका अवसर वृद्धि, घरेलु तथा साना उद्योग विकासलाई प्रभावकारी तुल्याउने दिशामा अग्रसर रहेको छ। साथै प्रदेश सरकारले कृषि तथा सहकारी र पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास अन्तर्गत घरबास, पदमार्ग निर्माण तथा सुधार जस्ता क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्ने कार्यलाई महत्त्व दिइएको छ।

### ११.२.२ गरिबी निवारण तथा सामाजिक सुरक्षा

प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको कार्यान्वयनबाट गरिबी निवारणको लक्ष्य हासिल गर्ने दिशामा आंशिक उपलब्धि हासिल भएको छ। कोभिड-१९ को महामारीको सामाजिक-आर्थिक दुष्प्रभाव र रुस-युक्रेन युद्धका कारण सिर्जित विश्वव्यापी आर्थिक सङ्कुचनले सिर्जना गरेको प्रतिकूल परिवेशमा बहुआयामिक गरिबी १४.२ बाट ७.३ प्रतिशतमा झार्ने योजनाको लक्ष्य रहेकोमा योजना अवधिमा ९.६ प्रतिशतमा सीमित रहेको देखिन्छ। गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रः (२०७९-२०८७) ले वि. सं. २०८७ सम्ममा गरिबीको रेखामुनि रहेको जनसङ्ख्याको अनुपात १४.९ प्रतिशतबाट २ प्रतिशतमा र बहुआयामिक गरिबीको अनुपात पनि १४.२ प्रतिशतबाट २ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ। नेपाल जीवनस्तर सर्वेक्षण २०२२/२३ का अनुसार गण्डकी प्रदेशमा गरिबीको दर ११.८ प्रतिशत रहेको छ। गण्डकी प्रदेशको प्रथम योजना अवधिमा प्रतिव्यक्ति आय १,०४३ अमेरिकी डलरबाट १,९५६ अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिएकोमा १,४९९ अमेरिकी डलर पुगेको छ। गण्डकी प्रदेशको असमानता मापन गर्ने सूचकाङ्क जिनी गुणक ०.२९ रहेको छ।

सामाजिक सुरक्षामा वढ्दै गएको खर्च व्यवस्थापन गर्न योगदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रमलाई बढावा दिन र छरिएर रहेका सामाजिक सुरक्षाका कार्यक्रमलाई प्रभावकारी बनाउन तथा तहगत सरकारको भूमिका र अधिकारलाई थप स्पष्ट गर्न नेपाल सरकारले एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० स्विकृत गरी कार्यान्वयनमा ल्याइएको छ। साथै प्रदेश सरकारले सामाजिक सुरक्षाका

कार्यक्रमलाई एकीकृत रूपमा समावेशी, गुणस्तरीय एवम् प्रभावकारी बनाई कल्याणकारी र अधिकारमैत्री प्रदेशको रूपमा स्थापित गर्ने लक्ष्य लिएको छ।

## ११.३ मुख्य सवाल तथा चुनौती

### ११.३.१ श्रम तथा रोजगारी

**(१) श्रम तथा रोजगार क्षेत्रको संरचनागत सुधार गर्नु:** श्रम तथा रोजगारको क्षेत्रमा नीतिगत र संस्थागत समन्वयमा कमी रहेको छ। औद्योगिक प्रतिष्ठान र कार्यस्थलमा महिला तथा अपाङ्गमैत्री कार्य वातावरणको सिर्जना हुन सकेको छैन। उद्योग व्यवसाय व्यवस्थापन तथा श्रमिकबिचको सम्बन्ध सुदृढ गर्नु आवश्यक रहेको छ। सिप तथा दक्षता विकास र रोजगारीका अवसरमा लक्षित वर्गको सहभागितामा कमी रहेको छ। उद्योग व्यवसायमा विपद् तथा आर्थिक शिथिलताको कारण सिर्जित समस्या सम्बोधन गर्नु, औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्नु र गैर आवासीय नेपालीको लगानीलाई उत्पादनशील क्षेत्रमा आकर्षण गरी उत्पादन तथा रोजगारीको प्रवर्द्धन गर्नु चुनौतीका रूपमा रहेको छ।

**(२) श्रम बजारलाई मर्यादित तथा व्यवस्थित तुल्याउनु:** न्यून ज्यालादर, न्यून सेवा सुविधा र लैङ्गिकताका आधारमा ज्यालादरमा असमानता कायमै रहेको छ। ग्रामीण भेगमा सक्रिय जनशक्तिको कमी रहेको छ। स्वदेशी तथा वैदेशिक श्रम तथा रोजगारीसँग सम्बन्धित सूचनाको पहुँचमा कमी रहेको छ। श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्नु, सम्मानजनक रोजगारी सिर्जना गर्नु, न्यायोचित पारिश्रमिकको व्यवस्था सुनिश्चित गर्नु र अनौपचारिक क्षेत्रको रोजगारीलाई सामाजिक सुरक्षा सञ्जालमा आबद्ध गराउनु चुनौती रहेको छ।

**(३) स्वरोजगारीको वातावरण तयार गर्नु:** उद्योग तथा व्यवसाय क्षेत्रमा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षाको उचित प्रबन्ध हुन सकेको छैन। प्रदेशका सबै जिल्लामा उद्यम तथा व्यावसायिक सिप तथा दक्षता विकासका अवसरमा सहज पहुँच कायम गर्नु आवश्यक रहेको छ। लघु, साना तथा मझौला उद्योग स्थापना गर्न चाहने उद्यमीलाई व्यवसाय विकास सेवा र बजारमा सहज पहुँच पुऱ्याउन सकिएको छैन। लघु, साना तथा मझौला उद्योग स्थापना गर्न चाहने उद्यमीलाई सहयोग एवम् बजारीकरणको सुविधाको कमी रहेको छ। कृषि, पशुपालन तथा परम्परागत पेशा व्यवसायलाई बजारमुखी तुल्याउनु चुनौतीका रूपमा रहेको छ।

**(४) वैदेशिक रोजगारीलाई व्यवस्थित तुल्याउनु:** वैदेशिक रोजगारीमा जाने युवाका लागि तुलनात्मक लाभका सुरक्षित क्षेत्र पहिचान गरी सुसूचित गराउन अपेक्षाकृत रूपमा सकिएको छैन । विप्रेषण आयलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरी आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गर्नु आवश्यक छ। वैदेशिक रोजगारीमा जान चाहनेका लागि बजारको आवश्यकता अनुसारको सिप तथा दक्षताको विकास गर्न सकिएको छैन। वैदेशिक रोजगारी तथा अध्ययनबाट हासिल गरेको सिप तथा दक्षतालाई स्वदेशमै उपयोग गर्ने वातावरण तयार गर्नु चुनौतीका रूपमा रहेको छ।

**(५) युवा जनशक्तिलाई स्वदेशी श्रम बजारमा आकर्षित गर्नु:** युवामा समान प्रकृतिको काममा स्वदेशको तुलनामा वैदेशिक रोजगारीमा आकर्षण बढिरहेको छ । प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा पर्याप्त मात्रामा रोजगारी सिर्जना गर्नु आवश्यक रहेको छ। ग्रामीण भेगबाट बढ्दो युवा पलायन रोक्नु चुनौतीको रूपमा रहेको छ।

### ११.३.२ गरिबी निवारण तथा सामाजिक सुरक्षा

**(१) अनुत्पादनशील खर्च नियन्त्रण गर्नु:** विप्रेषण लगायत आयको ठुलो हिस्सा सहरी क्षेत्रको घरजग्गा एवम् बसोवासमा केन्द्रित हुँदा विप्रेषणबाट प्राप्त आयले बसाइँसराइ र सहरकेन्द्रित निष्क्रिय जीवनशैलीलाई बढवा दिइरहेको छ। विलासिता एवम् अनुत्पादनशील क्षेत्रमा लगानी हुने प्रवृत्तिलाई उत्पादनशील क्षेत्रतर्फ आकर्षण गर्नु मुख्य सवालका रूपमा रहेको छ । उद्यम तथा व्यवसायमा देखिएको लगानी विकर्षणलाई बदल्दै उत्पादनशील क्षेत्रमा लगानीमैत्री परिवेश तयार गरी पुँजी निर्माणतर्फ अग्रसर गराउनु चुनौतीपूर्ण छ।

**(२) विकासका कार्यक्रमको प्रतिफल लक्षित वर्ग तथा क्षेत्रमा पुर्‍याउनु:** सबै वर्ग, समुदाय तथा क्षेत्रमा समन्यायिक प्रतिफल हासिल हुनेगरी विकासका कार्यक्रम कार्यान्वयन गर्नु सवालका रूपमा रहेको छ । विकासका कार्यक्रमले आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको वर्गको जीवनस्तर सुधारमा अपेक्षित योगदान पुर्‍याउन सकेको छैन । विकासका कार्यक्रमबाट विपन्न वर्गको जीवनस्तरमा गुणात्मक सुधार गर्नु प्रमुख चुनौतीका रूपमा देखिएको छ।

**(३) दिगो तथा उत्पादनशील रोजगारी प्रवर्द्धन गर्नु:** स्थानीयस्तरमा दिगो आयसहितको सुरक्षित तथा प्रतिस्पर्धी रोजगारीको कमी कारण वैदेशिक रोजगारीमा आकर्षण बढिरहेको छ । कृषि, पशुपन्छीपालन, पर्यटन र औद्योगिक क्षेत्रमा तुलनात्मक लाभका वस्तु तथा सेवा पहिचान गरी व्यावसायीकरणमार्फत आत्मनिर्भरता एवम् निर्यातमुखी प्रादेशिक अर्थतन्त्र निर्माणको दिशामा अग्रसर

हुनु आवश्यक छ । स्थानीय स्तरमा व्यावसायिक वातावरण तयार गर्नु र उत्पादनशील क्षेत्रमा युवा केन्द्रित दिगो रोजगारीका अवसर सिर्जना गर्नु चुनौतीको रूपमा रहेको छ ।

(४) **स्थानीय अर्थतन्त्रलाई चलायमान गराउनुः** कोभिड-१९ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिका कारण सिर्जित विश्वव्यापी आर्थिक शिथिलताका कारण व्यवसाय तथा रोजगारी गुमाएको अवस्थालाई पूर्ववत् अवस्थामा फर्काउनु सवालका रूपमा रहेको छ । ग्रामीण अर्थतन्त्रको मुख्य आधारका रूपमा रहेको कृषि क्षेत्रमा बाँदर तथा अन्य वन्यजन्तु अतिक्रमणको कारण कृषि उत्पादनमा दुष्प्रभाव परिरहेको छ । व्यवसायीको आत्मविश्वासमा वृद्धि गर्नु र बेरोजगार नागरिकको सिप तथा दक्षता अभिवृद्धि गर्नु जरुरी रहेको छ । आर्थिक शिथिलताका कारण वित्तीय क्षेत्रसहित अर्थतन्त्रका समग्र सूचकमा देखिएको नकारात्मक प्रभावलाई कम गर्नु र आर्थिक क्षेत्रमा बदलिँदा सवाललाई सम्बोधन गर्दै व्यवसायमैत्री वातावरण तयार गर्नु चुनौतीपूर्ण रहेको छ ।

(५) **अन्तरसरकार तथा विकास साझेदारसँगको सहकार्यमा अभिवृद्धि गर्नुः** कार्यक्रमबिच रहेको दोहोरोपना तथा तालमेलको कमीलाई हटाई सामजस्यता कायम गर्नु सवालका रूपमा रहेको छ । गरिबी निवारणको लक्षित उपलब्धि हासिल गर्न सरोकारवालाबिच तालमेल एवम् समान बुझाइ कायम हुनुपर्ने देखिन्छ । तीनवटै तहको अधिकार क्षेत्रभित्र रहेको गरिबी निवारणको सवालमा सङ्घ तथा स्थानीय सरकारसहित विकास साझेदार संस्थाका कार्यक्रमसँग तादात्म्यता कायम गर्नु चुनौतीको विषय रहेको छ ।

(६) **असमानता न्यूनीकरण र विपन्न नागरिकको जीवनस्तरमा दिगो तथा गुणात्मक सुधार गर्नुः** गरिबी तथा असमानता न्यूनीकरणका कार्यक्रम न्यून हुनु र कार्यान्वयनमा रहेका कार्यक्रमको प्रभावकारिता कम हुनु सवालका रूपमा रहेको छ । सिमान्तकृत तथा विपन्न वर्गलाई सामाजिक न्यायसहित समग्र जीवनस्तरमा गुणात्मक सुधार गर्न व्यावहारिक कठिनाइ रहेको छ । जीवनस्तरमा दिगो तथा गुणात्मक सुधार नहुँदा गरिबीको दुष्चक्रको पुनरावृत्ति हुने प्रवृत्तिको न्यूनीकरण गर्नु चुनौतीपूर्ण छ ।

(७) **एकीकृत सामाजिक सुरक्षा संरचना तयारी गर्नुः** सामाजिक सुरक्षासँग सम्बन्धित कानुन तथा निकाय फरक–फरक हुँदा कार्यान्वयन तहमा समस्या देखिएका छन् । सामाजिक सुरक्षाको सबल तथा एकल संस्थागत व्यवस्थाको कमी रहेको छ । अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा आबद्ध गर्नु चुनौतीपूर्ण रहेको छ ।

## ११.४ रूपान्तरणकारी रणनीति

### ११.४.१ श्रम तथा रोजगारी

(१) **रोजगारी प्रवर्द्धनमा नीतिगत तथा संस्थागत समन्वय तथा सहकार्य गर्ने:** श्रमिक सुरक्षा, रोजगारीका अवसरमा वृद्धि, व्यावसायिक वातावरण निर्माण र प्रतिस्पर्धी क्षमतामा विकासको लागि अन्तर-सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र एवम् विकास साझेदार संस्थासँग समन्वय, सहकार्य र साझेदारी गरिने छ। श्रम क्षेत्रको नीतिगत सुधारका लागि तहगत सरकारबिच समन्वय तथा सहकार्य गरिने छ । उत्पादनशील क्षेत्रमा गैर-आवासीय नेपालीको लगानीलाई आकर्षण गरी रोजगारीका अवसर सिर्जना गरिने छ । रोजगारीको सिर्जना हुनेगरी सार्वजनिक-निजी साझेदारीका आयोजना सञ्चालनमा जोड दिइने छ।

(२) **सुरक्षित र मर्यादित रोजगारीका अवसर सिर्जना गर्ने:** तुलनात्मक लाभका क्षेत्र पहिचान गरी कृषि, पर्यटन तथा उद्योग क्षेत्रमा युवा लक्षित रोजगारका नवीनतम अवसर सिर्जना गरिने छ। विप्रेषणलाई उत्पादनशील तथा रोजगारमूलक क्षेत्रमा आकर्षित गरिने छ । वैदेशिक रोजगारीमा जान चाहने युवालाई अन्तर्राष्ट्रिय बजार मागअनुसार सिप तथा दक्षता अभिवृद्धिका अवसर उपलब्ध गराइ विदेशमा कम समयमा अधिक कमाइ हुने परिवेश तयार गरिने छ । नेपाल सरकारका सम्बन्धित निकायसँग समन्वय गरी योगदानमा आधारित सामाजिक सुरक्षाका लागि श्रमिक तथा रोजगारदाता सहकार्य गरिने छ । श्रमिकलाई कार्यस्थलमा हुन सक्ने जोखिम र दुर्घटनाबाट सुरक्षित राख्ने तथा दुर्घटनामा परेको अवस्थामा तत्काल उद्दार, उपचार तथा राहतको प्रबन्ध गरिने छ।

(३) **श्रम क्षेत्रलाई मर्यादित र व्यवस्थित तुल्याउने:** श्रम सम्बन्धलाई सुमधुर बनाई रोजगारमैत्री लगानीको वातावरण तयार गरिने छ। रोजगारीका सिलसिलामा हुने मानव बेचबिखन, बालश्रम, बाँधाश्रम लगायत सबै प्रकारका श्रम शोषणको अन्त्य गरिने छ। कार्यस्थलमा हुने दुर्व्यवहार, हिंसा, लैङ्गिक तथा जातीय विभेदको अन्त्य गरिने छ। श्रमिक अधिकारको पालना र महिलामैत्री कार्य कक्षको व्यवस्थालाई प्रभावकारी बनाइनेछ। श्रमिकको उत्पादकत्व र उपलब्धि हासिल गर्ने क्षमता नियमित लेखाजोखा गरी पृष्ठपोषणका आधारमा क्षमता अभिवृद्धि, पारिश्रमिक, सेवा सुविधा वृद्धि तथा स्तरोन्नतिको व्यवस्था गरिने छ। समान कामका लागि समान ज्यालाको अवधारणा कार्यान्वयन गर्न नियमन तथा सहजीकरण गरिने छ।

### ११.४.२ गरिबी निवारण तथा समाजिक सुरक्षा

**१. आधारभूत तहको सेवा तथा सुविधामा गरिव तथा विपन्न नागरिकको पहुँच सुनिश्चित गर्ने:** गरिव तथा विपन्न वर्गका लागि गास, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, खानेपानी, विद्युत् जस्ता सेवा तथा सुविधामा पहुँच सुनिश्चित गर्न तहगत सरकार तथा विकास साझेदारसँग समन्य र सहकार्य अभिवृद्धि गरिने छ । प्रदेशस्तरमा गरिबी निवारणका कार्यक्रम कार्यान्वयन गर्ने निकायलाई ससक्त तुल्याइने छ। गरिब घरपरिवारको पहिचान तथा अद्यावधीकरणका आधारमा परिचयपत्र उपलब्ध गराई विशेष कार्यक्रम सञ्चालन गरिने छ।

**२. विकासको प्रतिफलमा विपन्न वर्गको समन्यायिक पहुँच कायम गर्ने:** सिप विकास, उद्यमशीलता, रोजगारी, उत्पादन तथा बजारीकरणलाई एकीकृत गरी विकासका लाभमा विपन्न वर्गको पहुँच सुनिश्चित गरिने छ। कृषि क्षेत्रको व्यावसायीकरण र पर्यटन, उद्यमशीलता तथा पूर्वाधार विकासमा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको वर्गको प्रत्यक्ष लाभलाई ध्यान दिइने छ। विपन्न वर्गको जीवनस्तरमा सुधार ल्याउने खालका तुलनात्मक लाभका क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गरिने छ।

**३. सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत, प्रभावकारी तथा दिगो बनाउने:** विपन्न वर्ग, किसान, साना उद्यमी नागरिकका लागि स्वास्थ्य बिमा लगायत सम्पत्ति, बालीनाली र व्यवसाय बिमाको प्रबन्ध मिलाउन अन्तरसरकार सहकार्य गरिने छ। सामाजिक सुरक्षाका कार्यक्रमको दायरा तथा प्रभावकारिता विस्तारमा राष्ट्रिय सामाजिक सुरक्षा संरचना तयारी र कार्यान्वयनमा समन्वय तथा सहकार्य गरिने छ। योगदानमा आधारित समाजिक सुरक्षा कार्यक्रम विस्तार गर्न सरकारी, गैरसरकारी र निजी क्षेत्रसँग सहकार्य गरिने छ । सामाजिक सुरक्षालाई आर्थिक सामाजिक विकासका नीति तथा कार्यक्रमसँग आबद्ध गरी वित्तीय रूपमा दिगो तुल्याइने छ। सामाजिक सुरक्षाका कार्यक्रममार्फत विपन्न वर्गको सिप विकास तथा सामर्थ्य सुधारसँगै गरिब परिवार लक्षित लघु कर्जाका लागि अन्तरसरकार सहकार्य विस्तार गरिने छ।

**४. आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको वर्गको सिप, दक्षता तथा सामर्थ्य सुदृढीकरण गर्ने:** युवा वर्गलाई केन्द्रित गरी बजार मागमा आधारित सिप तथा दक्षता विकासका अवसर प्रदान गराइने छ । उद्यम तथा व्यवसाय सञ्चालनका लागि सहुलियतपूर्ण कर्जा तथा सिप, ज्ञान र प्रविधि लगायत व्यवसाय विकास सेवालाई सहज तुल्याइने छ।

**५. ग्रामीण क्षेत्रको बदलिँदो आर्थिक संरचनाअनुरूप तुलनात्मक लाभका क्षेत्रको पहिचान गर्ने:** बाँदर प्रभावित क्षेत्रमा बाँदर निष्प्रभावी टिमुर एवम् ओखर जस्ता उपज तथा पशुपन्छीपालनको उन्नत र व्यावसायिक अभ्यासलाई विस्तार गर्न उपयुक्त सिप, प्रविधि तथा कर्जाको सहज व्यवस्था गरिने छ । कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भरतातर्फ अग्रसर गराउन पकेट क्षेत्र, जोन र सुपरजोनको विस्तार गरी ब्राण्डिङ तथा बजारीकरणलाई प्रभावकारी गराइने छ ।

**६. निष्क्रिय जीवनशैली र अनुत्पादनशील लगानीको प्रवृत्तिमा सुधार गर्ने:** आयस्तरमा सुधारसँगै सहर तथा सुविधा केन्द्रित बसाइँसराइलाई निरुत्साहित गर्दै गाउँमै कमाउने र गाउँमै रमाउने परिपाटी विकास गर्न ग्रामीण क्षेत्रमा उपयुक्त अवसरको सिर्जना गरिने छ । पारिवारिक आयस्तरमा वृद्धिसँगै निष्क्रिय जीवनशैली र अनुत्पादनशील क्षेत्रमा बढ्दो लगानीलाई निरुत्साहित गर्न उद्यमशीलताका अवसरमा वृद्धि गरिने छ ।

**७. वैदेशिक रोजगारीमा गएका कामदारका लागि कुटनीतिक माध्यमबाट सामाजिक सुरक्षा सुविधा प्रदान गर्ने:** वैदेशिक रोजगारीमा गएका कामदारलाई कुटनीतिक माध्यमबाट सामाजिक सुरक्षा प्रदान गर्न पहल गरिने छ । विदेश जानु अघि तथा विदेशबाट फर्किएपछि स्वास्थ्य परीक्षणको प्रबन्धसहित नियमन तथा व्यवस्थापन प्रणालीलाई सबलीकरण गरिने छ । वैदेशिक रोजगारीबाट हासिल गरेको सिप तथा दक्षता उपयोगका लागि व्यावसायिक वातावरण तयार गरिने छ ।

## ११.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

### ११.५.१ श्रम तथा रोजगारी

**(क) श्रम क्षेत्र सुधार कार्यक्रम:**

१. नीतिगत र संस्थागत सुधार;

२. योगदानमा आधारित सामाजिक सुरक्षा प्रवर्द्धन;

३. श्रमिक सुरक्षा तथा बिमा कार्यक्रम;

४. श्रममैत्री तथा रोजगारमुखी विद्यालय पाठ्यक्रम सुधार गर्न पहल;

५. मर्यादित रोजगारदाता प्रोत्साहन र श्रम सचेतना;

६. श्रम बैंक स्थापना सहजीकरण ।

**(ख) सिप तथा दक्षता विकास कार्यक्रम:**

१. बजार मागमा आधारित व्यावसायिक सिप विकास कार्यक्रम;
२. विपन्न तथा लक्षित वर्ग व्यवसाय विकास कार्यक्रम;
३. परम्परागत एवम् मौलिक सिप तथा प्रविधि प्रवर्द्धन कार्यक्रम;
४. निर्माण क्षेत्र मजदुर दक्षता अभिवृद्धि तालिम;
५. उद्योग तथा पर्यटन र सेवा क्षेत्र जनशक्ति विकास।

**(ग) वैदेशिक रोजगारी व्यवस्थापन विकास कार्यक्रम:**

१. अन्तर्राष्ट्रिय श्रम बजार मागअनुसार सिप तथा दक्षता अभिवृद्धि कार्यक्रम;
२. उत्पादनशील क्षेत्रमा विप्रेषण परिचालन सहजीकरण;
३. वैदेशिक सिप तथा दक्षता उपयोग व्यवसाय प्रवर्द्धन;
४. वैदेशिक रोजगार कामदार सुरक्षा।

**(घ) उत्पादनशील रोजगारी प्रवर्द्धन कार्यक्रम:**

१. विपन्न तथा लक्षित वर्ग स्वरोजगार प्रवर्द्धन;
२. ग्रामीण उद्यमशीलता विकास (कृषि, उद्योग तथा पर्यटन) कार्यक्रम;
३. निर्यातमूलक वस्तुमा आधारित व्यवसाय प्रवर्द्धन कार्यक्रम।

### ११.५.२ गरिबी निवारण तथा समाजिक सुरक्षा

**(क) उद्यमशीलता प्रवर्द्धन कार्यक्रम:**

१. सहरी तथा ग्रामीण क्षेत्रमा व्यावसायिक सम्भाव्यता अध्ययन;
२. साना व्यवसायी सिप विकास तथा व्यावसायिक योजना तयारीमा सहयोग;
३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा माग हुने वस्तु पहिचान गरी उत्पादन, ब्राण्डिङ र बजारीकरणमा सहयोग;
४. स्टार्ट अप बीउपुँजी सहयोग;
५. उच्च बजार मूल्य भएका मौलिक वस्तुको पहिचान, उत्पादन प्रोत्साहन तथा बजारीकरण;
६. स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको प्रवर्द्धन;
७. सहकारी तथा करार प्रणालीमा आधारित उत्पादन तथा बजारीकरण प्रवर्द्धन।

८. विपन्न वर्गका उद्यमी व्यवसायीलाई सहुलियतपूर्ण कर्जा, प्रविधि र व्यवसाय विकास सेवा।

**(ख) सामाजिक सुरक्षा प्रवर्द्धन कार्यक्रमः**

१. सामाजिक सुरक्षामा नीतिगत सुधार तथा नियमन;
२. एकीकृत सामाजिक सुरक्षा कार्यक्रम;
३. वैदेशिक रोजगारीमा गएका कामदारको सामाजिक सुरक्षाका लागि कुटनीतिक पहल तथा पैरवी;
४. विदेश जानु अघि तथा विदेशबाट फर्किएपछि स्वास्थ्य परीक्षणको प्रबन्ध।

**(ग) गरिबी तथा असमानता न्यूनीकरण कार्यक्रमः**

१. विपन्न नागरिक आवास कार्यक्रम;
२. कुरीति तथा भेदभाव विरुद्ध सचेतना;
३. विपन्न वर्गका विद्यार्थीलाई उच्च शिक्षा सहयोग;
४. अति विपन्न वर्ग स्वरोजगार प्रवर्द्धन कार्यक्रम;
५. गृहिणी स्वरोजगार कार्यक्रम।

## ११.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| **१.** | **श्रम तथा रोजगारी** | | | | | |
| १.१ | प्रदेशमा श्रमशक्ति सहभागिता दर | प्रतिशत | ४०.३ | ४१.५ | ४८ | ५६ |
| १.२ | बेरोजगारी दर | प्रतिशत | - | ७ | ६ | ५ |
| १.३ | रोजगारीमा औपचारिक क्षेत्रको योगदान | प्रतिशत | ४४ | ४४.१ | ५० | ६० |
| १.४ | रोजगारी र जनसङ्ख्या अनुपात | अंक | - | ३५.९ | ४२ | ५० |
| १.५ | व्यवसाय विकास र रोजगारमूलक तालिम लाभग्राही | सङ्ख्या | १६२५ | १७७५ | २२२५ | २५२५ |
| १.६ | सूचिकृत रोजगार दाता | सङ्ख्या | ८४९ | ९०० | १०५० | १२०० |
| १.७ | सूचीकृत योगदान कर्ता | सङ्ख्या | १५९०२ | १७२५० | २१३०० | २४००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **२.** | **गरिबी निवारण तथा सामाजिक संरक्षण** | | | | | |
| २.१ | गरिबीको दर | प्रतिशत | ११.८८ | ११.० | ८.६ | ७ |
| २.२ | गरिबीको विषमता | प्रतिशत | २.३३ | २.३० | २.१० | २.०० |
| २.३ | गरिबीको गहनता | प्रतिशत | ०.७९ | ०.७८ | ०.७२ | ०.६८ |
| २.४ | गरिबीको फैलावट | प्रतिशत | ४.८८ | ४.८ | ४.४६ | ४.२४ |
| २.५ | जिनी गुणक | अंक | ०.२९ | ०.२९ | ०.२८ | ०.२७ |
| २.६ | प्रति व्यक्ति आय (अमेरिकी डलरमा) | डलर | १४९९ | १५८० | १८३० | २००० |
| २.७ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | – | ८३ | ८५ | ९० |
| २.८ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ३५ | ३९ | ५२ | ६० |
| २.९ | स्वास्थ्य बिमा कार्यक्रमले समेटेको जनसङ्ख्या | प्रतिशत | ३०.०६ | ३५ | ५० | ६० |

*स्रोत: गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार*

# परिच्छेद १२

## सशक्त महिला, समावेशीकरण तथा समानता


| | |
|---|---|
| १२.१ पृष्ठभूमि | २११ |
| १२.२ विद्यमान अवस्था | २१२ |
| १२.३ मुख्य सवाल तथा चुनौती | २१३ |
| १२.४ रूपान्तरणका रणनीति | २१५ |
| १२.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम | २१८ |
| १२.६ परिमाणात्मक लक्ष्य | २२० |

# परिच्छेद १२

# सशक्त महिला, समावेशीकरण तथा समानता

## १२.१ पृष्ठभूमि

नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तअनुरूप विभेदरहित, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ। लैङ्गिक समतामूलक राष्ट्र निर्माणको सोच, लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्ने लगायतका उद्देश्यसहित नीति तथा आवधिक योजना कार्यान्वयन भई आएका छन्। सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा सहभागिताको अधिकार स्थापना गरेको छ। त्यसैगरी, आर्थिक तथा सामाजिक रूपले पछाडि परेको वर्गको संरक्षण, सशक्तीकरण र विकासलाई विशेष महत्त्व दिएको छ। नेपालको दशौं योजना अवधिदेखि नै समतामूलक समाजको स्थापना गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई अन्तर–सम्बन्धित विषयको रूपमा स्थापित गरिएको छ।

दिगो विकास लक्ष्य पाँचले लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा बालिकालाई सशक्त बनाउने कुरालाई आत्मसात् गर्नुका साथै समावेशी दिगो आर्थिक वृद्धि, रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्दै मानव बसोबासलाई समावेशी, सुरक्षित र दिगो बनाउने लक्ष्य लिएको छ। नेपाल सरकारले जनाएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई गण्डकी प्रदेश सरकारले नीति, कानुन, योजना तथा कार्यक्रम र अनुगमन तथा मूल्याङ्कन प्रणालीमा मूलप्रवाहीकरण गरेको छ।

मानव विकास प्रतिवेदन, २०२० अनुसार गण्डकी प्रदेशको लैङ्गिक विकास सूचकाङ्क ०.८९६ र लैङ्गिक असमानता सूचकाङ्क ०.४६० रहेको छ। गण्डकी प्रदेश सरकारले सबै प्रकारका विभेदको अन्त्य गर्दै समतामूलक समाजको निर्माण र सामाजिक न्याय सुनिश्चितता गर्न तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आन्तरिकीकरण गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका, २०७७ जारी गरी कार्यान्वनयमा रहेको छ। सोको कार्यान्वयन गर्दै महिला तथा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, दलित तथा सीमान्तकृत वर्ग र समुदायमा विद्यमान आर्थिक, सामाजिक विभेदको अन्त्य गर्न जरुरी रहेको छ।

## १२.२ विद्यमान अवस्था

### १२.२.१ लैङ्गिक समानता तथा महिला सशक्तीकरण

राष्ट्रिय जनगणना, २०७८ अनुसार गण्डकी प्रदेशमा महिलाको जनसङ्ख्या कुल जनसङ्ख्याको ५२.५३ प्रतिशत र लैङ्गिक अनुपात ९०.३७ (प्रति १०० महिला) रहेको छ। नेपालमा महिला साक्षरता दर ६९.४ प्रतिशतको तुलनामा यस प्रदेशको महिला साक्षरता दर ७५.३ प्रतिशत रहेको छ। साथै प्रदेशमा महिला परिवारमूली भएका परिवार ४१.० प्रतिशत रहेका छन् भने महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुवै रहेको कुल घरपरिवार २८.३ प्रतिशत छ। प्रदेशमा आर्थिक रूपमा क्रियाशील कुल जनसङ्ख्या मध्ये महिलाको अनुपात ५१.२ प्रतिशत रहेको छ। प्रथम पञ्चवर्षीय योजनाले प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात ७० प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा आ.व. २०७९/८० सम्ममा यो अनुपात ५९ प्रतिशत पुगेको छ।

### १२.२.२ सामाजिक समावेशीकरण

राष्ट्रिय जनगणना, २०७८ अनुसार प्रदेशमा कुल जनसङ्ख्याको करिव ४५ प्रतिशत आदिवासी जनजाति र करिव ३९ प्रतिशत दलितको जनसङ्ख्या रहेको छ। त्यसैगरी, कुल जनसङ्ख्या को २३.९ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका बालबालिका रहेका छन् भने कुल जनसङ्ख्याको १३.३ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहको जनसङ्ख्या रहेको छ। नेपालमा कुल जनसङ्ख्या को २.२ प्रतिशतमा कुनै न कुनै रूपमा अपाङ्गता देखिएकोमा यस प्रदेशमा सो जनसङ्ख्याको अनुपात २.९ प्रतिशत रहेको छ। अपाङ्गता भएको जनसङ्ख्या मध्ये पुरुष र महिलाको जनसङ्ख्या क्रमश: ५३.४ र ४६.६ प्रतिशत रहेको छ । प्रदेशमा ज्येष्ठ नागरिक आश्रम सङ्ख्या १७ रहेको छ भने आश्रममा १५५ जना महिला र १२३ जना पुरुष गरी कुल २७८ जनाले आश्रय लिएका छन् ।

अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धि गर्न ३३ वटा विशेष विद्यालय र २३ वटा एकीकृत विद्यालय सञ्चालनमा रहेका छन्। त्यसैगरी, अपाङ्गता भएका बालबालिकाका लागि ३८० स्रोत कक्षाको व्यवस्था गरिएको छ। दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाका लागि निःशुल्क ब्रेल पाठ्यपुस्तक उपलब्ध हुँदै आएको छ। देवचुली नगरपालिका नवलपरासी (वर्दघाट सुस्तापूर्व) मा बालिका सिकाइ तथा स्रोत केन्द्र स्थापनाका क्रममा रहेको छ। दलित तथा आदिवासी जनजातिसहित सामाजिक आर्थिक रूपमा पछाडि परेको वर्गको सशक्तीकरण र मूलप्रवाहीकरणमा अन्तरसरकार साझेदारी तथा सहकार्य हुँदै आएको छ।

## १२.३ मुख्य सवाल तथा चुनौती

### १२.३.१ लैङ्गिक समानता तथा महिला सशक्तीकरण

(१) **लैङ्गिक समानताको लागि नीतिगत, कानुनी एवम् संस्थागत सुधार गर्नु**: लैङ्गिक समानता कायम गर्न विद्यमान नीतिगत तथा कानुनी व्यवस्था र संस्थागत संरचनामा समयसापेक्ष सुधार गर्नु मुख्य सवालका रूपमा रहेको छ। सरकारी, गैरसरकारी तथा निजी क्षेत्रमा लैङ्गिकतामैत्री कार्यस्थल एवम् पूर्वाधारको कमी रहेको छ। घरेलु हिंसा, सार्वजनिक स्थलमा हुने हिंसा, मानव वेचविखन तथा ओसारपसार र वैदेशिक रोजगारका नाममा हुने ओसारपसार तथा बेचबिखन लगायत महिला एवम् लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक प्रति हुने हिंसा नयाँ स्वरूपमा देखा परेका छन्। उपरोक्त सवाललाई सम्बोधन गर्न नीतिगत तथा कानुनी व्यवस्था प्रयाप्त र स्पष्ट रहेका छैनन् भने उपलब्ध नीति कानुनको कार्यान्वयन अपेक्षित रूपमा प्रभावकारी हुन सकेको छैन। सङ्घ, प्रदेश तथा स्थानीय तहको नीति, कानुन, योजना तथा कार्यक्रममा अन्तरआबद्धता र तादात्म्यता कायम गर्नु चुनौतीका रूपमा रहेको छ।

(२) **महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्नु**: सामाजिक, आर्थिक, राजनीतिक गतिविधिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक वर्गको सहभागिता बढ्दै गएपनि अझै अर्थपूर्ण सहभागिता हुन सकेको छैन। पितृसत्तासँग जोडिएका रीतिरिवाज तथा परम्परा सम्बद्ध असमान अवस्थाको सामना गर्न कानुनको प्रभावकारी कार्यान्वयनमा कमी रहेको छ। धार्मिक, सास्कृतिक तथा परम्पराका नाममा गरिने व्यवहारगत विभेदको अन्त्य गर्न नसक्नु समस्याका रूपमा रहेको छ। सामाजिक संरचना र सोचमा परिवर्तनका साथ महिला, बालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यिक वर्ग माथि हुने सबै प्रकारका विभेद, शोषण र हिंसाको अन्त्य गर्दै लैङ्गिक समानता कायम गर्नु चुनौती रहेको छ।

(३) **आर्थिक तथा सामाजिक सशक्तीकरण गर्नु**: महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकबिच रहेको विभेदकारी दृष्टिकोण र अभ्यास कायमै रहेको छ। घरेलु कामकाजलाई आर्थिक पक्षसँग जोड्नु र श्रम क्षेत्रमा समानता कायम गर्दै उनीको क्षमतालाई उत्पादन तथा उत्पादकत्वसँग जोड्नु प्रमुख सवालका रूपमा रहेका छन्। घरेलु श्रम र स्याहार कार्यको आर्थिक गणनामा मूल्याङ्कन गर्दै श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्नु र महिलाको कार्यजीवनलाई सन्तुलित बनाउनु चुनौतीपूर्ण रहेको छ।

(४) **लैङ्गिकतामा आधारित सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु:** महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक माथि हुने शारीरिक, मानसिक तथा अन्य हिंसाका घटनामा उल्लेख्य मात्रामा कमी आउन सकेको छैन। सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु र नियमनकारी उपायद्वारा सामाजिक प्रथा, परम्परा तथा सोचमा सकारात्मक परिवर्तन ल्याउनु चुनौतीपूर्ण रहेको छ।

(५) **स्वरोजगार तथा उद्यमशीलता विकासमार्फत महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको आर्थिक सशक्तीकरणका आधार तयार गर्नु:** श्रम बजारमा महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक वर्गको योगदान मूल्याङ्कन समन्यायिक हुन सकेको छैन। स्रोत साधन माथि महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक वर्गको पहुँच न्यून हुनु र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता वृद्धि गर्नु सवालका रूपमा रहेका छन्। महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक वर्गलाई सक्षम, क्षमतावान र आत्मनिर्भर बनाउनु र विकासका कार्यक्रमबाट सो वर्गलाई अपेक्षित लाभ हुने वातावरण पुऱ्याउनु चुनौतीका रूपमा रहेको छ।

### १२.३.२ सामाजिक समावेशीकरण

(१) **सामाजिक समावेशिताको अवधारणालाई संस्थागत गर्नु:** बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न, आदिवासी जनजाति, लोपोन्मुख, सीमान्तकृत वर्ग, मुस्लिम, ज्येष्ठनागरिक लगायत वञ्चितीकरणमा परेका वर्ग, जाति तथा समुदायलाई कानुनी व्यवस्थाअनुरूप विकासको मूलप्रवाहमा ल्याउन सकिएको छैन। नीति, कानुन, योजना तथा कार्यक्रम तयारी र कार्यान्वयनमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता र अपनत्वमा कमी रहेको छ। यसैगरी सामाजिक समावेशीकरणलाई संस्थागत गर्ने आवश्यक नीति तथा कानुनको तर्जुमाका साथै भौतिक तथा सामाजिक संरचनाको स्थापना गर्नु यस क्षेत्रको सवालको रूपमा रहेको छ। संविधान, नीति तथा कानुनको व्यवस्था बमोजिम प्रदेशको नीति निर्माण तथा निर्णय प्रक्रियामा लक्षित वर्ग, समुदाय, जाति तथा क्षेत्रको अर्थपूर्ण सहभागिता कायम गर्नु चुनौतीपूर्ण छ।

(२) **वञ्चितीकरणमा परेका व्यक्ति, वर्ग, जाति, क्षेत्र तथा समुदायको क्षमता विकास गर्नु:** आर्थिक तथा सामाजिक रूपमा पिछडिएका वर्ग, क्षेत्र, जाति तथा समुदायको सशक्तीकरण र विकासका लागि सञ्चालित कार्यक्रम कार्यान्वयनबाट अपेक्षाकृत प्रतिफल प्राप्त हुन सकेको देखिँदैन। दलित, आदिवासी जनजाति लगायत आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको समुदायको खास आवश्यकता परिपूर्ति गर्न नसकिनु समस्याका रूपमा रहेको छ। समाज र परिवारबाट बहिष्करणमा

परेका वर्ग तथा समुदायको संरक्षण तथा व्यवस्थापनका साथै त्यस्ता वर्ग, जाति, क्षेत्र तथा समुदायको आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक र सांस्कृतिक सशक्त बनाउनु चुनौतीपूर्ण छ।

**(३) वञ्चितीकरणमा रहेका समुदायको मूलप्रवाहीकरण गर्नु:** खण्डीकृत तथ्याङ्कको कमीका कारण पछाडि परेका वर्ग, जाति र समुदायलाई लक्ष्यअनुरूप आर्थिक तथा सामाजिक रूपमा सशक्तीकरण गरी मूलप्रवाहमा ल्याउन सकिएको छैन। धार्मिक, सांस्कृतिक तथा प्रथा-परम्पराका नाममा प्रचलनमा रहेका कुसंस्कार, कुरीति र कुप्रथाजन्य व्यावहारगत विभेद कायमै रहेको छ। सकारात्मक विभेद तथा आरक्षणको माध्यमबाट मात्रै अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सकिएको अवस्था छैन। विकासमा प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै कानुनी तथा संस्थागत व्यवस्थालाई कार्यान्वयनमा ल्याउनु चुनौतीका रूपमा देखापरेको छ।

**(४) जाति, धर्म, भाषा र सम्प्रदायबिचको विभेद अन्त्य गर्नु:** सामाजिक कुरीति तथा कुप्रथा अन्त्यका लागि नीतिगत, कानुनी तथा कार्यक्रमगत प्रयासका बाबजुद समाजमा अझै जातीय, धार्मिक तथा भाषिक विभेद कायमै रहेको छ। उपलब्ध साधन र स्रोत तथा लाभको वितरणमा न्यायोचित अवसर सुनिश्चित गर्न सकिएको छैन। सबै प्रकारका भेदभाव, कुरीति तथा कुसंस्कारजन्य व्यवहार तथा प्रचलनको अन्त्य गरी सामाजिक सद्भाव कायम गर्न सुमधुर बनाउनु चुनौतीका रूपमा रहेको छ।

**(५) सम्मानित जीवनयापनको वातावरण सिर्जना गर्नु:** असहाय अवस्थामा रहेका ज्येष्ठ नागरिक, एकल महिला तथा पुरुष, अनाथ तथा सडक बालबालिका लगायत जोखिममा रहेका वर्गको संरक्षण तथा उत्थान गर्नु सवालका रूपमा रहेको छ। यसैगरी दलित, आदिवासी जनजाति तथा अपाङ्गता वर्गप्रतिको सामाजिक दृष्टिकोण परिवर्तन गर्नु आवश्यक रहेको छ। शिक्षा, स्वास्थ्य, सार्वजनिक सेवाप्रवाह र सामाजिक सुरक्षा आदिमा गुणात्मक सुधार गर्नु र सामाजिक सुरक्षा तथा सेवा प्रणालीलाई सहज एवम् सर्वसुलभ बनाउनु यस क्षेत्रको प्रमुख चुनौतीका रूपमा रहेको छ।

## १२.४ रूपान्तरणका रणनीति

### १२.४.१ लैङ्गिक समानता तथा महिला सशक्तीकरण

**(१) संस्थागत तथा संरचनागत सुधार गर्ने**: महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक वर्गसँग सम्बन्धित कानुनको प्रभावकारी कार्यान्वयनका लागि कानुनी व्यवस्था तथा संस्थागत संरचना सुदृढीकरण गरिने छ। आर्थिक, सामाजिक, प्रशासनिक तथा राजनीतिक क्षेत्रमा समानुपातिक

समावेशी सिद्धान्तअनुरूप सहभागिताका लागि नीतिगत, कानुनी र संस्थागत संरचनामा समयानुकूल सुधार गरिने छ।

(२) **लैङ्गिक सवाललाई मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्ने:** नीति, कानुन, योजना तथा कार्यक्रममा लैङ्गिक सरोकारका विषयलाई विशेष प्राथमिकताका साथ सम्बोधन गरिने छ । आयोजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा लैङ्गिकताको अवधारणालाई आत्मसात् गरिने छ। प्रदेश अन्तर्गतका सबै निकाय तथा संरचनामा लैङ्गिक उत्तरदायी बजेट प्रणाली अवलम्बन गर्दै लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गरिने छ।

(३) **व्यावसायिक वातावरण तथा आर्थिक अवसर सिर्जना गर्ने:** महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक वर्गको स्रोत साधनमाथि पहुँच विस्तार गर्न रोजगारी र आय आर्जनका अवसर सिर्जना गरिने छ। पारिवारिक एवम् व्यावसायिक जीवनबिचको सन्तुलन कायम गर्नेगरी पारिवारिक काममा पुरुषको भूमिका बढाउन प्रोत्साहन गरिने छ । तुलनात्मक लाभको क्षेत्रको पहिचान गरी महिला उद्यमशीलता अभिवृद्धि गरिने छ । प्राविधिक शिक्षामा रहेको लैङ्गिक अन्तर घटाउन महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक वर्गका लागि विशेष अवसर सिर्जना गरिने छ। महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक वर्गका उद्यमीद्वारा उत्पादित वस्तुको सङ्कलन, भण्डारण र गुणस्तर परीक्षणको व्यवस्था मिलाउनुका साथै उत्पादित वस्तु तथा सेवाको लागि एकीकृत बजारीकरण प्रणालीको विकास गरिने छ। लैङ्गिकतामा आधारित श्रम विभाजनको अन्त्यका लागि सामाजिक अभियान सञ्चालन गरिने छ। क्षमता विकास तथा रोजगारीका अवसर सिर्जना गरी श्रम बजारमा महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक वर्गको सहभागिता वृद्धि गरिने छ।

(४) **निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सबै प्रकारका शोषण, विभेद र हिंसा अन्त्य गर्ने:** महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक वर्गमाथी हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि कानुनको दायरा विस्तार गरिने छ । लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार, बाल विवाह तथा जबरजस्ती विवाह, यौन दुर्व्यवहार अन्त्य गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित अवधारणा एवम् प्रतिबद्धताअनुसार नीति तथा कानुनको समयसापेक्ष अद्यावधिक गरिने छ । कार्यस्थल तथा सार्वजनिक स्थलमा भेदभाव एवम् दुर्व्यवहार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिने छ। सामाजिक सञ्जालको प्रयोगबाट हुने साइबर अपराधका विषयमा सुसूचित गराउँदै यस्ता अपराधलाई नियन्त्रण गर्न सचेतनामूलक तथा निरोधात्मक उपाय अवलम्बन गरिने छ।

### १२.४.२ सामाजिक समावेशीकरण

(१) **संरचनागत रुपान्तरणबाट सामाजिक समावेशीकरणका सवाललाई सम्बोधन गर्ने**: वञ्चितीकरणमा परेको वर्ग तथा समुदायलाई विकासको मूलप्रवाहमा आबद्ध गर्न नीतिगत, कानुनी तथा संस्थागत क्षेत्रमा समसामयिक सुधार गरिने छ । विद्यमान अवस्था पहिचान गर्न प्रदेशस्तरीय एकीकृत तथा खण्डीकृत तथ्याङ्क प्रणालीको विकास गरिने छ । वञ्चितीकरणमा परेको वर्गको हितका लागि स्थापित संयन्त्र तथा संस्थाको क्षमता विकास गरी थप सशक्त तुल्याइनेछ । समानुपातिक समावेशी सिद्धान्तलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न संरचनागत अवरोध हटाउन अन्तरसरकार साझेदारी र सहकार्यलाई सशक्त तुल्याइनेछ ।

(२) **वञ्चितीकरणमा परेको वर्गको नीति निर्माण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने**: कानुन तथा योजना तर्जुमा र विकास प्रक्रियामा लक्षित व्यक्ति, वर्ग, जाति र समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ । प्रदेश संरचनामा सकारात्मक विभेद र आरक्षणको व्यवस्थालाई आवश्यकताअनुसार परिमार्जन तथा पुनरावलोकन गरी राजनीतिक, आर्थिक, सामाजिक तथा प्रशासनिक क्षेत्रमा सहभागिता अभिवृद्धि गरिने छ । अपाङ्गतामैत्री भौतिक संरचना निर्माणलाई अनिवार्य गरिने छ । स्थानीय तहसँगको सहकार्यमा बालमैत्री तथा युवामैत्री स्थानीय शासनको प्रवर्द्धन गरिने छ ।

(३) **कानुनी तथा संस्थागत व्यवस्थाको कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्ने**: प्रदेशका सबै संरचना तथा कार्यक्रममा लक्षित वर्गको पहुँच एवम् अवसर सिर्जना गरिने छ । सबै प्रकारका भेदभाव, छुवाछुत, कुरीति, कूसँस्कारजन्य व्यवहार तथा प्रचलनको अन्त्य गर्दै सामाजिक सम्बन्धलाई सुमधुर बनाउन सामाजिक जागरणलाई व्यापक तुल्याइनेछ । सबै प्रकारका हिंसाबाट पीडितको उद्धार, संरक्षण र पुनःस्थापनाको व्यवस्था गरिने छ । बालश्रम, बालविवाह तथा जबरजस्ती विवाह, बोक्सी प्रथा, छुवाछुत जस्ता हानिकारक अभ्यासको निर्मूलीकरण गर्न विद्यालय, समुदाय तथा धार्मिक क्षेत्रसँग सहकार्य गरिने छ । निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सबै प्रकारका शोषण, विभेद र हिंसा अन्त्य गरिने छ । परिवार, समुदाय, कार्यस्थल तथा सार्वजनिक स्थलमा हुने भेदभाव एवम् दुर्व्यवहार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिने छ ।

(४) **ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिकाको संरक्षण र सम्मान तथा प्रोत्साहन गर्ने:** ज्येष्ठ नागरिकको अनुभव, भोगाइ तथा ज्ञानको सदुपयोग गरी सम्मानको वातावरण गरिने छ । अपाङ्गता भएका व्यक्तिको संरक्षणका साथै शिक्षा, स्वास्थ्यसहित आधारभूत आवश्यताको सहज

परिपूर्तिको लागि अनुकूल वातावरण तयार गरिने छ। ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको सम्मानजनक जीवनयापनका लागि सहुलियत तथा सामाजिक सुरक्षालाई थप विस्तारित तुल्याइने छ। बालमैत्री प्रदेशको रूपमा स्थापित गरी बाल अधिकारको व्यावहारिक कार्यान्वयनको सुनिश्चिताका आधार तयार गरिने छ।

## १२.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

### १२.५.१ लैङ्गिक समानता तथा महिला सशक्तीकरण

**(क) नीतिगत तथा संरचनागत सुदृढीकरण:**

१. नीति तथा कानुन तर्जुमा तथा सुधार;
२. लैङ्गिक समानता तथा समावेशीकरणसम्बन्धी संरचनागत व्यवस्थाको सुदृढीकरण;
३. लैङ्गिक हिंसा निवारण प्रदेश स्तरीय कोष स्थापना;
४. लैङ्गिकमैत्री कार्यस्थल व्यवस्थापन;
५. सेभ हाउस तथा पुनःस्थापना सेवा केन्द्र निर्माण र सञ्चालन;
६. कानुनी सेवा तथा कानुनी सहायता केन्द्र स्थापना;
७. स्वयम् सेवी, सामाजिक तथा सामुदायिक संस्था प्रोत्साहन।

**(ख) सशक्तीकरण तथा क्षमता विकास:**

१. लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक वर्ग सशक्तीकरण।
२. जनप्रतिनिधि तथा कर्मचारी रूपान्तरकारी नेतृत्व निर्माण कार्यक्रम;
३. जीविकोपार्जन सुधार कार्यक्रम;
४. प्राविधिक शिक्षा तथा उच्च शिक्षा छात्रवृत्ति;
५. सफल अभ्यास तथा अनुभव आदान प्रदान;
६. वैदेशिक रोजगारीमा जाने महिला तथा अन्य वर्गका लागि सिप विकास तथा परामर्श सहयोग।

**(ग) लैङ्गिक विभेदजन्य हिंसा न्यूनीकरण:**

१. सामाजिक जागरण र सचेतना;
२. द्रुत सहयोग तथा कानुनी सेवा विस्तार;
३. अल्पकालीन तथा दीर्घकालीन पुनःस्थापना केन्द्र तथा सुरक्षा गृह सञ्चालन;

४. हिंसा पीडित तथा प्रभावितलाई मनोसामाजिक परामर्श, विमर्श र निःशुल्क कानुनी सहायता;

५. हिंसा पीडितका लागि परिवार र समुदायमा पुनर्मिलन;

६. छरितो उद्धार तथा हेल्पलाइन स्थापना;

७. सूचना प्रविधि तथा सामाजिक सञ्जालको दुरूपयोग नियन्त्रण ।

**(घ) स्वरोजगार तथा उद्यमशीलता कार्यक्रम:**

१. उद्यमशीलता प्रशिक्षण सञ्चालन;

२. व्यावसायिक सिप तथा उद्यमशीलता विकास तथा कार्यक्रम;

३. व्यावसायिक कृषि तथा बजार व्यवस्थापन कार्यक्रम;

४. व्यवसाय प्रोत्साहन कार्यक्रम ।

### १२.५.२ सामाजिक समावेशीकरण

**(क) मूलप्रवाहीकरण तथा स्थानीयकरण कार्यक्रमः**

१. नीति, कानुन तथा संस्थागत सुधार;

२. प्रदेश तथ्याङ्क प्रणालीमा तथा खण्डीकृत तथ्याङ्क व्यवस्थापन;

३. संस्थागत क्षमता विकास;

४. लैङ्गिक, अपाङ्गता र ज्येष्ठ नागरिक डेस्क व्यवस्थापन;

५. लक्षित वर्गका जनप्रतिनिधि, पदाधिकारी तथा कर्मचारी क्षमता विकास;

६. बालमैत्री स्थानीय तह घोषणा सहयोग;

७. ज्येष्ठ नागरिक मनोविनोद केन्द्र स्थापना;

८. सडकमा आश्रित तथा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार तथा व्यवस्थापन;

९. आश्रय गृह तथा पुनःस्थापना केन्द्र सञ्चालन ।

**(ख) लक्षित वर्ग क्षमता विकास कार्यक्रम**:

१. मागमा आधारित उद्यम तथा व्यवसाय विकास तालिम;

२. स्वरोजगारमूलक सिप विकास;

३. लक्षित वर्ग विशेष छात्रवृत्ति;

४. परम्परागत ज्ञान, सिप, कला प्रवर्द्धन;

५. समुदायस्तरमा सचेतना विस्तार कार्यक्रम ।

**(ग) सामाजिक सुरक्षा कार्यक्रम:**

१. अति गरिब तथा लोपोन्मुख समुदाय उत्थान कार्यक्रम;

२. दलित विद्यार्थी उच्चशिक्षा छात्रवृत्ति;

३. असहाय कानुनी सेवा तथा परामर्श;

४. अपाङ्गता भएका व्यक्तिका लागि सहयोगी सामग्री तथा जीविकोपार्जन सहयोग;

५. दलित वर्ग उद्यमशीलता विकास ।

**(घ) संरक्षण तथा आत्मसम्मान प्रवर्द्धन:**

१. वञ्चितीकरणका वर्ग, क्षेत्र, जाति एवम् समुदायको सम्मान एवम् संरक्षण;

२. ज्येष्ठ नागरिक ज्ञान हस्तान्तरण;

३. शिशु स्याहार सहयोग कार्यक्रम;

४. महिला तथा असहाय बालबालिका उत्थान तथा पुनस्थापना कार्यक्रम;

५. सुरक्षित आश्रय गृह सञ्चालन;

६. ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य परीक्षण;

७. हिंसा पीडित उद्धार, संरक्षण र पुनःस्थापना;

८. विभेद तथा कुरीति न्यूनीकरणका सामुदायिक अन्तरक्रिया ।

## १२.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/ ८० सम्मको यथार्थ | २०८०/ ८१ सम्मको अनुमान | २०८३/ ८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| **१.** | **लैङ्गिक समानता तथा महिला सशक्तीकरण** | | | | | |
| १.१ | प्रहरीमा दर्ता भएका लैङ्गिक हिंसाका घटना र अनुसन्धानको अनुपात | प्रतिशत | ८२.७ | ८३ | ९० | ९५ |
| १.२ | श्रम शक्तिमा महिला सहभागिता दर | प्रतिशत | २७ | २८ | ३२ | ३५ |
| १.३ | घर जग्गामा एकल स्वामित्व भएका महिला (१४ देखि ४९ वर्ष) | प्रतिशत | १४.१२ | १५ | १८ | २० |
| १.४ | जीवनकालमा शारीरिक/मानसिक /यौन हिंसा पीडित महिला | प्रतिशत | २३ | २२ | २० | १८ |
| १.५ | सार्वजनिक प्रशासन सेवामा महिला प्रतिनिधित्व | प्रतिशत | ४० | ४१ | ४३ | ४५ |
| १.६ | महिला संस्थापक भएका व्यावसायिक प्रतिष्ठान | प्रतिशत | १४ | १४.५ | १८ | २० |

| क्र.सं. | सूचक | एकाइ | २०७९/ ८० सम्मको यथार्थ | २०८०/ ८१ सम्मको अनुमान | २०८३/ ८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १.७ | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति तथा अभिभावक | सङ्ख्या | ५०० | ६१० | ९०० | ११०० |
| १.८ | निःशुल्क लोकसेवा/शिक्षकसेवा आयोग तयारी कक्षा | सङ्ख्या | ५०० | ६९० | ११७० | १५०० |
| १.९ | लैङ्गिक विकास सूचकाङ्क | मान | ०.८९६ | ०.९०८ | ०.९४५ | ०.९७ |
| **२.** | **सामाजिक समावेशीकरण** | | | | | |
| २.१ | रोजगारी हासिल गरेका अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | ४०० | ४२५ | ५०० | ५५० |
| २.२ | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | सङ्ख्या | १०० | ११७ | १६७ | २०० |
| २.३ | सिप विकासको तालिमबाट रोजगार लक्षित वर्ग | सङ्ख्या | ७५० | ८७५ | १२५० | १५०० |

स्रोत: गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार

# परिच्छेद १३

# सन्तुलित वातावरण र जलवायु तथा विपद् उत्थानशीलता


| | | |
|---|---|---|
| १३.१ | पृष्ठभूमि | २२५ |
| १३.२ | विद्यमान अवस्था | २२६ |
| १३.३ | मुख्य सवाल तथा चुनौती | २२८ |
| १३.४ | रूपान्तरणकारी रणनीति | २३३ |
| १३.५ | प्रमुख हस्तक्षेपकारी कार्यक्रम | २३७ |
| १३.६ | परिमाणात्मक लक्ष्य | २४० |

# परिच्छेद १३

# सन्तुलित वातावरण र जलवायु तथा विपद् उत्थानशीलता

## १३.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको प्रत्याभूत गरेको छ। संविधानमा प्राकृतिक तथा गैर प्राकृतिक विपद्, पूर्व तयारी, उद्धार, राहत तथा पुनर्लाभलाई सङ्घ र प्रदेशको साझा अधिकारका रूपमा सूचीकृत गरिएको छ भने विपद् व्यवस्थापनलाई सङ्घ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारको सूचीमा सूचिकृत गरिएको छ। वातावरण प्रदूषणबाट प्रभावितलाई प्रदूषकबाट उचित क्षतिपूर्ति दिलाउन तथा विकास र वातावरणबिच सामञ्जस्यता कायम गर्ने उद्देश्यले प्रदेश सरकारले वातावरण संरक्षण ऐन, २०७६ लागू गरेको छ।

जलवायु परिवर्तनको मुख्य कारकका रूपमा रहेको हरित गृह ग्याँसको उत्सर्जनमा गण्डकी प्रदेशको भूमिका नगण्य रहेको भए पनि यस प्रदेशमा जलवायु परिवर्तनका असर भने उच्च रहेका छन्। विश्वव्यापी औसत तापमान वृद्धिका तुलनामा नेपालमा औसत तापमान बढी दरले वृद्धि हुने प्रक्षेपण गरिएको छ। विश्वमा भूकम्प तथा मिश्रित विपत्तिको जोखिममा नेपाल क्रमशः ११ औँ र १६ औँ स्थानमा रहेको हुँदा गण्डकी प्रदेश पनि बहु विपद् जोखिमको उच्चस्थानमा रहेको छ। नेपालमा बागमती र गण्डकी प्रदेशका मध्यपहाडी क्षेत्रमा जलवायु उत्पन्न प्रकोपको संवेदनशीलता सबैभन्दा उच्च रहेको छ। केही दशकदेखि यस प्रदेशमा वार्षिक रूपमा विपद्को सङ्ख्या, आवृत्ति र गहनता तीव्ररूपमा बढ्दै गइरहेको छ।

गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना अवधिमा प्रदेश सरकार, स्थानीय सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाले जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम व्यवस्थापनका लागि कार्यक्रम सञ्चालन गर्दै आएका छन्। प्रस्तुत पृष्ठभूमिमा जलवायु परिवर्तन तथा विपद् जोखिमका सवाल सम्बोधन गरी उत्थानशील समाज निर्माणमार्फत प्रदेश समुन्नतिमा योगदान पुऱ्याउन प्रादेशिक नीति, योजना तथा कार्यक्रम केन्द्रित हुन आवश्यक छ।

## १३.२ विद्यमान अवस्था

### १३.२.१ वातावरण तथा फोहोरमैला व्यवस्थापन

गण्डकी प्रदेश जल एवम् वन सम्पदामा समुन्नत रहेको छ । यस प्रदेशमा नेपालका प्रसिद्ध तिलिचो ताल, फेवा ताल, बेगनास ताल, रूपाताल, दामोदर कुण्ड, वीरेन्द्र ताल लगायत २९० वटा भन्दाबढी तालतलैया रहेका छन् । साथै, नदी एवम् खोला किनारमा विश्व रामसार महासन्धि अन्तर्गत सूचीकृत ९ वटा सिमसार लगायत अन्य थुप्रै सिमसार क्षेत्र रहेका छन् । गण्डकी नदी बेसिनमा १७,३०० हेक्टरमा हिमनदी फैलिएका छन् । प्रदेश सरकारले वातावरण संरक्षणका लागि जनचेतना अभिवृद्धि, सरसफाइ एवम् फोहोरमैला व्यवस्थापन, प्रदूषण नियन्त्रण तथा नदी किनार र सडक किनार समेतमा हरियाली प्रवर्द्धन गरी वातावरणीय स्वच्छता कायम राख्न विगतदेखि प्रयास गर्दै आएको छ ।

गण्डकी प्रदेशका ताल तथा जलाधार क्षेत्रको संरक्षण एवम् दिगो उपयोग गरी जैविक विविधताको संरक्षण, वातावरणीय सेवा, पर्यापर्यटन प्रवर्द्धन तथा स्थानीय जनताको जीविकोपार्जनमा योगदान पुऱ्याउनका लागि नीतिगत तथा व्यावहारिक प्रयास भइरहेको छ । साथै, औद्योगिक प्रतिष्ठानमा अनुगमन गरी मापदण्ड पालना गराउने कार्यमार्फत प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षणलगायतका संस्थागत प्रयास समेत भइरहेका छन् ।

### १३.२.२ जलवायु  परिवर्तन न्यूनीकरण तथा अनुकूलन

गण्डकी प्रदेशमा सघन वन क्षेत्रले ओगटेको क्षेत्रफल ३७.८ छ भने ९.६ प्रतिशत भूभाग बुट्यानले ढाकेको छ । कुल वन क्षेत्रमध्ये ४५.६८ प्रतिशत भूभाग संरक्षण क्षेत्र अन्तर्गत रहेको छ । यसले कार्बन सञ्चितीकरण, जलप्रवाह प्रणाली व्यवस्थापन, जैविक विविधता संरक्षण, माटो संरक्षण लगायतका माध्यमबाट पर्यावरण संरक्षण लगायनका महत्त्वपूर्ण वातावरणीय सेवा पुऱ्याउँदै आएको छ भने कार्बन व्यापारबाट आय आर्जनको उच्च सम्भावनालाई मुखारित गर्दछ । विश्व जनसङ्ख्याको करिब ०.४ प्रतिशत मानिस बसोबास गर्ने नेपालले विश्वबाट उत्सर्जन हुने कुल हरित गृह ग्याँसको करिब ०.१ प्रतिशत मात्र उत्सर्जन गर्दछ । गण्डकी प्रदेशमा हरितगृह ग्याँसको उत्सर्जन न्यून र प्राकृतिक वातावरण संरक्षणमा योगदान उल्लेख्य भए पनि यस प्रदेशमा विश्वव्यापी जलवायु परिवर्तनको असर उच्च रहेको छ ।

जलवायु परिवर्तनको असरसम्बन्धी सर्वेक्षण प्रतिवेदन, २०७४ अनुसार यस प्रदेशमा ८५ प्रतिशत घरपरिवारले वर्षा हुने समय पछाडि धकेलिएको तथा ८६ प्रतिशत घरपरिवारले खडेरी बढिरहेको बताएका छन् । यस्तैगरी, ७०.३ प्रतिशत घरपरिवारले अन्नबालीमा नयाँ रोग आएको र ८४.५ प्रतिशत घरपरिवारले

पानीको मुहान सुक्दै गएको बताएका छन् । लामो समयसम्म खडेरी पर्ने तथा तीव्र वर्षा हुने घटना सामान्य हुन थालिसकेका छन् । दिन र रात दुवैको दैनिक औसत तापमान निरन्तर वृद्धि भइरहेको छ । साथै, १०० मि.मि. वा सोभन्दा बढी परिमाणमा पानी पर्ने दिन अर्थात् मुसलधारे वर्षा हुने दिनको सङ्ख्या बढ्दै गएकाले बाढी पहिरोको जोखिम बढाएको छ । केही दशक अघिसम्म हिउँदका महिनामा बाक्लै रूपमा पर्ने झरी क्रमश: न्यून हुँदै गएको महसुस हुन थालेको छ ।

गण्डकी प्रदेशमा हिमालवारी र पारीको विषम जलवायु र जलवायु परिवर्तनको पृथक प्रभाव रहेको छ । उष्ण क्षेत्रमा पाइने कतिपय वनस्पति र जीवजन्तुको प्राकृतिक बासस्थान समशीतोष्ण क्षेत्रमा र समशीतोष्ण क्षेत्रमा पाइने कतिपय वनस्पति र जीवजन्तुको प्राकृतिक बासस्थान शीतोष्ण क्षेत्रमा स्थानान्तरण भइरहेका उदाहरण भेटिएका छन्। विशेषत: हिमालपारीका जिल्ला मनाङ तथा मुस्ताङ जलवायु परिवर्तनको असरबाट उच्चरूपमा प्रभावित हुन थालेका छन् । वैज्ञानिक विश्लेषणका नतिजाले मनाङको औसत तापमानमा विगत ३५ वर्षमा ३ डिग्री सेल्सियसले वृद्धि भएको देखिएको छ । विगत ६४ वर्षमा विश्वको औसत तापक्रम १.३ डिग्री सेल्सियसले वृद्धि भएको छ भने सन् २०२२ को तथ्याङ्कअनुसार नेपालको औसत तापमान वृद्धि १.३ डिग्री सेल्सियस रहेको छ । नेपालको अधिकतम तापक्रम प्रतिवर्ष सरदर ०.०५६ डिग्री सेल्सियसका दरले वृद्धि भएको तथ्याङ्क छ भने हिमाली क्षेत्रमा यो दर अझ बढी देखिएको छ ।

नेपाल सरकारले जलवायु परिवर्तनका सवाललाई सम्बोधन गर्न राष्ट्रिय अनुकूलन कार्यक्रम, स्थानीय अनुकूलन कार्य योजनाको राष्ट्रिय संरचना तथा राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६; स्थानीय अनुकुलन कार्ययोजना खाका, २०७६; दोस्रो राष्ट्रिय निर्धारित योगदान, २०२० र राष्ट्रिय अनुकूलन योजना तर्जुमा भई कार्यान्वयनमा रहेको छ । यसैगरी नेपालले पेरिस सम्झौताअनुसार हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणसम्बन्धी दीर्घकालीन रणनीति तयार गरी सन् २०५० सम्ममा शून्य हरित गृह ग्याँस उत्सर्जनको लक्ष्य लिएको छ ।

राष्ट्रिय नीति तथा कानुनी व्यवस्था अनुकूल गण्डकी प्रदेशले वातावरण संरक्षण ऐन, २०७६; ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५; वर, पिपल, समी र चौतारो संरक्षण ऐन, २०७५ र वन ऐन, २०८० लगायतका नीतिगत तथा कानुनी व्यवस्था गरेको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार गण्डकी प्रदेशका कुल ६,६१,६३२ घरपरिवारमध्ये खाना पकाउन ४७.१ प्रतिशतले दाउरा, ५१.५ प्रतिशतले एलपी ग्याँस र ०.२ अर्थात् १,३९० घरपरिवारले मात्र खाना पकाउने इन्धनका रूपमा विद्युत् प्रयोग गर्ने गरेका छन् । यस प्रदेशमा हरितगृह ग्याँस उत्सर्जन गर्ने स्रोतमा सवारी साधन, फोहोरमैला र कृषि तथा पशुपालन प्रमुख रहेका छन् ।

### १३.२.३ विपद् जोखिम व्यवस्थापन

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५; विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ लगायतका कानुन बमोजिम गण्डकी प्रदेशमा विपद् व्यवस्थापन नियमावली, २०७७ तथा विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७७-२०८७ तर्जुमा भई कार्यान्वयनमा रहेका छन् । प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ बमोजिम गण्डकी प्रदेशमा मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश विपद् व्यवस्थापन परिषद् र आन्तरिक मामिला हेर्ने मन्त्रीको संयोजकत्वमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति गठन भएको छ । प्रदेशको विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन गर्ने कार्य सम्पन्न भएको छ । यस प्रदेशमा कुल १ लाख ४७ हजार ९८५ घरपरिवार बढ्दै गएका विपद्का घटनाका कारण थप सङ्कटाभिमुख रहेका छन् । यस प्रदेशमा विपद्का कारण मृत्यु भएका, हराएका तथा घाइते भएकाको सङ्ख्या प्रति एक लाख जनसङ्ख्यामा ०.००१ जना रहेको छ ।

## १३.३ मुख्य सवाल तथा चुनौती

### १३.३.१ वातावरण तथा फोहोरमैला व्यवस्थापन

(१) **फोहोरमैला व्यवस्थापन तथा वातावरणीय प्रदूषण नियन्त्रण गर्नु:** घर, अस्पताल, व्यावसायिक क्षेत्र, उद्योग कलकारखाना र सवारीसाधन लगायतका स्थानबाट निष्काशित हुने फोहोरमैलाको परिमाण वर्षेनी वृद्धि भइरहेको छ । एक ठाउँबाट निष्काशित फोहोरमैलालाई अर्को ठाउँमा लगेर थुपार्ने वा बगाउने प्रचलन कायमै छ । अव्यवस्थित सहरीकरण, सहरी तथा सहरउन्मुख क्षेत्रमा जनसङ्ख्या वृद्धि र बढ्दो औद्योगीकीकरणले प्रदूषण बढाएको छ । ताल तथा सिमसारमा पानीको गुणस्तरमा ह्रास आएको छ । रणनीतिक वातावरणीय विश्लेषण गर्ने र वातावरणीय परीक्षण गर्ने प्रावधान कार्यान्वयनमा आउन सकेका छैनन् । वातावरणीय प्रदूषण नियन्त्रण गरी वातावरणीय स्वच्छता कायम गर्नु चुनौतीका रूपमा रहेको छ ।

(२) **विकास निर्माणका कार्यलाई वातावरणमैत्री बनाउनु:** वातावरणीय कानुनअनुरूप वातावरणीय पक्षलाई ध्यान नदिई डाँडाकाँडा र कमजोर भूधरातलमा खनिने बाटाका कारण वर्षेनी पहिरो र भूक्षयका घटनाको वृद्धि भई उर्वर जमिन पुरिने तथा घरपालुवा जनावर एवम् जनधनसमेत जोखिममा परिरहेको अवस्था छ । वन क्षेत्रमा पूर्वाधार निर्माण गर्दा वातावरणीय परीक्षण नगरी तथा विद्यमान वन तथा वातावरण ऐनका व्यवस्था पालना नगरी निर्माण हुनु, यसको प्रभावकारी अनुगमन हुन नसक्नु जस्ता कार्यले वन तथा वातावरणमा ह्रास आएको छ । नीति, कानुन तथा मापदण्ड र वातावरण

व्यवस्थापन योजनाअनुरूप विकास निर्माणका कार्यलाई वातावरणमैत्री बनाउनु र वातावरण व्यवस्थापनलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्नु चुनौतीका रूपमा रहेको छ।

(३) **ताल तथा सिमसार क्षेत्रको दिगो संरक्षण गर्नु:** ताल तथा सिमसार क्षेत्र अतिक्रमित र प्रदूषित हुँदै गएका छन् भने जलीय जैविक विविधतामा ह्रास आएको छ। भूक्षय तथा पहिरोका कारण प्रदेशको उत्कृष्ट पहिचानका रूपमा रहेका ताल तथा सिमसार क्षेत्र मासिँदै पुरिँदै गएका छन्। ताल तथा सिमसार क्षेत्रको सौन्दर्यीकरणमा नकारात्मक असर परेको छ। नदी तथा जलस्रोतको दिगो व्यवस्थापन गर्नु, जल प्रदूषण नियन्त्रण गर्नु र ताल तथा सिमसार क्षेत्रको दिगो संरक्षण गर्नु यस क्षेत्रका चुनौती रहेका छन्।

(४) **वातावरण संरक्षणप्रतिको संवेदनशीलता अभिवृद्धि गर्नु:** समुदाय, निजी क्षेत्र, गैरसरकारी र सरकारी निकायमा वातावरण संरक्षण प्रतिको संवेदनशीलता विकास हुन सकेको छैन। बाटोघाटो, गाउँ-टोल, सहरका गल्ली, जमिन, नदी खोलामा फोहेरमैला वृद्धि हुँदै गएको छ। माटोको संरक्षणप्रतिको संवेदनशीलता र सजगता न्यून हुँदा अनियन्त्रित रासायनिक मलका कारण गुणस्तरमा व्यापक गिरावट आएको छ। ठोस, तरल र ग्याँसजन्य फोहोरमैला निष्काशन एवम् व्यवस्थापनमा समुदाय, स्वास्थ्य संस्था, औद्योगिक प्रतिष्ठान, निजी क्षेत्र र सरकारी क्षेत्र सचेत एवम् जिम्मेवार हुन सकेका छैनन्। फोहोरमैला व्यवस्थापनमा प्रदूषकलाई जवाफदेही गराउनु, फोहोरमैला व्यवस्थापनका लागि स्यानीटरी ल्याण्डफील्ड साइटको दिगो व्यवस्थापन गर्न र बहुसरोकारवाला निकायको सहभागितामा फोहोरमैला व्यवस्थापन गर्नु चुनौती रहेका छन्।

(५) **वन्यजन्तुको प्राकृतिक बासस्थान संरक्षण गर्नु:** कृषि कार्य तथा वनजन्य स्रोतमाथिको अधिक निर्भरताका कारण वन्यजन्तुको प्राकृतिक बासस्थानमा अतिक्रमण भएको छ। वनको पारिस्थितीय प्रणाली अन्तर्गतको खाद्य शृङ्खला असन्तुलित हुँदै गएका कारण कुनै प्रजाति लोप हुने र कुनै प्रजातिको अधिक वृद्धि हुने प्रवृत्ति देखापरेको छ। प्राकृतिक वातावरणमा क्षति पुग्दा जैविक विविधतामा के कति क्षति पुगेको छ भन्ने सम्बन्धमा अध्ययन, अनुसन्धान तथा लेखाजोखाको कमी रहेको छ।

(६) **संस्थागत, प्रणालीगत, पुँजीगत तथा प्राविधिक क्षमता अभिवृद्धि गर्नु:** बढ्दो वायु प्रदूषण, भूमि प्रदूषण, जल प्रदूषणलाई समयमै नियमन एवम् नियन्त्रण गर्ने संस्थागत क्षेत्राधिकारमा दोहोरोपन, पुँजीगत सीमितता, आधुनिक एवम् दिगो प्रविधिको पहुँचमा कमी, पर्याप्त दक्ष जनशक्तिको कमी जस्ता व्यवधान रहेका छन्। प्रदूषण गराउने सबै क्षेत्रका लागि स्पष्ट क्षेत्रगत मापदण्ड निर्धारण नहुनु,

सोको कार्यान्वयन र अनुगमन कमजोर हुन नसक्दा प्रदूषण बढ्दै गएको छ। विकास निर्माण तथा उद्योग व्यवसाय क्षेत्रमा वातावरणीय अध्ययन कार्य कम हुने गरेको छ भने भएका अवस्थामा पनि औपचारिकतामा सिमित रहेको छ । वातावरणीय अध्ययनको सिफारिस बमोजिम वातावरण व्यवस्थापन योजना कार्यान्वयन गर्नु मुख्य चुनौती हो।

## १३.३.२ जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन

(१) **विषम जलवायु संवेदनशील उत्पादन प्रवर्द्धन गर्नु:** बढ्दो खडेरी तथा बाढीले ठुलो सङ्ख्यामा रहेका कृषिमा आश्रित जनसङ्ख्यामा बहुप्रकोपको जोखिम रहेको छ। जलवायु परिवर्तनका कारण मनसुन आफैंमा कृषि क्षेत्रका लागि अविश्वासिलो स्रोतका रूपमा परिणत हुँदै गएको छ। कृषि क्षेत्र जीवन निर्वाहमुखी र परम्परागत प्रणालीमा आधारित भएको हुँदा विषम जलवायुका असर धान्न सक्ने क्षमता छैन। बाढी, पहिरो, डढेलो, अति वर्षा, खण्ड वर्षा, न्यून वर्षा जस्ता जलवायुजन्य प्रकोपका कारण आपूर्ति शृङ्खलामा अवरोध, पूर्वाधारमा क्षति, बजार मागमा न्यूनता, आवागमनमा कठिनाइजस्ता कारणले उद्योग, पर्यटनलगायत अन्य उत्पादनशील क्षेत्र पनि प्रत्यक्ष नकारात्मक प्रभाव बढदै गएको छ। उत्पादनशील क्षेत्रलाई जलवायु उत्थानशील बनाउनु यस क्षेत्रको प्रमुख चुनौतीका रूपमा रहेको छ।

(२) **अनुकूलन क्षमता वृद्धि तथा प्रकोप जोखिममा न्यून गर्नु**: सामाजिक, संस्थागत तथा शासकीय क्षमतामा उल्लेख्य परिवर्तन हुन नसक्दा अनुकूलन क्षमता यथास्थितिमा रहेको छ। जलवायुजन्य प्रकोप बढ्दो क्षमता सहित दोहोरिइरहेका छन् । क्षमता न्यून र प्रकोप बलवान् हुँदा विषम जलवायुजन्य सङ्कटाभिमुखता तीक्ष्ण भएको छ । वित्तीय, प्राविधिक, संस्थागत क्षमता सीमित भएकाले विपद् पूर्वतयारी, अल्पीकरण तथा प्रतिकार्यको सामर्थ्य पनि न्यून हुन गएको छ। बढ्दो क्षमता सहित दोहोरिइरहेका जलवायुजन्य प्रकोपको जोखिम तथा प्रभाव न्यूनीकरण गर्नु चुनौतीका रूपमा रहेको छ।

(३) **उत्थानशील क्षमताको विकास गर्नु:** विद्यमान सडक, पुल, भवन, विद्युत्गृह, विद्युत् तथा सञ्चार लगायत विकासका पूर्वाधार भूउपयोग योजनामा आधारित भई सम्भाव्य बहुविपद्को सामना गर्ने ढङ्गले निर्माण हुन सकेका छैनन्। बाढी, हिमताल विष्फोटजन्य तीव्र बाढी (Glacial Lake Outburst Flood), पहिरो जस्ता जलवायुजन्य प्रकोपप्रति विद्यमान पूर्वाधारको उत्थानशीलता न्यून रहेको छ । अधिकांश ग्रामीण घरपरिवार, स्थानीय सरकार र प्रदेश सरकारमा विपद्को सामना गर्न

सक्ने, विपद् आउनु अघि पर्याप्त रूपमा न्यूनीकरणका कार्य गर्ने तथा पूर्वतयारी गर्ने आर्थिक क्षमता कमजोर रहेको छ। प्रकोप प्रखर हुँदै आउनु तर आर्थिक सामाजिक क्षमता कमजोर रहनुले विषम जलवायुजन्य जोखिम झनै उच्च भएको छ। विद्यमान पूर्वाधारको उत्थानशीलता वृद्धि गर्ने कार्य पुँजीगत, प्राविधिक, संस्थागत दृष्टिकोणले चुनौतीपूर्ण रहेको छ।

(४) **जलवायु अनुकूलन तथा प्रकोप जोखिम न्यूनीकरणमा पर्याप्त लगानी सुनिश्चत गर्नु:** जलवायु उत्थानशीलता वृद्धि गर्न तथा जलवायुजन्य विपद्का असरको सामना गर्न उपलब्ध साधन, स्रोत र पुँजी विद्यमान आवश्यकताका तुलनामा न्यून रहेको छ। प्रदेशका लागि अनुकूलन क्षमता वृद्धि तथा अल्पीकरणका प्रयासमा ठुलो लगानीको आवश्यकता रहेको छ। जलवायु परिवर्तनका क्षेत्रमा लगानी गर्न हरित जलवायु कोष, विश्वव्यापी वातावरणीय सुविधा, विश्व बैंक, विकसित देशलगायत वित्तीय लगानीका संयन्त्र उपलब्ध रहेतापनि मुख्य चासो कार्बन उत्सर्जन न्यूनीकरणका प्रयासमा केन्द्रित रहेको छ। जलवायु अनुकूलन तथा प्रकोप जोखिम न्यूनीकरणमा आवश्यक स्रोत परिपूर्तिका लागि अन्तर्राष्ट्रिय स्रोत प्राप्त गर्ने कार्य प्रदेश सरकारका लागि चुनौतीपूर्ण रहेको छ।

(५) **नवीकरणीय ऊर्जाको उपयोग विस्तार गर्नु**: यातायात क्षेत्र, निर्माण क्षेत्र, औद्योगिक क्षेत्र र आर्थिक क्षेत्रको अधिकांश हिस्सा ऊर्जाका लागि जीवाष्म इन्धनमा आधारित रहेको हुँदा आर्थिक क्षेत्रको कार्बन फुटप्रिन्ट निरन्तर बढ्दै गएको छ। नेपालले खुद शून्य उत्सर्जनको लागि दीर्घकालीन रणनीतिअनुसार सन् २०४५ सम्ममा दिगो रूपमा उत्सर्जन घटाउने र खुद शून्य उत्सर्जन गर्ने लक्ष्य हासिल गर्नु चुनौतीपूर्ण छ।

(६) **हिमताल विष्फोटको जोखिम न्यून गर्नु**: गण्डकी नदी बेसिनमा विष्फोटको खतरा भएका हिमताल रहेका छन्। नेपालको तापमान विश्वको औसत तापमानभन्दा उच्च दरले वृद्धि भइरहेको र हिमाली क्षेत्रको तापमान अझ बढी दरमा वृद्धि भइरहेको सन्दर्भमा यस्ता जोखिमपूर्ण हिमतालले गण्डकी नदीको जलाधार क्षेत्रमा रहेका बस्ती पूर्वाधार एवम् कृषि क्षेत्रलाई उच्च जोखिमयुक्त बनाएको छ। जोखिमयुक्त हिमतालको रोकथाम र विष्फोटको सम्भाव्य प्रभाव क्षेत्रमा पूर्व चेतावनी प्रणाली जडान गर्न सकिएको छैन। विद्यमान कतिपय पूर्व चेतावनी प्रणाली पनि निष्क्रिय रहेका छन्। आकस्मिक विपद् र तिनले निम्त्याउने सामाजिक आर्थिक क्षतिप्रतिको गम्भीरता सम्बन्धित सबै क्षेत्रमा कमजोर रहेको छ। जोखिमयुक्त हिमतालको रोकथाम र विष्फोटको जोखिम घटाउनु र नदीतटीय बस्ती, पूर्वाधार तथा कृषि क्षेत्रमा हिमताल विष्फोट लगायत जलवायुजन्य जोखिम प्रभाव न्यूनीकरण गर्नु चुनौतीको रुपमा रहेको छ।

**(७) जलवायु उत्थानशील समुदायको निर्माण गर्नुः** अन्तरसरकार तथा क्षेत्रगत निकायबिच बुझाइमा एकरूपता नहुनु; जिम्मेवारीगत दोहोरोपन हुनु; समन्वयको कमी हुनु; विषयक्षेत्रगत अध्ययन, अनुसन्धान र आधारभूत तथ्याङ्कको कमी हुनु; जलवायु परिवर्तन प्राथमिकताको विषय हुन नसक्नु; प्रविधि र ज्ञानको कमी हुनु जस्ता समस्या रहेका छन् । जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनमार्फत जलवायु उत्थानशील समुदायको निर्माण गर्नु आफैंमा चुनौतीपूर्ण छ।

### १३.३.३ विपद् जोखिम व्यवस्थापन

**(१) विपद् जोखिम व्यवस्थापनमा शासकीय एवम् संस्थागत क्षमता सुदृढ गर्नुः** विद्यमान नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न तथा विपद् जोखिम व्यवस्थापनका अवधारणालाई व्यवहारमा उतार्न सबल संस्थागत क्षमता आवश्यक पर्दछ । विपद् जोखिम न्यूनीकरणका लागि भएका प्रयासबाट विपद्का जोखिम र विपद्जन्य क्षति नोक्सानी घट्न सकेको छैन । भूउपयोग, आवास तथा बस्ती विकास र भवन आचारसंहिता लगायतका कानुनी मापदण्ड कडाइका साथ कार्यान्वयन गर्नु चुनौती रहेको छ।

**(२) विकास प्रक्रियामा विपद् जोखिम व्यवस्थापनको अवधारणा मूलप्रवाहीकरण गर्नुः** विकासका पूर्वाधार बहुविपद् प्रतिरोधी हुने गरी निर्माण गर्न सकिएको छैन । विपद् जोखिम व्यवस्थापनको अवधारणालाई योजना चक्रका सबै चरणमा, सबै निकाय तथा सङ्घ संस्था र सबै तहका सरकारले अनिवार्यरूपमा कार्यान्वयन गर्ने, त्यसको अनुगमन मूल्याङ्कन गर्ने र सोअनुरूप सुधार गर्ने कार्य व्यवस्थित हुन सकेको छैन । विपद् जोखिम व्यवस्थापनको अवधारणा मूलप्रवाहीकरण गर्न नीतिगत एवम् कानुनी व्यवस्था गरिएका भएतापनि व्यावहारिक कार्यान्वयन फितलो देखिएको छ । विकास प्रक्रियामा विपद् जोखिम व्यवस्थापनको मूलप्रवाहीकरण गरी विपद् जोखिम उत्थानशीलता अभिवृद्धि गर्नु चुनौतीका रूपमा रहेको छ।

**(३) पूर्वाधार विकासलाई विपद् प्रतिरोधी र उत्थानशील बनाउनु**: विपद्का घटना एवम् तिनका गहनता निरन्तर रूपमा बढिरहेका छन् भने विकास पूर्वाधार निर्माण कार्य विपद् प्रतिरोधी हुन सकेका छैनन् । पूर्वाधार निर्माणमा उत्थानशीलताका अवयव पर्याप्त रूपमा सम्बोधन गर्न सकिएको छैन । विपद् जोखिम व्यवस्थापनका अवधारणा कार्यान्वयन गर्न सम्बन्धित सबै सरोकारवालामा ज्ञान, सिप, प्रविधि र क्षमताको कमी रहेको छ । कतिपय सडक पुल निर्माण सकिएको छोटो समयमै बिग्रिएका र भत्किनुले कमजोर पूर्वाधारको अवस्थालाई सङ्केत गर्दछ । निर्माण भइसकेका, निर्माणाधीन र निर्माण

हुने सबै पूर्वाधारमा बहुविपद् सामना गर्न सक्ने क्षमताको सुनिश्चित गर्नु आर्थिक, नीतिगत र संस्थागत दृष्टिकोणले समेत चुनौतीपूर्ण रहेको छ।

(४) **विपन्न तथा सीमान्तकृत वर्गमा विपद् जोखिम न्यूनीकरण गर्नु:** विपन्न समुदायका घरपरिवार बढी मात्रामा सङ्कटाभिमुख रहँदै आएका छन्। विपद्को समयमा एकल तथा गर्भावस्थामा रहेका महिला, बालबालिका, अशक्त, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक अझ धेरै जोखिममा रहेको छन्। संकटासन्न घरपरिवार तथा समुदायमा विपद् जोखिम कम गर्नु चुनौतीका रूपमा रहेको छ।

(५) **प्राकृतिक प्रकोपको जोखिम न्युनीकरण गर्नु:** कमजोर भौगोलिक बनावट, मौसमी घटना, तीव्र जनसङ्ख्या वृद्धि, अव्यवस्थित बसाइँ तथा विकास गतिविधिका कारण प्रकोपको उच्च जोखिम रहेको छ। विषम परिस्थितिमा सम्भावित विपद्को व्यवस्थापन गरी क्षति न्यूनीकरणको लागि प्रदेशदेखि समुदाय तहसम्म प्रयास हुनु जरुरी छ। विगतका अनुभव तथा विपद् व्यवस्थापनको क्षेत्रमा विकसित नीति तथा अवधारणाको आधारमा विपद् उत्थानशीलता अभिवृद्धि गर्नु चुनौती देखिएको छ।

## १३.४ रूपान्तरणकारी रणनीति

### १३.४.१ वातावरण तथा फोहोरमैला व्यवस्थापन

(१) **वातावरणमैत्री विकास प्रणाली प्रवर्द्धन गर्ने:** कानुनी व्यवस्थाअनुसार व्यावसायिक र विकास आयोजना तथा कार्यक्रमको वातावरणीय अध्ययन तथा परीक्षण गर्ने कार्यलाई कडाइका साथ कार्यान्वयन गरिने छ। स्वास्थ्य संस्था एवम् औद्योगिक क्षेत्रबाट पैदा हुने फोहोरमैला निष्काशनलाई नियमन र नियन्त्रण गर्न मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ। मापदण्ड कार्यान्वयनका लागि अन्तरसरकार र उद्यमी तथा व्यवसायीसँग समन्वय तथा सहकार्य गरिने छ। विकास गतिविधिको अनुगमन गर्दा सम्बन्धित आयोजनाबाट वातावरण संरक्षणमा योगदान पुगे नपुगेको सुनिश्चित गरिने छ। आयोजनाबाट भएको वातावरणीय विनासको क्षतिपूर्तिको व्यवस्थालाई अनिवार्य कार्यान्वयन गरिने छ। वातावरणीय सेवाको भुक्तानी प्रणालीको विकास तथा कार्यान्वयन गरिने छ। वातावरणमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गरिने छ।

(२) **शून्य फोहोरमैला निष्काशनको अवधारणा प्रवर्द्धन गर्ने:** शून्य फोहोरमैला निष्काशनसम्बन्धी अवधारणा र अभ्यासका बारेमा स्थानीय सरकारलाई प्राविधिक सहजीकरण, आर्थिक सहयोग र कार्यान्वयनमा सहकार्य गरिने छ। फोहोरमैला व्यवस्थापनमा नवीन प्रविधिको अवलम्बन गर्न तथा

निजी क्षेत्रको सहभागिता वृद्धिका गर्न स्थानीय सरकारलाई प्रोत्साहन गरिने छ । मानव मलमुत्र तथा फोहोरपानी प्रशोधन एवम् व्यवस्थापन केन्द्र निर्माण गरी औद्योगिक एवम् व्यावसायिक क्षेत्रबाट निष्काशन हुने फोहोरपानीको दिगो व्यवस्थापन गरिने छ । चार R (**R**educe, **R**euse, **R**ecycle and **R**eplacement) को अवधारणाअनुसार फोहोरमैला व्यवस्थापन गर्न स्थानीय सरकारसँग साझेदारी तथा सहकार्य गरिने छ ।

(३) **स्वच्छ एवम् नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्ने:** सौर्य ऊर्जा, वायु ऊर्जा, जलविद्युत् जस्ता स्वच्छ एवम् नवीकरणीय ऊर्जाको विकास, उपभोगमा वृद्धिका लागि सङ्घ सरकार, स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गरिने छ । स्वच्छ तथा नवीकरणीय ऊर्जाको उत्पादन तथा विस्तारका लागि विकास साझेदार संस्थासँग सहकार्य विस्तार गरिने छ । स्वच्छ तथा नवीकरणीय ऊर्जाको प्रयोगमा वृद्धिका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिने छ । खाना पकाउने इन्धनका लागि स्वच्छ तथा नवीकरणीय ऊर्जाको प्रयोग बढाइने छ । जीवाष्म इन्धनमा आधारित यातायातका साधनलाई विद्युतीय वाहनबाट प्रतिस्थापन गर्न आवश्यक पहल गरिने छ । खपत चक्रमा स्वच्छ ऊर्जालाई प्रोत्साहित गरिने छ ।

(४) **प्रदूषण मापदण्डको विकास तथा कार्यान्वयन गर्ने:** राष्ट्रिय निर्धारित मापदण्ड कार्यान्वयन कार्ययोजनालाई स्थानीयकरण गरी प्रदेशस्तरमा कार्यान्वयन गरिने छ । राष्ट्रिय निर्धारित मापदण्डमा व्यवस्था भएअनुसारको प्रदूषण मापदण्ड कार्यान्वयन गर्न अन्तरसरकार, समुदाय, निजी क्षेत्र र विकास साझेदारसँग समन्वय तथा सहकार्य गरिने छ ।

### १३.४.२ जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन

(१) **उत्पादनशील क्षेत्रलाई जलवायु उत्थानशील र अर्थतन्त्रलाई जलवायु स्फूर्त बनाउने:** कृषि, पशुपालन, उद्योग व्यवसाय लगायत उत्पादनशील क्षेत्रको जलवायु जोखिम अध्ययन गरी विषय क्षेत्र अनुसार सुधारका कार्यक्रम पहिचान तथा कार्यान्वयन गरिने छ । संरक्षित कृषि, बाढी तथा खडेरी सहने बीउको प्रयोगमा वृद्धि, रैथाने बालीको संरक्षण, बाह्रै महिना सिँचाइ हुने जमिनमा वृद्धि र नवीन प्रविधिको माध्यमबाट कृषि क्षेत्रलाई थप जलवायुस्फूर्त बनाउँदै लगिने छ । कृषि तथा पशु बिमा विस्तार गरी जोखिम न्यूनीकरण गरिने छ । जल तथा मौसम पूर्वानुमानसम्बन्धी सूचनामा कृषकको प्रत्यक्ष पहुँच सुनिश्चित गरिने छ । कृषि, उद्योग तथा यातायातलाई नवीकरणीय ऊर्जामा आधारित गराउँदै उत्सर्जनमा न्यूनीकरण र अर्थतन्त्रको दिगोपन वृद्धि गरिने छ । पर्यटकीय पदमार्गको

आसपासमा सडक निर्माणको कार्यलाई पदमार्गभन्दा फरक क्षेत्रबाट सडक निर्माण गर्न सङ्घ तथा स्थानीय सरकारसँग समन्वय र सहकार्य गरिने छ। पर्यटन व्यवसायलाई जलवायुमैत्री बनाउन जोड दिइने छ।

(२) **जलवायुमैत्री ज्ञान, सिप र अभ्यास र प्रविधि प्रवर्द्धन गर्ने:** समुदायमा आधारित संस्थामार्फत नागरिकमा ज्ञान, सिप, सचेतना र सजगता वृद्धि गर्न सहयोग गरी सुरक्षित संस्कारको विकास गरिने छ। प्रदेश तथा स्थानीय तहका सम्बन्धित शाखामा जलवायु जोखिम विश्लेषण गर्ने, पूर्वतयारी गर्ने र योजना कार्यान्वयन क्षमता अभिवृद्धि गरिने छ।

(३) **पूर्व चेतावनी प्रणालीको स्थापना र विस्तार गर्ने:** बाढी, हिमताल विष्फोट, खडेरीजस्ता जलवायुजन्य प्रकोपको पूर्वसूचना प्रदान गर्न प्रभावकारी पूर्वचेतावनी प्रणालीको विकास गरिने छ। अध्ययनका आधारमा पूर्व चेतावनी प्रणालीको स्थापना गर्ने र निष्क्रिय रहेका पूर्वचेतावनी प्रणालीलाई सञ्चालनमा ल्याउने व्यवस्था गरिने छ। पूर्वचेतावनी प्रणालीको विकास विस्तार गर्न सङ्घ तथा स्थानीय सरकारसँग सहकार्य गरिने छ। प्रदेशस्तरको जल तथा मौसम सूचना सेवा केन्द्रको स्थापना गरिने छ।

(४) **जलवायु वित्त तथा कार्बन व्यापारसम्बन्धी क्षमता अभिवृद्धि गर्ने:** जलवायु परिवर्तनसम्बन्धी प्रतिबद्धता कार्यान्वयनमा सघाउ पुर्याउन जलवायु वित्त प्राप्त गर्न पहल गरिने छ। अति कम विकसित मुलुकको कोष, विशेष जलवायु परिवर्तन कोष र हरित जलवायु कोष जस्ता स्रोतका लागि परियोजना विकास तथा कार्यान्वयनमा पहल गरिने छ। नेपाल सरकारसँग समन्वय गरी कार्बन व्यापारका सम्भाव्य क्षेत्रमा आयोजना विकास गरी सञ्चालन गरिने छ। विद्युतीय सवारी साधन प्रवर्द्धन, इन्धनका रूपमा दाउरा विस्थापन, ल्याण्डफिल साइटबाट उत्सर्जन हुने मिथेन ग्याँस उपयोग लगायतका क्षेत्रका आयोजनाको सम्भाव्यता अध्ययन गरिने छ। कार्बन व्यापारसम्बन्धी ज्ञान, सीप, क्षमता विकास गरिने छ।

### १३.४.३ विपद् जोखिम व्यवस्थापन

(१) **विपद् जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने**: विपद् जोखिम मूलप्रवाहीकरणका लागि उपलब्ध सङ्घीय तथा प्रादेशिक नीति तथा कार्यढाँचालाई कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ। अत्यावश्यक सेवा क्षेत्रका पूर्वाधार आयोजनाको डिजाइन, रेखाङ्कन तथा निर्माणमा विपद् तथा जलवायु अनुकूलनका अवयवलाई अनिवार्य रूपमा समावेश गरी विपद् प्रतिरोधी

बनाइनेछ । रिमोट सेन्सिङ, भौगोलिक सूचना प्रणाली, सङ्कटासन्नता विश्लेषण, प्राविधिक परीक्षण लगायतका विधिको प्रयोग गरी आवधिक विपद् जोखिम परीक्षणलाई नियमित गरिने छ । विपद् जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिएका नीति, रणनीति कार्यान्वयन अवस्थाको आवधिक रूपमा प्रभावकारिता मूल्याङ्कन गरिने छ । स्थानीय तहलाई भू-उपयोग क्षेत्र वर्गीकरण तथा भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आर्थिक तथा प्राविधिक सहयोग गरिने छ ।

(२) **संस्थागत क्षमता सुदृढीकरण गर्ने:** अध्ययन अनुसन्धानका नतिजामा आधारित रही विपद् जोखिम न्यूनीकरणका नवीन उपायको खोजी गरिने छ । विपद् उत्थानशील क्षमता तथा प्रकोपको सङ्कटासन्नता जोखिमको आँकलन र नक्साङ्कन गरिने छ । सूचना प्रविधिमा आधारित विपद् व्यवस्थापन सूचना प्रणालीको विकास गरिने छ । विपद् अल्पीकरण र पूर्वतयारी जस्ता कार्यमा स्थानीयस्तरमा रहेका परम्परागत ज्ञान, सिपको प्रयोगलाई बढावा दिइने छ । विपद् अल्पीकरण, पूर्वतयारी तथा प्रतिकार्यका लागि समुदाय, सहयोगी संस्था र प्रदेश तहका निकाय तथा स्थानीय सरकारको क्षमता अभिवृद्धि गरिने छ । अनुगमन तथा मूल्याङ्कनमा विपद् जोखिम व्यवस्थापनसम्बन्धी नीति तथा कानुनी व्यवस्थाको परीक्षण गरिने छ ।

(३) **पूर्वाधार विकासलाई दिगो तथा उत्थानशील बनाउने:** एकीकृत भौतिक पूर्वाधार गुरुयोजना बनाउँदा बहुविपद् उत्थानशीलताका अवयव समावेश गरिने छ । पूर्वाधारको डिजाइन, लागत अनुमान, लगानी तथा निर्माणमा प्रकोप उत्थानशीलताको अवयव समावेश गरिने छ । पूर्वाधार निर्माण गर्नुअघि जोखिम मूल्याङ्कन अनिवार्य रूपमा गर्ने तथा भूकम्पीय सुरक्षाका मापदण्ड लागु गरिने छ । गाउँपालिका तथा नगरपालिकाको विपद् प्रोफाइल तथा तथ्याङ्क प्रणाली तयारीमा सहयोग तथा सहजीकरण गरी सो सँग आबद्धता कायम हुने गरी प्रादेशिक तहको एकीकृत डिजिटल विपद् तथ्याङ्क प्रणाली विकास गरिने छ । औद्योगिक ग्रामको निर्माण र व्यवस्थापनमा बहुविपद् प्रतिरोधी ढाँचा समावेश गरिने छ । जोखिमयुक्त भौगोलिक क्षेत्रमा रहेका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न अन्तर तह समन्वय तथा सहकार्य गरिने छ । सडक तथा पुल निर्माण गर्दा बाढी, पहिरो तथा भूकम्पीय जोखिमलाई मध्यनजर गरी सुरक्षित ढङ्गले निर्माण गरिने छ ।

(४) **बिमा विस्तार गर्ने:** विपद्, महामारी, जलवायुजन्य विषमता जस्ता कारणबाट हुने क्षतिको जोखिम घटाउन विपन्न परिवार, किसान, उद्योग तथा व्यवसाय, बालीनाली पशु पन्छी बिमालाई प्रोत्साहित गरिने छ । लक्षित वर्ग तथा व्यावसायिक क्षेत्रमा बिमाको प्रवर्द्धनका लागि बिमा कम्पनीलाई प्रोत्साहन गरिने छ ।

(५) **प्रकृतिमा आधारित, सहज र दिगो समाधानमा जोड दिने** : पहिरो रोकथामका लागि बायो इञ्जिनियरिङ, विपन्न समुदायमा खाद्य सुरक्षा वृद्धि गर्न कृषि वन जस्ता प्रकृतिमा आधारित सहज र दिगो समाधानमा जोड दिइने छ। उच्च खाद्य असुरक्षा भएका घरपरिवार र क्षतिग्रस्त वन क्षेत्र पहिचान गरी घरपरिवारको रुचिका आधारमा कृषि वनको प्रवर्द्धन गरिने छ। जोखिमपूर्ण अवस्थामा रहेका खोला, नदी, खोल्सीमा वृक्षारोपण तथा बायोइञ्जिनियरिङका माध्यमबाट विकासका पूर्वाधार, जग्गा जमिन तथा गाउँ बस्तीको संरक्षण गरिने छ।

## १३.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

### १३.५.१ वातावरण तथा फोहोरमैला व्यवस्थापन

**(क) प्रदूषण नियन्त्रण कार्यक्रम:**

१. औद्योगिक क्षेत्र एवम् स्वास्थ्य संस्थाबाट उत्सर्जित फोहोर नियन्त्रण नीति, कानुन र मापदण्ड तर्जुमा;
२. अन्तर सरकार एवम् सरोकारवाला सँग सहकार्य;
३. वायु प्रदूषण सूचना सङ्कलन, विश्लेषण, प्रवाह र उपयोग;
४. वायु प्रदूषण मापन केन्द्र अध्ययन तथा स्थापना;
५. सवारी साधनको धुवा तथा प्रदूषण मापन केन्द्र स्थापना;
६. वातावरणमैत्री उद्योग तथा व्यवसाय स्थापनामा प्रोत्साहन।

**(ख) फोहोरमैला व्यवस्थापन कार्यक्रम:**

१. फोहोरमैलाको दिगो व्यवस्थापनमा पूर्वाधार तथा प्रविधि विकास तथा विस्तार;
२. फोहोरमैला व्यवस्थापन तथा सेनिटरी ल्याण्डफिल साइट निर्माणमा स्थानीय तहसँग साझेदारी;
३. फोहोर दहन केन्द्र (Incineration Plant) र अक्सिजन विनाको फोहोर दहन (Pyrolysis) केन्द्र स्थापना सहयोग;
४. जैविक प्रशोधन (Bioremediation) प्रविधि उपयोग विस्तार;
५. कुहिने फोहोरको व्यवस्थापनबाट बगैंचा निर्माण एवम् ऊर्जा उत्पादनमा स्थानीय तहसँग सहकार्य।

**(ग) वातावरणीय स्वच्छता तथा हरियाली प्रवर्द्धन:**

१. खुला फोहोरमैला मुक्त स्थानीय तह सहयोग कार्यक्रम;
२. सहरी क्षेत्रमा हरित उद्यान निर्माण सहयोग;

३. सहरी सडकमा हरियाली वृद्धि सहयोग ।

**(घ) वातावरण संरक्षण र प्रवर्द्धन कार्यक्रम:**

१. वातावरणीय सेवा भुक्तानीको लागि नीति, कानुन र कार्यविधी तर्जुमा;

२. वातावरणमैत्री पूर्वाधार विकाससम्बन्धी कार्यविधि तथा मापदण्ड तर्जुमा;

३. वातावरणीय अध्ययन तथा परीक्षण तथा पालना अनुगमन;

४. वातावरणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम;

५. वातावरण संरक्षण तथा व्यवस्थापनसम्बन्धी विद्यालय शिक्षा कार्यक्रम ।

## १३.५.२ जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन

**(क) जलवायु परिवर्तन न्यूनीकरण कार्यक्रम:**

१. प्रदेशस्तरीय कार्बन व्यापार नीति, ऐन, निर्देशिका तथा मापदण्ड तर्जुमा;

२. प्रदेशस्तरीय कार्बन उत्सर्जन र संचितीकरणको अवस्था अध्ययन;

३. कार्बन व्यापार आयोजना विकास, सञ्चालन र आय बाँडफाँटमा नेपाल सरकार तथा स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारी;

४. स्यानिटरी ल्याण्डफिल साइट निर्माण तथा सञ्चालनलाई कार्बन व्यापार परियोजनामा रूपान्तरण।

**(ख) जलवायु परिवर्तन अनुकूलन कार्यक्रम**

१. स्थानीय जलवायु परिवर्तन अनुकूलनलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा आन्तरिकीकरणमा सहयोग तथा सहजीकरण;

२. जलवायुमैत्री स्थानीय तह निर्माणमा सहयोग तथा सहकार्य ।

**(ग) जैविक एवम् संरक्षित खेती प्रवर्द्धन कार्यक्रम:**

१. एकीकृत रोग कीरा व्यवस्थापन कार्यक्रम;

२. माटोको जैविक तत्व संरक्षण तथा प्राङ्गारिक मल उत्पादन र उपयोग विस्तार;

३. जलवायुमैत्री कृषि प्रविधि, बीउ बिजन तथा खेती प्रणाली प्रवर्द्धन;

४. प्राङ्गारिक खेती, उत्पादन तथा बजारीकरण प्रवर्द्धन;

५. बाली विविधीकरण र चक्रीय बाली प्रवर्द्धन कार्यक्रम ।

**(घ) जोखिमयुक्त हिमताल विस्फोट जोखिम न्यूनीकरण कार्यक्रम:**

१. हिमताल विष्फोट रोकथाम एवम् अल्पीकरण कार्यक्रम;

२. पूर्व चेतावनी प्रणाली विकास तथा सुदृढीकरण।

**(ङ) स्वच्छ तथा नवीकरणीय ऊर्जा प्रवर्द्धन कार्यक्रम:**

१. विद्युतीय सवारी साधन प्रवर्द्धन;

२. विद्युतीय/सौर्य चुलो प्रवर्द्धन;

३. नवीकरणीय ऊर्जा उत्पादन तथा उपयोग प्रोत्साहन ।

### १३.५.३ विपद् जोखिम व्यवस्थापन

**(क) विपद् जोखिम वस्तुस्थिति विश्लेषण तथा पूर्व चेतावनी प्रणाली विकास:**

१. प्रदेशस्तरीय विपद् जोखिम व्यवस्थापन रणनीति तयारी;

२. प्रदेश विपद् प्रोफाइल तयारी;

३. विपद् व्यवस्थापनसम्बन्धी एकीकृत डिजिटल तथ्याङ्क व्यवस्थापन प्रणाली विकास कार्यक्रम;

४. उच्च जोखिमयुक्त भौगोलिक एवम् विषयगत क्षेत्रको जोखिम अध्ययन तथा नक्साङ्कन ।

**(ख) विपद् जोखिम न्यूनीकरण कार्यक्रम:**

१. सुरक्षित बस्ती विकास, सहरी योजना र भवन निर्माण मापदण्ड तर्जुमा तथा कार्यान्वयन सहजीकरण;

२. भवन मापदण्ड कार्यान्वयन र पुराना भवनको प्रवलीकरण सहयोग तथा सहजीकरण;

३. विकास पूर्वाधार आयोजनाको विपद् जोखिम प्रभाव न्यूनीकरण;

४. प्रतिकार्य क्षमता विकासका लागि संस्थागत क्षमता विकास;

५. पूर्व चेतावनी प्रणालीको विकास।

**(ग) विपद् व्यवस्थापन कार्यक्रम:**

१. प्रदेश विपद् व्यवस्थापन परिषद् तथा व्यवस्थापन समितिको संस्थागत विकास तथा सुदृढीकरण;

२. प्रदेश आपतकालीन केन्द्र स्थापना, सुदृढीकरण तथा व्यवस्थापन;

३. आपतकालीन उद्धार सामग्री भण्डारण तथा व्यवस्थापन

४. प्रदेश विपद् व्यवस्थापन कोष सञ्चालन;

५. विपद् व्यवस्थापनमा स्थानीय तह, समुदाय तथा सरोकारवालाको क्षमता विकास;

६. प्रदेशस्तर विपद् उत्थानशील कार्यक्रम।

**(घ) मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन:**

१. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय सफल अनुभव आदानप्रदान;

२. वन्यजन्तु निष्प्रभावी खेती प्रवर्द्धन;

३. वन्यजन्तु विकर्षण गर्ने प्रविधि विकास तथा विस्तार

४. बाँदरको प्रकोप नियन्त्रणका उपाय, प्रविधि र संयन्त्रको विकास;

५. वन्यजन्तुबाट हुने क्षति कम गर्ने बिमा कार्यक्रम ।

## १३.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| **१.** | **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | | | | | |
| १.१ | प्रदेशमा दर्ता भएका कुल सवारी साधनमध्ये विद्युतीय सवारी साधनको हिस्सा | प्रतिशत | ०.६ | १.० | ५.० | १५ |
| १.२ | प्रदूषण मापदण्ड कार्यान्वयनमा ल्याएका उद्योग तथा स्वास्थ्य संस्थाको अनुपात | प्रतिशत | २५ | ३० | ६० | ८० |
| १.३ | वायु गुणस्तर सूचकाङ्क | मान | ८४ | ८० | ६० | ५० |
| १.४ | कार्बनडाइअक्साइड बराबर वार्षिक उत्सर्जन परिमाण | मे. टन | ७१८२६६ | ६४६४४० | ५३८७०० | ४३०९६० |
| १.५ | खुला फोहोरमैलारहित गाउँ/नगरपालिका | सङ्ख्या | ० | ५ | १५ | २६ |
| १.६ | फोहोर पानी प्रशोधन केन्द्र | सङ्ख्या | ० | ० | १ | २ |
| १.७ | खाना पकाउने ऊर्जाका लागि विद्युतीय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०.२ | ३ | १० | १५ |
| १.८ | वायु गुणस्तर मापन केन्द्र | सङ्ख्या | १ | १ | २ | २ |
| १.९ | सञ्चालनमा रहेका सेनिटरी ल्याण्डफिल साइट | सङ्ख्या | ५ | ६ | ७ | ९ |
| १.१० | वातावरणीय अध्ययन भएका आयोजना | प्रतिशत | २७ | ३० | ६० | ९० |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| **२.** | **जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन** | | | | | |
| २.१ | जलवायुमैत्री गाउँ/टोल | सङ्ख्या | ४८ | ५० | ६० | ८५ |
| २.२ | कुल कृषियोग्य जमिनमध्ये सिँचाइ उपलब्ध जमिन | प्रतिशत | ३७.२६ | ४०.० | ५२.०० | ६४.०० |
| २.३ | जोखिमपूर्ण हिमताल रोकथाम र पूर्व चेतावनी प्रणाली | सङ्ख्या | ० | ३ | ५ | ८ |
| २.४ | प्रदेशको जल तथा मौसम सूचना केन्द्र स्थापना | सङ्ख्या | ० | १ | १ | २ |
| २.५ | सञ्चालमा रहेका पूर्वचेतावनी प्रणाली | सङ्ख्या | ११ | १२ | ३५ | ५५ |
| २.६ | कृषि बिमामा आबद्ध घरपरिवार | प्रतिशत | ५८ | ६० | ७० | ८० |
| २.७ | उच्च खाद्य असुरक्षा भएका जनसङ्ख्या | प्रतिशत | ६ | ५ | ३ | २ |
| २.९ | संरक्षित तथा पुनर्भरण पोखरी | सङ्ख्या | ८० | ९० | १५० | २४० |
| **३.** | **विपद् जोखिम व्यवस्थापन** | | | | | |
| ३.१ | विपद्बाट प्रभावित जनसङ्ख्या | प्रतिहजार | १८ | १७ | १५ | १२ |
| ३.२ | विपद्बाट भएको मानवीय मृत्यु सङ्ख्या | प्रति हजार | ०.२० | ०.१८ | ०.१६ | ०.१२ |
| ३.३ | विपद् प्रोफाइल तयार भएका गाउँ/नगरपालिका | प्रतिशत | २४ | ३० | ५० | ८० |
| ३.४ | बाढी, पहिरो, आगलागी लगायतका विपद् व्यवस्थापनसम्बन्धी सुचारु पूर्व सूचना प्रणाली | सङ्ख्या | ० | ५ | १० | २५ |
| ३.५ | खेतीयोग्य जमिनको सुरक्षाका लागि निर्मित तटबन्धन | कि. मि. | ० | १ | ३ | ५ |
| ३.६ | प्रादेशिक प्राकृतिक जोखिम नक्साङ्कन | पटक | ० | ० | १ | १ |
| ३.७ | जोखिम संवेदनशील भूउपयोग योजना तर्जुमा भएका स्थानीय तह | सङ्ख्या | २६ | ३० | ६० | ८५ |
| ३.८ | स्थानीय विपद् जोखिम व्यवस्थापन कोष भएका स्थानीय तह | सङ्ख्या | ७४ | ७६ | ८० | ८५ |

*स्रोत: गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार*

# परिच्छेद १४

# सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्ध


| | |
|---|---|
| १४.१ पृष्ठभूमि | २४५ |
| १४.२ विद्यमान अवस्था | २४६ |
| १४.३ मुख्य सवाल तथा चुनौती | २४९ |
| १४.४ रूपान्तरणका रणनीति | २५२ |
| १४.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम | २५५ |
| १४.६ परिमाणात्मक लक्ष्य | २५७ |

# परिच्छेद १४

# सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्ध

## १४.१ पृष्ठभूमि

गण्डकी प्रदेश सरकार शासन सञ्चालनका नवीनतम अनुभवका साथ सुशासन, विकास र समुन्नतिको आकाङ्क्षा पूरा गर्न अग्रसर रहेको छ । प्रदेशले शासन सञ्चालनमा देखिएका चुनौतीको सामना गर्दै तहगत समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तका आधारमा आर्थिक, राजनीतिक तथा प्रशासनिक अन्तरसम्बन्धलाई मजबुत तुल्याउँदै लगेको छ । सार्वजनिक सेवाप्रवाहमा चुस्तता र तहगत सरकारबिच निश्चित कार्यप्रक्रियामा देखिएको दोहोरोपनाको व्यवस्थापन सङ्घीयतासँग अभिन्न रूपले जोडिएका आधारभूत सवाल हुन् ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुने व्यवस्था छ । यस सिद्धान्तलाई व्यावहारिक रूपमा कार्यान्वयनमा लैजान तहगत रूपमा भौगोलिक, कार्यात्मक र संस्थागत मूल्य मान्यतामा सहयोग गरी निकायबिचको सम्बन्धलाई कसिलो बनाउन आवश्यक छ । यसका लागि अन्तरतह समन्वयकारी संस्थाको उपस्थिति र क्रियाशीलता अनिवार्य हुन्छ ।

सुशासनको अवधारणाले सार्वजनिक क्षेत्रको व्यवस्थापन, कानुनी शासन, नागरिक प्रतिको उत्तरदायित्व तथा जिम्मेवारी, नीति निर्माण तथा कार्यान्वयन प्रक्रियामा पारदर्शिता, समता तथा समावेशिता, जनसहभागिता र प्रभावकारी सरकारको वकालत गर्दछ । प्रदेशवासीमा सुशासन प्रत्याभूत गराउन न्यायपूर्ण समाजको स्थापना, जनमुखी सेवाप्रवाह र अन्तरसरकार साझेदारी तथा सहकार्यमा जोडदिनु आवश्यक छ । पहिलो योजनाको मध्यावधि समीक्षाअनुसार सुशासन स्थापनाका प्रारम्भिक कार्य संस्थागत गर्न प्रदेश सरकार आंशिक रूपमा सफल देखिएको छ । मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने प्रमुख दायित्व सरकारमा निहित रहेको छ । संविधान प्रदत्त मौलिक हकको प्रत्याभूति गराई आधारभूत तथा गुणस्तरीय सेवा सुविधामा प्रदेशवासीको सहज पहुँच कायम गर्न प्रदेश सरकारका नीति, योजना कार्यक्रम तथा सार्वजनिक क्षेत्रको व्यवस्थापन निर्देशित हुनुपर्दछ ।

## १४.२ विद्यमान अवस्था

### १४.२.१ शान्ति सुव्यवस्था र मानव अधिकार

नेपालको संविधानले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनका साथ नागरिकका आधारभूत अधिकारलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । संवैधानिक व्यवस्था कार्यान्वयन र संयुक्त राष्ट्र सङ्घको वडापत्र तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीको प्रतिबद्धता कार्यान्वयन गर्न प्रदेश सरकार आर्थिक तथा सामाजिक दृष्टिले पछाडि परेका वर्ग र समुदायलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा समान पहुँच, अवसर तथा सहभागिता सुनिश्चित गर्ने दिशामा अग्रसर रहेको छ । सामाजिक न्यायसहितको तीव्र आर्थिक वृद्धि गर्ने सरकारको दीर्घकालीन सोचलाई साकार पार्न अन्तरतह समन्वय तथा सहकार्यमार्फत मानव अधिकार तथा सामाजिक न्यायका सवाललाई विकासका नीतिसँग संरचनात्मक एवम् कार्यात्मक रूपमा एकीकरण गर्दै लैजानु आवश्यक देखिन्छ । मौलिक हकको कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था हुनु; सङ्घ, प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकार संविधानद्वारा नै स्पष्ट गरी मानव अधिकारको उपभोग गर्न सक्ने संरचनात्मक व्यवस्था हुनु; मानव अधिकार कार्यान्वयनको अनुगमन तथा मानव अधिकार उल्लङ्घनमा अनुसन्धान लगायतका कार्य स्वतन्त्र तथा सक्षम संवैधानिक आयोगबाट हुनु र न्याय सम्पादनका लागि स्वतन्त्र न्यायालयको व्यवस्था हुनु आदि मानव अधिकारको संरक्षण तथा संवर्द्धनको लागि महत्त्वपूर्ण अवसरका रूपमा रहेका छन् । सन् २०२३ मा प्रकाशित तथ्याङ्क अनुसार विश्वव्यापी रूपमा कानुनी शासनको स्तरमापन सूचकाङ्क (World Justice Project) स्तरमा विश्वका १४२ देशमध्ये नेपाल ७१ औँ स्थानमा रहेको छ ।

प्रदेशभित्र शान्ति सुव्यवस्था कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको रक्षा गर्ने संवैधानिक अधिकारक्षेत्र प्रदेशको रहेको छ । शान्ति सुरक्षासम्बन्धी अधिकारक्षेत्रको कार्यान्वयनका लागि गण्डकी प्रदेश प्रहरी ऐन, २०७७ जारी भएको छ । गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले प्रदेश शान्ति सुरक्षा र सुव्यवस्थासम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण र प्रदेश सुरक्षा निकायको परिचालन र शान्ति सुव्यवस्थासम्बन्धी कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्षेत्र तोकेको छ । प्रदेश सुरक्षा प्रशासनलाई सक्षम बनाई नागरिकलाई शान्ति सुरक्षाको प्रत्याभूति तथा सरकारप्रतिको विश्वास जगाउन सुधार तथा व्यवस्थापनसम्बन्धी क्रियाकलापको पहिचान तथा प्राथमिकीकरणका साथ सुरक्षा निकायलाई क्रमशः स्रोत साधनयुक्त बनाउँदै लैजाने नीति अवलम्बन गरिएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालयको वार्षिक गतिविधि पुस्तिका २०७९/८० अनुसार आ.व. २०७९/८० मा गण्डकी प्रदेश कार्यालयमा मानव अधिकार उल्लंघन भएको भनी ३ वटा

उजुरी दर्ता भएको, २५ जना पीडितलाई परामर्श सेवा प्रदान गरिएको र २२ वटा उजूरीको अनुसन्धान कार्य सम्पन्न भएको छ। यसैगरी गण्डकी प्रदेशमा रहेका कारागारको सामान्य क्षमता १६२४ रहेकोमा कारागारमा क्षमता भन्दा बढी कुल १७२५ जना रहेका छन्। मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) को कार्यान्वयनका लागि प्रदेश समन्वय समिति गठन भई क्रियाशील रहेको र जिल्ला तथा स्थानीय तहमा समन्वय समिति गठनका लागि सहजीकरण हुँदै आएको छ। यस प्रदेशमा नागरिक तथा राजनीतिक अधिकार, सम्मानपूर्वक बाँच्न पाउने अधिकार, विचार तथा अभिव्यक्ति स्वतन्त्रता, बालिग मताधिकार, कैदी–बन्दीको अधिकार, उपभोक्ता अधिकार, स्वास्थ्यको अधिकार, महिला अधिकारको संरक्षण तथा संवर्द्धनको अवस्था सन्तोषजनक रहेको देखिएको छ।

### १४.२.२ सार्वजनिक सेवा प्रवाह

गण्डकी प्रदेश सरकारले सुशासन अभिवृद्धिका लागि सुशासन ऐन, २०७६ र नियमावली, २०७७ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ तथा तत् सम्बन्धी नियमावली, २०७९ जारी भएका छन्। सेवाप्रवाहलाई पारदर्शी, जवाफदेही, सहभागितामूलक बनाउन सार्वजनिक सुनुवाइ, नमुना कार्यालय छनौट लगायतका क्रियाकलाप सञ्चालन गर्दै आएको छ।

प्रदेश सरकारले जिम्मेवार सार्वजनिक प्रशासन र व्यवस्थापनप्रति प्रदेशवासीको विश्वास आर्जनलाई सर्वोपरी मानी स्वच्छ, सक्षम, निष्पक्ष, जनउत्तरदायी सेवा व्यवस्थापन प्रणाली स्थापना गर्ने लक्ष्य लिएको छ। नागरिकका लागि प्रदान गर्ने सेवा सुविधामा सबैको सहज पहुँच कायम गर्ने मूल ध्येयका साथ प्रदेश सरकारका सात वटा मन्त्रालय, आयोग र प्रतिष्ठान लगायत १२४ वटा प्रादेशिक कार्यालयबाट सार्वजनिक सेवाप्रवाह हुँदै आएको छ। सङ्घीय सरकारबाट २,६७९ दरबन्दी एवम् जनशक्ति सहित संस्थागत संरचना प्रदेशलाई हस्तान्तरण भएका छन्। प्रदेश लोकसेवा आयोगबाट आर्थिक वर्ष २०७८/७९ मा ५२१ महिला र ६३३ पुरुष गरी कुल १,१५४ जना प्रदेश निजामती सेवाका विभिन्न पदमा कर्मचारी छनौट भई सिफारिस भएका छन्।

प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी एवम् निर्वाचित जनप्रतिनिधिको क्षमता विकास र कार्यसम्पादनमा सुधार, प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, प्रदेशअन्तर्गतका निकाय तथा कार्यालय र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्ने अभिप्रायले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अनुसार गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भई क्रियाशिल रहेको छ।

सन् २०२४ मा प्रकाशित ट्रान्सपरेन्सी इन्टरनेशनलको भ्रष्टाचार अनुभूति सर्वेक्षणअनुसार विश्वका १८० देशमध्ये नेपाल १०८ औं स्थानमा परेको छ। भ्रष्टाचारको नियन्त्रण र सुशासनको प्रवर्द्धनका लागि विभिन्न कानुनी र संस्थागत व्यवस्था र प्रयास गरिएका भएतापनि प्रदेशमा कार्यान्वयनको अवस्था अपेक्षाकृत रूपमा कमजोर रहेको छ।

सार्वजनिक कार्य तथा सेवाप्रवाहका प्रत्येक चरणमा लाभग्राहीको सहभागिता सुनिश्चित गर्न र अनियमितता तथा भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीतिलाई लागु गर्न सुशासन प्रवर्द्धनका विभिन्न कार्यक्रम सञ्चालन भएका छन्। गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले पहिचान गरेका विद्युतीय सुशासन गुरुयोजनामार्फत सम्पादित क्रियाकलापले शासकीय सुधार तथा सुशासन अभिवृद्धिमा टेवा पुऱ्याएको छ। आर्थिक वर्ष २०७८/७९ तथा २०७९/८० को महालेखा परीक्षकको कार्यालयले प्रकाशित गरेको लेखा परीक्षण प्रतिवेदनअनुसार प्रदेशगत रूपमा बेरुजुको अवस्था विश्लेषण गर्दा सबैभन्दा कम बेरुजु गण्डकी प्रदेशको रहेको छ।

### १४.२.३ अन्तर सरकार समन्वय तथा सहकार्य

नेपालको संविधानले तहगत सरकारबिचको अन्तरसम्बन्ध र सहयोगमा देशको विकास, लोकतान्त्रिक अधिकारको उपभोगको सुनिश्चितता, राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ। सङ्घ, प्रदेश र स्थानीय तहबिच अन्तरसम्बन्ध र अन्तरनिर्भरतासम्बन्धी जिम्मेवारी पूरा गर्न अन्तरसरकार व्यवस्थापनको महत्त्वपूर्ण भूमिका हुन्छ । गण्डकी प्रदेशको पहिलो योजनामा मजबुत तहगत अन्तरसम्बन्धको स्थापना र समन्यायिक एवम् सन्तुलित प्रादेशिक विकासको परिकल्पनाका साथ प्राथमिकता सहित नीति तथा कार्यक्रम समावेश गरिएको थियो।

तहगत सम्बन्ध र अन्तरसरकार समन्वयका लागि स्थापित प्रधानमन्त्रीको अध्यक्षतामा अन्तरप्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद्, विषय हेर्ने मन्त्रीको अध्यक्षतामा विषयगत समिति, अन्तरसरकारी वित्त परिषद्, मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश समन्वय परिषद्, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग लगायतका संवैधानिक निकाय क्रियाशिल रहेका छन्। सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ र गण्डकी प्रदेश तथा स्थानीय तह (समन्वय तथा विवाद समाधान) ऐन, २०७८ जारी भएका छन्। गण्डकी प्रदेश सरकारले हालसम्म विभिन्न ६६ वटा ऐन र २२ वटा नियमावली तर्जुमा गरी प्रदेश सरकार सञ्चालन, सेवा प्रवाह र विकास व्यवस्थापनको लागि कानुनी आधार तयार गरेको छ।

## १४.३ मुख्य सवाल तथा चुनौती

### १४.३.१ शान्ति, सुव्यवस्था र मानव अधिकार

(१) **सुरक्षा निकायको स्वायत्तता तथा परिचालनसम्बन्धी नीतिगत स्पष्टता कायम गर्नुः** प्रदेशस्तरमा सुरक्षा निकायको परिचालनसम्बन्धी नीतिगत स्पष्टता नभएका कारण शान्ति सुव्यवस्थाका साथै सीमा सुरक्षा र क्वारेन्टिन परिचालनसम्बन्धी कठिनाइ देखापरेका छन् ।

(२) **प्रहरी समायोजन तथा संस्थागत सुधार गर्नुः** प्रदेशको शान्ति सुव्यवस्थाका लागि प्रदेश प्रहरीको संरचनागत व्यवस्थापनमा कमी र संवैधानिक व्यवस्था बमोजिम प्रहरी समायोजन नहुनु आधारभूत समस्याको रूपमा देखापरेको छ । प्रदेश प्रहरीको सङ्गठन संरचना तथा मानवस्रोत विकास तथा उत्तरदायी सेवा सुनिश्चित गर्नका लागि गरिनुपर्ने संगठनात्मक सुधार हालसम्म प्रारम्भ हुनसकेको छैन । सेवाप्रवाहलाई समयसापेक्ष र परिष्कृत गर्दै विश्वसनीय र पारदर्शी बनाउन संगठनलाई आवश्यक स्रोत साधन जुटाउन सकिएको छैन । कारागार एवम् सुधार गृहको भौतिक संरचना अपर्याप्त र कमजोर रहेको कारण सुरक्षा चुनौती थपिएका छन् । सामाजिक, आर्थिक परिवेश र सूचना प्रविधिमा भएको आमूल परिवर्तनले नागरिकको सुरक्षा, अपराध र सेवाप्रवाहको क्षेत्रमा नवीन चुनौतीका रूपमा रहेको छ ।

(३) **आपराधिक घटना नियन्त्रण तथा समाजमा शान्ति सुव्यवस्था कायम गर्नुः** आपराधिक घटना रोकथाम गर्न सहि र भरपर्दो सूचनाको अभाव, सहरीकरणसँगै घट्दो सामाजिक भावना, सूचना प्रविधिको दुरूपयोग, वैदेशिक रोजगारीबाट सिर्जित पारिवारिक विखण्डन लगायत डिजिटल/साइबर अपराध नियन्त्रण जस्ता सुरक्षा सवाल थपिँदै गएका छन् । लामो समयदेखि समाजलाई आक्रान्त बनाउँदै आएको लागुऔषध ओसारपसार र सूचना प्रविधिमा आधारित अपराधको नियन्त्रण गर्नु चुनौतीका रूपमा रहेको छ ।

(४) **प्रदेश तहमा शान्ति सुव्यवस्थासम्बन्धी छुट्टै निकाय व्यवस्था गर्नुः** गृह प्रशासनसम्बन्धी मामिलाका लागि छुट्टै प्रदेश मन्त्रालय नहुँदा शान्ति सुव्यवस्था जस्तो संवेदनशील विषयले उच्च प्राथमिकता पाउन सकेको छैन । सुरक्षा व्यवस्थालाई सङ्घीय नीति र कानुनसँग तादात्म्यता हुनेगरी प्रदेशस्तरमा प्राथमिकताका साथ संगठित अपराधसम्बन्धी आवश्यक नीति, कानुन, कार्यक्रम तथा बजेट व्यवस्था गरी कार्यान्वयन गर्नु चुनौतीका रूपमा रहेको छ ।

(५) **मानव अधिकारसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुः** राजनीतिक एवम् मानव अधिकारको आधारभूत ज्ञान, मूल्य, मान्यता र संस्कार अझै सबै क्षेत्रमा स्थापित हुन सकेको छैन ।

राष्ट्रिय तथा प्रादेशिक नीति तथा कार्यक्रममा उल्लेखित मानव अधिकारसम्बन्धी विषयको प्रभावकारी कार्यान्वयनका लागि प्रदेशस्तरमा स्थापित संस्थालाई स्रोत साधनले सम्पन्न बनाउनु आवश्यक देखिएको छ । मानव अधिकार संरक्षणको कार्यान्वयनमा संरचनागत अवरोधका रूपमा रहेको सामाजिक विभेदलाई अन्त्य गर्नु चुनौतीका रूपमा रहेका छन् ।

(६) **शान्ति, सुव्यवस्था र मानव अधिकारका लागि स्थापित संस्थालाई सबल तथा सुदृढ बनाउनुः** मानव अधिकारसम्बन्धी विषयको प्रभावकारी कार्यान्वयनका लागि प्रदेशस्तरमा मानव अधिकार आयोगको आफ्नै कार्यालय भवन निर्माण हुन सकेको छैन । महिला हिंसा पीडितका लागि मनोपरामर्श लागि कर्मचारीको कमी रहेको छ । आयोगबाट भएका सिफारिसको पूर्ण कार्यान्वयन हुन सकेको छैन । सूचनाको गोपनीयता कायम गर्न कठिनाइ रहेको छ । निजी तथा सार्वजनिक स्थलको भौतिक संरचनालाई अपाङ्गता भएका व्यक्ति, बालबालिका, महिला र ज्येष्ठ नागरिकमैत्री बनाउनु, सूचना तथा सञ्चार सुविधामा समावेशी पहुँच कायम गर्नु र अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच सुनिश्चित गर्नु चुनौतीका रूपमा रहेका छन् ।

### १४.३.२ सार्वजनिक सेवाप्रवाह

(१) **सदाचार र सुशासन कायम गर्नुः** सार्वजनिक जिम्मेवारीमा रहेका पदाधिकारी एवम् कर्मचारीमा सदाचार र नैतिकतातर्फ उत्साहित गर्न सकिएको छैन । भ्रष्टाचार नियन्त्रण कार्य प्रभावकारी नहुँदा नीतिगत भ्रष्टाचारजन्य कार्य कारबाहीको दायरामा ल्याउन नसकिनु प्रमुख समस्याका रूपमा देखापरेका छन् । सार्वजनिक नीति निर्माण, विकास निर्माण र सेवाप्रवाहमा पारदर्शिता, निस्पक्षता, जवाफदेहिता सहित विधि पालना गरी भ्रष्टाचार नियन्त्रणका प्रवर्द्धनात्मक र निरोधात्मक उपाय अवलम्बन गर्दै सदाचार र सुशासन कायम गर्नु चुनौती रहेको छ ।

(२) **प्रदेशको अधिकार क्षेत्रको स्पष्टता कायम गर्नुः** संवैधानिक व्यवस्था बमोजिम प्रदेश स्रोत साधन तथा अधिकार सम्पन्न हुन सकेको छैन । प्रदेशको आफ्नो अधिकारको अस्पष्टताका कारण अधिकार समुचित उपयोग हुन सकेको छैन ।

(३) **पारदर्शिता र जवाफदेहिता सेवाप्रवाह प्रणालीको विकास गर्नुः** सार्वजनिक सेवा प्रतिको नागरिकको विश्वसनीयता बढाउन यथोचित पहल हुन सकेको छैन । सार्वजनिक क्षेत्रमा पारदर्शिता र जवाफदेहिताको अवस्था कमजोर रहेको छ । जनअपेक्षा बमोजिमको सेवाप्रवाहका साथै भ्रष्टाचार नियन्त्रण गरी सदाचारिता कायम गर्नु चुनौतीको रूपमा देखापरेको छ ।

(४) **वित्तीय तथा प्रशासनिक कार्य सहज तुल्याउनु**ः शीघ्र न्याय निरूपण र वित्तीय तथा प्रशासनिक कार्य सुगमता सहितको सेवाप्रवाह पद्धति स्थापित गर्न कठिनाइ रहेको छ । अधिकार प्राप्त अधिकारीबाट निर्णय लिन र काम गर्नबाट पन्छिने प्रवृत्ति बढ्दै जानु समस्याका रूपमा देखिएको छ । योजना तथा बजेटसम्बन्धी निर्णयलाई अनुशासित तथा विधि सम्मत बनाइ तोकिएको समयमा कार्यान्वनयोग्य बनाउन सकिएको छैन । वित्तीय सङ्घीयताको कार्यान्वयन पक्ष कमजोर रहेको छ । कर्मचारी समायोजनको लामो अलमल, क्षमता विकासका क्रियाकलापमा कमी र कमजोर सार्वजनिक वित्त व्यवस्थापन सुशासन प्रवर्द्धनमा बाधाका रूपमा देखा परेका छन् । प्रदेश र स्थानीय तहमा न्यूनतम कर्मचारीको पदपूर्ति नहुँदा विकास व्यवस्थापनबाट अपेक्षित नतिजा हासिल हुन सकेको छैन । संघीयताका राजनीतिक, वित्तिय, प्रशासनिक र कानुनी गरी चार वटा मुलभूत आधार स्तम्भबिचमा कसिलो सम्बन्ध कायम गर्नु चुनौतीपूर्ण छ ।

(५) **जवाफदेहिताका औजारको यथोचित प्रयोग गर्नु**ः खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने कानुनी प्रावधान पूरा नगरी सार्वजनिक खरिद व्यवस्थापन हुने गरेको महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएको छ । सेवाप्रवाह डिजिटलाइज गर्न नसकिँदा पूर्वानुमान योग्य सेवा प्राप्त नहुने अवस्था रहेको छ । आयव्ययको विवरण, वित्तीय प्रतिवेदन, प्रगति प्रतिवेदन, बजेट कार्यान्वयनको समीक्षा सार्वजनिक गर्नुका साथै सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता जवाफदेहिताका औजारको उपयोग प्रभावकारी चुनौती रहेको छ ।

### १४.३.३ अन्तरसरकार समन्वय तथा सहकार्य

(१) **प्रदेशको प्रशासनिक संरचना प्रभावकारी बनाउनु**ः सार्वजनिक सेवाको सुदृढीकरण, समावेशी, समन्वयात्मक एवम् सन्तुलित प्रादेशिक विकास सुनिश्चित गर्ने मजबुत तहगत अन्तरसम्बन्धको स्थापना गर्नु प्रमुख सवालका रूपमा रहेको छ । योजना कार्यान्वयन, वित्तीय स्रोत साधनको विनियोजन साथै प्रशासनिक अधिकारक्षेत्रबिचमा तादात्म्यता मिलाउन अन्तरसरकार समन्वय तथा सहकार्यका लागि संविधानको व्यवस्थालाई प्रभावकारी बनाउनु र प्रदेशको प्रशासकीय संरचना जनमुखी र प्रभावकारी बनाउनु चुनौतीका रूपमा रहेका छन् ।

(२) **तहगत समन्वय र सहकार्यलाई परिणाममुखी गराउनु**ः कानुन निर्माणमा तहगत समन्वय र सहकार्यको कमीका कारण प्रादेशिक कानुन निर्माण तथा कार्यान्वयन र स्थानीय तहका लागि प्रदेश सरकारले तयार गर्नुपर्ने कानुन निर्माणमा अन्यौलता कायमै रहेको छ । प्रहरी समायोजन, जग्गा प्राप्ति, तीनै तहका सरकारको कार्य जिम्मेवारी र अधिकार क्षेत्रको अस्पष्टता लगायतका समस्या यथावत्

छन् । तहगत सरकारबिच एकअर्काको भौगोलिक, कार्यात्मक र संस्थागत मूल्यमान्यता प्रवर्द्धन गर्ने कार्यमा अन्तरतह समन्वयकारी संस्थाको उपस्थिति र तिनको क्रियाशीलता अपेक्षित रूपमा हुन सकेको छैन । प्रदेश र स्थानीय तहबिच नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापन, रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोगजस्ता विषयमा समन्वय गर्ने प्रयोजनका लागि संवैधानिक व्यवस्था बमोजिम प्रदेश समन्वय परिषद्को भूमिका प्रभावकारी हुन सकेको छैन । संविधानको साझा सूचीका अधिकार र प्राकृतिक स्रोत परिचालन, वित्तीय हस्तान्तरण, राजस्व सम्भाव्यता तथा परिचालन क्षमता वृद्धि गरी खर्चको आवश्यकता पूर्ति गर्नु चुनौतीका रूपमा रहेको छ ।

(३) **अन्तरप्रदेश परिषद् क्रियाशीलता अभिवृद्धि गर्नु:** प्रदेशबिचको साझा चासो, सरोकार र हितका विषयमा समन्वय गरी विस्तार गरेका आपसी सहयोगका उपक्रम देखा परेका छैनन् । अन्तरप्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद् र प्रदेश समन्वय परिषद् जस्ता अन्तर प्रदेश समन्वयका लागि स्थापित संयन्त्रको क्रियाशीलता तथा प्रभावकारीता वृद्धि गर्नु चुनौती रहेको छ ।

## १४.४ रूपान्तरणका रणनीति

### १०.४.१ शान्ति सुव्यवस्था र मानव अधिकार

(१) **नीति तथा कानुनी आधार तयार गर्ने:** प्रदेश अधिकार क्षेत्रभित्रका विषयमा कार्य सम्पादनका लागि उपयुक्त नीति तथा कानुन तर्जुमा गरिने छ । जोखिममा रहेका सीमान्तकृत, विपन्न, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति एवम् पिछडिएका क्षेत्र, वर्ग, र समुदायको अधिकार सुनिश्चित गर्न प्रादेशिक नीति तथा कानुनी आधार तयार गरिने छ । विद्यमान नीति तथा कानुनको आवश्यकताअनुसार परिमार्जन तथा अद्यावधिक गर्दै लगिने छ ।

(२) **प्रदेशवासीमा शान्ति सुरक्षाको प्रत्याभूति गराउन प्रहरी समायोजन, संस्थागत व्यवस्था र क्षमता अभिवृद्धि गर्ने:** नीतिगत तथा कानुनी र व्यवस्थापकीय आधार तयार गरी प्रदेश प्रहरी समायोजन गर्न सङ्घीय सरकारसँग पहल, पैरवी र सहकार्य प्रभावकारी बनाइनेछ । प्रदेश प्रहरीको व्यवस्थापनका लागि भौतिक पूर्वाधारको निर्माणलाई निरन्तरता दिइनेछ । प्रहरी समायोजनसँगै सुरक्षा सम्बद्ध निकायको क्षमता विकास गरिने छ । प्रदेशस्थित संवेदनशील स्थान, औद्योगिक प्रतिष्ठान, आयोजना एवम् सार्वजनिक सम्पत्तिको सुरक्षाको सुनिश्चितता गरिने छ । आन्तरिक सुरक्षासँग सम्बन्धित सुरक्षा निकाय, नगर प्रहरी र अन्य सुरक्षा निकाय तथा प्रशासनिक निकायसँगको समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ ।

**(४) मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धनका साथ सामाजिक न्याय कायम गर्ने शासनपद्धतिको प्रवर्द्धन गर्ने:** मानव अधिकार उल्लङ्घनको घटनाका पीडकलाई कारबाही र पीडितलाई उचित क्षतिपूर्ति तथा परिपूरणको व्यवस्था गरिने छ । मानव अधिकारका सवालमा विद्यालय तथा समुदायस्तरमा सचेतना अभिवृद्धि गर्न सचेतनामूलक गतिविधि सञ्चालन गरिने छ ।

**(५) भ्रष्टाचारजन्य क्रियाकलापको रोकथाम गर्ने:** भ्रष्टाचारसँग सम्बन्धित विषयमा सम्बन्धित निकायबाट हुने छानवीन तथा अनुसन्धानमा सूचना आदानप्रदान एवम् समन्वयलाई सघन र प्रभावकारी बनाइनेछ । माध्यमिक तथा उच्च शिक्षाको पाठ्यक्रममा भ्रष्टाचार विरुद्ध सचेतनामूलक विषयवस्तु समावेश गर्न पहल गरिने छ । प्रदेश तथा स्थानीय स्तरबाट सञ्चालन हुने सुशासन तथा क्षमता विकाससम्बन्धी प्रशिक्षण कार्यक्रममा भ्रष्टाचार नियन्त्रण तथा सदाचारसँग सम्बन्धित विषय समावेश गरी सहजीकरण गरिने छ ।

### १४.४.२ सार्वजनिक सेवाप्रवाह

**(१) प्रादेशिक शासकीय संयन्त्र सवल र सुदृढ बनाउने:** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधारका लागि अध्ययन गरी पृष्ठपोषण प्राप्त गरिने छ । समन्वय महाशाखामा मन्त्रालयगत तथा स्थानीय तहगत सेवा विवरण अभिलेख र सेवासम्बन्धी कार्यलाई व्यवस्थित गरिने छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव आदान प्रदान, प्रोत्साहन तथा पुरस्कार र क्षमता विकास माध्यमबाट प्रदेश निजामती सेवालाई व्यवसायिक र नतिजामुखी बनाइनेछ । नीतिगत तथा संरचनागत सुधारमार्फत संगठन र सेवा प्रवाहलाई छिटो छरितो चुस्त र नतिजामुखी ढाँचामा रुपान्तरण गरिने छ ।

**(२) खुला र पारदर्शी प्रदेश सरकारको अवधारणा प्रवर्द्धन गर्ने:** वित्तीय सुशासनका आधारभूत औजारको प्रभावकारी उपयोग गरी वित्तीय जोखिम न्यूनीकरण गरिने छ । प्रशासनिक कार्य सुगमता र कार्यगत निष्ठासूचक तयार गरी ३६० डिग्री कार्यसम्पादन मापनपद्धति अवलम्बन गरिने छ । कर्मचारीको वृत्ति विकासलाई अनुमानयोग्य बनाइ मनोबल अभिवृद्धि तथा कार्यसम्पादनमा सुधार गरिने छ ।

**(३) सेवाप्रवाहका प्रक्रियालाई प्रविधिमैत्री तथा सेवाग्राहीमैत्री बनाउने**: डिजीटलाइजेशनका माध्यमबाट सार्वजनिक निकायबाट प्रदान गरिने सेवा तथा सुविधामा नागरिक पहुँच अभिवृद्धि गरिने छ । हातहातमा प्रविधिको अवधारणामा Digital Governance प्रवर्द्धन गरिने छ । डिजिटल नेपाल फ्रेमवर्कभित्र प्रदेश सरकारका अनलाइन सेवाप्रवाह तथा अनुगमन प्रणाली सुदृढ गरिने छ । प्रदेश

सरकारको सेवाप्रवाहलाई मितव्ययी र प्रभावकारी गराउन सांगठनिक संरचना, कर्मचारी दरबन्दी र कार्य विवरणको पुनरावलोकन गरी अद्यावधिक गरिने छ।

(४) **भ्रष्टाचार निदानका लागि निरोधात्मक उपायमार्फत सुशासन प्रवर्द्धन गर्ने**: भ्रष्टाचार नियन्त्रण तथा सदाचार सम्बन्धमा जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज र निजी क्षेत्रसँगको संवाद, छलफल, अध्ययन तथा अनुसन्धानलाई नियमित तथा प्रभावकारी गराइने छ। आचारसंहिता निर्माण तथा परिमार्जन, तेस्रो पक्षबाट पालना अनुगमन तथा परीक्षण र नागरिक निगरानीलाई प्रभावकारी बनाइ सुशासन प्रवर्द्धन गरिने छ।

### १४.४.३ अन्तरसरकार समन्वय तथा सहकार्य

(१) **नीति तथा कानुन तर्जुमा, परिमार्जन र कार्यान्वयन गर्ने**: प्रदेशको एकल अधिकार क्षेत्रका विषयमा नीति तथा कानुन निर्माण र संशोधन गरी प्रदेशको अधिकार क्षेत्रको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ। साझा अधिकार र बाझिएका विषयमा कानुन अनुसारको संस्थागत संयन्त्रलाई क्रियाशील बनाई अन्तरसरकार समन्वय, सहकार्य र साझेदारीको प्रवर्द्धन गरिने छ।

(२) **अन्तर सरकार समन्वय र सहकार्यमा नीतिगत सामञ्जस्यता, रणनीतिक साझेदारी र साझा अधिकार क्षेत्रको प्रयोगमा एकरूपता ल्याउने**: एक प्रदेशले अर्को प्रदेशका बासिन्दालाई आफ्नो प्रदेशको कानुन बमोजिम समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउने गरी सहकार्य गरिने छ। अन्तरप्रदेश व्यापारको संरक्षण र प्रवर्द्धनका लागि सहकार्य तथा साझेदारी गरिने छ। एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा सहजीकरण गरिने छ। तीनै तहका सरकारबिचको अन्तरआबद्धता क्रियाशील बनाउन समन्वयकारी संयन्त्र तथा संस्थाको संस्थागत क्षमता विकास गरी क्रियाशील बनाइनेछ

(३) **अन्तरप्रदेश र अन्तरस्थानीय तह लाभ वितरण सम्बन्ध सुदृढ बनाउने**: राजस्व सम्भाव्यता, सङ्कलन, प्राकृतिक स्रोत परिचालन, वित्तीय हस्तान्तरण लगायतका कार्यमा स्पष्ट कार्यजिम्मेवारी बाँडफाँट र अधिकारको परिपालनामा जोड दिइने छ। सहलगानी र साझेदारीका क्षेत्र पहिचान गरी विकास प्रक्रियालाई गतिशील तुल्याइने छ। स्थानीय सरकारलाई प्रदान गरिने ससर्त, समपुरक र विशेषलाई प्राथमिकता क्षेत्रमा खर्च गर्ने व्यवस्था गरिने छ।

## १४.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

### १४.५.१ शान्ति सुव्यवस्था र मानव अधिकार

**(क) संस्थागत क्षमता विकास:**

१. प्रदेशको सुरक्षा नीति, कानुन, कार्यविधि तथा मापदण्ड तर्जुमा;

२. प्रदेश सरकारको सेवा प्रवाहसम्बन्धी संरचना, पूर्वाधार विकास तथा भौतिक सुविधा व्यवस्थापन;

३. मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना मूलप्रवाहीकरण सहयोग;

४. संयुक्त राष्ट्र सङ्घबाट पारित महिला शान्ति सुरक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना मूलप्रवाहीकरण सहयोग;

५. सूचना प्रविधिमैत्री सेवाप्रवाह तथा विद्युतीय सुशासन ।

**(ख) सुरक्षा संरचना एवम् पूर्वाधार निर्माणः**

१. प्रदेश प्रहरी तालिम केन्द्र स्थापना;

२. प्रदेश प्रहरी क्षमता विकास (आधुनिक, व्यावसायिक प्रविधियुक्त बनाउने उपक्रम);

३. प्रहरीको कार्य सञ्चालन सम्बद्ध भवन तथा उपकरण व्यवस्थापन;

४. कारागार, सुधार गृह र मानव अधिकार आयोगका कार्यालयको संरचनागत र पूर्वाधार निर्माण सुधार सहयोग;

५. विद्युतीय अपराध (साइबर क्राइम, डिजिटल क्राइम) को अध्ययन, अनुसन्धान तथा नियमन।

**(ग) मानव अधिकार सामाजिक जागरण कार्यक्रमः**

१. मानव अधिकारसम्बन्धी सामाजिक जागरण तथा संवर्द्धन कार्यक्रम;

२. मानव बेचबिखन, तस्करी, महिलामाथि हुने शारीरिक तथा यौनजन्य दुर्व्यवहार रोकथाम तथा नियन्त्रण;

३. मौलिक हकसम्बन्धी कानुनको कार्यान्वयन सहयोग;

४. मानव अधिकार उल्लङ्घनका घटना अध्ययन, अनुसन्धान तथा दण्डहीनता रोकथाम;

५. पीडित राहत तथा क्षतिपूर्ति सहयोग;

६. मानवीय कानुन तथा विधिको शासन सचेतना।

**(घ) भ्रष्टाचार रोकथाम तथा नियन्त्रणसम्बन्धी सामाजिक जागरण कार्यक्रमः**

१. नागरिक समाजसँगको समन्वय र सहकार्य विस्तार;

२. व्यावसायिक निष्ठा, इमान्दारिता र सादा जीवनको आधारमा राष्ट्रसेवक कर्मचारी प्रोत्साहन;

३. भ्रष्टाचारजन्य क्रियाकलाप रोकथाम तथा नियन्त्रणसम्बन्धी नीति तथा कानुन तर्जुमा तथा सुधार;

४. भ्रष्टाचार निवारणसम्बन्धी सचेतना;

५. भ्रष्टाचार रोकथाम सूचनादाता प्रोत्साहन।

**१४.५२. सार्वजनिक सेवाप्रवाह**

**(क) सेवाप्रवाह सबलीकरण कार्यक्रम:**

१. सार्वजनिक सेवामा डिजिटलाइजेसन प्रवर्द्धन र नीतिगत तथा कानुनी सुधार;
२. सेवा प्रवाहसम्बन्धी अध्ययन, अनुसन्धान र सेवा स्तरीकरण तथा सुदृढीकरण;
३. सेवाप्रवाहमा विद्युतीय शासनको प्रवर्द्धन;
४. प्रादेशिक शासकीय संयन्त्रबिच समन्वय प्रणाली विकास (सूचना तथा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन)।

**(ख) कार्य सम्पादन सुधार तथा अध्ययन अनुसन्धानः**

१. संगठन तथा व्यवस्थापन सर्वेक्षण;

२. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान सबलीकरण तथा व्यवस्थापन;

३. स्मार्ट कार्यालय व्यवस्थापन;

४. विद्युतीय अनुगमन प्रणाली व्यवस्थापन;

५. सञ्चालित विकास योजना तथा कार्यक्रमको प्राविधिक परीक्षण, आवधिक तथा प्रभाव मूल्याङ्कन।

**(ग) न्यायमा पहुँच अभिवृद्धि कार्यक्रम:**

१. न्यायमा पहुँच सुनिश्चित गर्न सङ्घ सँगको समन्वयमा निःशुल्क कानुनी सहायतासम्बन्धी कार्यक्रम;

२. कानुनी सहजकर्जा व्यवस्थापन;

३. स्थानीय न्यायिक समिति क्षमता विकास कार्यक्रम।

**१४.५.३ अन्तरसरकार समन्वय तथा सहकार्य**

**(क) सेवाप्रवाह संस्थागत क्षमता अभिवृद्धि कार्यक्रमः**

१. प्रदेशस्तरमा हुने सेवाप्रवाहसम्बन्धी अध्ययन र नीति तथा कानुन निर्माण र परिमार्जन;

२. स्थानीय सरकारबाट प्रदान गरिने सेवाप्रवाहमा सुधारका लागि सहयोग तथा सहजीकरण;

३. प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास कार्यक्रम।

**(ख) प्रगति अनुगमन तथा मूल्याङ्कन कार्यक्रम:**

१. जिल्ला समन्वय समितिलाई स्थानीय तहको योजना तथा कार्यक्रम अनुगमनमा सहयोग र सहजीकरण;
२. वित्तीय हस्तान्तरण कार्यान्वयन अवस्था र प्रगति विवरण प्रणालीको विकास;
३. दिगो विकास लक्ष्य प्रगति अनुगमन तथा मूल्याङ्कन कार्यक्रम;
४. प्रदेश र स्थानीय तहका नीति, योजना र कार्यक्रमको प्रभावकारीतासम्बन्धी अध्ययन, अनुसन्धान र संवाद।

**(ग) अन्तर सरकार समन्वय तथा सहकार्य प्रवर्द्धन कार्यक्रम:**

१. साझेदारी तथा सहकार्यका क्षेत्र पहिचानका लागि अध्ययन;
२. प्रदेश समन्वय परिषद् बैठक तथा सवाल केन्द्रित संवाद;
३. अन्तरसरकार सहयोग संयन्त्र स्थापना।

## १४.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| **१.** | **शान्ति सुव्यवस्था र मानव अधिकार** | | | | | |
| १.१ | निर्वाचन खर्च लेखापरीक्षण गराउने प्रदेश सभाका उम्मेदवार | प्रतिशत | ३५ | ४० | ६० | ८० |
| १.२ | प्रहरी र जनसङ्ख्या अनुपात (प्रति प्रहरी जनसङ्ख्या) | सङ्ख्या | ३३३ | ३३० | ३१५ | ३०० |
| १.३ | प्रदेश प्रहरीको कार्यालय भवन र प्रदेश प्रहरी तालिम केन्द्र | सङ्ख्या | ३५ | ३६ | ४० | ४५ |
| १.४ | मानव अधिकार हननसम्बन्धी दर्ता/अनुसन्धान भएका घटना | सङ्ख्या | ५१३ | ५०० | ४०० | ३०० |
| १.५ | दर्ता/अनुसन्धान भएका विद्युतीय, साइबर, डिजिटल अपराध | सङ्ख्या | १०४ | ५२० | ३०० | १५० |
| १.६ | सक्रिय लागुऔषधको दुर्व्यसनी | सङ्ख्या | ७९५६ | ७५०० | ६००० | ४००० |
| १.७ | विगत १२ महिनामा हिंसामा परेका जनसङ्ख्या | सङ्ख्या | - | ११२८ | ८०० | ६०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **२.** | **सार्वजनिक सेवाप्रवाह** | | | | | |
| २.१ | घरधुरीबाट १५ मुख्य सेवा (आधारभूत विद्यालय, स्वास्थ्य चौकी, सडक यातायात, प्रहरी चौकी, बजार केन्द्र, कृषि सेवा केन्द्र, बैंक, खानेपानी, पुस्तकालय) लिन जान लाग्ने औसत समय | मिनेट | ३५ | ३२ | २७ | २० |
| २.२ | सार्वजनिक सेवा पूर्ण अनलाइन प्रणालीबाट सञ्चालन हुने सार्वजनिक कार्यालय | सङ्ख्या | ० | १ | ४ | ७ |
| २.३ | भ्रष्टाचार विरुद्ध अभियानमा संलग्न, समन्वय र सहकार्य गर्ने नागरिक समाज संस्था | सङ्ख्या | १४ | १५ | १८ | २१ |
| २.४ | भ्रष्टाचार प्रतिको जनधारणा (भ्रष्टाचार सूचकाङ्क) | प्रतिशत | ४० | ३५ | ३० | २५ |
| २.५ | कुल विनियोजनमा पुँजीगत खर्चको अंश | प्रतिशत | ५४.७२ | ६०.४० | ६२ | ६४ |
| २.६ | लैङ्गिक उत्तरदायी बजेटको अंश | प्रतिशत | ५९ | ६५.७१ | ६८ | ७० |
| **३.** | **अन्तरसरकार समन्वय तथा सहकार्य** | | | | | |
| ३.१ | अन्तरप्रदेश समन्वय बैठक | सङ्ख्या | ३ | ४ | ५ | ८ |
| ३.२ | कानुन निर्माण/संशोधन भएका प्रदेशका एकल अधिकार सूचीका विषय | सङ्ख्या | ३८ | ४० | ४४ | ४८ |
| ३.३ | अन्तरसरकार सहलगानी र साझेदारीका लागि पहिचान भएका क्षेत्र/कार्यक्रम/आयोजना | सङ्ख्या | ८ | १० | ३० | ६० |
| ३.४ | दिगो विकास लक्ष्य स्थानीयकरणका लागि स्थानीय तहसँग संयुक्त प्रगति अनुगमनका लागि भएका प्रयास/अभ्यास | सङ्ख्या | ० | ५ | १५ | ३० |
| ३.५ | जिल्ला समन्वय समितिबाट अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन तयार भएका स्थानीय तहको आयोजना/कार्यक्रम | सङ्ख्या | ४० | ४५ | ६० | ८५ |
| ३.६ | प्रदेशको वित्तीय हस्तान्तरणबाट स्थानीय तहमा लगानीको अनुपात | प्रतिशत | ५.९६ | ७.२७ | ७.५० | ८ |

*स्रोत: गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार*

# परिच्छेद १५

# सुसूचित नीति, योजना तथा विकास व्यवस्थापन

१५.१ पृष्ठभूमि २६१

१५.२ विद्यमान अवस्था २६२

१५.३ मुख्य सवाल तथा चुनौती २६३

१५.४ रूपान्तरणका रणनीति २६६

१५.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम २६९

१५.६ परिमाणात्मक लक्ष्य २७२

# परिच्छेद १५

# सुसूचित नीति, योजना तथा विकास व्यवस्थापन

## १५.१ पृष्ठभूमि

योजना लक्ष्य र स्रोतबिच तालमेल गर्ने प्रणाली हो। यसको लक्ष्य आर्थिक सामाजिक समुन्नति हासिल गर्ने हुन्छ। योजना तर्जुमा गर्दा स्थापित पद्धति अनुसरण भएको हुनुपर्दछ। अनुगमन तथा मूल्याङ्कनबाट लक्ष्य अनुरूपको उपलब्धि मापन गरिनुपर्दछ । प्रदेशले आफ्नो विकास नीति कार्यान्वयन गर्न आफ्नो वित्तीय स्रोतको सम्भाव्यता, आर्थिक तथा सामाजिक विकास पूर्वाधारको उपस्थिति तथा संस्थागत कार्यान्वयन क्षमताका आधारमा दीर्घकालीन, मध्यमकालीन र वार्षिक विकास योजना तर्जुमा गर्नुपर्दछ । तथ्यमा आधारित नीति तथा योजना तर्जुमाको लागि एकीकृत तथ्याङ्क प्रणालीको विकास जरुरी हुन्छ।

गण्डकी प्रदेश सरकारले योजना तर्जुमा प्रक्रियामा राष्ट्रिय योजनाले अवलम्बन गरेको योजना प्रणालीको अनुसरण गर्दै आएको छ। प्रदेश सरकारले नीति तथा योजना कार्यान्वयनलाई तथ्यमा आधारित बनाउन मध्यमकालीन खर्च संरचनालाई वार्षिक बजेट तथा कार्यक्रमसँग तालमेल कायम गरी नतिजामुखी बनाउँदै लगेको छ । विगतका योजनाको समीक्षाले औँल्याएका उपलब्धि तथा कमी कमजोरीलाई दृष्टिगत गर्दै नतिजामूलक तथा सहभागितात्मक योजना तर्जुमा प्रणालीमा जोड दिएको छ। गण्डकी प्रदेश नीति तथा योजना आयोगले योजनाको लक्ष्य र उद्देश्यअनुरूप विकास आयोजनाको प्रभावकारी कार्यान्वयन तथा अनुगमन र यसको प्रभाव मापन गर्न मूल्याङ्कन गर्ने विषयलाई आत्मसाथ गरेको छ। यसका साथै प्रदेश सरकार तथा साझेदारीमा कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनाको कार्यसम्पादनको अवस्था, सान्दर्भिकता, नीति तथा कार्यक्रमसँगको सामाञ्जस्यता, कार्यदक्षता, प्रभावकारिता, असर तथा प्रभाव सम्बन्धमा लैङ्गिक विश्लेषणबाट सिकाइ, सुसूचीत निर्णय र जवाफदेहिता अभिवृद्धि गर्न आयोजनाको मूल्याङ्कनलाई संस्थागत गर्ने प्रयास अगाडि बढाएको छ।

## १५.२ विद्यमान अवस्था

### १५.२.१ तथ्याङ्क व्यवस्थापन

तथ्याङ्क व्यवस्थापन सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहको आ-आफ्नै अधिकारक्षेत्र रहेको छ । खण्डीकृत तथा एकीकृत तथ्याङ्कको आवश्यकता सङ्घीय तहका साथै प्रदेश र स्थानीय तहमा पनि रहेको हुन्छ । तथ्याङ्कले प्रदेश तहको अधिकार सूची र कार्य जिम्मेवारीका विषयमा नीति, योजना तथा कार्यक्रम तर्जुमा, नियमन र व्यवस्थित गर्न मद्दत गर्दछ । आधुनिक सूचना तथा सञ्चार प्रविधिको प्रयोग, सर्वेक्षण प्रणाली, तथ्याङ्कको स्रोतसँगको अन्तरआवद्धता महत्त्वपूर्ण हुनुको साथसाथै सो तथ्याङ्कको अधिक उपयोग योजना तर्जुमा, मूल्याङ्कन र नीति निर्माण प्रक्रियामा गरिनुपर्दछ । तथ्याङ्क क्षेत्रको संस्थागत क्षमता अभिवृद्धिका लागि प्रदेश र स्थानीय तहमा तथ्याङ्क व्यवस्थापन एकाइको स्थापना र क्षमता अभिवृद्धि गरिनुपर्छ ।

प्रादेशिक गार्हस्थ्य उत्पादन लगायतका समष्टिगत आर्थिक तथ्याङ्कका अतिरिक्त प्रादेशिक तहको अन्य तथ्याङ्क उपलब्ध हुन थालेका छन् । राष्ट्रिय जनगणना, २०७८ र नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) को प्रतिवेदनले प्रदेशगत रूपमा तथ्याङ्क उपलब्ध गराएको छ । प्रदेशले वार्षिकरूपमा आर्थिक सर्वेक्षण गरी तथ्याङ्क व्यवस्थापन कार्य आरम्भ गरेको छ । विकास आयोजना र स्रोतसम्बन्धी तथ्याङ्क पहिलो पञ्चवर्षीय योजनाको मध्यमकालीन समीक्षा र आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन, आयोजना प्रस्ताव तयारी, अनुगमन तथा मूल्याङ्कनको अभ्यासबाट समेत प्राप्त हुन थालेका छन् । विषयगत मन्त्रालय लगायत विभिन्न आयोगका प्रतिवेदन प्रकाशन भई निकायगत तथ्याङ्क उपलब्ध रहेका छन् । विद्युतीय प्रणालीमार्फत सेवाप्रवाह सुरुवात गर्ने स्थानीय सरकारको अनुपात ७० प्रतिशतको हाराहारीमा पुगेको छ । प्रदेशस्तरमा PLMBIS, CGAS र स्थानीय तहमा SuTRA पूर्ण सञ्चालनमा रहेका छन् । यसैगरी स्थानीय तहमा संस्थागत स्वमूल्याङ्कन र वित्तीय सुशासन जोखिम मूल्याङ्कन जस्ता औजार प्रयोगमा रहेका छन् । प्रदेशका कुल ८५ स्थानीय तह मध्ये ७५ वटा स्थानीय तहको डिजिटल प्रोफाइल तयार भएको छ ।

### १५.२.२ नीति तथा योजना तर्जुमा

गण्डकी प्रदेश नीति तथा योजना आयोगले आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरण र सुशासनलाई दृष्टिगत गरी प्रदेशको दीर्घकालीन नीति तथा योजना तर्जुमा गरिआएको छ । पहिलो पञ्चवर्षीय योजनाको कार्यान्वयनको सिकाइका आधारमा गण्डकी प्रदेशले दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरेको छ । दोस्रो

पञ्चवर्षीय योजनालाई हाल प्रचलनमा रहेको निकायगत विस्तृत योजनाको सट्टा विषय क्षेत्रगत साङ्केतिक बनाउने अभिप्रायका साथ रणनीतिक पक्ष केन्द्रित बनाइएको छ ।

पछिल्लो पाँच वर्षको अवधिमा योजना प्रणालीलाई संस्थागत गर्नुका साथै आर्थिक सामाजिक विकासको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल भएका छन् । पहिलो योजनाकालमा सामाजिक-आर्थिक क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गर्ने लक्ष्य, रणनीति र कार्यक्रम समावेश गरी आवश्यक स्रोतको विनियोजन गरिएको थियो । यसैगरी प्रदेश सरकारले प्रादेशिक र स्थानीय योजना तर्जुमा दिग्दर्शन, प्रादेशिक अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तर्जुमा गरी कार्यान्वयनमा लगिएको छ ।

प्रदेशभर हालसम्म गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र अन्य कार्यक्रमको सहयोग तथा सहजीकरणमा ३७ वटा स्थानीय तहका आवधिक योजना तर्जुमा भएको र ११ वटा तर्जुमाको क्रममा रहेका छन् । यसैगरी ४८ वटा स्थानीय तहको राजस्व सुधार कार्यान्वयन योजना तयारी र १५ वटा तयारीको क्रममा रहेका छन् भने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति ६३ वटा स्थानीय तहमा तर्जुमा भएको र ५ वटामा तर्जुमाका क्रममा रहेका छन् । यस बाहेक स्थानीय तहले आफ्नै स्रोत परिचालन गरी आवधिक विकास योजना लगायत अन्य रणनीतिक योजना तर्जुमा गरेका छन् ।

### १५.२.३ अनुगमन तथा मूल्याङ्कन

गण्डकी प्रदेश सरकारको आवधिक एवम् वार्षिक नीति तथा कार्यक्रमको समष्टिगत व्यवस्थापकीय अनुगमन तथा मूल्याङ्कन प्रदेश सभा र विषयगत समितिबाट हुँदै आएको छ । आयोगले प्रथम पञ्चवर्षीय योजनाको मध्यमकालीन समीक्षा गरी दोस्रो पञ्चवर्षीय योजना तयारी क्रममा योजनाको अन्तिम समीक्षा समेत संक्षिप्त रूपमा गरेको छ । प्रदेशका विषयगत मन्त्रालयले आफ्नो वार्षिक नीति र कार्यक्रमको अनुगमन निर्धारित सूचकका आधारमा गर्ने अभ्यास रहेको छ । स्थानीय सरकारले आफ्नो अधिकारक्षेत्रका विषयमा स्थानीयस्तरको आवधिक, वार्षिक, विषयक्षेत्रगत रणनीतिक तथा गुरुयोजना तर्जुमा गरी कार्यान्वयन तथा अनुगमन गरिआएका छन् । दिगो विकास लक्ष्यको स्थानीयकरण गरी मूलप्रवाहीकरण गर्न सीमित सूचकको मात्र आन्तरिकीकरण गर्न सकिएको छ ।

## १५.३ मुख्य सवाल तथा चुनौती

### १५.३.१ तथ्याङ्क व्यवस्थापन

(१) **तथ्याङ्क व्यवस्थापनसम्बन्धी संस्थागत संरचनाको विकास गर्नु:** प्रदेश शासन व्यवस्था कार्यान्वयनको प्रारम्भिक चरणमा तथ्याङ्क सङ्कलन, प्रशोधन र प्रकाशनको लागि प्रदेशस्तरका

संस्थागत संरचना नहुनु नै प्रमुख समस्याका रूपमा रहेको छ। प्रदेशगत विस्तृत तथ्याङ्कको अभाव र उपलब्ध तथ्याङ्कमा पनि एकरूपता नभई तुलना गर्न नमिल्दा कतिपय अवस्थामा तथ्याङ्क भन्दा तर्कको आधारमा विश्लेषण गर्नु परेको अवस्था विद्यमान छ । प्रदेश विकासको योजना तथा कार्यक्रमको प्रगति मापन र मूल्याङ्कनका साथै दिगो विकास लक्ष्यको स्थानीयकरणको प्रगतिको मूल्याङ्कन लागि खण्डीकृत तथ्याङ्कको व्यवस्थापन गर्नु चुनौती रहेको छ।

**(२) खुला तथ्याङ्कको अवधारणा अभ्यास गर्नु:** प्रादेशिक एवम् स्थानीय तहस्तरको तथ्याङ्क व्यवस्थापनको लागि प्रभावकारी संरचना बनाउन सकिएको छैन। योजना तर्जुमा लगायत निर्णय प्रक्रियामा तथ्याङ्कको उपलब्धता र प्रयोग हुन सकेको छैन। प्रदेशका मन्त्रालयको सङ्ख्यामा हुने फेरबदलले विषयगत बजेट विनियोजन र कार्यान्वयनमा देखिने परिवर्तनको तुलना गर्न कठिन देखिएको छ । तथ्याङ्कमा सहज पहुँचका लागि खुला तथ्याङ्कको अवधारणा अवलम्बन र स्थानीय तहसम्मका तथ्याङ्क एकीकृत रूपमा तयार गर्नु चुनौती रहेको छ।

**(३) तथ्याङ्क व्यवस्थापनमा दक्ष जनशक्तिको विकास गर्नु:** तथ्याङ्क सङ्कलन र विश्लेषणमा भू-सूचना प्रणालीको उपयोग सीमित रहेको छ। तथ्याङ्कीय काममा भौगोलिक अड्चन र कठिनाइ हुनु र तथ्याङ्कसम्बन्धी काममा दक्ष जनशक्तिको आकर्षण बढाउने र कार्यरत जनशक्तिलाई सेवामा टिकाइराख्नु कठिनाइ रहेको छ। तीनै तहका सरकारबिच तथ्याङ्क व्यवस्थापनमा समन्वय र सहकार्य गरी दक्ष जनशक्तिको विकास गर्नु चुनौती रहेको छ।

### १५.३.२ नीति तथा योजना तर्जुमा

**(१) नीति तथा योजना तर्जुमाको मापदण्ड पालना गर्नु:** योजना तर्जुमालाई वस्तुपरक र नतिजामूलक बनाउन प्रदेशगत खण्डीकृत तथा एकीकृत तथ्याङ्क उपलब्धतामा कमी रहेको छ। योजना तर्जुमा गर्दा प्रादेशिक आवश्यकता, आर्थिक सम्भाव्यता, स्रोत व्यवस्था र कार्यान्वयन क्षमता जस्ता तर्जुमाका पूर्वसर्तको विश्लेषण हुन नसक्नु र विषयगत मन्त्रालय तथा निकायका दक्ष र अनुभवी जनशक्तिको क्षमता उपयोगमा कमी हुनु प्रमुख समस्या हुन् । वित्त व्यवस्था, राजस्व परिचालन, योजना तर्जुमा, सार्वजनिक खरिद र सार्वजनिक सेवासम्बन्धी कार्य सम्पादन गर्नका लागि अपनाउनुपर्ने विधि, प्रक्रियाको अनुसरण र कार्यान्वयन क्षमता सुधारमा देखापरेका समस्याको उचित सम्बोधन हुनसकेको छैन। योजना तर्जुमाको मापदण्ड पालना गरी अनुशासन कायम गर्न संस्थागत संरचना, तथ्याङ्क व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रभावकारी बनाउनु र आयोजना

बैंक तयारी, सम्भाव्यता अध्ययन, प्राथमिकीकरण तथा गुणस्तर परीक्षण गरी स्रोतको वैज्ञानिक बाँडफाँट गर्नु चुनौती रहेको छ।

(२) **नीति, योजना तथा आयोजनाको वस्तुस्थिति विश्लेषण गर्नुः** नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्दा सूचना तथा प्रमाणको आधारमा वस्तुस्थिति विश्लेषण कमजोर हुने गरेको छ। नीति, योजना तथा कार्यक्रममा तहगत र प्रणालीगत अन्तरसम्बन्ध कायम हुन सकेको छैन। प्रदेश सभाका सदस्यबिच सम्वाद र सहभागिता न्यून हुने गरेको छ। राजनीतिक प्रतिवद्धता तथा सरकार र प्राथमिकतामा भइरहने फेरबदलले नीति तथा योजनामा स्थायित्व स्थापित हुन नसक्दा स्रोत विनियोजन, कार्यान्वयन तथा उपलब्धिमा समेत नकारात्मक असर परेको छ। महत्वाकाङ्क्षी विकास आयोजना तथा कार्यक्रम आवश्यकता पहिचान र सम्भाव्यता अध्ययन नभई छनौट र स्वीकृति हुने अवस्था कारण सार्वजनिक खर्च आशातीत हुन सकेको छैन। सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ जस्ता औजारको प्रयोगका साथ नतिजाको विश्लेषण कार्य प्राथमिकतामा पर्न सकेको छैन। नीति, योजना तथा कार्यक्रममा तहगत र प्रणालीगत अन्तरसम्बन्ध कायम गर्नु, आयोजनाको विश्लेषण र छनौट पद्धति वैज्ञानिक बनाउनु र आयोजनामा दोहोरो स्रोत विनियोजनको अवस्था हटाउनु चुनौतीका रूपमा रहेको छ।

(३) **जलवायुमैत्री तथा लक्षित वर्गलाई प्रत्यक्ष लाभपुग्ने आयोजना तथा कार्यक्रम छनौट र कार्यान्वयन गर्नुः** प्रदेश तथा स्थानीय तहमा साना टुक्रे योजनाको सङ्ख्या घटाउनु मुख्य सवालका रूपमा रहेको छ। साथै लक्षित वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने र जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।

### १५.३.३ अनुगमन तथा मूल्याङ्कन

(१) **नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत गर्नुः** प्रदेश तहमा अनुगमनले प्राथमिकता नपाउनु र अनुगमनको संस्थागत प्रणाली नहुनु नै मुख्य समस्याका रूपमा देखिएको छ। अनुगमन तथा मूल्याङ्कनको प्रादेशिक आधारभूत मापदण्ड निर्धारण हुन सकेको छैन। दिगो विकास लक्ष्यको स्थानीयकरण सहयोगी सूचक तर्जुमा तथा प्रयोग गर्नु र आन्तरिक स्रोत तथा अनुदान रकमको सदुपयोग र प्राप्त उपलब्धि अभिलेखीकरण गर्नु चुनौतीपूर्ण देखिएका छन्।

(२) **अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाउनु:** अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई कार्यान्वयन गर्ने र शासकीय निकायलाई नतिजामुखी बनाउन ३६० डिग्री सहितको अनुगमन प्रणालीको विकास हुन सकेको छैन । सङ्घीय संरचनाअनुसार तहगत तथा निकायगत समन्वयमा विभिन्न आयोजना तथा कार्यक्रमको संयुक्त अनुगमन तथा मूल्याङ्कन नहुनु र आयोजना व्यवस्थापनका सबै चरणमा विधि र प्रक्रिया सुधार गर्न नसकिनु समस्याका रूपमा रहेका छन् । नीति, योजना र कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको प्रचलित तथा नवीन विधिको प्रयोग गरी कार्यसम्पादनको अवस्था, कार्यान्वयनमा रहेका समस्याको सम्बोधन, प्राप्त नतिजाको मापन र असर तथा प्रभावको लेखाजोखा गरी सूचना तथा प्रमाणको सिर्जना गर्नु र सम्बन्धित निकायलाई नतिजा प्रति जवाफदेही गराउनु चुनौतीका रूपमा रहेका छन् ।

(३) **अनुगमन तथा मूल्याङ्कनमा अन्तरनिकाय र अन्तरसरकारी समन्वयलाई प्रभावकारी बनाउनु:** प्रदेश तहमा अनुगमन तथा मूल्याङनका चरणको पालना तथा अभ्यास कमजोर रहेको छ। अनुगमन तथा मूल्याङ्कनमा अन्तरनिकाय र अन्तरसरकारी समन्वयलाई थप प्रभावकारी बनाउनु सवालका रूपमा रहेको छ । विकास नीति, योजना तथा कार्यक्रमले पारेको समग्र प्रभाव, असर र दिगोपनाको मूल्याङ्कनलाई सघन बनाउनु चुनौतीको रूपमा देखिएका छन्।

(४) **अनुगमन तथा मूल्याङ्कनका पृष्ठपोषणको कार्यान्वयन गर्नु:** अनुगमन तथा मूल्याङ्कनबाट औंल्याइएका सकारात्मक पृष्ठपोषणलाई कार्यान्वयन गर्ने व्यवस्था प्रभावकारी हुन सकेको छैन । कार्यक्रम तथा आयोजनाको नतिजालाई सम्बन्धित निकायका पदाधिकारीको कार्यसम्पादनसँग आबद्ध गरी पुरस्कार र दण्डको व्यवस्था गरी कार्यान्वयन गर्नु चुनौतीको रूपमा रहेको छ।

(५) **मूल्याङ्कन क्षेत्रमा दक्ष जनशक्ति विकास गर्नु:** योजनाले परिलक्षित गरेका प्रगतिको एकीकृत प्रतिवेदन तयारी हुन सकेको छैन। विश्वविद्यालय र प्राज्ञिक क्षेत्रसँग सहकार्यको कमी रहेको छ। दिगो विकास लक्ष्य लगायतका विषयमा असर र प्रभाव तहका सूचकको खण्डीकृत तथ्याङ्क व्यवस्थापन गर्नु र अनुगमन तथा मूल्याङ्कन क्षेत्रमा दक्ष जनशक्ति विकास गर्नु चुनौतीको रूपमा रहेको छ।

## १५.४ रूपान्तरणका रणनीति

### १५.४.१ तथ्याङ्क व्यवस्थापन

(१) **तथ्याङ्क प्रणाली सुदृढीकरण गर्ने:** वार्षिक विकास कार्यक्रम तथा आवधिक लक्ष्यको नियमित अनुगमनका लागि तथ्याङ्कमा आधारित सूचक निर्माण गरिने छ । मन्त्रालयमा अनुगमन तथा

मूल्याङ्कन एकाइ स्थापना र स्थापित एकाइको सुदृढीकरण गरिने छ । प्रदेश तथा स्थानीय तहका तथ्याङ्कको एकीकृत व्यवस्थापन प्रणालीको विकास तथा प्रयोग गरिने छ। तथ्याङ्क व्यवस्थापनमा सङ्घ तथा स्थानीय तहसँग समन्वय र साझेदारी गरिने छ।

(२) **प्रदेश र स्थानीय तथ्याङ्कको गुणस्तर कायम गर्नेः** तथ्याङ्कको प्रादेशिक अवधारणा र परिभाषा सहितको मानक बनाइनेछ । तथ्याङ्क सङ्कलन, भण्डारण, ढाँचा, वर्गीकरण सम्बन्धम एकरूपता ल्याउन आवश्यक कार्यविधि बनाइनेछ।

(३) **तहगत सरकारका तथ्याङ्क व्यवस्थापन निकायबिच समन्वय, सहकार्य र तथ्याङ्क आदानप्रदान गर्नेः** सङ्घ, प्रदेश र स्थानीय तहमा रहने तथ्याङ्क निकायबिच सञ्जालीकरण गरिने छ। तथ्याङ्क आदानप्रदान गर्ने प्रणाली र प्रविधिको विकास गरिने छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रदेशमा स्थापना गरेका तथ्याङ्क कार्यालयसँग समन्वय र सहकार्यमार्फत प्रादेशिक तथ्याङ्क प्रणाली सवल बनाईनेछ।

### १५.४.२ नीति तथा योजना तर्जुमा

(१) **नीति, योजना तथा कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनमा संस्थागत क्षमता अभिवृद्धि गर्नेः** नीति योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनसम्बन्धी अध्ययन अनुसन्धान; तर्जुमा, अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा नीति तथा योजना आयोगको क्षमता अभिवृद्धि गरिने छ । योजना कार्यान्वयन सम्बद्ध प्रादेशिक तथा मातहतका एकाइको एकीकरण, पुनःस्थापना र सुदृढीकरण गरिने छ । स्थानीय तहका नीति तथा योजना सम्बद्ध एकाइको क्षमता विकासमा सहयोग तथा सहजीकरण गरिने छ।

(२) **योजना तर्जुमाको स्थापित मान्यता र प्रक्रियागत सुधार गर्नेः** राष्ट्रिय योजनासँग सामञ्जस्यता हुने गरी प्रादेशिक योजना तर्जुमा हुने परिपाटी संस्थागत गरिने छ । सोको आधारमा स्थानीय तहका आवधिक योजनाको तर्जुमा तथा अद्यावधिक गर्न सहयोग तथा सहजीकरण गरिने छ । प्रदेश विकासका संरचनागत रुपान्तरणका क्षेत्र, रणनीति, सूचक र आयोजना कार्यक्रममार्फत प्रदेश नीति तथा योजनामा दिगो विकास लक्ष्यलाई आन्तरिककरण तथा स्थानीयकरण गर्दै लगिनेछ। नीति तथा योजना तर्जुमा पश्चात सोको कार्यान्वयनका लागि मार्गदर्शन सहित सम्बन्धित मन्त्रालय तथा सम्बद्ध निकायलाई उपलब्ध गराइने छ।

**(३) प्रादेशिक सोचअनुरूप आयोजना तथा कार्यक्रमको प्राथमिकताका साथ कार्यान्वयन गर्ने:** योजनामा समावेश भएका आयोजना तथा कार्यक्रमको औचित्य र आवश्यकताका आधारमा अध्ययन तथा पुनरावलोकन गरिने छ। आयोजना बैंकमा रहेका प्रादेशिक सोच पूरा हुने आयोजनाको प्राथमिकताका साथ कार्यान्वयन गरिने छ। स्थानीय तहका आवधिक योजना तर्जुमा, राजस्व सुधार कार्यान्वयन योजना, लैङ्गिक समानता तथा सामाजिक सशक्तीकरण योजना तर्जुमामा सहयोग र सहजीकरण गरिने छ।

**(४) योजना तर्जुमामा संलग्न सार्वजनिक निकाय एवम् निजी, गैरसरकारी तथा सामुदायिक क्षेत्रको क्षमता विकास तथा सुदृढीकरण गर्ने:** नीति तथा योजना तर्जुमासँग सम्बन्धित सार्वजनिक, निजी, गैरसरकारी र सामुदायिक क्षेत्रको क्षमता विकास र सहभागिता सुनिश्चित गरी यसलाई समावेशी र सहभागितामूलक बनाइनेछ । लक्षित वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने र जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका विषयलाई प्राथमिकता दिई नीति, योजना तथा कार्यक्रम तर्जुमाका लागि सम्बन्धित पक्षको क्षमता विकास गरिने छ।

### १५.४.३ अनुगमन तथा मूल्याङ्कन

**(१) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत गर्न कानुनी व्यवस्था गर्ने:** प्रदेश तहमा योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको लागि आधारभूत मापदण्ड निर्धारण सहित ऐन, नियम, कार्यविधि तथा संस्थागत व्यवस्था गरिने छ । उपलब्ध कानुनी व्यवस्था मापदण्डअनुसार योजना कार्यक्रम तथा आयोजनाको प्रभावकारी रूपमा अनुगमन तथा मुल्याङ्कन गरी प्राप्त नतिजा तथा सूचनाको  र अभिलेखीकरण गरिने छ। अनुगमन तथा मुल्याङ्कन गरी प्राप्त नतिजा तथा सूचनालाई नीति, योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रयोग गरिने छ। नतिजामूलक अनुगमन तथा मूल्याङ्कनमा स्थानीय तहको क्षमता वृद्धि गरिने छ।

**(२) अनुगमन तथा मूल्याङ्कन कार्यलाई नियमित र प्रभावकारी बनाउने:** अनुगमन तथा मूल्याङ्कनको आधारमा प्रतिवेदन नियमित गरिने छ । तेस्रो पक्षबाट अनुगमन तथा मूल्याङ्कन गराउने पद्धतिको विकास तथा अनुसरण गरिने छ। न्यून प्रगति भएका दिगो विकास र प्रादेशिक लक्ष्य अध्ययन गरी लक्ष्य हासिल गर्न थप लगानी विस्तार गरिने छ। प्रदेश सरकारका जिम्मेवार निकाय तथा पदाधिकारीले योजना, कार्यक्रम तथा आयोजनाको नियमित तथा प्रभावकारी रूपमा अनुगमन तथा मूल्याङ्कन गरे नगरेको सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट निगरानी गरिने

छ। अनुगमन तथा मूल्याङ्कन कार्यलाई नियमित र प्रभावकारी बनाउन वस्तुनिष्ठ, मापनयोग्य र दिगो विकास लक्ष्यको स्थानीयकरण सहयोगी सूचक निर्माण गरिने छ।

(३) **अनुगमन तथा मूल्याङ्कन पद्धति सबलीकरण गर्ने:** प्रदेशको नीति, योजना तथा कार्यक्रमलाई सूचना तथा प्रमाणमा आधारित, समावेशी, नतिजामूलक र प्रभावकारी बनाउन नेपाल सरकार र विकास साझेदार निकायसँग पैरवी, समन्वय, साझेदारी र सहकार्य अभिवृद्धि गरिने छ। दिगो विकास लक्ष्य लगायतका विषयमा असर र प्रभाव तहका सूचकको खण्डीकृत तथ्याङ्क व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन क्षेत्रमा दक्ष जनशक्ति विकास गरी परिचालन गरिने छ।

## १५.५ प्रमुख हस्तक्षेपकारी कार्यक्रम

### १५.५.१ तथ्याङ्क व्यवस्थापन

**(क) प्रदेश तथ्याङ्क प्रणाली स्थापना:**

१. प्रदेशमा स्थापित तथ्याङ्क कार्यालयसँग समन्वय र सहकार्य;
२. एकीकृत तथ्याङ्क व्यवस्थापन सूचना प्रणाली व्यवस्थापन तथा सुदृढीकरण;
३. तथ्याङ्क व्यवस्थापनमा सङ्घ तथा स्थानीय तहसँग समन्वय र साझेदारी;
४. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली व्यवस्थापन;
५. आयोजना पहिचान, सम्भाव्यता अध्ययन र प्राथमिकता निर्धारणसहित आयोजना बैंक प्रणाली व्यवस्थापन;
६. रोजगार सूचना प्रणाली स्थापना तथा अद्यावधीकरण।

**(ख) प्रविधि र उपकरण व्यवस्था र उपयोग:**

१. विद्युतीय तथ्याङ्क व्यवस्थापन प्रणाली विकास तथा सञ्चालन;
२. तथ्याङ्क व्यवस्थापनमा ट्याबलेट, इन्टेलिजेन्ट क्यारेक्टर रिकग्निशन, अप्टिकल मार्क रिडर लगायत डिजिटल उपकरण उपयोग विस्तार;
३. अनलाइन रेस्पोन्ससम्बन्धी कार्यक्रम;

**(ग) तथ्याङ्क व्यवस्थापनसम्बन्धी क्षमता विकास कार्यक्रम:**

१. अध्ययन, अनुसन्धान तथा सर्वेक्षण;
२. तथ्याङ्क प्रणाली व्यवस्थापन प्रशिक्षण;
३. अन्तरतह तथा निकाय तथ्याङ्क, सूचना र सिकाइ आदान प्रदान।

### १५.५.२ नीति तथा योजना तर्जुमा

**(१) संरचनागत सुधार कार्यक्रमः**

१. नीति योजना आयोग व्यवस्थापन सुधार;

२. आयोजनाको प्राविधिक परीक्षण तथा आवधिक मूल्याङ्कन;

३. कर प्रशासन सुदृढीकरण;

४. दिगो विकास लक्ष्य स्थानीयकरण तथा आन्तरिकीकरण;

५. नीति, योजना तथा कार्यक्रम तर्जुमा सम्बन्धमा प्रदेश सभा सदस्यसँग सम्बाद तथा परामर्श।

**(ख) क्षमता विकास तथा सुदृढीकरण कार्यक्रमः**

१. सहभागितामूलक योजना तर्जुमा (प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, निजी तथा सामुदायिक क्षेत्र);

२. विषय क्षेत्रगत नीति, योजना, कार्यक्रम तर्जुमा, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी सम्वाद तथा प्रशिक्षण;

३. सार्वजनिक निकाय एवम् निजी, गैर सरकारी तथा सामुदायिक क्षेत्रको क्षमता विकास तथा सुदृढीकरण।

**(ग) नीति तथा योजना तयारी सहयोग र सहजीकरण कार्यक्रमः**

१. प्रदेश नीति, योजना तथा कार्यक्रम तर्जुमा, नतिजा अनुगमन तथा आवधिक मूल्याङकन;

२. प्रदेश आर्थिक नीति तथा राजस्व सुधार कार्ययोजना तयारी;

३. लैङ्गिक उत्तरदायी तथा जलवायु मैत्री बजेट तर्जुमा तथा परीक्षण कार्यक्रम;

४. आयोजना बैक तयारी तथा व्यवस्थापन;

५. वार्षिक नीति तथा कार्यक्रमको माइलस्टोन र सूचकमा आधारित कार्ययोजना तयारी;

६. स्थानीय तहका नीति, योजना, मध्यमकालीन खर्च संरचना र आयोजना बैंक तर्जुमामा सहयोग र सहजीकरण।

**(ग) आयोजना सुशासन अभिवृद्धि कार्यक्रमः**

१. आयोजना बैंक निर्माण तथा व्यवस्थापन;

२. आयोजना कार्यान्वयन प्रभावकारिता अभिवृद्धि;

३. आयोजना समयमै सम्पन्न गर्ने आयोजना प्रमुख तथा निर्माण व्यवसायी प्रोत्साहन।

### १५.५.३ अनुगमन तथा मूल्याङ्कन

**(क) संस्थागत विकास कार्यक्रमः**

१. प्रदेश तहको नतिजामूलक अनुगमन तथा मूल्याङ्कनका लागि कानुन, कार्यविधि तथा मापदण्ड निर्माण;

२. विद्युतीय अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास र सुदृढीकरण।

**(ख) सहकार्य तथा अन्तरसम्बन्ध सुदृढीकरण कार्यक्रमः**

१. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास र सञ्चालन;

२. विश्वविद्यालय, अध्ययन तथा सर्वेक्षणसँग सम्बन्धित निकायसँग सहकार्य;

३. संयुक्त अनुगमन प्रणाली स्थापना;

४. सूचना, सुझाव तथा पृष्ठपोषण कार्यान्वयनका लागि व्यवस्थापकीय प्रतिवद्धता कार्ययोजना तयारी।

**(ग) क्षमता विकास कार्यक्रमः**

१. नीति, योजना, कार्यक्रम तथा आयोजनाको अनुगमन, मूल्याङ्कन, सिकाइ तथा जवाफदेहिता प्रवर्द्धन;

२. नीति तथा कार्यक्रमसम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण;

३. सूचनाको प्रयोग, सिकाइ र जवाफदेहिता अभिवृद्धिका लागि जनप्रतिनिधि, कर्मचारी र सेवा प्रदायकको क्षमता विकास ।

### (घ) दोस्रो पञ्चवर्षीय योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

दोस्रो पञ्चवर्षीय योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ढाँचालाई अनुसूची १ मा प्रस्तुत गरिएको छ।

## १५.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| **१.** | **तथ्याङ्क व्यवस्थापन** | | | | | |
| १.१ | सञ्चालित तथ्याङ्क प्रणाली (एकीकृत विद्युतीय तथ्याङ्क प्रणाली; एकीकृत तथ्याङ्क व्यवस्थापन सूचना प्रणाली; नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली; आयोजना बैंक प्रणाली) | सङ्ख्या | ४ | ५ | ८ | १० |
| १.२ | विकास नीति, योजना र कार्यक्रमको नियमित अनुगमनका लागि तथ्याङ्कमा आधारित सूचक निर्माण र स्थापना भएका मन्त्रालय/निकाय | सङ्ख्या | ० | २ | ६ | १० |
| १.३ | तथ्याङ्कमा आधारित त्रैमासिक प्रगति विवरण सुरु भएका मन्त्रालय | सङ्ख्या | ० | ३ | ५ | ७ |
| **२.** | **नीति तथा योजना तर्जुमा** | | | | | |
| २.१ | आवधिक योजना र दिगो विकास लक्ष्यअनुरूप प्रगति प्रतिवेदन तयार तथा प्रकाशन प्रदेश मन्त्रालय तथा निकाय | सङ्ख्या | ० | ० | ५ | ७ |
| २.२ | नीति, योजना र कार्यक्रमबिच अन्तरसम्बन्ध स्थापित गरी वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा गर्ने प्रदेश मन्त्रालय | सङ्ख्या | ० | ३ | ५ | ७ |
| २.३ | आयोजना बैंकमा आयोजना समावेश भई कार्यान्वयन भएका आयोजना | प्रतिशत | ० | १० | ५० | १०० |
| २.४ | रणनीतिक/गुरुयोजना तर्जुमा भई कार्यान्वयन भएका विषय | सङ्ख्या | ३ | ३ | ६ | ८ |
| **३.** | **अनुगमन तथा मूल्याङ्कन** | | | | | |
| ३.१ | नियमित अनुगमन तथा प्रगति प्रतिवेदन | प्रतिशत | ३० | ४० | ६० | ८० |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको अनुमान | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| | तयार भएका कार्यक्रम तथा आयोजना | | | | | |
| ३.२ | अन्तिम, मध्यावधि तथा वार्षिक समीक्षामा प्रस्तुत सुझावमध्ये कार्यान्वयन भएका सुझाव | प्रतिशत | ४० | ५० | ६० | ८० |
| ३.३ | उपलब्धि मापनका लागि तर्जुमा भई आवधिक रूपमा प्रगति मापनमा अभ्यास गरिएका नतिजा सूचक | सङ्ख्या | १३९ | १४८ | १७५ | २२५ |
| ३.४ | प्रदेश विकास समस्या समाधान समितिको बैठक तथा पेश र छलफल भएका प्रगति प्रतिवेदन | सङ्ख्या | १२ | १५ | २१ | २८ |
| ३.५ | कुल वार्षिक बजेटमा अनुगमन तथा मूल्याङ्कनका लागि विनियोजित अंश | प्रतिशत | ०.०१ | ०.०२ | ०.०५ | ०.१ |

*स्रोत: गण्डकी प्रदेश नीति तथा योजना आयोगको अनुमान र विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदन अनुसार*

# अनुसूची १

## योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ढाँचा

# अनुसूची १: योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ढाँचा

| क्र.सं. | प्रदेश विकास तथा रूपान्तरणका क्षेत्र | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन संयन्त्र | समयतालिका |
|---|---|---|---|---|
| १ | योजनाको सोचः **"आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी"** एवम् समष्टिगत लक्ष्य तथा उद्देश्य | • प्रदेश सरकारका मन्त्रालय तथा निकाय<br>• निजी, सहकारी र गैर सरकारी क्षेत्र<br>• सङ्घीय तथा स्थानीय सरकार | • प्रदेश सभा तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• गण्डकी प्रदेश नीति तथा योजना आयोग<br>• संवैधानिक निकाय तथा नागरिक समाज | • अन्तिम तथा मध्यावधि मूल्याङ्कन<br>• वार्षिक समीक्षा |
| २ | सुदृढ प्रादेशिक अर्थतन्त्र निर्माण | • आर्थिक मामिला मन्त्रालय<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• निजी तथा सहकारी क्षेत्र र समुदाय | • प्रदेश सभा तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति<br>• गण्डकी प्रदेश नीति तथा योजना आयोग | • वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक समीक्षा<br>• नियमित अनुगमन तथा आवधिक समीक्षा |
| ३ | प्रभावकारी आर्थिक नीति तथा स्रोत व्यवस्थापन | • गण्डकी प्रदेश नीति तथा योजना आयोग<br>• आर्थिक मामिला मन्त्रालय<br>• सङ्घीय तथा स्थानीय सरकार | • प्रदेश सभा तथा संसदीय समिति<br>• प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति | • वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक समीक्षा<br>• नियमित अनुगमन तथा आवधिक |

| क्र.सं. | प्रदेश विकास तथा रूपान्तरणका क्षेत्र | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन संयन्त्र | समयतालिका |
|---|---|---|---|---|
| | | • निजी, सहकारी तथा बैकिङ क्षेत्र | • गण्डकी प्रदेश नीति तथा योजना आयोग<br>• प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालय | समीक्षा |
| ४ | व्यावसायिक कृषि उत्पादन तथा आत्मनिर्भरता | • कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय<br>• ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• निजी क्षेत्र, सहकारी, बैंक तथा गैसस | • प्रदेश सभा तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति<br>• गण्डकी प्रदेश नीति तथा योजना आयोग | • वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक समीक्षा<br>• नियमित अनुगमन तथा आवधिक समीक्षा |
| ५ | दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षण | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• निजी, सहकारी, गैसस र सामुदायिक क्षेत्र | • प्रदेश सभा तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति<br>• गण्डकी प्रदेश नीति तथा योजना आयोग | • वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक समीक्षा<br>• नियमित अनुगमन तथा आवधिक समीक्षा |
| ६ | बजारमुखी उत्पादन र दिगो पर्यटन | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • प्रदेश सभा तथा संसदीय समिति | • वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक समीक्षा |


| क्र.सं. | प्रदेश विकास तथा रूपान्तरणका क्षेत्र | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन संयन्त्र | समयतालिका |
|---|---|---|---|---|
| | | • सङ्घीय तथा स्थानीय सरकार<br>• निजी, सहकारी, बैंकिङ, गैसस र सामुदायिक क्षेत्र | • मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति<br>• गण्डकी प्रदेश नीति तथा योजना आयोग | • नियमित अनुगमन तथा आवधिक समीक्षा |
| ७ | सर्वसुलभ स्वास्थ्य तथा जनसाङ्ख्यिक लाभ | • सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• निजी, सहकारी, गैसस र सामुदायिक क्षेत्र | • प्रदेश सभा तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति<br>• गण्डकी प्रदेश नीति तथा योजना आयोग | • वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक समीक्षा<br>• नियमित अनुगमन तथा आवधिक समीक्षा |
| ८ | शिक्षित, सुसंस्कृत तथा सिपयुक्त मानव पुँजी निर्माण | • सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• निजी, सहकारी, गैसस र सामुदायिक क्षेत्र | • प्रदेश सभा तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति<br>• गण्डकी प्रदेश नीति तथा योजना आयोग | • वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक समीक्षा<br>• नियमित अनुगमन तथा आवधिक समीक्षा |
| ९ | दिगो तथा उत्थानशील पूर्वाधार | • भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | • प्रदेश सभा तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | • वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक समीक्षा |

| क्र.सं. | प्रदेश विकास तथा रूपान्तरणका क्षेत्र | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन संयन्त्र | समयतालिका |
|---|---|---|---|---|
| | | • सङ्घीय तथा स्थानीय सरकार<br>• निजी, गैसस र सामुदायिक क्षेत्र | • प्रदेश विकास समस्या समाधान समिति<br>• गण्डकी प्रदेश नीति तथा योजना आयोग<br>• संवैधानिक निकाय तथा नागरिक समाज | • नियमित अनुगमन तथा आवधिक समीक्षा |
| १० | स्वच्छ ऊर्जा, जलस्रोत तथा खानेपानी | • ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• निजी, सहकारी, गैसस र सामुदायिक क्षेत्र | • प्रदेश सभा तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति<br>• गण्डकी प्रदेश नीति तथा योजना आयोग<br>• संवैधानिक निकाय तथा नागरिक समाज | • वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक समीक्षा<br>• नियमित अनुगमन तथा आवधिक समीक्षा |
| ११ | मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा सामाजिक संरक्षण | • मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• निजी, सहकारी, बैंकिङ, गैसस र सामुदायिक क्षेत्र | • प्रदेश सभा तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति<br>• नीति तथा योजना आयोग | • वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक समीक्षा<br>• नियमित अनुगमन तथा आवधिक समीक्षा |
| १२ | ससक्त महिला, समावेशीकरण तथा समानता | • मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | • प्रदेश सभा तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | • वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक समीक्षा |

| क्र.सं. | प्रदेश विकास तथा रूपान्तरणका क्षेत्र | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन संयन्त्र | समयतालिका |
|---|---|---|---|---|
| | | • सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• निजी, सहकारी, गैसस र सामुदायिक क्षेत्र | • प्रदेश विकास समस्या समाधान समिति<br>• नीति तथा योजना आयोग | • नियमित अनुगमन तथा आवधिक समीक्षा |
| १३ | सन्तुलित वातावरण र जलवायु तथा विपद् उत्थानशीलता | • मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• निजी, गैसस र सामुदायिक क्षेत्र | • प्रदेश सभा तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति<br>• नीति तथा योजना आयोग | • वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक समीक्षा<br>• नियमित अनुगमन तथा आवधिक समीक्षा |
| १४ | सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्ध | • मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• गण्डकी प्रदेश नीति तथा योजना आयोग<br>• सङ्घीय तथा स्थानीय सरकार | • प्रदेश सभा तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति<br>• नीति तथा योजना आयोग | • वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक समीक्षा<br>• नियमित अनुगमन तथा आवधिक समीक्षा |

| क्र.सं. | प्रदेश विकास तथा रूपान्तरणका क्षेत्र | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन संयन्त्र | समयतालिका |
|---|---|---|---|---|
| | | • सहकारी, गैसस र सामुदायिक क्षेत्र | • संवैधानिक निकाय तथा नागरिक समाज | |
| १५ | सुसूचित नीति, योजना तथा विकास व्यवस्थापन | • मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• गण्डकी प्रदेश नीति तथा योजना आयोग<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• सहकारी, गैसस र सामुदायिक क्षेत्र | • प्रदेश सभा तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति<br>• गण्डकी प्रदेश नीति तथा योजना आयोग<br>• संवैधानिक निकाय तथा नागरिक समाज | • वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक समीक्षा<br>• नियमित अनुगमन तथा आवधिक समीक्षा |

## गण्डकी प्रदेशको जिल्ला तथा स्थानीय तह देखिने नक्शा



गण्डकी प्रदेश सरकार

**गण्डकी प्रदेश नीति तथा योजना आयोग**

पोखरा, नेपाल

फोन : ०६१-४५११८८

Email: pppcgandaki@gmail.com

Website: ppc.gandaki.gov.np